# भाग ६

# मण्डलीसम्बन्धी धर्मसिद्धान्त

# Part 6

# The Doctrine of the Church

**Blank Page**

अध्याय ४४

# मण्डली :
# यसका प्रकृति, चिन्हहरू र उद्देश्यहरू

# The Church:
# Its Nature, Its Marks, and Its Purposes

***मण्डली बनाउनलाई के आवश्यक हुन्छ ?***
***साँचो मण्डली कसरी चिन्न सकिन्छ ?***
***मण्डलीका उद्देश्यहरू***

## व्याख्या र धर्मशास्त्रीय आधार

### क. मण्डलीको प्रकृति

**१. परिभाषा :** *मण्डली सबै साँचा विश्वासीहरूका लागि सदासर्वदाको समुदाय हो।* यस परिभाषाले मण्डली साँचो रूपमा उद्धार गरिएका सबै मानिसहरूद्वारा गठित भएको हुन्छ भनी मानिलिन्छ। पावल भन्छन्, "ख्रीष्टले पनि मण्डलीलाई प्रेम गर्नुभयो, र त्यसको निम्ति आफूलाई अर्पण गर्नुभयो" (एफि ५:२५)। यहाँ "मण्डली"-को अर्थ ती सबै मानिसहरू हुन् जसलाई उद्धार गर्न ख्रीष्ट मर्नुभयो, जो ख्रीष्टको मृत्युद्वारा उद्धार गरिइए। तर त्यसले सदासर्वदाका सबै विश्वासीहरू समाविष्ट गर्नुपर्छ, नयाँ करार युगका साथै पुरानो करार युगका सबै विश्वासीहरू पनि।[1] मण्डलीको निम्ति परमेश्वरको यति महान् योजना छ कि उहाँले मण्डलीको खातिर ख्रीष्टलाई सर्वोच्च अख्तियारको पदमा उचाल्नुभयो, "परमेश्वरले सबै कुरा उहाँका पाउमुनि राखिदिनुभयो, र *मण्डलीको निम्ति* उहाँलाई नै सबै कुराको शिर बनाइदिनुभयो, जुन मण्डली उहाँको शरीर, उहाँको पूर्णता हो। र उहाँले नै सबै थोक परिपूर्ण पार्नहुन्छ" (एफि १:२२-२३)।

ख्रीष्टले नै मानिसहरूलाई आफूकहाँ बोलाउनुभएर मण्डली निर्माण गर्नुहुन्छ। उहाँले प्रतिज्ञा गर्नुभयो "म मेरो मण्डली ... स्थापित गर्नेछु" (मत्ती १६:१८)। लूकाले यो कुरा हामीलाई सावधानीपूर्वक भन्छन् कि मण्डलीको वृद्धि मानव प्रयासबाट मात्र

[1]मण्डली र इस्राएल बेग्लाबेग्लै समुदायहरू हुन् भनी मान्नुपर्दछ भन्ने *डिसपेन्सेशनल*बारे छलफलको निम्ति हे. तलको खण्ड ५। मैले यस पुस्तकमा यस विषयबारे गैर*डिसपेन्सेशनल* दृष्टिकोण लिएको छु तथापि यो औंलाउनैपर्दछ कि यस पुस्तकको अधिकांश भागसित सहमत बन्ने धेरै इभ्यानजेलिकलहरू यो विशेष प्रश्नबारे मसँग सहमत हुनेछैनन्।

भएको होइन तर यसकारण भयो कि "उद्धार पाउनेहरूलाई प्रभुले दिनदिनै तिनीहरूको संख्या थपिदिनुभयो" (प्रे २:४७)। तर ख्रीष्टले मण्डली निर्माण गर्नुहुँदा प्रयोग गर्नुहुने प्रक्रिया परमेश्वरद्वारा पुरानो करारमा स्थापित गर्नुभएको प्रक्रिया नै हो जसद्वारा उहाँले इस्राएलीहरूलाई उहाँको सामु उपासना गर्ने समुदाय बनाउनलाई आफूकहाँ बोलाउनुभयो। परमेश्वरले उहाँका जनलाई "मण्डली," अर्थात् परमेश्वरलाई उपासना गर्नलाई भेला भएका मानिसहरू मान्नुभयो भन्ने अनेकौं सङ्केतहरू *पुरानो करारमा* छन्। परमप्रभुले मलाई यसो भन्नुभयो भनी मोशा भन्छन्, "मेरो वचन सुन्नलाई मानिसहरूलाई मेरो सामु भेला गर, र त्यस देशमा बाँचुन्जेल तिनीहरूले मेरो डर मान्न सिकून् अनि ती वचन आफ्ना छोराछोरीहरूलाई पनि सिकाऊन्" (व्यव ४:१०)। सेप्टुअजिन्टले यहाँ "भेला गर्" (हिब्रू *qahal*) भन्ने वाक्यांशलाई ग्रीक शब्द *ekklesiazo,* अर्थात् "सभा बोलाउनु" भनी अनुवाद गर्छ। यो क्रियापद नयाँ करारको संज्ञा *ekklesia,* अर्थात् "मण्डली"-को सहार्थी हो।[२]

नयाँ करारका लेखकहरूले पुरानो करारका मानिसहरूलाई "मण्डली" (*ekklesia*) भन्दा यसमा छक्कै पर्नुपर्ने कुनै कुरा छैन। उदाहरणार्थ, स्तिफनसले उजाड़-भूमिमा भएका इस्राएलीहरूलाई "उजाड़-भूमिमा भएको *मण्डली* (*ekklesia*)" (प्रे ७:३८, लेखकको अनुवाद) भनी भन्न सक्छन्। हिब्रूका लेखकले ख्रीष्टले यसो भन्नुभयो भनी उद्धृत गर्छन् कि स्वर्गमा परमेश्वरका जनको विशाल सभाको बीचमा उहाँ (ख्रीष्ट)-ले परमेश्वरको स्तुति-प्रशंसा गर्नुहुनेछ, "मण्डली (*ekklesia*)-को बीचमा म तपाईंको प्रशंसा गाउनेछु" (हिब २:१२ [भज २२:२२ उद्धृत गर्दै], लेखकको अनुवाद)।

त्यसकारण हिब्रूका लेखकले आजका ख्रीष्टियानहरू, जसले मण्डली निर्माण गर्छन् "साक्षीको" ठूलो "बादल"-ले घेरिएका छन् भनी बुझ्दछन् (हिब १२:१), जो पुरानो करारको प्राचीनतम युगमा पनि थियो र यस साक्षीमा हाबिल, हनोक, नोआ, अब्राहाम, सारा, गिदोन, बारक, शिमशोन, यिप्ता, दाऊद, शमूएल र अगमवक्ताहरू

[२]वास्तवमा, ग्रीक शब्द *ekklesia,* जसलाई नयाँ करारमा "चर्च/मण्डली" भनी अनुवाद गरिएको छ, त्यो शब्द हो जो सेप्टुअजिन्टले पुरानो करारको *qahal* शब्दलाई अनुवाद गर्नलाई प्रायः नै प्रयोग गर्छ, जुन शब्द पुरानो करारमा "भक्त-मण्डली" वा परमेश्वरका जनको "भेला" बुझाउनलाई प्रयोग गरिन्थ्यो। सेप्टुअजिन्टमा *ekklesia*-ले *qahal,* "भेला"-को रूपमा शब्दलाई ६९ पटक अनुवाद गर्छ। सर्वाधिक अनुवाद भएको अर्को शब्द *synagoge* वा "सभा, सभा हुने ठाउँ" हो (३७ पटक)।

Chafer यस विश्लेषणप्रति आपत्ति जनाउँछन्, किनकि उनी भन्छन् कि सेप्टुअजिन्टले जुन अर्थमा *ekklesia* शब्द प्रयोग गरेको छ त्यसले नयाँ करारमा प्रयोग हुने "चर्च/मण्डली"-को अर्थ प्रतिविम्बित गर्दैन, तर यो शब्द "सभा/भेला"-को स्थानमा प्रयोग हुने सामान्य शब्द हो। त्यसकारण, एफिससको रङ्गशालामा भएको "भेला"-लाई हामीले मण्डली भन्नु हुँदैन (प्रे १९:३२), यद्यपि *ekklesia* शब्द मानिसहरूको त्यस समुदायलाई इङ्गित गर्न त्यहाँ प्रयोग गरिएको छ। यस्तै प्रकारले स्तिफनसले उजाड़-भूमिमा भएका इस्राएलीहरूलाई *एक्लेसिया* भने तापनि (प्रे ७:३८) उनले यस शब्दलाई "चर्च/मण्डली"-को रूपमा लिएनन्, तर मानिसहरूको जमघटको रूपमा मात्र लिए। नयाँ करारमा मण्डलीलाई बुझाउन यस शब्दको जुन विशिष्ट अर्थ छ त्यो अर्थमा शेफरले यस शब्दलाई लिँदैनन् (*Systematic Theology*, 4:39)। तर नयाँ करारका लेखकहरूले प्रयोग गर्दा यो शब्दले धारण गरेको अर्थ बुझ्नका लागि सेप्टुअजिन्टमा विधर्मी भीड़हरूका भेलाहरू होइनन् तर निश्चित रूपले परमेश्वरका जनका "भेलाहरू" बुझाउनका लागि व्यापक रूपमा गरिएको *ekklesia*-को प्रयोगमा निश्चय नै ध्यान दिनुपर्दछ। नयाँ करारका लेखकहरूले प्रायः नै प्रयोग गर्ने बाइबल सेप्टुअजिन्ट नै थियो र उनीहरूले *ekklesia* शब्दलाई पुरानो करारका अन्तर्वस्तुहरूको जानकारीको आधारमा नै प्रयोग गरे। यसले यो व्याख्या गर्छ कि स्तिफनसले मोशासित उजाड़-स्थानमा भएको "मण्डली"-तिर गरेको सङ्केतलाई लूकाले किन यति सजिलैसित अभिलिखित गर्न सक्छन् तथापि प्रेरितमा अन्य अध्यायहरूमा मण्डलीको वृद्धि पेन्तिकोसपछि भएको धेरैचोटि बताउँछन् र यस शब्दको अर्थमा

पनि सामेल छन् (हिब्रू ११:४-३२)। यी सबै "साक्षीहरू"-ले परमेश्वरका वर्तमान जनलाई घेर्दछन् र परमेश्वरको नयाँ करारका जनसितै तिनीहरूलाई पनि परमेश्वरको महान् आत्मिक "समुदाय" वा "मण्डली" भनी मानिलिनुपर्दछ।[३] यसबाहेक, पछिबाट अध्याय १२ मा हिब्रूका लेखकले भन्छन् कि नयाँ करारका हामी ख्रीष्टियानहरूले उपासना गर्दा हामी स्वर्गमा नाउँ दर्ता भएका पहिला जन्मेकाहरूका *सभाको* (अक्षरशः "मण्डली," ग्रीक *ekklesia*) उपस्थितिमा आउँछौं। यहाँ दिइएको जोड़ यस तथ्यको सन्दर्भमा छक्कलाग्दो छैन कि नयाँ करारका लेखकहरूले यहूदी विश्वासीहरू र गैर-यहूदी विश्वासीहरू मण्डलीमा अब एक भएका भनी हेर्छन्। एकसाथ तिनीहरू "एउटै" बनाइएका छन् (एफि २:१४), तिनीहरू "एउटा नयाँ मानिस" (प. १५) र "सङ्गी-नागरिकहरू" (प. १९) र "परमेश्वरको परिवारका सदस्यहरू" (प. १९) हुन्।

नयाँ करारमा परमेश्वरका जनलाई निश्चय नै नयाँ विशेषाधिकार र आशिषहरू दिइएका भए तापनि, धर्मशास्त्रमा "मण्डली" शब्दले र धर्मशास्त्रभरि नै परमेश्वरले सदैव उहाँका जनलाई उहाँको उपासना गर्नलाई भेला हुनू भनी बोलाउनुभएको छ भन्ने तथ्यले यो सङ्केत दिन्छ कि मण्डली परमेश्वरका सबै समयका सबै जनद्वारा, अर्थात् पुरानो करार र नयाँ करारका विश्वासीहरूद्वारा गठित भएको हुन्छ भनी सोच्नु उचित हो।[४]

---

कुनै भिन्नताको आशय राखिएको छैन। नयाँ करारको मण्डली परमेश्वरका जनहरूको भेला हो जसले पुरानो करारभरि उल्लेखित परमेश्वरका जनका भेलाहरूको ढाँचालाई कायम राख्छ।

[३]नयाँ करारमा *ekklesia*-लाई "मण्डली" भनी जुन अनुवाद भएको छ त्यसको अर्थ केवल "भेला" हो।

[४]"मण्डली" र "इस्राएल" परमेश्वरका भिन्न-भिन्नै जनहरू हुन् वा होइनन् भन्ने प्रश्नको छलफलको निम्ति हे. तलको खण्ड ५।

Millard Erickson, *Christian Theology,* पृ. १०४८ मा यो तर्क गर्छिन् कि मण्डली पेन्तिकोसअघि सुरु हुँदैन किनभने लूका उनको सुसमाचारमा "मण्डली" (*ekklesia*) शब्द प्रयोग गर्दैनन् तर यसलाई प्रेरितमा २४ पटक प्रयोग गर्छन्। यदि मण्डली (*ekklesia*) पेन्तिकोसअघि नै थियो भने, उनी तर्क गर्छिन्, लूकाले यसअघि यसबारे किन केही चर्चा बताउँदैनन्। तथापि येशूको पार्थिव सेवाकार्यको समयावधिमा परमेश्वरका जनहरूबारे बताउनका लागि लूकाले "मण्डली" शब्द प्रयोग नगरेका कारण सम्भवतः यो हो कि येशूको पार्थिव सेवाकार्यको समयावधिमा प्रस्ट परिभाषित वा दृष्टिगोचर कुनै समूह थिएन जसलाई यस शब्दले इङ्गित गर्न सक्थ्यो। साँचो मण्डली यस अर्थमा अस्तित्वमा थियो कि त्यस समय इस्राएलका सबै साँचो विश्वासीहरूद्वारा यो मण्डली गठित थियो, तर यो विश्वासी यहूदीहरूको (जस्तै योसेफ र मरियम, जकरिया र एलिशिबा, सिमोन, हन्ना र तिनीहरूजस्तै अरू मानिसहरू) यस्तो सानो बाँकी रहेको भाग थियो कि बाहिरबाट हेर्दा यो प्रत्यक्ष देखिने वा यो सुपरिभाषित समूह यो ठ्याम्मै थिएन। यहूदी जनसंख्याको ठूला खण्डहरू परमेश्वरबाट बहकिएर गएका थिए, अनि तिनीहरूले अन्य किसिमका धार्मिक क्रियाकलापलाई विकल्पका रूपमा लिएका थिए जस्तै, विधिवाद (फरिसीहरू), विश्वास नगर्ने "उदारवाद" (सदूकीहरू), संदिग्ध रहस्यवाद [speculative mysticism], (भविष्योद्घोषी [apocalyptic] साहित्य लेख्ने र विश्वास गर्नेहरू अनि कुमरान समुदायजस्ता धर्मपन्थहरूका अनुयायीहरू), हदैको भौतिकवाद (कर उठाउने र अरूहरू जसका लागि धन-सम्पत्तिलाई झुटो देवता थियो), वा राजनीतिक वा सैन्य सक्रियातावाद [activism] (उग्रपन्थीहरू र राजनीतिक वा सैन्य साधनहरूका माध्यमद्वारा मुक्ति खोज्नेहरू)। यीमध्ये धेरै वा सबै समुदायहरूमा निश्चय नै साँचा विश्वासीहरू थिए, तथापि समग्रमा जाति परमेश्वरलाई उचित ढङ्गले उपासना गर्ने मानिसहरूको समुदाय थिएन।

यसबाहेक, ख्रीष्टलाई पछ्याउनलाई एउटा समुदायको रूपमा नयाँ गरी "बोलावट दिइएका" परमेश्वरका जनको धारणा पेन्तिकोसको दिन मात्र वास्तविकतामा परिणत भयो। त्यसकारण, परमेश्वरलाई साँचो रूपमा विश्वास गर्ने सबै मानिसहरूका झुण्डको अर्थमा मण्डली पेन्तिकोसको दिनभन्दा अघि पनि अवश्यै थियो, तर यो पेन्तिकोसको दिन मात्र अझ स्पष्ट रूपमा दृष्टिगोचर बन्यो, र यसकारण लूकाले यही समय "मण्डली" भन्ने नाउँ प्रयोग गर्न सुरु गर्नु स्वाभाविक देखिन्छ। त्यस समयभन्दा अघि "मण्डली"

१. **मण्डली अदृश्य छ तर पनि दृष्टिगोचर छ।** सबै साँचो विश्वासीहरूका सङ्गतिको रूपमा मण्डली एउटा आत्मिक वास्तविकता भएको कारण, मण्डली अदृश्य छ। यसको कारण यो हो कि हामीले मानिसहरूका हृदयको आत्मिक अवस्था देख्न सक्दैनौं। हामी ती मानिसहरूलाई देख्न सक्छौं जो बाहच रूपमा मण्डली धाउँछन् अनि भित्र भएको आत्मिक परिवर्तनका बाहिरी प्रमाणहरू देख्न सक्छौं, तर हामी मानिसहरूका हृदयभित्र वास्तवमा हेर्न सक्दैनौं र तिनीहरूका आत्मिक अवस्था देख्न सक्दैनौं – परमेश्वरले मात्र त्यो गर्न सक्नुहुन्छ। त्यसैकारण पावल भन्छन्, *"प्रभुले आफ्ना जतिलाई चिन्नुहुन्छ"* (२ तिमो २:१९)। हाम्रै मण्डली र छिमेकीहरूमा को साँचो विश्वासीहरू हुन् सो परमेश्वरले मात्र निश्चयतासित र विनाभुल चिन्नुहुन्छ। मण्डली अदृश्य रूपमा भएको कुराबारे बताउँदै हिब्रूका लेखकले "स्वर्गमा नाउँ दर्ता भएका पहिला जन्मेकाहरूका सभा (अक्ष. चर्च) ..." (हिब १२:२३)-बारे बताउँछन् र यो भन्छन् कि आजका ख्रीष्टियानहरू उपासनामा त्यस सभामा सम्मिलित हुन्छन्।

हामी निम्नलिखित परिभाषा दिन सक्छौं, *अदृश्य मण्डली त्यो हो जसलाई परमेश्वरले मण्डली मानिलिनुहुन्छ।*

प्रेरितहरूबाट अविच्छिन्न उत्तराधिकारमा (मण्डलीका बिशपको माध्यमद्वारा) प्राप्त भएको दृश्य सङ्गठन नै मण्डली थियो भन्ने रोमन क्याथलिकहरूको शिक्षाको विरुद्धमा Martin Luther र John Calvin मण्डलीको यो अदृश्य पक्ष पुष्टि गर्न उत्सुक थिए। रोमन क्याथलिक मण्डलीले यो तर्क गरेको थियो कि रोमन क्याथलिक मण्डलीको दृष्टिगोचर सङ्गठनमा मात्र हामी एउटा साँचो मण्डली (चर्च), अनि एउटै मात्र साँचो मण्डली पाउन सक्थ्यौं। रोमन क्याथलिक मण्डली आज पनि यही दृष्टिकोणमा दृढ़ रहन्छ। "The (United States) National Conference on Catholic Bishops Ad Hoc Committee on Biblical Fundamentalism"-ले मार्च २५, १९८७ मा जारी गरेको *"Pastoral Statement for Catholics on Biblical Fundamentalism"*-मा इभ्यान्जेलिकल् ख्रीष्टियानत्वको आलोचना गऱ्यो (जसलाई यसले "बाइबलीय कट्टरतावाद" भन्यो) किनकि मुख्यतया यसले मानिसहरूलाई एउटै साँचो मण्डलीबाट अन्यत्रै लग्यो :

> बाइबलीय कट्टरतावादको आधारभूत विशेषता यो हो कि प्रभु येशूले जुन रूपमा चर्च स्थापित गर्नुभयो, त्यसलाई यसले ख्रीष्टियानत्वबाट नामेट गर्छ। ... पत्रुस र अन्य प्रेरितहरूदेखि अविच्छिन्न रहिआएको ऐतिहासिक, आधिकारिक मण्डलीको कुनै उल्लेख छैन। ... येशू ख्रीष्टद्वारा स्थापित गरिएको मण्डलीको सदस्य हुनुको महत्त्वलाई ... नयाँ करारको अध्ययनले प्रदर्शन गर्छ। ख्रीष्टले पत्रुस र अन्य प्रेरितहरूलाई

नाउँले समग्र इस्राएल जातिबाहेक स्पष्ट रूपमा स्थापित अन्य कुनै संस्था बुझाएको हुन सक्थेन। तर, पेन्तिकोसपछि यस शब्दलाई ती मानिसहरू सङ्केत गर्न प्रयोग गर्न सकिन्थ्यो जसले परमेश्वरका यो नयाँ जातिसित स्वेच्छाले र स्पष्टतया आफ्ना पहिचान स्थापित गरे।

येशूले मत्तीको सुसमाचारमा "मण्डली" (*ekklesia*) शब्द दुईपटक प्रयोग गर्नुभएको कुरालाई पनि हामीले ध्यान दिनुपर्दछ (१६:१८ र १८:१७)।

> उहाँको मण्डलीका जगहरू बन्नलाई चुन्नुभयो। ... पत्रुस र अन्य प्रेरितहरूका उत्तराधिकारी रोमका बिशप र अन्य बिशपहरू बनेका छन्, अनि ... ख्रीष्टको बगालको, ख्रीष्टको अधीनमा, अझै पनि विश्वव्यापी गोठालो छ।[५]

यस किसिमको शिक्षाप्रति Luther र Calvin असहमत भए। तिनीहरूले यो भने कि रोमन क्याथलिक मण्डलीको बाहच आकार, अर्थात् सङ्गठन थियो तर यो एउटा खोल मात्र थियो। Calvin-ले यो तर्क दिए कि जसरी केफास (ख्रीष्टको समयका प्रधान पूजाहारी) हारुनको वंशका भए तापनि तिनी साँचो पूजाहारी थिएनन्, त्यसरी नै रोमन क्याथलिक बिशपहरू उत्तराधिकारीहरूको अनुक्रममा प्रेरितहरूका "वंशज" थिए तर तिनीहरू ख्रीष्टको मण्डलीमा साँचो बिशपहरू थिएनन्। किनकि तिनीहरू सुसमाचारको साँचो प्रचारबाट बहकिएर गएका कारण तिनीहरूको दृष्टिगोचर मण्डली साँचो मण्डली थिएन। Calvin-ले भने, "तिनीहरूका वंशजहरूले जबसम्म तिनीहरूका पिताहरू हातबाट प्राप्त गरेका ख्रीष्टको सत्यतालाई सुरक्षित र अभ्रष्ट बनाई परिरक्षित गर्दैनन्, र तीअनुसार चल्दैनन्, तबसम्म अनुक्रमको यो ढोङ्ग व्यर्थ हुन्छ। ... उत्तराधिकारीहरूमा साँचो र अविच्छिन्न प्रतिस्पर्धा हुँदैन भने, यस अनुक्रमको मूल्य के नै हुन्छ र !"[६]

अर्कोपट्टिबाट हेर्दा, ख्रीष्टको साँचो मण्डलीको निश्चय नै दृष्टिगोचर पक्ष पनि छ। हामी यो परिभाषा प्रयोग गर्न सक्छौं, *यस पृथ्वीमा भएका ख्रीष्टियानहरूले मण्डलीलाई जुन रूपमा देख्छन्, त्यो दृष्टिगोचर मण्डली हो*। यस अर्थमा, दृष्टिगोचर मण्डलीमा ती सबै मानिसहरू हुन्छन् जसले ख्रीष्टमा विश्वास घोषणा गर्छन् र तिनीहरूको जीवनमा त्यो विश्वासको प्रमाण दिन्छन्।[७]

यस परिभाषामा हामी यो भन्दैनौं कि दृष्टिगोचर मण्डली त्यो मण्डली हो जो यस संसारमा भएको जोकोहीले (जस्तै, एउटा अविश्वासी वा अपधर्मी शिक्षाहरूमा विश्वास गर्ने कुनै मानिस) देख्न सक्ला, तर हामी त्यस मण्डलीबारे बताउन चाहन्छौं जसलाई ती मानिसहरूद्वारा मण्डली भनी बोध गरिन्छ जुन मानिसहरू साँचो विश्वासीहरू हुन् र जसले विश्वासी र अविश्वासीहरूमाझको भिन्नताबारे बुझ्न सक्छन्।

पावलले उनका धर्मपत्रहरू लेख्दा उनले प्रत्येक समुदायमा भएको दृष्टिगोचर मण्डलीलाई लेख्छन्, "कोरिन्थमा भएको परमेश्वरको *मण्डली*लाई" (१ कोर १:२); "थेसलोनिकीहरूको *मण्डली*लाई" (१ थेस १:१); "फिलेमोन, ... अप्फिया र ... अर्खिप्पस, तिम्रो घरका *मण्डली*लाई" (फिले १-२)। पावलले यो निश्चय नै बुझेका

---

[५]बिशपहरूको वक्तव्यको पूर्ण मूलपाठ National Catholic News Service, 1312 Massachusetts Avenue NW, Washington, D.C. 2005 बाट प्राप्त गर्न सकिन्छ। यो मूलपाठ *Origins,* भाग १७:२१ (नोभेम्बर ५, १९८७), पृह. ३७६-७७ मा भएको *"Pastoral Statement for Catholics on Biblical Fundamentalism"*-मा प्रकाशित भएको थियो।

[६]John Calvin, *Institutes* 4.2.2.-3, पृह. १०४३, १०४५।

[७]Calvin र Luther दुवैले दृष्टिगोचर मण्डलीका सदस्य मानिएकाहरूका निम्ति तेस्रो शर्त थपिदिए, अर्थात् तिनीहरूले बप्तिस्मा र प्रभु-भोजको विधिमा भाग लिनैपर्दछ। उक्त परमसंस्कारहरू मानिसहरूले आफ्ना जीवनमा भएको विश्वासको प्रमाण दिने आवश्यकताको उप-संवर्ग हुन् भनी अरूहरूले ठान्लान्।

थिए कि ती मण्डलीहरूमध्ये कुनैमा अविश्वासीहरू थिए, कति यस्ता थिए जसले विश्वासको घोषणा गरेका थिए जो साँचो विश्वास थिएन, जो हेर्दा ख्रीष्टियानझैं थिए तर अन्ततः ढल्ने थिए। तथापि पावल वा अन्य कसैले पनि ढल्ने मानिसहरू को थिए सो निश्चिततापूर्वक भन्न सकेनन्। कुनै एउटा स्थानमा भेला हुने एउटा सिङ्गो मण्डलीलाई पावलले लेखे। यस अर्थमा, हामी आज यो भन्न सक्छौं कि दृष्टिगोचर मण्डली मानिसहरूको त्यो झुण्ड हो जो मण्डलीको रूपमा उपासना गर्नलाई प्रत्येक साता भेला हुन्छन् अनि ख्रीष्टमा विश्वास घोषणा गर्छन्।

सारा संसारमा भएका दृष्टिगोचर मण्डलीमा जहिले पनि केही अविश्वासीहरू हुने नै छन् अनि विभिन्न भक्तजनका भेलाहरूमा केही अविश्वासीहरू प्रायः हुने नै छन्, किनभने परमेश्वरले जस्तै गरी हामी हृदय देख्न सक्दैनौं। पावल "हुमेनियस र फिलेतस"-बारे चर्चा गर्छन् जो "सत्यबाट तर्किएका छन्" र जसले "कति जनाको विश्वासलाई खलबलाइरहेका छन्" (२ तिमो २:१७-१८)। तर "प्रभुले आफ्ना जतिलाई चिन्नुहुन्छ" (२ तिमो २:१९) भन्ने पावलमा पूरा भरोसा छ। पावलले वेदनासित यो भन्छन्, "डेमासले यस वर्तमान संसारलाई प्रेम गरी मलाई त्यागेर थेसलोनिकीमा गएको छ" (२ तिमो ४:१०)।

यसरी नै, पावलले एफिसीका एल्डरहरूलाई यो चेताउनी दिन्छन्, "म गएपछि डरलाग्दा ब्वाँसाहरू तिमीहरूका बीचमा पस्नेछन्, जसले बगाललाई बाँकी राख्नेछैनन्। *तिमीहरूकै बीचबाट* भर्माउने कुरा बोल्ने मानिसहरू उठ्नेछन्, जसले चेलाहरूलाई आफ्ना पछि लैजानेछन्" (प्रे २०:२९-३०)। येशू स्वयम्ले यो चेताउनी दिनुभयो, "झुटा अगमवक्ताहरूदेखि होशियार बस, *जो तिमीहरूकहाँ भेड़ाको भेसमा आउँछन्,* तर भित्रपट्टि चाहिँ डरलाग्दा ब्वाँसाहरूजस्ता हुन्छन्। तिनीहरूका फलबाट तिमीहरूले तिनीहरूलाई चिन्नेछन्" (मत्ती ७:१५-१६)। दृष्टिगोचर मण्डली र अदृश्य मण्डलीमाझको यो भिन्नता बुझेर Augustine-ले दृष्टिगोचर मण्डलीबारे भने, "धेरै भेड़ाहरू बाहिर छन्, धेरै ब्वाँसाहरू भित्र छन्।"[८]

दृष्टिगोचर मण्डलीमा अविश्वासीहरू हुन्छन् भन्ने कुरा हामीले बुझेपछि, हामी अचाक्ली शङ्कालु बन्ने जोखिम हुन्छ। हामी धेरै साँचो विश्वासीहरूको मुक्तिबारे सायद शङ्का गर्न सुरु गर्छौं र यसद्वारा मण्डलीभित्र ठूलो अन्यौल ल्याउँछौं। यसो भनेर Calvin-ले यस जोखिमबारे चेताउनी दिए कि हामीले, "उदारवादी न्याय" गर्नुपर्छ जसद्वारा हामी ती मानिसहरूलाई मण्डलीका सदस्यहरू भनी मान्यता दिन्छौं जसले "विश्वासको घोषणाद्वारा, जीवनको उदाहरणद्वारा, परम-(ख्रीष्टियान)-संस्कारहरू (प्रभुभोज आदि)-मा सहभागी बनेर हामीसँग उही परमेश्वर र ख्रीष्ट हुनुभएको घोषणा गर्छन्।"[९] हामीले मानिसहरूलाई तबसम्म मण्डलीको सदस्यताबाट बाहिरै राख्नुहुँदैन जबसम्म तिनीहरूले खुल्लमखुल्ला पापद्वारा आफैहरूमाथि ताड़ना ल्याउँदैनन्। यसको विपरीत, मण्डलीले यसको सदस्यतामा त्यस्ता "खुल्लमखुल्ला अविश्वासीहरू"-लाई सहनु हुँदैन, जसले तिनीहरूका विश्वासको दाबी वा जीवनद्वारा

[८]John Calvin, *Institutes* 4.1.8. मा उद्धृत (पृ. १०२२)।

[९]John Calvin, *Institutes* 4.1.8, (पृ. १०२२-२३)।

तिनीहरू मण्डलीबाहिर छन् भनी स्पष्टतः उद्घोषणा गर्छन्।

**३. मण्डली स्थानीय र विश्वव्यापी छ।** नयाँ करारमा "मण्डली" शब्द विश्वासीहरूको कुनै पनि तहका समूहलाई बुझाउन प्रयोग गर्न सकिन्छ। यो समूह निजी घरमा भेला हुने सानो झुण्डदेखि विश्वव्यापी मण्डलीको तहको सबै साँचो विश्वासीहरूको समूह हुन सक्छ। "घरको मण्डली"-लाई निम्नलिखित पदहरूमा "मण्डली" भनिएको छ – रोमी १६:५ मा (*तिनीहरूको घरमा भएको मण्डलीलाई अभिवादन देओ*), १ कोर १६:१९ मा (*अकिलास र प्रिस्काले र तिनीहरूको घरमा भएका मण्डलीले* प्रभुमा तिमीहरूलाई हार्दिक अभिवादन पठाएका छन्"। एउटा सम्पूर्ण शहरमा भएको मण्डलीलाई पनि "मण्डली" भनिएको छ (१ कोर १:२; २ कोर १:१; र १ थेस १:१)। प्रेरित ९:३१ मा एउटा अञ्चलमा भएको मण्डलीलाई "मण्डली" भनिएको छ, "त्यसरी *सारा यहूदीया, गालील र सामरियाभरि मण्डलीमा* शान्ति भयो र मण्डली सदृढ भयो।[10] अन्ततः सारा संसारमा भएको मण्डलीलाई "मण्डली" भन्न सकिन्छ। पावल भन्छन्, "ख्रीष्टले पनि *मण्डलीलाई* प्रेम गर्नुभयो, र त्यसको निम्ति आफूलाई अर्पण गर्नुभयो" (एफि ५:२५)। अनि उनी यो पनि भन्छन्, "परमेश्वरले मण्डलीमा पहिलो प्रेरितहरू, दोस्रो अगमवक्ताहरू, तेस्रो शिक्षकहरू ... नियुक्त गर्नुभयो" (१ कोर १२:२८)। पछिल्लो पदमा कुनै विशेष मण्डलीलाई नदिइएका "प्रेरितहरू"-को उल्लेखले यो प्रत्याभूति दिन्छ कि यहाँ बताइएको मण्डली विश्वव्यापी मण्डली हो।

हामी यो निष्कर्ष निकाल्न सक्छौं कि स्थानीय तहदेखि विश्वव्यापी तहसम्मको परमेश्वरका जनको समूहलाई सही प्रकारमा "मण्डली" भन्न सकिन्छ। हामीले यसो भन्ने गल्ती गर्नु हुँदैन कि घरहरूमा सञ्चालन हुने मण्डलीको जमघटले मात्र मण्डलीको साँचो स्वभाव अभिव्यक्त गर्छ, वा शहरव्यापी तहको मण्डलीलाई मात्र ठीक अर्थमा मण्डली भन्न सकिन्छ, वा विश्वव्यापी मण्डलीलाई मात्र सही प्रकारले मण्डली भन्न सकिन्छ। कुनै पनि तहका परमेश्वरका जनको समुदायलाई सही प्रकारमा मण्डली भन्न सकिन्छ।

**४. मण्डलीको निम्ति प्रयोग भएका रूपकहरू।**[11] मण्डलीको प्रकृति (स्वरूप) बुझ्न हामीलाई सहायता पुऱ्याउनलाई, मण्डली कस्तो छ सो हामीलाई वर्णन गर्न धर्मशास्त्रले रूपक र प्रतीकहरूका व्यापक वर्गहरू प्रयोग गर्छ।[12] विभिन्न पारिवारिक विम्बहरू छन् – उदाहरणार्थ, पावलले तिमोथीलाई यस्तो सम्झेर काम गर्न जस्तो कि

[10]विभिन्न ग्रीक मूलपाठहरूमा प्रेरित ९:३१ लाई भिन्न-भिन्नै प्रकारले लेखिएको छ। कुनैमा "मण्डली" वा कुनैमा "मण्डलीहरू" लेखिएको छ। बहुवचन "मण्डलीहरू"-भन्दा एक वचन "मण्डली" नै सर्वमान्य छ। युनाइटेड बाइबल सोसाइटीले तोकेको मूलपाठहरूका सहीपनको सम्भाव्यताको मानदण्डअनुसार "मण्डली"-लाई सम्भाव्यताको वर्ग "ख" दिन्छ (वर्ग "ख"-ले सर्वोच्च सम्भाव्यताको तहमा दोस्रो तह बुझाउँछ)। एक वचन "मण्डली" थुप्रै प्रारम्भिक र विविध मूलपाठहरूमा पाइन्छ, तर बहुवचन "मण्डलीहरू" बाइजन्टाइन मूलपाठ परम्परामा पाइन्छ तर पाँचौं शताब्दी अघिका मूलपाठहरूमा पाइँदैन। (व्याकरण समनुरूप हुनलाई, ग्रीक मूलपाठमा पाँचवटा शब्दहरू परिवर्तन गर्नुपर्दछ; त्यसकारण यो पाठान्तर एउटा वा अर्को दिशातर्फको जानेर नै गरिएको फेरबदल हो।)

[11]यस शीर्षकको अरू छलफलको निम्ति हे. Edmund P. Clowney, "Interpreting the Biblical Models of the Church," *Biblical Interpretation and the Church*-मा, सम्पा. D.A. Carson (न्याशभाइल : थोमस नेल्सन, १९८५), पृह. ६४-१०९)।

[12]यस खण्डमा दिइएको रूपकहरूको तालिका सुविस्तृत होस् भन्ने आशय राखिएको छैन।

मण्डलीका सबै सदस्यहरू एउटा ठूलो परिवारका सदस्यहरू हुन् भन्दा उनी मण्डलीलाई एउटा *परिवार*को रूपमा हेर्छन्, “वृद्ध मानिसलाई नहप्काऊ, तर तिनलाई बाबुलाई जस्तै गरी सम्झाऊ। आफूभन्दा सानाहरूसँग भाइसमान व्यवहार गर। वृद्ध स्त्रीहरूसँग आमाझैँ र युवतीहरूसँग चाहिँ सम्पूर्ण पवित्रतामा बहिनीसमान व्यवहार गर” (१ तिमो ५:१-२)। परमेश्वर हाम्रा स्वर्गमा हुनुहुने पिता हुनुहुन्छ (एफि ३:१४), र हामी उहाँका छोरा र छोरीहरू हौं, किनकि परमेश्वरले हामीलाई भन्नुहुन्छ, “म तिमीहरूका पिता हुनेछु, र तिमीहरू मेरा छोराछोरीहरू हुनेछौ, सर्वशक्तिमान् परमेश्वर भन्नुहुन्छ” (२ कोर ६:१८)। हामी तसर्थ परमेश्वरको परिवारमा एक-अर्काको निम्ति दाज्यू-भाइ र दिदी-बहिनीहरू हौं (मत्ती १२:४९-५०; १ यूह ३:१४-१८)। पावलले मण्डलीलाई *ख्रीष्टकी दुलही* भन्दा यहाँ एउटा अर्कै प्रकारले भिन्नै किसिमको पारिवारिक रूपक देखिन्छ। उनी भन्छन् कि पति र पत्नीमाझको सम्बन्धले “ख्रीष्ट र मण्डलीको सम्बन्ध”-लाई देखाउँछ (एफि ५:३२) अनि उनी भन्छन् कि उनले कोरिन्थमा ख्रीष्ट र मण्डलीको मगनी गराइदिए र यो दुलही र हुनेवाला तिनका दुलहासँग भएको मगनीजस्तै हो, “एउटै पतिकी पवित्र दुलहीको रूपमा तिमीहरूलाई प्रस्तुत गर्न मैले ख्रीष्टसँग तिमीहरूको मगनी गरिदिएँ” (२ कोर ११:२) – यहाँ पावलले ख्रीष्टको पुनर्आगमनको समयलाई त्यो समयको रूपमा उत्सुकतासित प्रतीक्षा गरिरहेका छन् जब मण्डलीलाई दुलहीस्वरूप ख्रीष्टलाई प्रस्तुत गरिनेछ।

अरू रूपकहरूमा धर्मशास्त्रले मण्डलीलाई *दाखको बोटका हाँगाहरू* (यूह १५:५), *जैतूनको रूख* (रोम ११:१७-२४), *खेत* (१ कोर ३:६-९), *भवन* (१ कोर ३:९), *बाली* (मत्ती १३:१-३०; यूह ४:३५)-सित तुलना गर्छ। मण्डलीलाई, साँच्चिकै पत्थरहरूले होइन तर ख्रीष्टियान मानिसहरूले, जो “जीवित पत्थरहरू” हुन् (१ पत्र २:५), “कुने-ढुङ्गो”-माथि, जो ख्रीष्ट येशू हुनुहुन्छ (१ पत्र २:४-८), बसालिएको *नयाँ मन्दिर*को रूपमा पनि हेरिन्छ। तथापि मण्डली परमेश्वरको उपासनाको निम्ति नयाँ मन्दिर मात्र होइन; यो *पूजाहारीहरूको नयाँ समूह,* पवित्र पूजाहारीगिरी पनि हो जसले परमेश्वरलाई “ग्रहणयोग्य आत्मिक बलिदानहरू” चढाउन सक्छ (१ पत्र २:५)। हामीलाई *परमेश्वरको परिवार (घर)* भनी पनि हेरिएको छ, “हामी उहाँका परिवार (घर) हौं” (हिब ३:६) र येशू ख्रीष्टलाई “घर बनाउनुहुने”-को रूपमा हेरिएको छ (हिब ३:३)। मण्डलीलाई *“सत्यको खामो र आड़”* (१ तिमो ३:१५) पनि भनी हेरिएको छ।

अन्त्यमा, अर्को सुपरिचित रूपकले मण्डलीलाई *ख्रीष्टको शरीर* भनी हेर्छ (१ कोर १२:१२-२७)। हामीले यो बुझ्नुपर्दछ कि पावलले मण्डलीबारे कुरा गर्दा वास्तवमा मानव शरीरका दुई भिन्न-भिन्नै रूपकहरू प्रयोग गर्छन्। १ कोरिन्थी १२ मा *सम्पूर्ण शरीर*लाई मण्डलीको रूपकको रूपमा लिइएको छ, किनभने पावलले “कान” र “आँखा” अनि “सुँघ्ने” शक्तिबारे (१ कोर १२:१६-१७) बताउँछन्। यस रूपकमा ख्रीष्टलाई शरीरसित जोड़िएको शिरको रूपमा हेरिएको छैन, किनभने ती विभिन्न अङ्गहरू आफै पनि शिरका विभिन्न अङ्गहरू हुन्। ख्रीष्ट यस रूपकमा प्रभु हुनुहुन्छ

जो त्यो शरीरको "बाहिर" हुनुहुन्छ जसले मण्डलीको प्रतिनिधित्व गर्छ र उहाँ नै हुनुहुन्छ जसलाई मण्डलीले सेवा गर्छ र उपासना गर्छ।

तर एफिसी १:२२-२३; ४:१५-१६, र कलस्सी २:१९ मा पावलले मण्डली बुझाउनलाई बेग्लै किसिमको शारीरिक रूपक प्रयोग गर्छन्। यी उद्धृतांशहरूमा पावल भन्छन् कि ख्रीष्ट शिर हुनुहुन्छ अनि मण्डली *शरीरका बाँकी भागजस्तै हो, जो शिरभन्दा बेग्लै हुन्छ,* "बरु प्रेमसित सत्य बोल्दै हरेक कुरामा हामी उहाँसम्मै, अर्थात् ख्रीष्टसम्मै बढ्दैजाऔं, जो शिर हुनुहुन्छ। उहाँबाट नै सारा शरीर प्रत्येक जोर्नीद्वारा जोड़िएको र बाँधिएको भई प्रत्येक भागले ठीक-ठीक काम गरी सुगठित हुनेछ र प्रेममा वृद्धि हुँदैजानेछ" (एफि ४:१५-१६)।[13] हामी १ कोरिन्थी १२ र एफिसी ४ मा भएका रूपकहरूमा अलमलिनुहुँदैन, तर तिनीहरूलाई पृथक राख्नुपर्दछ।

नयाँ करारमा मण्डलीको निम्ति प्रयोग गरिएको विविध रूपकहरूले हामीलाई कुनै एउटा रूपकविशेषमा मात्र ध्यान नदिन स्मरण गराउनुपर्छ। उदाहरणार्थ, मण्डली वास्तवमै ख्रीष्टको शरीर भए तापनि हामीले यो कुरा याद गर्नुपर्दछ कि यो रूपक अन्य रूपकहरूमध्ये एउटा हो। हामीले यदि त्यो रूपकमा मात्र ध्यान दियौं भने हामी यो तथ्य बिर्सन सक्नेछौं कि ख्रीष्ट हाम्रा प्रभु हुनुहुन्छ जसले स्वर्गमा राज गरिरहनुभएको छ साथै हामीमाझ वास गर्नुहुने उहाँ नै हुनुहुन्छ। मण्डली आज पृथ्वीमा परमेश्वरका पुत्रको "जारी रहिरहेको अवतार" हो भन्ने रोमन क्याथलिक दृष्टिकोणसित हामी निश्चय नै सहमत बन्न हुँदैन। मण्डली सशरीर हुनुहुने परमेश्वरको पुत्र होइन, किनकि ख्रीष्ट मानव शरीरमा मृत्युबाट उठ्नुभयो, उहाँ मानव शरीरमा स्वर्गमा उक्लिजानुभयो, र उहाँले देहधारी ख्रीष्टको रूपमा अहिले स्वर्गमा राज्य गर्नुहुन्छ, जो यहाँ पृथ्वीमा भएको मण्डलीभन्दा स्पष्टतः बेग्लै हुनुहुन्छ।

मण्डलीको निम्ति प्रयुक्त प्रत्येक रूपकले हामीलाई परमेश्वरप्रदत्त विशेषाधिकारका समृद्धिको मूल्याङ्कन गर्न सहायता गर्न सक्छ, जुन विशेषाधिकार हामीलाई मण्डलीमा गाभ्नुभएर परमेश्वरले हामीलाई दिनुभएको छ। मण्डली परिवारजस्तै हो भन्ने तथ्यले एक-अर्काप्रति हाम्रो प्रेम र सङ्गतिलाई बढ़ाउनुपर्दछ। मण्डली ख्रीष्टकी दुलहीजस्तै हो भन्ने विचारले अझ धेरै शुद्धता र पवित्रताको निम्ति, अनि ख्रीष्टलाई अझ धेरै प्रेम गर्ने र उहाँको अधीनतामा अझै धेरै रहने हाम्रो सङ्घर्षमा हामीलाई प्रोत्साहित गर्नुपर्दछ। मण्डली दाखको बोटमा भएका हाँगाहरूको विम्बले हामीलाई उहाँमा अझ पूर्ण रूपमा विश्राम गर्ने बनाउनुपर्दछ। कृषि बालीको धारणाले हामीलाई ख्रीष्टियान जीवनमा बढ्दैजाने र आफै अनि अरूहरूका निम्ति उपयुक्त आत्मिक पोषणहरू हासिल गर्नमा प्रोत्साहित गर्नुपर्दछ। परमेश्वरको नयाँ मन्दिरको स्वरूपमा भएको मण्डलीको चित्रले हामीले एक-अर्कालाई भेट्दा हामीमाझ परमेश्वर स्वयम्‌को उपस्थितिले वास गरिरहेको तथ्यबारे हाम्रो बोधलाई बढ़ाइदिनुपर्दछ। पूजाहारीगिरीको रूपमा चर्चको धारणाले प्रशंसाका बलिहरू र उहाँको निम्ति हामीले गर्ने सुकर्महरूमा परमेश्वरको आनन्दलाई अझ स्पष्ट रूपमा

[13]यो दोस्रो रूपक पूर्ण वा "उपयुक्त" पनि छैन किनकि शारीरिक अङ्गहरू वृद्धि भएर शिर बन्न पुग्दैनन्, तर पावलले यहाँ ख्रीष्टको प्रधानता (वा अख्तियार)-को, एउटा शरीरको रूपमा मण्डलीको, र हामी ख्रीष्टमा परिपक्व बन्दछौं भन्ने धारणाहरू मिसाइरहेका छन्, र उनले तिनलाई एउटा जटिल वक्तव्यमा मिसाउँछन्।

हेर्न हामीलाई सहायता गर्नुपर्दछ (हिब १३:१५-१६)। ख्रीष्टको शरीरको रूपमा मण्डलीको रूपकले हामीमाझ भएको पारस्परिक निर्भरता र त्यस शरीरभित्र भएका वरदानहरूका विविधता कदर गर्ने हाम्रो क्षमता बढ़ाइदिनुपर्दछ। धर्मशास्त्रमा दिइएका यी र अन्य रूपकहरूबाट मण्डलीको निम्ति काममा लाउनुपर्ने अन्य धेरै कुराहरू प्राप्त गर्न सकिन्छ।

**५. मण्डली र इस्राएल।** इस्राएल र मण्डलीमाझका सम्बन्धको प्रश्नबारे इभ्यान्जेलिकल प्रोटेस्टेन्टहरूमध्ये बेग्ला-बेग्लै दृष्टिकोणहरू छन्। यस प्रश्नलाई ती मानिसहरूद्वारा प्रमुख बनाइयो जसले ईश्वरशास्त्रको डिसपेन्सेशनवादी प्रणालीमा दृढ़ विश्वास गर्छन्। डिसपेन्सेशनवादीले लेखेका सर्वाधिक बृहत् डिसपेन्सेशनल सुव्यवस्थित ईश्वरशास्त्र लेख्ने Lewis Sperruy Chafer-को *Systematic Theology,*[१४]-ले इस्राएल र मण्डलीमाझका मात्र होइन तर पुरानो करारका विश्वास गर्ने इस्राएल र नयाँ करारको मण्डलीमाझका भिन्नताहरू देखाइदिन्छ।[१५] Chafer यो तर्क गर्छन् कि परमेश्वरले उद्धार गर्नुभएको दुई बेग्ला-बेग्लै समूहहरूका निम्ति उहाँसँग दुईवटा पूर्ण रूपले भिन्नै योजनाहरू छन्, *इस्राएलको* निम्ति परमेश्वरका उद्देश्यहरू अनि प्रतिज्ञाहरू *सांसारिक आशिषहरू*का निम्ति हुन् र ती भविष्यको कुनै समयमा यस पृथ्वीमा पूरा हुन बाँकी नै छन्। यसको विपरीत, *मण्डली*को निम्ति परमेश्वरका उद्देश्यहरू र प्रतिज्ञाहरू *स्वर्गीय आशिषहरू*का निम्ति हुन् र ती प्रतिज्ञाहरू स्वर्गमा नै पूरा गरिनेछन्। Chafer-अनुसार परमेश्वरले उद्धार गर्नुहुने यी दुईवटा भिन्न-भिन्नै समूहहरू विशेष गरी सहस्राब्दीमा देखिनेछन् किनकि त्यस बेला इस्राएलले परमेश्वरका जनको रूपमा पृथ्वीमा शासन गर्नेछ र पुरानो करारका प्रतिज्ञाहरू परिपूर्ण भएको भोग गर्नेछ, तर उहाँका सन्तहरूका निम्ति हुने ख्रीष्टको गुप्त आगमनको समयमा ("the rapture," अर्थात्, सशरीर स्वर्गारोहण लगिने) मण्डली स्वर्गमा लगिसकिएको हुनेछ। यस दृष्टिकोणअनुसार, मण्डली पेन्तिकोसको दिनसम्म सुरु भएन (प्रे २)। अनि पुरानो करारका विश्वासीहरूले र नयाँ करारका विश्वासीहरूसँग मिलेर एउटा मण्डली गठन गरेका हुन्छन् भी सोच्नु सही होइन।

Chafer-को दृष्टिकोणले केही डिस्पेन्सेशनलवादी समूहहरूमा, र विशेष गरी निश्चय नै अझ जनप्रिय प्रचारमा प्रभाव पारिराखेकै भए तापनि, हालैका धेरै

[१४]Lewis Sperruy Chafer-को *Systematic Theology*। यद्यपि अरू विशिष्ट धर्मसिद्धान्तहरू छन् जसले प्राय: नै डिस्पेन्सेशनवादीको चरित्र-चित्रण गर्छन्, परमेश्वरको कुल योजनामा इस्राएल र मण्डली दुई समूहहरू भएका कुरो सम्भवत: सबैभन्दा अति महत्त्वपूर्ण छ। डिस्पेन्सेशनवादीहरूले दृढ़ विश्वास गर्ने धर्मसिद्धान्तहरू सात वर्षको अवधिमा हुने सङ्कष्टपूर्व नै मण्डली डिस्पेन्सेशनवादीहरूले दृढ़ विश्वास गर्ने धर्मसिद्धान्तहरूमा सात वर्षको अवधिमा हुने सङ्कष्टपूर्व नै मण्डली सशरीर स्वर्गमा उठाइलगिनुमा (हे. अ. ५४), इस्राएलसम्बन्धी पुरानो करारका अगमवाणीहरू भविष्यमा अक्षरश: पूरा हुनेछन्, बाइबलीय इतिहासलाई सातवटा युगहरूमा विभक्त गरिएको छ, अर्थात् आफ्ना जनसँग सम्बन्ध राख्ने परमेश्वरका तरीकाहरूका "प्रबन्धहरू", युगौं-युगका निम्ति परमेश्वरको योजनामा मण्डली एउटा बीचको घटना हो भन्ने दृष्टिकोण, जो यहूदीहरूले अधिकांश संख्यामा येशूलाई मसीहका रूपमा रद्द गरिदिएका बेला स्थापित गरिएको एउटा बीचको घटना। तर पनि, आजका धेरै डिसपेन्सेशनवादीहरूले यी विशेषताहरूमध्ये धेरैलाई स्वीकार गर्छन् वा अस्वीकार गर्छन्। एक प्रणालीको रूपमा डिसपेन्सेशनवाद बेलायतका J. N. Darby-का (ख्री. १८००-१८८२) लेखहरूसित सुरु भयो तर यसलाई स्कफिल्ड बाइबलले संयुक्त राष्ट्र अमेरिकामा लोकप्रिय बनायो।

[१५]Chafer, *Systematic Theology,* ४:४५-५३।

डिस्पेन्सेशनलवादी अगुवाहरूले Chafer-का धेरैवटा बुँदाहरूलाई अनुसरण गरेका छैनन्। Robert Saucy, Craig Blaising र Darrell Bock-जस्ता आजका धेरै डिस्पेन्शेसनलवादी ईश्वरशास्त्रीहरूले आफूलाई *Progressive Dispensationalist* (प्रगतिशील डिस्पेन्शेसनलवादी) भन्छन्,[16] अनि तिनीहरूका धेरै अनुयायीहरू बनिसकेका छन्। तिनीहरूले *मण्डलीलाई परमेश्वरको योजनामा भएको लघु कोष्ठकको* (अर्को सानो योजनाको) *रूपमा हेर्न मान्दैनन्* तर परमेश्वरका राज्यका स्थापनामा पहिलो कदम हो भनी हेर्छन्। प्रोग्रेसिभ डिस्न्पेशेसनलवादीहरूको दृष्टिकोणअनुसार, *इस्राएल र मण्डलीको निम्ति परमेश्वरका दुईवटा भिन्न-भिन्नै उद्देश्यहरू छैनन्,* तर एउटै उद्देश्य छ – परमेश्वरका राज्य स्थापना, जसमा इस्राएल र मण्डली दुवै सहभागी हुनेछन्। प्रोग्रेसिभ डिस्पेन्सेशनलवादीहरूले *भविष्यमा हुने अनन्त राज्यमा इस्राएल र मण्डलीमाझ कुनै भिन्नता* देख्दैनन् किनकि सबै परमेश्वरको एउटै जातिको भाग हुनेछ। यसबाहेक, यिनीहरू यो विश्वास गर्छन् कि *सहस्राब्दीमा मण्डलीले पृथ्वीमा यसको महिमित शरीरमा ख्रीष्टसँग राज्य गर्नेछ* (हे. अ. ५५ मा सहस्राब्दीबारे छलफल)।

तर पनि, प्रगतिशील डिस्पेन्सेशनलवादीहरू र बाँकी इभ्यान्जेलिकल्वादी-हरूमाझ एउटा बुँदाबारे अझै पनि मतभिन्नता छ – तिनीहरू भन्छन् कि *इस्राएलसम्बन्धी पुरानो करारका अगमवाणीहरू अझै पनि सहस्राब्दीमा गैयहूदीहरूद्वारा पूरा गरिनेछन्* जसले ख्रीष्टमा विश्वास गर्नेछन् र जो सबै जातिहरूले हेरून् र सिकून् भनी इस्राएलमा एउटा "नमुना जाति" भएर वास गर्नेछ। त्यसकारण तिनीहरूले मण्डली "नयाँ इस्राएल" हो भन्दैनन् वा इस्राएलबारे पुरानो करारका सबै अगमवाणीहरू मण्डलीमा पूरा हुनेछन् भन्दैनन्, किनभने यी अगमवाणीहरू जातीय इस्राएलमा पूरा हुन बाँकी नै छ।

यस पुस्तकमा लिइएको दृष्टिकोण Chafer-का दृष्टिकोणहरूभन्दा धेरै नै बेग्लै छ साथै प्रोग्रेसिभ डिसपन्शेसनलवादीहरूको दृष्टिकोणभन्दा बेग्लै छ। तथापि यहाँ यो भन्नैपर्दछ कि बाइबलीय अगमवाणीहरू, यसको स्वरूपमा, कुन तरीकामा पूरा हुनेछन् सो निश्चयतासित निर्णय गर्न कठिन छ र यी कुराहरूबारे हामीले अन्तरिम निष्कर्षहरू निकाल्नु नै बुद्धिमानी देखिन्छ। यसलाई मनमा राखेर निम्नलिखित कुरा भन्न सकिन्छ।

डिसपेन्सेशनलवादी दृष्टिकोणबाहिर भएका प्रोटेस्टेन्ट र क्याथलिक ईश्वरशास्त्रीहरूले भनेका छन् कि मण्डलीमा पुरानो र नयाँ करार दुवैका विश्वासीहरू एउटै मण्डलीका वा ख्रीष्टको एउटै शरीरका हुन्। गैरडिसपेन्सेशनलवादी दृष्टिकोणअनुसार एउटा व्यक्तिले यो विश्वास गर्ला कि भविष्यमा बृहत् संख्यामा यहूदीहरूले मतान्तरण गर्नेछन् (रोम ११:१२, १५, २३-२४, २५-२६, २८-३०),[17]

[16]हे. Robert L. Saucy, *The Case for Progressive Dispensationalism* (ग्र्यान्ड र्‍यापिड्स् : जोनडर्भ्यान, १९९३), Darrel L. Bock र Craig A. Blaising सम्पा. *The Progressive Dispensationalism* (ह्विटन : भिक्टोर, १९९३)। हे. John S. Feinberg सम्पा. *Continuity and Discontinuity Perspectives on the Relationship Between the Old and New Testaments* (ह्विटन : क्रसवे, १९८८)।

[17]हे. अ. ५४, जहाँ रोमी ९-११ ले भविष्यमा ठूलो संख्यामा यहूदीहरूले ठूलो मात्रामा हृदय-परिवर्तन गर्नेछन् भन्ने विश्वासलाई म पुष्टि गर्दछु, यद्यपि सर्वसामान्य भावमा बुझिने अर्थमा म डिसपेन्सेशनलवादी होइन।

यद्यपि यो मतान्तरणको परिणाम यही हुनेछ कि यहूदी विश्वासीहरू परमेश्वरको एउटै साँचो मण्डलीको भाग बन्नेछन् – तिनीहरू “आफ्नै निज जैतूनकै रूखमा” “कलमी” बाँधिनेछन् (रोम ११:२४)।

यस प्रश्नसम्बन्धी, हामीले नयाँ करारका ती अनेकौं खण्डहरूमा ध्यान दिनुपर्दछ जसले मण्डलीलाई “नयाँ इस्राएल” वा “परमेश्वरको नयाँ जाति” भनी बताउँदछन्। “ख्रीष्टले पनि मण्डलीलाई प्रेम गर्नुभयो, र त्यसको निम्ति आफूलाई अर्पण गर्नुभयो” (एफि ५:२५) भन्ने तथ्यले यो सुझाउ दिँदछ। यसबाहेक, मण्डलीमा लाखौं ख्रीष्टियानहरूलाई उद्धारमा ल्याउने वर्तमान मण्डलीको युग परमेश्वरको योजनामा भएको एक अवरोध वा लघु कोष्ठक चिन्ह (parenthesis) होइन,[१८] तर आफूकहाँ मानिसहरूलाई बोलाउने उहाँको योजनाकै, जो सम्पूर्ण पुरानो करारभरि अभिव्यक्त गरिएको छ, निरन्तर चलिरहने प्रक्रिया हो। पावल भन्छन्, “बाहिरी रूपले मात्र यहूदी हुनेचाहिँ साँचो यहूदी होइन, त्यसरी नै साँचो खतना पनि बाहिरी र शारीरिक कुरा हो। यहूदी त्यो हो जो भित्री रूपले यहूदी हो, र साँचो खतना पनि बाहिरी वा शारीरिक कुरा होइन” (रोम २:२८-२९)। पावल यो कुरा बुझ्दछन् कि शारीरिक तौरमा अब्राहामबाट जन्मेकाहरूलाई यहूदी नै भन्नुपर्छ भन्ने कुरामा अक्षरशः वा स्वाभाविक अर्थ हुन्छ, तर अझ गहन र आत्मिक अर्थमा पनि छ, जुनअनुसार, “साँचो यहूदी” तिनी हुन् जो भित्रबाट विश्वासी हुन् र जसको हृदय परमेश्वरद्वारा शुद्ध पारिएको छ।

पावल यो भन्छन् कि अब्राहामलाई शरीरिक अर्थमा मात्र यहूदीहरूका पिता भन्नु हुँदैन। उनी अझ गहिरो र अझ साँचो अर्थमा “खतनाविनै विश्वास गरेर धर्मी गनिएका सबैका उनी पिता होऊन् ... उनी ती खतनावालाहरूका पनि पिता हुन्, जसका खतना भएको मात्र होइन तर जसले विश्वासको त्यही नमुनालाई पछ्याउँछन् जुन विश्वास खतना हुन अघि हाम्रा पिता अब्राहाममा थियो” (रोम ४:११ १२; तु. पह. १६, १८)। त्यसकारण पावलले यसो भन्न सक्छन्, “इस्राएलबाट जन्मेका सबै इस्राएल होइनन्, नता अब्राहामका सन्तान हुँदैमा सबै तिनका छोराछोरी हुन् ... शरीरबाट जन्मेकाहरू परमेश्वरका सन्तान होइनन्, तर करारबाट उत्पन्न भएकाहरू नै अब्राहामका सन्तान हुन्” (रोम ९:६-८)। पावलले यहाँ यो उपलक्षित गर्छन् कि अब्राहामका साँचो सन्तान, जो अति साँचो अर्थमा “इस्राएल” हुन्, अब्राहामको शारीरिक वंशबाट उत्पन्न भएकाहरू इस्राएल जाति होइनन् तर ख्रीष्टमा विश्वास गर्नेहरू मात्र हुन्। ख्रीष्टमा साँचो रूपमा विश्वास गर्ने मानिसहरूका मात्र अब परमप्रभुद्वारा “मेरा मानिसहरू” भनिने विशेषाधिकार छ (होशे २:२३ लाई उद्धृत गर्दै रोम ९:२५); त्यसकारण मण्डली अब परमेश्वरको चुनिएका जातिहरू हो। यसको अर्थ यो हो कि शरीरअनुसार जन्मेका धेरै यहूदी मानिसहरूलाई भविष्यको कुनै समयमा उद्धार दिइँदा तिनीहरू परमेश्वरका अलगै मानिसहरू वा अलगै

[१८]Chafer-ले प्रयोग गरेका शब्द “अन्तर्वेशन” (intercalation) हो, अर्थात्, अघिबाटै योजनाबद्ध गरिएको विषय तालिका वा सूचीमा पछिबाट थपिएको एउटा समयावधि हो (पृ. ४१)। यहाँ उनी भन्छन्, “मण्डलीको वर्तमान युग परमेश्वरको प्रकटित विषय तालिका वा कार्यक्रमका बीचमा थपिएको अन्तर्वेशन हो, जुन कार्यक्रम पुरानो करारका अगमवक्ताहरूले अघिबाटै देखेका थिए।”

जैतूनको रूख बन्दैनन् तर *"आफ्नै निज जैतूनको रूखमा* ... कलमी" बाँधिनेछन्" (रोम ११:२४)। यही तथ्यतिर सङ्केत गर्ने अर्को पद गलाती ३:२९ हो, "यदि तिमीहरू ख्रीष्टका हौ भनेता तिमीहरू अब्राहामका सन्तान हौ, र प्रतिज्ञाबमोजिम उत्तर ाधिकारीहरू हौ।" यसरी नै, पावल भन्छन् कि ख्रीष्टियानहरू "साँचो खतना" हुन् (फिलि ३:३)।

मण्डली यहूदीहरूभन्दा छुट्टै समूह हो भन्ने नसोचेर, पावलले एफिससमा भएका गैरयहूदी विश्वासीहरूलाई तिनीहरू "इस्राएलका नागरिक हकबाट अलग" थिए र "प्रतिज्ञाका करारहरूबाट विराना" (एफि २:१२) भएका थिए, तर "अब ख्रीष्टको रगतले नजीक" भएका छन् भनी पत्र लेख्छन्। गैरयहूदीहरूलाई मण्डलीमा ल्याइँदा यहूदी र गैरजातिहरू एउटै शरीरमा संयुक्त बनाइएका थिए। पावल भन्छन् कि परमेश्वरले *"हामी दुवैलाई एउटै बनाउनुभएको छ,* र विभाजन ल्याउने पर्खाललाई भत्काइदिनुभएको छ। ... कि *यी दुईका सट्टामा उहाँले आफैमा एउटा नयाँ मानिस सृष्टि गरून्,* र यसरी शान्ति स्थापना होस्। अनि उहाँले क्रूसद्वारा हामी दुवैलाई एउटै शरीरमा परमेश्वरसँग मेल गराएर शत्रुतालाई शेष पार्नुभयो" (एफि २:१४-१६)। त्यसकारण पावल यो भन्न सक्छन् कि गैरयहूदीहरू *"सन्तहरूसँग ... सङ्गी नागरिकहरू* र परमेश्वरको परिवारका सदस्यहरू भएका" छन् र "त्यो घराना प्रेरितहरू र अगमवक्ताहरूको जगमाथि बसालेर निर्माण भएको छ, र ख्रीष्ट येशू आफैचाहिँ मुख्य कुने-ढुङ्गो हुनुहुन्छ" (एफि २:१९-२०)। नयाँ करारको पुरानो करारीय पृष्ठभूमिबारे पावलमा रहेको विस्तृत जानकारीको कारण पावल भन्न सक्छन् कि गैरयहूदीहरू "सहउत्तराधिकारीहरू हुन्, एउटै शरीरका अङ्गहरू ... हुन्" (एफि ३:६)। यहूदी र गैरयहूदीहरूको ख्रीष्टमा एउटै शरीरमा संयुक्त हुनेबारे यस सम्पूर्ण खण्डले सशक्त रूपमा बताउँछ अनि कतै उद्धार गरिइने यहूदी मानिसहरूलाई ख्रीष्टको एउटै शरीर, अर्थात् मण्डलीमा सामेल गराइनेबाहेक अन्य कुनै विशिष्ट योजनाबारे कुनै सङ्केत दिँदैन। मण्डलीले परमेश्वरका सबै साँचो जनलाई आफैमा समाविष्ट गर्दछ, अनि पुरानो करारमा परमेश्वरका जनको निम्ति लागु गरिइएका प्रायः सबै उपाधिहरू नयाँ करारको एउटा वा अर्को ठाउँमा मण्डलीमा प्रयोग गरिएकै छन्।

इस्राएलसम्बन्धी पुरानो करारका प्रतिज्ञा प्राप्तकर्ता र तिनको परिपूर्तिको रूपमा मण्डलीलाई हेर्नलाई हिब्रू ८ ले अर्को सशक्त तर्क उपलब्ध गराउँछ। ख्रीष्टियानहरूलाई लागु भएको नयाँ करारको सन्दर्भमा बताउँदै, हिब्रूका लेखकले यर्मिया ३१:३१-३४ विस्तृत रूपमा उद्धृत गर्छन्, "परमप्रभु भन्नुहुन्छ, ती दिन आउनेछन्, जब *इस्राएलको घरानासँग र यहूदाको घरानासँग* म एउटा नयाँ करार स्थापना गर्नेछु। ...

परमप्रभु भन्नुहुन्छ, ती दिनपछि म इस्राएलको घरानासँग यो करार बाँध्नेछु, तिनीहरूका मनमा मेरो व्यवस्था राखिदिनेछु र तिनीहरूका हृदयमा त्यो लेखिदिनेछु, र म तिनीहरूका परमेश्वर हुनेछु, अनि तिनीहरू मेरा प्रजा हुनेछन्" (हिब ८:८-१०)। परमेश्वरले इस्राएलको घराना र *यहूदाको घरानासित* एउटा नयाँ करार स्थापना गर्नेछु भनी गर्नुभएको प्रतिज्ञा यहाँ लेखकले उद्धृत गर्छन् र अहिले *मण्डलीसित*

बाँधिएको करार त्यही करार हो भनी उनी बताउँछन्। विश्वासीहरू अहिले जुन मण्डलीका सदस्यहरू हुन् त्यही मण्डली नै नयाँ करार हो। मण्डली परमेश्वरको साँचो इस्राएल हो जसमा पुरानो करारमा इस्राएललाई गरिएका प्रतिज्ञाहरू पूरा हुन्छन् भनी लेखक (पावल)-ले हेर्छन् भन्ने निष्कर्षदेखि उम्कनु कठिन देखिन्छ।

यस्तै प्रकारले याकूबले सुरुका धेरैवटा मण्डलीहरूलाई एउटा सार्वजनिक पत्र लेख्छन् र भन्छन्, "ठाउँ-ठाउँमा छरपष्ट भएका बाह्र कुललाई" (याक १:१)। यसले यो सङ्केत दिन्छ कि उनले प्रस्टै गरी नयाँ करारका ख्रीष्टियानहरूलाई बाह्र कुलाका उत्तराधिकारीहरू हुन् अनि यी कुलहरू ती ख्रीष्टियानहरूमा पूरा भए भनी मानिलिन्छन्।

पत्रुसले पनि त्यसरी नै भन्छन्। उनले पहिलो पदमा आफ्ना पाठकहरूलाई "निर्वासित भई छरपस्ट भएकाहरूलाई" (१ पत्र १:१)[१९] र अन्तिम पदको अघिल्लो पदमा रोम शहरलाई "बेबिलोन" भन्छन् (१ पत्र ५:१३)। पत्रुसले नयाँ करारका ख्रीष्टियानहरूबारे कुरा गर्दा प्रायः नै पुरानो करारको विम्बविधान प्रयोग गरेर तथा इस्राएललाई दिइएका प्रतिज्ञाहरू तिनीहरूका लागि पनि हुन् भन्ने धारणासित कुरा गर्छन्। यो मुख्य विषय-वस्तुले १ पत्रुस २:४-१० मा प्राधान्य पाउँदछ, जहाँ[२०] पत्रुस भन्छन् कि परमेश्वरले पुरानो करारमा इस्राएललाई प्रतिज्ञा गर्नुभएका सबै आशिषहरू मण्डलीलाई प्रदान गर्नुभएको छ। परमेश्वरको वासस्थान अब यरूशलेम होइन किनभने ख्रीष्टियानहरू परमेश्वरको नयाँ "मन्दिर" हुन् (प. ५)। परमेश्वरलाई ग्रहणयोग्य बलिदान चढ़ाउन सक्ने पूजाहारीगिरी अबउसो हारूनको वंशका रहेनन्, किनकि ख्रीष्टियानहरू अब साँचो "राजकीय पूजाहारीगिरी" हुन् जो परमेश्वरको सिंहासनअघि प्रवेशाधिकारसम्पन्न छन् (पह. ४-५, ९)। अब्राहामका शारीरिक सन्ततिलाई अबउसो परमेश्वरका चुनिएका जन भनिँदैन, किनकि अब ख्रीष्टियानहरू साँचो "चुनिएका वंश" (प. ९) हुन्। परमेश्वरले आशिष् दिनुभएको जाति अब इस्राएली जाति होइन, किनकि ख्रीष्टियानहरू परमेश्वरको साँचो "पवित्र जाति" हुन् (प. ९)। इस्राएली मानिसहरू अबोप्रान्त परमेश्वरका जन भनिँदैनन् किनकि यहूदी ख्रीष्टियानहरू र गैरयहूदी ख्रीष्टियानहरू अब "कृपा पाएका"-हरू र "परमेश्वरका जन" (प. १०) हुन्। यसबाहेक, पत्रुसले पुरानो करारका सन्दर्भहरूबाट यी उद्धरणहरू लिन्छन् जसले बारम्बार यो चेताउनी दिन्छन् कि परमेश्वरको विरुद्धमा विद्रोह गर्नमा अड़िग रहने र उहाँले स्थापना गर्नुभएको कुने-ढुङ्गालाई रद्द गर्ने उहाँका जनलाई उहाँले इन्कार गरिदिनुहुनेछ। मण्डली अब परमेश्वरको साँचो इस्राएल बनेको छ अनि यसले पुरानो करारमा इस्राएललाई प्रतिज्ञा गरिएका सबै आशिष्हरू प्राप्त गर्नेछ भन्नुमा कुन थप वक्तव्यको आवश्यकता पर्छ र ?[२१]

---

[१९]इस्राएलको भूमिबाट समुद्रपारि छरपस्टिएका र प्राचीन भूमध्यसागरीय संसारभरि जीवन धानिरहेका यहूदी जातिलाई इङ्गित गर्न "छिन्नभिन्न भएको अवस्था" dispersion (="आप्रवासी") वाक्यांश प्रयोग गरिन्थ्यो।

[२०]यस अनुच्छेदको बाँकी भाग अधिकांशतः Wayne Grudem, *The First Epistle of Peter,* पृ. ११३ बाट लिइएको हो।

[२१]मण्डली इस्राएलसम्बन्धी पुरानो करारका अनेकौं अगमवाणीहरूका *कार्यान्वय*को प्रापक रहिआएको एक डिस्पेन्सेशनलवादीले यहाँनेर स्वीकार गर्लान्, यद्यपि यी प्रतिज्ञाहरूको साँचो *परिपूर्णता* भविष्यमा गैरयहूदी इस्राएलमा आउन बाँकी नै छ। यी प्रतिज्ञाहरू मण्डलीमा लागु हुन्छन् भन्ने नयाँ करारका यी सबै

**६. मण्डली र परमेश्वरको राज्य ।** मण्डली र परमेश्वरको राज्यमाझ के सम्बन्ध छ ? यी दुईबीचका भिन्नताहरूलाई George Lad-ले असल रूपमा सारांशित गरेका छन् :

> परमेश्वरको राज्य मूलत: परमेश्वरको सक्रिय राज्य वा राजसी शासन हो अनि व्युत्पत्तिक रूपले, यो त्यो क्षेत्र हो जहाँ शासन अनुभूति हुन्छ। बाइबलीय वाक्पद्धतिमा, परमेश्वरको राज्य र यसका प्रजा एउटै होइनन्। ती परमेश्वरको शासनाधीनका मानिसहरू हुन् जसले यसमा प्रवेश गर्छन्, यसको अधीनमा जिउँछन् र यसद्वारा शासित भएका हुन्छन्। मण्डली परमेश्वरका राज्यको समुदाय हो तर कहिल्यै पनि परमेश्वरको राज्यैचाहिँ होइन। येशूका चेलाहरू परमेश्वरको राज्यका हुन् जस्तो कि परमेश्वरको राज्य तिनीहरूका हुन्; तर तिनीहरू परमेश्वरको राज्य होइनन्। परमेश्वरको राज्य परमेश्वरको शासन हो; मण्डली मानिसहरूको समाज हो।[२२]

Lad-ले परमेश्वरको राज्य र मण्डलीमाझको सम्बन्धका पाँच विशेष पक्षहरूलाई संक्षिप्तमा बताउँछन् : (१) मण्डली परमेश्वरको राज्य होइन (किनभने येशू र सुरुका ख्रीष्टियानहरूले मण्डली होइन तर परमेश्वरको राज्य नजीक थियो भनी प्रचार गरे अनि तिनीहरूले परमेश्वरका राज्यको सुसमाचार प्रचार गरे, मण्डलीको सुसमाचार प्रचार गरेनन्, प्रेरित ८:१२; १९:८; २०:२५; २८:२३, ३१)। (२) परमेश्वरको राज्यले मण्डली सृष्टि गर्छ (किनभने मानिसहरू परमेश्वरको राज्यमा प्रवेश गर्दा तिनीहरू मण्डलीको मानव सङ्गतिसित एउटै बन्दछन्)। (३) मण्डलीले परमेश्वरका राज्यको साक्षी दिन्छ (किनभने येशूले भन्नुभयो, "राज्यको यो सुसमाचार सारा संसारमा … प्रचार गरिनेछ" (मत्ती २४:१४)। (४) मण्डली परमेश्वरका राज्यको साधन हो (किनभने पवित्र आत्माले राज्यको शक्ति प्रकट गर्दै चेलाहरूद्वारा रोगीहरूलाई निको बनाउने अनि शैतानहरूलाई धपाउने काम गर्नुहुन्छ, जसरी उहाँले येशूको सेवाकार्यमा गर्नुभयो, मत्ती १०:८; लूका १०:१७)। (५) मण्डली परमेश्वरका राज्यको अभिभावक हो (किनभने मण्डलीलाई परमेश्वरका स्वर्गका राज्यको चाबी दिइएको छ, मत्ती १६:१९)।[२३]

त्यसकारण हामीले परमेश्वरको राज्य र मण्डलीलाई एउटै (रोमन क्याथलिक ईश्वरशास्त्रमा जस्तै) भन्नु हुँदैन, नता परमेश्वरको राज्य पूर्ण रूपले भविष्यको कुरा हो भनी ठान्नुहुन्छ (पुरानो डिस्पेन्सेशनलवादी ईश्वरशास्त्रमा जस्तै)। बरु हामीले यो कुरा बुझ्नुपर्दछ कि परमेश्वरको राज्य र मण्डलीमाझ घनिष्ठ सम्बन्ध छ। मण्डलीले राज्यको सुसमाचारको घोषणा गर्दा मानिसहरू मण्डलीमा आउनेछन् र तिनीहरूका जीवनमा परमेश्वरका शासनका आशिषहरू अनुभव गर्न सुरु गर्नेछन्।

---

प्रत्यक्ष उदाहरणहरूलाई विचार गर्दा, यी प्रतिज्ञाहरूलाई परमेश्वरले दिनलाग्नुभएको एउटै मात्र परिपूर्णता वास्तवमा यही मात्र हो भनी अस्वीकार गर्ने कुनै दह्रो कारण देखिँदैन।

[२२] George Eldon Ladd, *A Theology of the New Testament,* पृ. १११।

[२३] यी पाँचवटा बुँदाहरू Ladd, *Theology,* पृह. ११-१९ बाट सारांशित गरिएका हुन्।

राज्यले आफैलाई मण्डलीको माध्यमबाट प्रकट गर्नेछ र यसद्वारा परमेश्वरका भविष्यको राज्य वर्तमानमा आउँछ (यो यहाँ "आइसकेको" छ, मत्ती १२:२८; रोम १४:१७; तर आएको "अझैसम्म छैन," मत्ती २५:३४; १ कोर ६:९-१०)। त्यसकारण ख्रीष्टमा विश्वास गर्नेहरूले परमेश्वरको अन्तिम साँचो राज्यको शासन कस्तो हुनेछ सो अनुभव गर्न सुरु गर्नेछन् – तिनीहरूले पाप (रोम ६:१४; १४:१७), शैतानको विरोध (लूका १०:१७), अनि रोगमाथि (लूका १०:९) केही विजय पाउनेछन्। तिनीहरू पवित्र आत्माको शक्तिमा जिउनेछन् (मत्ती १२:२८; रोम ८:४-१७; १४:१७), जो आउने राज्यको सक्रिय शक्ति हुनुहुन्छ। येशू अन्त्यमा फर्किआउनुहुनेछ र उहाँको राज्य सारा सृष्टिमा फैलिनेछ (१ कोर १५:२४-२८)।

## ख. मण्डलीका "चिन्ह" (प्रभेदक गुणहरू Distinguishing Characteristics)

**१. झुटो र साँचो मण्डलीहरू छन्।** कुन थोकले मण्डलीलाई मण्डली बनाउँछ? मण्डली हुनलाई के आवश्यक हुन्छ? आफूलाई ख्रीष्टियानहरू भनी दाबी गर्ने मानिसहरूको समूह मण्डली जस्तो हुनुपर्ने हो त्यसभन्दा यति भिन्नै बन्ला कि तिनीहरूलाई अब मण्डली नै भन्न नमिल्ला?

ख्रीष्टियान मण्डलीका प्रारम्भिक शताब्दीहरूमा, एउटा साँचो मण्डली के हो भन्नेबारे कुनै विवाद थिएन। त्यस बेला एउटै मात्र विश्वव्यापी मण्डली थियो र त्यो अवश्य नै साँचो मण्डली थियो। यस मण्डलीमा बिशपहरू, स्थानीय पूजाहारीवर्ग र मण्डलीका भवनहरू हुन्थे जसलाई सबैले देख्न सक्थे। गम्भीर धर्मसैद्धान्तिक भुलमा भएका कुनै पनि अपधर्मीहरू (heretics)-लाई मण्डलीबाट सोझै निकालिन्थ्यो।

तर रिफर्मेशन वा सुधारवादी आन्दोलनको समय एउटा निर्णायक प्रश्न खड़ा भयो – साँचो मण्डली हामी कसरी चिन्न सक्छौं? रोमन क्याथलिक मण्डली साँचो मण्डली हो वा होइन? त्यो प्रश्नको उत्तर दिनलाई साँचो मण्डलीका चिन्हहरू के हुन् सो मानिसहरूले निर्णय गर्नुपर्थ्यो, ती प्रभेदक गुणहरू जसले हामीलाई यो साँचो मण्डली हो भनी पहिचान गर्न अगुवाइ गर्थे। धर्मशास्त्रले झुटो मण्डलीहरूबारे अवश्य नै बताउँछ। पावलले कोरिन्थमा भएको मूर्तिपूजकका मन्दिरहरूबारे बताउँछन्, "मूर्तिपूजकहरूले जो बलि चढ़ाउँछन्, त्यो परमेश्वरलाई होइन, तर भूतप्रेतलाई चढ़ाउँछन्" (१ कोर १०:२०)। उनी कोरिन्थीहरूलाई भन्छन्, "जब तिमीहरू अविश्वासी (*heathen*, ख्रीष्टियानेतर) थियौ, तब ... तिमीहरू बोल्नै नसक्ने मूर्तिहरूतिर बहकिएका थियौ" (१ कोर १२:२)। मूर्तिपूजकका यी मन्दिरहरू निश्चय नै झुटा मण्डलीहरू वा झुटा धार्मिक भेलाहरू थिए। यसबाहेक, धर्मशास्त्रले यस्तो धार्मिक भेलाबारे बताउँछ जो वास्तवमा "शैतानको सभाघर" हो (प्रका २:९; ३९)। यहाँ पुनर्जीवित हुनुभएको प्रभु येशूले यहूदी भएको दाबी गर्ने यहूदीहरूका भेलाहरूतिर इङ्गित गरिरहनुभएको देखिन्छ तर जो उद्धारकारी विश्वास भएको साँचो यहूदीहरू थिएनन्। तिनीहरूका धर्मसम्बन्धी भेलाहरू ख्रीष्टका मानिसका भेलाहरू थिएनन् तर ती मानिसहरूका थिए जो अझै पनि अन्धकारको राज्यका, शैतानको राज्यका थिए। यो पनि निश्चय नै शैतानको झुटो मण्डली थियो।

कुन थोकले साँचो मण्डली गठन हुन्छ भन्ने प्रश्नबारे Luther र Calvin-बीच धेरै मात्रामा सहमति थियो। लुथरको विश्वासको सारले, जसलाई अग्सबर्ग घोषणा (Augsburg Confession) [१५३०] भनिन्छ, मण्डली "सन्तहरूको समुदाय हो जहाँ सुसमाचार सही प्रकारले सिकाइन्छ अनि प्रभुभोजको विधि ठीकसित पालन गराइन्छ" (धारा ७)[२४] भनी मण्डलीलाई परिभाषित गऱ्यो। यसरी नै, Calvin-ले भने, "जहाँ पनि हामी परमेश्वरको वचन शुद्धतामा प्रचार गरिएको र श्रवण गरिएको, अनि ख्रीष्टको परम्पराअनुसार प्रभुभोजको विधि पालन गराइएको पाउँदछौं, त्यहाँ परमेश्वरको मण्डली छ भन्ने कुरामा शङ्का गर्नु हुँदैन।"[२५] Calvin-ले वचनको शुद्ध प्रचारबारे बताए तापनि (जबकि लुथरन विश्वासको घोषणाले वचनको सही प्रचारबारे बतायो), अनि Calvin-ले वचन प्रचार मात्र गरिनु हुँदैन तर श्रवण पनि गरिनुपर्दछ भने तापनि (जबकि अग्सबर्ग घोषणाले यो सही प्रकारले सिकाइनुपर्दछ भन्ने मात्र उल्लेख गऱ्यो), साँचो मण्डलीका प्रभेदक चिन्हहरूबारे तिनीहरूको समझदारी एउटै किसिमको छ।[२६] मण्डलीका चिन्हहरूसम्बन्धी Luther र Calvin-का दृष्टिकोणको तुलनामा रोमन क्याथलिक दृष्टिकोण यो रहिआएको छ कि पत्रुस र प्रेरितहरूबाट आएको *दृष्टिगोचर मण्डली साँचो मण्डली हो*।

साँचो मण्डलीका चिन्हहरूबारे Luther र Calvin-को दृष्टिकोण नै आज पनि सही छ भनी हामीले मानिलिनु उपयुक्त देखिन्छ। परमेश्वरको वचन प्रचार नगरिएर यदि झुटा धर्मसिद्धान्तहरू वा मानिसका धर्मसिद्धान्तहरू प्रचार हुन्छ भने त्यहाँ निश्चय नै साँचो मण्डली हुँदैन। कतिपय मुद्दाहरूमा, एउटा मण्डलीलाई अबउसो साँचो मण्डली ठान्न नसकिने हुनभन्दा अघि कतिसम्म भुल धर्मसिद्धान्तलाई सहन गर्न सकिन्छ सो निर्धारण गर्न हामीलाई गाह्रो पर्न सक्छ, तर यस्ता धेरै स्पष्ट मुद्दाहरू हुन्छन्, जहाँ साँचो मण्डली छैन हामी भन्न सक्छौं। उदाहरणार्थ, द चर्च अव् जीजस् क्राइस्ट अव् ल्याटर डे सेन्टस् (मर्मन चर्च)-ले मुक्ति वा परमेश्वरको मनुष्यता वा ख्रीष्टको मनुष्यता र कामबारे प्रमुख ख्रीष्टियान धर्मसिद्धान्तमा विश्वास गर्दैन। यो स्पष्ट रूपमा झुटो मण्डली हो। यस्तै प्रकारले, जेहोभाज् विटनेस्हरूले येशू ख्रीष्टमा मात्र भरोसा गरेर होइन, तर कर्मद्वारा मुक्तिको शिक्षा दिन्छन्। यो आधारभूत धर्मसैद्धान्तिक विचलन हो किनभने यदि मानिसहरूले जेहोभाज् विटनेस्हरूका शिक्षाहरूलाई विश्वास गरे भने, तिनीहरू बचाइनेछैनन्। यसकारण जेहोभान् विटनेस्हरूलाई पनि झुटो मण्डली हो भनी मान्नुपर्दछ। कुनै मण्डलीको प्रचारले विश्वासद्वारा मात्र मुक्ति भन्ने सुसमाचारको शिक्षा यसका सदस्यहरूबाट लुकाउँछ भने, जसो गर्दा सुसमाचारको स्पष्ट घोषणा हुँदैन, अनि केही समयदेखि घोषणा गरिएको हुँदैन भने, त्यहाँ भेला हुने झुण्ड मण्डली होइन।

मण्डलीको दोस्रो चिन्ह, अर्थात् विधिहरू (बप्तिस्मा र प्रभुभोज) सही प्रकारले पालन गराइनु, सम्भवतः रोमन क्याथलिक दृष्टिकोणको विरुद्धमा व्यक्त गरिएको

[२४]Philip Schaff, *The Creeds of Christendom*, पृ. ११-१२।

[२५]Calvin, *Institutes* 4.1.9 (पृ. १०२३)।

[२६]पछिबाटका घोषणाहरूले कहिलेकहीँ मण्डलीको तेस्रो चिन्ह पनि थपे (मण्डली अनुशासनको सही पालना), तर न Luther नता Calvin-ले यो चिन्हलाई सूचीबद्ध गरे।

थियो जसले यो भन्छ कि उद्धार दिने अनुग्रह विधिहरूबाट आए र त्यसद्वारा विधिहरू "कर्महरू" बनाइए जसद्वारा हामी मुक्तिको निम्ति योग्यता अर्जित गर्छौं। यसरी, रोमन क्याथलिक मण्डलीले मुक्ति हासिल गर्ने साधनको रूपमा विश्वासबारे शिक्षा दिनको सट्टामा मोल तिर्नमा जोड़ दिइरहेको थियो।

तर विधिहरूलाई मण्डलीको चिन्हको रूपमा समावेश गर्ने अर्को कारण पाइन्छ। एउटा संस्थाले एकपटक बप्तिस्मा र प्रभुभोजको प्रथा सुरु गरेपछि यो सधैं रहिरहने मण्डली बन्दछ र यसले *मण्डलीको रूपमा काम गर्ने प्रयास* गरिरहेको छ। (कुनै देशको आधुनिक समाजमा एउटा संस्थाले आइतबार बिहान उपासना, प्रार्थना अनि बाइबल शिक्षणको निम्ति भेटघाट गर्न सुरु गरेपछि यसले पनि स्पष्ट रूपमा मण्डलीजस्तै काम गर्ने प्रयास गरिरहेको हुन्छ।)

मण्डलीको निम्ति बप्तिस्मा र प्रभुभोजले "सदस्यता नियन्त्रक"-को रूपमा पनि काम गर्छ। बप्तिस्मा मानिसहरूलाई मण्डलीमा प्रवेश दिने साधन हो, अनि मण्डलीमा तिनीहरूको सदस्यता कायम नै छ भनी तिनीहरूले चिन्ह दिन सकून् भन्ने एउटा साधन प्रभुभोज हो – मण्डलीले यो सूचित गर्छ कि बप्तिस्मा लिने र प्रभुभोज ग्रहण गर्ने मण्डलीले मुक्तिबारे के सोच्दछ यी क्रियाकलापले बुझाउँछन् र ती आज पनि मण्डलीका चिन्ह हुन् भनी उपयुक्त रूपमा तालिकाबद्ध गरिएका छन्। यसको विपरीत, बप्तिस्मा र प्रभुभोज नदिने झुण्डहरूले यो बताउँछन् कि ती झुण्डहरूले मण्डलीको रूपमा काम गर्न अभिप्राय राख्दैनन्। कुनै व्यक्तिले बाटोको कुनामा एउटा सानो झुण्डसित उभिएर वचनको साँचो प्रचार गर्ला र त्यहाँ वचनको श्रवण पनि साँचो रूपमा होला, तर त्यहाँ भएका मानिसहरू मण्डली हुँदैन। छिमेकमै भएको घरमा हुने बाइबल अध्ययनको भेला मण्डली नबनी वचनको साँचो शिक्षण र श्रवण स्थल हुन सक्छ। तर यदि त्यो बाइबल अध्ययन समूहले यसका आफ्नै नयाँ मतान्तरणकारीहरूलाई बप्तिस्मा दिन थाले अनि प्रभुभोजमा नियमित रूपमा भाग लिनथाले, यसका यी कुराहरूले *मण्डलीको रूपमा काम गर्ने यसको आशयलाई बुझाउँछ* र यसलाई किन मण्डली नभन्ने सो बताउन कठिन हुनजान्छ।[२७]

**२. आजको साँचो र झुटो मण्डली।** सुधारवादी आन्दोलनको (*Reformation*) समयमा उठाइएको प्रश्नको सन्दर्भमा, आजको रोमन क्याथलिक मण्डलीबारे के भन्ने? के यो साँचो मण्डली हो। यहाँ यस्तो देखिन्छ कि समग्र रोमन क्याथलिक मण्डलीसम्बन्धी हामी कुनै निर्णय लिनै सक्दैनौं, किनभने यो अति नै विविध थरीको छ। आज रोमन क्याथलिक मण्डली साँचो हो कि झुटा हो भनी सोध्नु भनेको केही हदसम्म आज प्रोटेस्टन्ट मण्डलीहरू साँचो हुन् कि होइनन् भनी सोध्नुसरह हुन्छ – तिनका अति नै धेरै प्रकारहरू छन्। केही रोमन क्याथलिक धर्मपल्लीहरूमा निश्चय नै दुवै चिन्हहरूको कमी हुन्छ, यहाँ वचनको शुद्ध प्रचार हुँदैन अनि ख्रीष्टमा मात्र हुने

[२७]स्याल्भेशन आर्मी असामान्य मुद्दा हो किनभने यसले बप्तिस्मा वा प्रभुभोज पालन गर्दैन, तर पनि अन्य पक्षहरूमा यो एउटा साँचो मण्डली देखिन्छ। यस्तो हुँदा यस संस्थाले मण्डलीको सदस्यता र यसमा भइरहेको निरन्तर सहभागिता जनाउने अन्य साधनहरू अपनाएको छ र सदस्यता देखाउने अन्य साधनहरूले "सदस्यता नियन्त्रकहरू," अर्थात् बप्तिस्मा र प्रभुभोजको स्थान लिएका छन्।

विश्वासद्वारा मुक्तिको सुसमाचारको सन्देश यस्ता धर्मपल्लीका मानिसहरूले जान्दैनन् वा ग्रहण गर्दैनन्। धर्मविधिहरूमा लिइने सहभागितालाई "कर्म"-को रूपमा हेरिन्छ जसले परमेश्वरको नजरमा योग्यता आर्जन गर्छ भनी ठानिन्छ। मानिसहरूका यस प्रकारको झुण्ड साँचो ख्रीष्टियान मण्डली होइन। यसको विपरीत, आज विश्वका विभिन्न भागहरूमा धेरैवटा रोमन क्याथलिक मण्डलीहरू छन्, जसमा स्थानीय पुरोहितमा ख्रीष्टले दिनहुने उद्धारको साँचो ज्ञान र प्रार्थना र बाइबल अध्ययनमा ख्रीष्टसँग सजीव व्यक्तिगत सम्बन्ध हुन्छ। तिनका आफ्नै प्रवचनहरू र बाइबलका निजी शिक्षणहरूले व्यक्तिगत विश्वास र व्यक्तिगत बाइबल पठन र प्रार्थनामा धेरै जोड़ दिन्छन्। धर्मविधिहरूबारे तिनको शिक्षणले ती विधिका प्रतीकात्मक र संस्मरणात्मक पक्षमा जोड़ दिन्छ, ती यस्ता कर्म हुन् जो परमेश्वरबाट उद्धारकारी अनुग्रह कमाउने योग्यता आर्जन गर्न सक्षम हुन्छन् भनी जोड़ दिँदैन। यस्तो स्थितिमा, हामीले यो भन्नैपर्दछ कि केही धर्मसिद्धान्तहरूबारे रोमन क्याथलिक मण्डलीसित हाम्रो गम्भीर मतभिन्नताहरू छन्,[२८] तथापि यस्तो देखिन्छ कि यस्तो मण्डलीमा साँचो मण्डलीका दुईवटा चिन्हहरू प्रायः धेरै मात्रामा देखिन्छन् जसो हुँदा यस्तो मण्डली वास्तवमा साँचो मण्डली नै हो भनी अस्वीकार गर्न कठिन हुनजान्छ। यो मण्डली विश्वासीहरूको समुदाय देखिन्छ जहाँ सुसमाचार सिकाइन्छ (शुद्ध रूपमा नभए तापनि), अनि धर्मविधिहरू गलत प्रकारले भन्दा प्रायः सही प्रकारले नै पालन गराइन्छन्।

के प्राटेस्टेन्टवादभित्र झुटा मण्डलीहरू छन् ? यदि हामीले फेरि पनि मण्डलीका दुई प्रभेदक चिन्हहरू हेर्‍यौं भने यस लेखकको निर्णयमा यो भन्न उचित देखिन्छ कि आजका धेरैवटा उदारवादी (liberal) प्राटेस्टेन्ट मण्डलीहरू वास्तवमा झुटा मण्डलीहरू हुन्।[२९] के यी मण्डलीहरूले सिकाउने कर्म-धार्मिकताको सुसमाचार र धर्मशास्त्रमा अविश्वासले सुधारवादी आन्दोलनको समयमा रोमन क्याथलिक मण्डलीले दिने शिक्षाले भन्दा धेरै मानिसहरूलाई उद्धारमा ल्याउने सम्भावना छ ? अनि के तिनीहरूको ढोकामा आउने जोकोहीलाई उचित शिक्षाविना तिनीहरूले पालन गर्न लगाउने धर्मविधिले पुनर्जीवन नपाएका पापीहरूलाई उति नै झुटो आश्वासन दिन सम्भव छैन र जति सुधारवादी आन्दोलनको समयमा रोमन क्याथलिक मण्डलीले प्रयोग गरेको धर्मविधिले दियो ? "ख्रीष्टियान"-को नाउँ धारण गर्ने तर मानिसहरूले आफ्ना बाइबल विश्वास गर्न सक्दैनन् भनी एकनासले शिक्षा दिने मानिसहरूको झुण्डलाई, वा वास्तवमै भन्नु हो भने, यस्तो मण्डली जसका पास्टर र सदस्यहरूले हतपत्त बाइबल पढ्दैनन् वा कुनै अर्थपूर्ण रूपमा प्रार्थना गर्दैनन्, वा मुक्ति ख्रीष्टमा मात्र भएको विश्वासद्वारा पाइन्छ भन्ने सुसमाचारमा विश्वास गर्दैनन् वा यसलाई बुझ्नै

[२८]महत्त्वपूर्ण धर्मसैद्धान्तिक मतभिन्नताहरूमा "मास"-को बलिदान निरन्तर गरी नै रहनुपर्ने, पोपको अख्तियार र मण्डलीका परिषद्हरू, कन्या मरियमलाई दिइने श्रद्धा र मुक्तिमा मरियमको भूमिका, शोधनस्थानसम्बन्धी धर्मसिद्धान्त र कुन-कुन पुस्तकहरूलाई बाइबलका आधिकारिक पुस्तकहरू मान्नुपर्छ भन्ने मुद्दाहरू छन्।

[२९]यस्तै किसिमको निष्कर्ष J. Gresahm Machen-ले ख्री. १९२३ तिर नै व्यक्त गरिसकेका थिए, "रोमको मण्डलीले सम्भवतः ख्रीष्टियान धर्मको विकृतिको प्रतिनिधित्व गरेको हुन सक्छ तर प्रकृतिवादी उदारवाद कुनै पनि हालतमा ख्रीष्टियानत्व होइन" (*Christianity and Liberalism* (ग्यान्ड र्‍यापिड्स् : इर्डम्यान्स्, १९२३), पृ. ५२)।

पनि नसक्दैनन् भने त्यस्तो मण्डलीलाई हामी कसरी साँचो मण्डली भन्ने ?[३०]

### ग. मण्डलीका उद्देश्यहरू

परमेश्वरलाई दिइने सेवा, विश्वासीहरूलाई दिइने सेवा र संसारलाई दिने सेवाको प्रसङ्गमा हामी मण्डलीको उद्देश्य बुझ्न सक्छौं।

**१. परमेश्वरलाई सेवा : उपासना।** परमेश्वरको सम्बन्धमा, मण्डलीको उद्देश्य उहाँलाई उपासना गर्नु हो। कलस्सेमा भएको मण्डलीलाई पावल निर्देशन दिन्छन्, "परमेश्वरप्रति आफ्नो हृदयमा रहेको कृतज्ञतासाथ भजन, स्तुति र आत्मिक गान गाओ" (कल ३:१६)। ख्रीष्टको "महिमाको निम्ति जिउन सकौं" (एफि १:१२) भनी परमेश्वरले हामीलाई ख्रीष्टमा पूर्वनिर्धारित र नियुक्त गर्नभएको छ। मण्डलीमा गरिने उपासना अन्य कुनै कामको निम्ति गरिने तयारी होइन, प्रभुसम्बन्धी एउटा प्रमुख उद्देश्य पूरा गर्नु नै उपासना गर्नु हो। त्यसैकारण पावलले हामीलाई "समयको सदुपयोग गर" भन्ने अर्ती दिएपछि यो आदेश दिन सक्छन् कि हामीले "सम्पूर्ण हृदयले प्रभुको निम्ति" गाउनुपर्छ र धुन निकाल्नुपर्छ (एफि ५:१६-१९)।

**२. विश्वासीहरूलाई सेवा : पालनपोषण।** धर्मशास्त्रअनुसार विश्वासी बनिसकेकाहरूलाई पालनपोषण गर्ने र विश्वासमा परिपक्व बनाउँदैलानु मण्डलीको कर्तव्य हुन्छ। पावलले यो भने कि मानिसहरूलाई उद्धार पाइने प्रारम्भिक विश्वासमा ल्याउने मात्र उनको निजी लक्ष्य होइन तर उनको लक्ष्य यो हो कि "प्रत्येक मानिसलाई *ख्रीष्टमा परिपक्व* बनाई प्रस्तुत गर्न सकौं" (कल १:२८)। अनि उनले एफिसीको मण्डलीलाई यो भने कि परमेश्वरले मण्डलीलाई प्रतिभाशाली मानिसहरू यसकारण दिनुभयो कि "ख्रीष्टको शरीर निर्माण होस् र सेवाको काम गर्न सन्तहरू सुसज्जित होऊन्, जबसम्म हामी सबैले विश्वासको र परमेश्वरका पुत्रको ज्ञानको एकता प्राप्त गर्दैनौं, र परिपक्व मानिस बनी ख्रीष्टका पूर्णताको नापोसम्म पुग्दैनौं" (एफि ४:१२-१३)। मानिसहरूलाई उद्धारको प्रारम्भिक अनुग्रहमा ल्याउने मात्र हाम्रो उद्देश्य हो भनी सोच्नु नयाँ करारको प्रतिमानविपरीत सोचाइ हो। मण्डलीको रूपमा हाम्रो लक्ष्य हरेक ख्रीष्टियानलाई "ख्रीष्टमा परिपक्व" (कल १:२८) बनाई परमेश्वरकहाँ प्रस्तुत गर्ने हो।

**३. संसारलाई सेवा : प्रचार र कृपा।** येशूले उहाँका चेलाहरूलाई भन्नुभयो कि तिनीहरूले "सबै देशका जातिहरूलाई चेला" बनाउनुपर्छ (मत्ती २८:१९)। सुसमाचार घोषणा गर्ने यो प्रचारको काम संसारप्रति मण्डलीको हुनुपर्ने प्राथमिक सेवा हो।[३१] तर

---

[३०]हामी मण्डलीको शुद्धताबारे अर्को अध्यायमा छलफल गर्नेछौं। ख्रीष्टियानहरूले स्वेच्छासित झुटो मण्डलीहरूसित सम्बन्ध राख्न नहुने भए तापनि, हामीले यो बुझ्नैपर्दछ कि साँचो मण्डलीहरूमाझ अझ-शुद्ध र कम-शुद्ध मण्डलीहरू हुन्छन् (अ. ४५ मा छलफल हे.)। यहाँ यस कुरामा पनि ध्यान दिनु महत्त्वपूर्ण छ कि आजका केही उदारवादी प्रोटेस्टेन्ट धर्म-सम्प्रदायहरूमाझ धेरै झुटा मण्डलीहरू (सुसमाचार प्रचार नगरिने र नसुनिने मण्डलीहरू) हुन सक्छन्। तर पनि स्पष्टता र सत्यनिष्ठासित सुसमाचार प्रचार गर्ने कतिपय स्थानीय समुदायहरू हुन सक्छन् र यस्ता मण्डलीहरू साँचो मण्डलीहरू हुन्।

[३१]प्रचारकार्य उपासना वा पालनपोषणभन्दा बढ़ी महत्त्वपूर्ण हो भन्न मैले खोजेको होइनँ, तर यति कि

पनि प्रचारको कामसितै हुनुपर्ने अर्को सेवा कृपाको सेवा हो – प्रभुको नाउँमा गरीब र अभावग्रस्तहरूलाई गर्नुपर्ने सेवा। जो मण्डलीका अङ्गहरू हुन् तिनीहरूलाई भौतिक सहायता दिनुमा नयाँ करारले जोड़ दिएको भए तापनि (प्रे ११:२९; २ कोर ८:४; १ यूह ३:१७), अविश्वासीहरूले कृतज्ञता नदेखाए तापनि वा सुसमाचारको सन्देशलाई स्वीकार नगरे तापनि, तिनीहरूलाई सहायता गर्नु सही हो भनी पुष्टि गरिएको छ। येशूले हामीलाई भन्नुहुन्छ :

> आफ्ना शत्रुहरूलाई प्रेम गर, र तिनीहरूलाई भलाइ गर। फेरि पाउने आशा नराखी ऋण देओ, र तिमीहरूको इनाम ठूलो हुनेछ, अनि तिमीहरू सर्वोच्चका सन्तान ठहरिनेछौ, किनकि *उहाँ बैगुनी र स्वार्थीमाथि कृपालु हुनुहुन्छ*। तिमीहरूका पिता कृपालु हुनु भएझैं तिमीहरू पनि कृपालु होओ (लूका ६:३५-३६)।

येशूले बुझाउनुभएको बुँदा यो हो कि बैगुनी र स्वार्थीहरूप्रति पनि हामी दयावन्त बन्नलाई हामीले परमेश्वरको अनुकरण गर्नुपर्दछ। यसबाहेक, हामीसित येशूको यो उदाहरण छ कि उहाँले आफूलाई मसीह भनी स्वीकार गर्नेहरूलाई मात्र निको बनाउने प्रयास गर्नुभएन। यसको सट्टामा, ठूलो भीड़ उहाँकहाँ आउँदा "उहाँले *तिनीहरू हरेकमाथि* आफ्ना हात राखेर तिनीहरूलाई निको पार्नुभयो" (लूक ४:४०)। यसले हामीलाई अविश्वासी साथै विश्वासीहरूका जीवनमा दयालु कामहरू गर्न अनि चङ्गाइको निम्ति प्रार्थना गर्न र अन्य अभावहरूका निम्ति प्रार्थना गर्न प्रोत्साहित गर्नुपर्दछ। संसारको निम्ति हुने यस प्रकारका कृपाका सेवाकार्यहरूमा नागरिक क्रियाकलापमा सहभागिता वा सरकारका नीतिहरूलाई बाइबलका नैतिक सिद्धान्तअनुरूप बनाउनलाई सरकारका नीतिहरूलाई प्रभावित बनाउने प्रयासहरू पनि हुन सक्छन्। गरीबहरू अनि/वा जातिगत वा धार्मिक अल्पसंख्यकहरूप्रति गरिने व्यवहारमा योजनबद्ध अन्याय प्रत्यक्ष छ भने मण्डलीले प्रार्थना गर्नुपर्दछ र – यसले अवसर पाउनसाथै – यस्तो अन्यायको विरुद्धमा आवाज उठाउनुपर्दछ। यी सबै यस्ता तरीकाहरू हुन् जसद्वारा मण्डलीले संसारप्रति यसको सुसमाचारीय सेवाकार्यमा सम्पूरक काम गर्न सक्छ र वास्तवमै यसले घोषणा गर्ने सुसमाचारलाई सजाउन सक्छ। तर संसारप्रति यस प्रकारको कृपाको सेवाकार्य साँचो सुसमाचार प्रचारणको वा माथि उल्लेखित परमेश्वरको निम्ति गरिने सेवाकार्यका अन्य क्षेत्रहरूको वा माथि उल्लेखित विश्वासीहरूप्रतिको सेवाकार्यको विकल्प हुनुहुँदैन।

४. **उद्देश्यहरूलाई सन्तुलनमा राख्नुपर्छ।** हामीले एकपटक मण्डलीको निम्ति यी तीनवटा उद्देश्यहरू सूचीबद्ध गरेपछि कसैले प्रश्न गर्न सक्छ, "कुन सबैभन्दा मुख्य उद्देश्य हो ?" वा अन्य कसैले यो प्रश्न गर्लान्, "तीनवटा उद्देश्यमध्ये कुनै एउटालाई कम महत्त्वको ठानी, के हामीले त्यसलाई उपेक्षा गर्न सक्छौं ?"

यस प्रश्नको उत्तरमा हामीले यो भन्नैपर्दछ कि मण्डलीको निम्ति यी सबै उद्देश्यहरू प्रभुद्वारा आज्ञा गरिएका हुन्, त्यसकारण तीनैवटा उद्देश्यहरू महत्त्वपूर्ण

छन् अनि कुनैलाई पनि उपेक्षा गर्न सकिन्न। वास्तवमा, एउटा बलियो मण्डलीका यी तीनै क्षेत्रहरूमा प्रभावकारी सेवाकार्यहरू हुनेछन्। यी तीनवटा उद्देश्यहरूलाई घटाएर एउटा मात्र बनाउने र यही नै हाम्रो प्राथमिक ध्यानकेन्द्र बन्नुपर्दछ भन्ने प्रयासबारे हामी सावधान हुनुपर्दछ। वास्तवमा, यी उद्देश्यहरूमध्ये एउटैलाई मात्र प्राथमिक उद्देश्य बनाउने प्रयासहरूको परिणाम यो हुनेछ कि अन्य दुई उद्देश्यहरू सदैव केही उपेक्षित हुनेछन्। उपासनामा मात्र जोड़ दिने मण्डली विश्वासीहरूलाई अपर्याप्त बाइबल शिक्षा दिने मण्डली मात्र बन्नेछ र धर्मशास्त्रसम्बन्धी समझमा यसका सदस्यहरू सतही रहनेछन् अनि तिनीहरूका ख्रीष्टियान जीवनहरू अपरिपक्व रहनेछन्। यस मण्डलीले यदि प्रचारको कामलाई पनि उपेक्षा गर्न थालेपछि यो बढ्नेछैन र अरूहरूलाई प्रभाव पार्ने यसको काम बन्द हुनेछ, यो आफूभित्र मात्र बढ़ेर कचल्टिने मण्डली बन्नेछ र यो सुक्न थाल्नेछ।

जुन मण्डलीले विश्वासीहरूको आत्मिक उन्नति (edification)-लाई अन्य दुईवटा उद्देश्यहरूभन्दा प्रमुख उद्देश्य ठान्छ, त्यो मण्डली बाइबलका धेरै धर्मसिद्धान्तहरू जान्ने यस्ता ख्रीष्टियानहरू उत्पन्न गर्नतिर उन्मुख हुन्छ जसका जीवनमा आत्मिक शुष्कपन हुन्छ, किनभने तिनीहरूले परमेश्वरलाई उपासना गर्दा वा ख्रीष्टबारे अरू मानिसहरूलाई बताउँदा प्राप्त हुने रमाहटबारे थोरै मात्र जान्दछन्।

कुनै मण्डलीले प्रचारको कामलाई यति प्रमुख बनाउँछ कि अन्य दुईवटा उद्देश्यहरूलाई उपेक्षा गर्न यो मण्डली बाध्य बन्दछ। अन्त्यमा यस्तो मण्डलीमा अपरिपक्व ख्रीष्टियानहरू मात्र हुनेछन् जसले सदस्यहरूका संख्याको वृद्धिमा जोड़ दिन्छन् र तिनीहरूका उपासनामा परमेश्वरको निम्ति घट्दैजाने साँचो प्रेम व्यक्त हुन्छ अनि तिनीहरूको जीवनमा घट्दो धर्मसैद्धान्तिक परिपक्वता र घट्दो व्यक्तिगत पवित्रता हुन्छ। एउटा स्वस्थ मण्डलीमा तीनैवटा उद्देश्यहरूमा निरन्तर जोड़ दिइएको हुनुपर्दछ।

तरै पनि, मण्डलीका उद्देश्यहरूमध्ये एउटा वा अर्को उद्देश्यमा सापेक्षित प्रमुखता राख्नमा *व्यक्तिहरू* मण्डलीभन्दा भिन्नै हुन्छन्। हामी विभिन्न आत्मिक वरदानहरू र योग्यताहरू भएका शरीरजस्तै भएका कारण, परमेश्वरले हामीलाई दिनुभएका वरदान र अभिरुचिहरूसित घनिष्ठ सम्बन्धित मण्डलीको उद्देश्य परिपूर्तिमा नै सर्वाधिक जोड़ दिनु हाम्रो लागि उचित हुन्छ। हरेक विश्वासीले मण्डलीमा तिनको ठीक एक-तिहाइ समय उपासनाको निम्ति, एक-तिहाइ समय अरू विश्वासीहरूलाई हुर्काउनलाई र एक-तिहाइ भाग प्रचारका वा कृपाका कामहरू गर्नलाई बिताउनैपर्दछ भन्ने कुनै बाध्यता छैन। प्रचार गर्ने वरदान पाएको कुनै व्यक्तिले उपासनामा अनि अरूहरूको वास्ता गर्दै केही समय अवश्य नै बिताउनैपर्दछ, तर तिनी आफ्नो अधिकांश समय प्रचारको काममा बिताउन पुग्न सक्छन्। उपासना सेवा गर्ने वरदान पाएको कुनै उपासना अगुवाले उपासना सेवा तयारी गर्नमा र अगुवाइ गर्नमा तिनको ९० प्रतिशत समय मण्डली भवनमा नै बिताउन सक्लान्। यस्तो काम परमेश्वरले हामीलाई दिनुभएका विभिन्न वरदानहरूप्रति एउटा उपयुक्त प्रत्युत्तर मात्र हो।

## व्यक्तिगत प्रयोगका लागि प्रश्नहरू

१. मण्डली सबै समयका सबै साँचो विश्वासीहरूको अदृश्य सङ्गति हो भनी तपाईंले सोच्नुहुँदा, यस सोचले तपाईंले आफैलाई एक व्यक्तिगत ख्रीष्टियान हुँ भनी जुन प्रकारले सोच्नुहुन्छ त्यसलाई कसरी प्रभावित पार्दछ ? के तपाईं वास गर्नुहुने समुदायमा साँचो विश्वासीहरूमाझ दृष्टिगोचर एकता छ (अर्थात्, के अदृश्य मण्डलीको साँचो स्वभावको धेरै दृष्टिगोचर प्रमाण छ) ? एउटा मण्डलीको आदर्श नापबारे के नयाँ करारले केही भन्छ ?

२. तपाईं जुन मण्डलीमा अहिले हुनुहुन्छ के त्यसलाई तपाईं साँचो मण्डली ठान्नुहुन्छ ? के तपाईं यस्तो मण्डलीको सदस्य रहनुभएको छ जो झुटो मण्डली भनी तपाईंले ठान्नुहुन्थ्यो ? इभ्यानजेलिकल् ख्रीष्टियानहरूले उदारवादी प्रोटेस्टेन्ट मण्डलीहरू साँचो मण्डलीहरू हुन् भनी निरन्तर छाप दिँदा के केही हानि हुन्छ भनी तपाईं ठान्नुहुन्छ ? अन्तिम न्यायको परि प्रेक्ष्यबाट हेर्दा, विश्वास नगर्ने मण्डलीहरू झुटो मण्डलीहरू हुन् भनी बताउन नसक्ने हाम्रो असफलताबाट कुन भलाइ वा हानि आउन सक्छ ?

३. मण्डलीको निम्ति प्रयोग हुने रूपकहरूमध्ये कुनैले तपाईं हालमा जानुहुने मण्डलीलाई नयाँ प्रकारले कदर गर्ने कुनै कुरा तपाईंलाई दियो ?

४. तपाईंले मण्डलीको कुन उद्देश्यको निम्ति प्रभावकारी रूपमा योगदान दिन सक्नुहुन्छ ? परमेश्वरले तपाईंको हृदयमा कुन उद्देश्य पूरा गर्ने तीव्र इच्छा राखिदिनुभएको छ ?

## विशेष शब्दावली

| | |
|---|---|
| ख्रीष्टको शरीर | अदृश्य मण्डली |
| मण्डली | मण्डलीका चिन्हहरू |
| *एकलेसिया* | दृष्टिगोचर मण्डली |

## पुस्तक सूची

यस पुस्तक सूचीको व्याख्याका लागि अ. १, पृ. ४७ को पुस्तक सूचीमाथि दिइएको टीका हे. । सम्पूर्ण पुस्तक सूचीको तथ्याङ्क परिशिष्ट ४ मा प्राप्य छ।)

### इभ्यान्जेलिकल् सुव्यवस्थित ईश्वरशास्त्रहरूबाट चयनित खण्डहरू

१. एङ्गलिकन (इपिस्कपलियन)

| | |
|---|---|
| १८८२-९२ | लिट्टन, ३६३-८६ |
| १९३० | थोमस, २६५-८० |

२. अर्मिनी (वेजलियन वा मेथडिस्ट)

| | |
|---|---|
| १८७५-७६ | पोप, ३:२५९-८७ |

| | |
|---|---|
| १८९२-९४ | मिली, २:३८५-९४ |
| १९४० | विली, ३:३८५-३९४ |
| १९६० | पुर्किसर, ३९३-४०९ |
| १९८३ | कार्टर, २:५७१-६१३ |

३. ब्याप्टिस्ट

| | |
|---|---|
| १७६७ | गिल, २:५५८-७४ |
| १८८७ | ब्वाइस, १:४१८-२२ |
| १९०७ | स्ट्रङ्ग, ८८७-९४ |
| १९७६-८३ | हेनरी, ४:५२४-९२ |
| १९८३-८५ | एरिक्सन, १०२५-६८ |

४. डिसपेन्सेशनल

| | |
|---|---|
| १९४७ | शेफर, ४:३०-१५३ |
| १९४९ | थीसन, ३०५-१३, ३२६-३२ |
| १९८६ | राइरि, ३९१-४०४, ४३५-३६ |

५. लुथरन

| | |
|---|---|
| १९१७-२४ | पाइपर, ३:३९७-४२५ |
| १९३४ | म्यूएलेर, ५४१-५६ |

६. रिफर्मड (वा प्रेज्बिटरियन)

| | |
|---|---|
| १५५९ | क्यालभिन, २:१००९-५२ (४.१-२) |
| १८६१ | हिपि, ६५७-७० |
| १९३७-६६ | मरे, *CW*, १:२३१-५२; *CW*, २:३२१-३६ |
| १९३८ | बर्खोफ, ५५५-७८ |
| १९६२ | बुसवेल, २:२१६-२६; १:४१८-२४ |

७. रीन्यूअल (वा क्यारिज्म्याटिक्/पेन्टिकोस्टल)

| | |
|---|---|
| १९८८-९२ | विल्यम्स्, ३:१५-१५७ |

## रोमन क्याथलिक सुव्यवस्थित ईश्वरशास्त्रका प्रातिनिधिक खण्डहरू

१. रोमन क्याथलिक : परम्परावादी

| | |
|---|---|
| १९५५ | ओट, २७०-३२४ |

२. रोमन क्याथलिक : भेटिकनोत्तर द्वितीय

| | |
|---|---|
| १९८० | म्याकब्राइन, २:५६५-७३० |

## अन्य पुस्तक/लेखहरू

Banks, Robert J. *Paul's Idea of Community: The Early House Churches in Their Historical Setting.* Grand Rapids: Eerdmans, 1980.

Bannerman, James. *The Church of Christ.* Cherry Hill, N.J.: Mack Publishing, 1972. (First Published in 1869.)
Berkouwer, G. C. *The Church.* Trans. by James E. Davidson. Grand Rapids: Eerdmans, 1976.
Bock, Darrell L., and Craig A. Blaising, eds. *Progressive Dispensationalism.* Wheaton: Victor, 1993.
Carson, D. A., ed. *Biblical Interpretation and the Church: Text and Cotext.* Exeter: Paternoster, 1984.
________. *The Church in the Bible and the World.* Grand Rapids: Baker, and Exeter: Paternoster, 1987.
Clowney, Edmund. "Church." In *NDT,* pp. 140-43.
________. *The Doctrine of the Church.* Philadelphia: Presbyterian and Reformed, 1969.
Feinberg, John S., ed. *Continuity and Discontinuity : Perspectives on the Relationship Between the Old and New Testaments.* Wheaton: Crossway, 1988.
Gaffin, Richard B. "Kingdom of God." In *NDT*, pp. 367-69.
Ladd, George Eldon. "The Kingdom and the Church." In *A Theology of the New Testament.* Grand Rapids: Eerdmans, 1974, pp.105-19.
Martin, Ralph P. *The Family and the Fellowship: New Testament Images of the Church.* Grand Rapids: Eerdmans, 1979.
Omanson, R. L. "Church, The." In *EDT,* pp. 231-33.
Poythress, Vern. *Understanding Dispensationalists.* Grand Rapids: Zondervan, 1987.
Saucy, Robert. *The Case for Progressive Dispensationalism.* Grand Rapids: Zondervan, 1993.
________.*The Church in God's Program.* Chicago: Moody, 1972.
Snyder, Howard A. *The Community of the King.* Downers Grove, Ill.: InterVarsity Press, 1977.
VanGemeren, Willem. *The Pregress of Redemption.* Grand Rapids: Zondervan, 1988.
Watson, David C. *I Believe in the Church.* Grand Rapids: Eerdmans, 1979.

## धर्मशास्त्रको कण्ठस्थ गर्नुपर्ने खण्ड

**एफिसी ४:११-१३** : *अनि उहाँका वरदानहरूचाहिँ यी नै थिए कि कोही प्रेरितहरू, कोही अगमवक्ताहरू, कोही प्रचारकहरू, कोही मण्डलीका पास्टरहरू र कोही शिक्षकहरू बनून्, कि ख्रीष्टको शरीर निर्माण होस् र सेवाको काम गर्न सन्तहरू सुसज्जित होऊन्, जबसम्म हामी सबैले विश्वासको र परमेश्वरका पुत्रको ज्ञानको एकता प्राप्त गर्दैनौं, र परिपक्व मानिस बनी ख्रीष्टका पूर्णताको नापसम्म पुग्दैनौं।*

## भजन

"मण्डलीको एउटै जग"

मण्डलीको एउटै जग हुनुहुन्छ उसको प्रभु येशू ख्रीष्ट;

हुन् उनी उहाँको नौलो सृष्टि पानी र वचनद्वारा।
आउनुभयो उहाँ स्वर्गबाट र खोज्नुभयो उनलाई हुन उहाँकी दुलही;
किन्नुभयो उहाँले उसलाई उहाँको आफ्नै रगतले, मर्नुभयो उसको निम्ति।

चुनिएकी सबै जातिहरूबाट, तर पनि एउटै सबै पृथ्वीमाथि,
हो उनको मुक्तिको अधिकारपत्र एउटै प्रभु, एउटै विश्‍वास, एउटै जन्म;
धन्यको भन्छिन् एउटै नाउँलाई, खान्छिन् एउटै पवित्र भोज,
अघि बढ्छिन् एउटै आशासित, सबै अनुग्रहले सम्पन्न भएर।

हेर्छन् मानिसहरूले उनलाई घृणामा चकित बनी उनी पीड़ामा दलित बनेकी,
छलहरूले लथालिङ्ग बनाइएकी, अपधर्महरूले विपत्तिमा पारिइएकी,
तापनि सन्तहरूले गरिरहेका छन् रक्षा, आर्तनाद हुन्छ उनीहरूको,
"कहिलेसम्म ?"
हुनेछ चाँड़ै रातको त्यो रोदन परिवर्तन बिहानीको गीतमा।

हुनेछैन मण्डली कहिल्यै पनि विनाश ! रक्षा गर्न उन का प्रभु,
गर्न मार्गदर्शन, सम्हाल्न र माया गर्न हुनुहुन्छ अन्त्यसम्मै;
भए तापनि घृणा गर्नेहरू उसलाई, झुटा छोराहरू उनका सीमामा
विरुद्धमा वा वैरी वा विश्‍वासघाती भए तापनि जित्नेछिन् सधैं उनले।

उनको युद्धका परिश्रम र सङ्कष्ट अनि युद्धका नादहरूमाझ,
प्रतीक्षा गर्छिन् उनले शान्तिको स्थापना सदाकालको निम्ति;
जबसम्म हुँदैनन् उनका उत्कण्ठ आँखाहरू महिमित दर्शनले आशिषित्,
अनि विश्रान्तिमा हुने मण्डली हुनेछ त्यही महान् मण्डली।

तरै पनि छ पृथ्वीमा उनकै सम्मिलन त्रिएक परमेश्‍वरसँग,
अनि रहस्यमय सम्मिलन हुनेछ, विश्रान्ति आर्जन गर्नेहरूसँग उनको;
अहो कति खुशी र पवित्र जन ! दिनुहोस् हामीलाई पनि त्यो अनुग्रह कि,
तिनीहरूजस्तै नम्र र दीन हामी पनि वास गर्न सकौं उच्चमा तपाईंसँगै।

*रचयिता* : Samuel J. Stone, 1866

अध्याय ४५

# मण्डलीको शुद्धता र एकता

# The Purity and Unity of the Church


***मण्डलीलाई परमेश्वरको निम्ति कुन थोकले धेरै वा थोरै सुखद बनाउँछ? हामीले कस्तो मण्डलीलाई सहयोग गर्नुपर्छ वा हामी कस्तो मण्डलीको सदस्य बन्नुपर्छ?***

## व्याख्या र धर्मशास्त्रीय आधार

### क. धेरै शुद्ध वा कम शुद्ध मण्डली

"साँचो मण्डलीहरू" र "झुटा मण्डलीहरू" हुन्छन् भनी हामीले यस अघिको अध्यायमा हेर्‍यौं। यस अध्यायमा अझ थप भिन्नता छुट्याउनैपर्दछ – मण्डलीहरू *धेरै शुद्ध* र *थोरै शुद्ध* हुन्छन्।

पावलका धर्मपत्रहरूको छोटो तुलनाबाट यो तथ्य स्पष्ट हुन्छ। हामीले फिलिप्पी वा १ थेसलोनिकी हेर्‍यौं भने यी मण्डलीहरूबारे पावलको महाआनन्दको प्रमाण पाउँछौं अनि प्रमुख धर्मसैद्धान्तिक वा नैतिक समस्याहरूको अपेक्षाकृत अनुपस्थितिको प्रमाण पाउँछौं (हे. फिलि १:३-११; ४:१०-१६; १ थेस १:२-१०; ३:६-१०; २ थेस १:३-४; २:१३; तु. २ कोर ८:१-५)। तर गलातीका (गला १:६-९; ३:१-५) र कोरिन्थका मण्डलीहरूमा (१ कोर ३:१-४; ४:१८-२१; ५:१-२, ६; ६:१-८; ११:१७-२२; १४:२०-२३; १५:१२; २ कोर १:२३-२:११; ११:३-५, १२-१५; १२:२०-१३:१०) किसिम-किसिमका गम्भीर धर्मसैद्धान्तिक र नैतिक समस्याहरू थिए। अरू उदाहरणहरू पनि दिन सकिन्थ्यो तर यस कुरालाई स्पष्ट गरी बताउनैपर्दछ कि साँचो मण्डलीहरूमध्ये *धेरै शुद्ध* र *कम शुद्ध* मण्डलीहरू छन्। रेखाचित्र ४५:१ मा जस्तै गरी यसलाई देखाउन सकिन्छ।




साँचो मण्डलीहरूमाझ थोरै शुद्ध र धेरै शुद्ध मण्डलीहरू हुन्छन्

*रेखाचित्र ४५:१*

### ख. शुद्धता र एकताका परिभाषाहरू

मण्डलीको शुद्धतालाई हामी निम्नलिखित किसिमले परिभाषित गर्न सक्छौं : *मण्डलीको शुद्धता गलत धर्मसिद्धान्त र आचरणबाट यसको स्वतन्त्रताको मात्रा हो, अनि मण्डलीको निम्ति परमेश्वरको प्रकट इच्छाका अनुपालनाको (conformity) मात्रा हो।*

जस्तो कि हामी निम्नलिखित विवेचनमा हेर्नेछौं, मण्डलीको अझ कञ्चन शुद्धताको निम्ति प्रार्थना गर्नु र काम गर्नु उचित हो। तर शुद्धता मात्र हाम्रो सरोकार हुन सक्दैन; यस्तो भए हामीमा अति नै "शुद्ध" ख्रीष्टियानहरूका स-साना समूहहरूमा छुट्टिने प्रवृत्ति हुनेथियो अनि धर्मसिद्धान्तबाट वा जीवनको आचरणबाट किञ्चित् विचलन देखाउने कुनै पनि व्यक्तिलाई बहिष्कार गर्न हामी उन्मुख हुनेथियौं। त्यसकारण नयाँ करारले पनि दृष्टिगोचर मण्डलीको *एकता*का लागि सङ्घर्षको आवश्यकताबारे बारम्बार कुरा गर्छ। एकतालाई हामी यसरी परिभाषित गर्न सक्छौं : *मण्डलीको एकता साँचो ख्रीष्टियानहरूमाझ हुने विभाजनहरूबाट स्वतन्त्रताको मात्रा हो।*

यस परिभाषाले "साँचो ख्रीष्टियान" को हो सो बताउँछ, किनभने हामीले यस अघिको अध्यायमा पढे झैं नामधारी ख्रीष्टियानहरू पनि हुन्छन् जसमा पवित्र आत्माद्वारा भएको पुनर्जीवनको अनुभव हुँदैन। तरै भए तापनि, तीमध्ये धेरै मानिसहरू "ख्रीष्टियान" नाउँ धारण गर्छन् अनि यस्ता अविश्वासीहरूद्वारा भरिएका धेरैवटा मण्डलीहरूले आफूलाई ख्रीष्टियान मण्डलीहरू भन्छन्। ती सबै मानिसहरूलाई समावेश गर्ने मण्डलीहरूको सङ्गठनात्मक वा कार्यात्मक (*functional*) एकताको आशा हामीले गर्नु हुँदैन वा त्यसको निम्ति काम गर्नु हुँदैन, र त्यसकारण आफूलाई "ख्रीष्टियान" भन्ने सबै मण्डलीहरूसित कहिल्यै एकता हुनेछैन। तर जस्तो कि यसपछिको विवेचनमा हामीले हेर्नेछौं, नयाँ करारले सबै विश्वासीहरूका एकताको निम्ति काम गर्न हामीलाई निश्चय नै प्रोत्साहित गर्छ।

### अझ शुद्ध मण्डलीका चिन्हहरू

मण्डलीलाई अझ शुद्ध बनाउने कारक-तत्त्वहरूमा निम्नलिखित थोकहरू समाविष्ट हुन्छन् :

१. बाइबलीय धर्मसिद्धान्त (वा वचनको सही प्रचार)
२. धर्मविधिहरूहरूको उचित प्रयोग
३. मण्डली अनुशासनको सही प्रयोग
४. साँचो उपासना
५. प्रभावकारी प्रार्थना
६. प्रभावकारी साक्षी
७. प्रभावकारी सङ्गति
८. बाइबलसम्मत मण्डली प्रशासन

९. सेवाकार्यमा आत्मिक शक्ति
१०. सदस्यहरूमाझ जीवनको व्यक्तिगत पवित्रता
११. गरीबहरूको वास्ता
१२. ख्रीष्टको निम्ति प्रेम

यीबाहेक अरू चिन्हहरू पनि हुन सक्छन्, तर यी चिन्हहरूलाई कमसेकम ती कारक-तत्त्वहरू भनी उल्लेख गर्न सकिन्छ जसले मण्डलीलाई अझ बढ़ी मात्रामा परमेश्वरका उद्देश्यहरूअनुरूपको बनाउँछ। मण्डलीहरू अवश्य नै कुनै क्षेत्रहरूमा अझ शुद्ध अनि कुनै क्षेत्रहरूमा कम शुद्ध हुन सक्छन्, उदाहरणार्थ, एउटा मण्डलीको उत्कृष्ट धर्मसिद्धान्त र ठोस शिक्षा हुन सक्छ, तथापि अरूलाई दिनुपर्ने साक्षीमा वा अर्थपूर्ण उपासनाको क्षेत्रमा यो निराशाजनक रूपले असफल हुन सक्छ। वा एउटा मण्डलीको साक्षी गतिशील हुन सक्छ अनि यसको उपासना परमेश्वरलाई आदर दिने किसिमको हुन सक्छ तर धर्मसिद्धान्त बुझ्नमा र बाइबलको शिक्षा दिनमा यो कमजोर हुन सक्छ।

अधिकांश मण्डलीहरू यो सोच्नतिर उन्मुख हुन्छन् कि तिनीहरू बलिया रहेका क्षेत्रहरू नै अति महत्त्वपूर्ण क्षेत्रहरू हुन् र तिनीहरू दुर्बल रहेका क्षेत्रहरू कम महत्त्वका हुन्। तर नयाँ करारले हामीलाई यी सबै क्षेत्रहरूमा मण्डलीको शुद्धताको निम्ति काम गर्ने प्रोत्साहन दिन्छ। मण्डलीको निम्ति ख्रीष्टको लक्ष्य *"उहाँले त्यसलाई पानीले धोएर वचनद्वारा पवित्र पार्न सकून्, र उहाँले दाग वा चाउरी नभएको, अथवा यस्ता कुनै कुरा नभएको* तेजस्वी *मण्डली आफैकहाँ प्रस्तुत गर्न सकून्,* र त्योचाहिँ पवित्र र निष्खोट होस्" (एफि ५:२६-२७) भन्ने हो। पावलको सेवाकार्य "प्रत्येक मानिसलाई चेताउनी दिँदै, र प्रत्येक मानिसलाई सारा बुद्धिमा सिकाउँदै ... प्रत्येक मानिसलाई ख्रीष्टमा परिपक्व बनाई प्रस्तुत गर्न सकौं" (कल १:२८) भन्ने थियो। यसबाहेक, पावलले तीतसलाई भने कि एल्डरहरू तिनीहरूलाई "सिकाइएको विश्वासयोग्य वचनमा दह्रिलो बस्नुपर्छ, ताकि तिनले पक्का सिद्धान्तअनुसार शिक्षा दिन सकून्, र ती कुराहरूको खण्डन गर्नेहरूलाई झुटा साबित गर्न सकून्" (तीत १:९), अनि उनले यो भने कि झुटा शिक्षकहरूको मुख "बन्द गर्नुपर्छ" (तीत १:११)। यहूदाले ख्रीष्टियानहरूलाई "सन्तहरूलाई सदाकालको निम्ति सुम्पिएको विश्वास रक्षा" (याक ३) गर भनी निवेदन गर्छन्। धर्मविधि उपयुक्त ढङ्गले प्रयोग गर्नेबारे १ कोरिन्थी ११:१७-३४ मा आदेश दिइएको छ, अनि मण्डलीको शुद्धताको रक्षा गर्नलाई मण्डलीको अनुशासनलाई सही प्रकारले प्रयोग गर्नू भनी १ कोरिन्थी ५:६-७, १२-१३ मा अनिवार्य बनाइएको छ।

नयाँ करारले अन्य कारक-तत्त्वहरू पनि उल्लेख गर्छ : हामीले आत्मिक उपासना (एफि ५:१८-२०; कल ३:१६-१७), प्रभावकारी साक्षी (मत्ती २८:१९-२०; यूह १३:३४-३५; प्रे २:४४-४७; १ यूह ४:७), मण्डलीमा उचित प्रशासन (१ तिमो ३:१-१३), सेवाकार्यमा आत्मिक शक्ति (प्रे १:८; रोम १:१६; १ कोर ४:२०; २ कोर १०:३-४; गला ३:३-५; २ तिमो ३:५; याक ५:१६), व्यक्तिगत पवित्रता (१ थेस ४:३;

हिब १२:१४), गरीबहरूका निम्ति वास्ता (प्रे ४:३२-३५; रोम १५:२६; गला २:१०) अनि ख्रीष्टप्रति प्रेमका लागि प्रयत्न गर्नुपर्दछ। वास्तवमा सबै ख्रीष्टियानहरूले "*मण्डलीको निर्माणको काममा* श्रेष्ठता हासिल गर्ने प्रयत्न" गर्नुपर्दछ (१ कोर १४:१२)। मण्डलीका सदस्यहरूको संख्यामा हुने वृद्धिको निम्ति मात्र होइन, तर (आधारभूत रूपमा पनि) ख्रीष्टियान परिपक्वतामा मण्डलीको "आत्मिक उन्नति" वा वृद्धिको निम्ति पनि यो अर्ती काममा लाग्छ। यी सबै उद्धृतांशहरूको जोड़ हामीलाई यो स्मरण गराउनु हो कि *हामीले दृष्टिगोचर मण्डलीको पवित्रताको निम्ति काम गर्नुपर्छ*।

हामीले दृष्टिगोचर मण्डली, विशेष गरी हामी सदस्य भएका स्थानीय मण्डलीको शुद्धताको निम्ति काम गर्नु हो भने हामीले यो बुझ्नुपर्दछ कि यो एउटा प्रक्रिया हो, अनि हामी सदस्य भएका कुनै पनि मण्डली कुनै न कुनै प्रकारले विभिन्न क्षेत्रहरूमा अशुद्ध हुन्छ नै। नयाँ करारको समयमा सिद्ध मण्डलीहरू थिएनन् र ख्रीष्ट नआउनुभएसम्म सिद्ध मण्डलीहरू हुनेछैनन्।[1] यसको अर्थ यो हो कि ख्रीष्टियान-हरूलाई *सबैभन्दा शुद्ध मण्डली* खोज्ने र त्यहाँ बस्नुपर्ने, अनि उनीहरूको दृष्टिमा कुनै *अझ शुद्ध* मण्डली देखियो भने, पहिलेको मण्डली छोड़ेर त्यहाँ जानुपर्ने बाध्यता छैन। बरु, तिनीहरूले एउटा *साँचो मण्डली* खोज्नुपर्छ जसमा तिनीहरू प्रभावकारी सेवाकार्य गर्नसक्छन् अनि जसमा तिनीहरूले ख्रीष्टियान वृद्धि पनि अनुभव गर्नेछन् र त्यसपछि तिनीहरूले त्यही मण्डलीमा बस्नुपर्छ अनि त्यही मण्डलीका शुद्धताको निम्ति निरन्तर काम गर्दै त्यसैमा सेवा गर्नुपर्दछ। परमेश्वरले तिनीहरूका प्रार्थनाहरूलाई अनि विश्वसनीय साक्षी प्रायः नै आशिष् दिनुहुनेछ र मण्डली शुद्धताका विभिन्न क्षेत्रहरूमा क्रमागत रूपमा अघि बढ्नेछ।

हामीले यो बुझ्नुपर्छ कि मण्डलीलाई अझ धेरै शुद्धतातिर लाने प्रभावहरूप्रति सबै मण्डलीहरूले असल प्रतिक्रिया देखाउँदैनन्। कहिलेकाहीँ, मण्डलीभित्र एकमुठी विश्वासीहरू भए तापनि, मण्डलीको मुख्य दिशा यसलाई अर्को दिशातर्फ लैजान चाहने अरूहरूद्वारा निर्धारित हुन्छ। यस्ता मण्डलीमा सुधार ल्याउनलाई परमेश्वरले कृपापूर्वक हस्तक्षेप गर्नुभएन भने, यीमध्ये कतिपय मण्डलीहरू विशेष-धर्म सम्प्रदाय (*कल्ट*) बन्नेछन्, अनि अरू यसै मरेर जानेछन् र ती बन्द हुनेछन्। तर यस्ता मण्डलीहरू प्रायः नै उदारवादी प्राटेस्टेन्टवादतिर बरालिनपुग्छन्।

शास्त्रीय उदारवादी प्रोटेस्टेन्टवाद (classical liberal Protestantism) मानवतावादी छ, र यसका दृष्टिकोण मुख्यतया परमेश्वर-केन्द्रितभन्दा *मानव-केद्रित* छ भनी स्मरण गर्नु यहाँ उपयोगी हुन्छ।[2] मण्डली ख्रीष्टप्रति विश्वसनीयतादेखि बरालिन्छ भने, त्यो स्थिति त्यस मण्डलीले अशुद्ध धर्मसिद्धान्तलाई अङ्गालेको (यसलाई अस्पष्ट भाषा प्रयोग गरी सदस्यहरूबाट कहिलेकहीँ लुकाउन सकिन्छ) घटनामा मात्र होइन तर मण्डलीको दैनिक जीवनमा पनि प्रस्टै हुन्छ – यसका क्रियाकलापहरू, यसका

[1]यसलाई Westminster Confession of Faith-ले मान्यता दिएको छ, "स्वर्गमुनि भएका शुद्धतम मण्डलीहरूमा मिश्रण र भुलको अधीनमा हुन्छन्" (२५:५)।

[2]J. Gresham Machen-द्वारा गरिएको असाधारण सही विश्लेषण *Christianity and Liberalism* हे. (पुनमुद्रित संस्क. : ईर्डमेन्स, १९६८; प्रथम प्रकाशित १९२३), विशेष गरी हे. पृह. ६४-६८।

प्रचारहरू, यसको परामर्श, र यसका सदस्यहरूमाझ हुने सामान्य वार्तालापहरू पनि बढ्दो मात्रामा मानव-केन्द्रित र घट्दो मात्रामा परमेश्वर-केन्द्रित बन्दैजानतिर अभिमुख हुनेछन्। लोकप्रिय पत्र-पत्रिकाहरूमा र सांसारिक मनोवैज्ञानिकहरूद्वारा दिइने विशेषतासूचक स्वसहायताका परामर्शहरूमा बारम्बार जोड़ दिन प्रवृत्ति हुनेछ। त्यहाँ ऊर्ध्वगामी अभिमुखीकरण, अर्थात् परमेश्वर-केन्द्रित अभिमुखीकरण हुनुपर्ने ठाउँमा क्षैतिजीय, अर्थात्, तेर्सो अभिमुखीकरण हुनेछ। प्रार्थनामा बिताउनुपर्ने लामा समयहरू थोरै बन्दैजानेछन् अनि दिनहुँका परिस्थितिहरूमा धर्मशास्त्रलाई प्रयोगमा ल्याउने काममा कम हुँदैगइरहेको जोड़ देखापर्नेछ तर अरू मानिसहरूप्रति वास्ता राख्ने र सूक्ष्मग्राही व्यक्ति बन्ने अनि अरू मानिसहरूलाई "ठीकै गर्नु 'भो" वा "ठीकै हुनुहुन्छ" भनी अनुमोदन गर्ने काममा र तिनीहरूप्रति हुनुपर्ने प्रेमिलो व्यवहारमा जोड़ दिइनेछ। मण्डलीमा हुने वार्तालापमा अनि क्रियाकलापहरूमा अति कम साँचो आत्मिक विषयहरू हुनेछन्। विभिन्न अभावहरूका र पापको क्षमासम्बन्धी हुनपर्ने दिनहुँको प्रार्थनाको आवश्यकतामा, दिनहुँको व्यक्तिगत बाइबल अध्ययनमा, पलपलमा ख्रीष्टलाई विश्वास गर्ने काममा र हाम्रो जीवनमा उहाँको उपस्थितिको यथार्थतामा कम जोड़ दिइनेछ। नैतिक सुधारको निम्ति चताउनीहरू दिइँदा, तिनलाई प्रायः नै मानव घटीकमीका रूपमा हेरिन्छन् जसलाई मानिसहरूले आफ्नै अनुशासन र प्रयासद्वारा अनि सायद अरू मानिसहरूबाट आउने प्रोत्साहनद्वारा सुधार्न सक्छन् भनी प्रायः नै हेरिनेछन्, तर जीवनका यी नैतिक पक्षहरूलाई परमेश्वरका विरुद्धमा पापहरू हुन्, जुन पापहरूलाई मानिसभित्र पवित्र आत्माले गर्नुहुने कामको माध्यमबाट मात्र प्रभावकारी ढङ्गमा पराजित गर्न सकिन्छ भनी मुख्यतः हेरिँदैन। मण्डलीमा यस प्रकारको मानवतावादीमा काममा दिइने जोड़ प्रमुख बन्दा, यो मण्डली यसअघि सूचीबद्ध गरिएका धेरैवटा क्षेत्रहरूमा "अझ कम" शुद्ध मण्डली बन्दछ र यो झुटो मण्डली बन्ने दिशातर्फ लम्किरहेको हुन्छ।

### घ. मण्डलीको एकताबारे नयाँ करारको शिक्षण

मण्डलीको एकतामा नयाँ करारमा सशक्त जोड़ दिइएको छ। येशूको लक्ष्य यो हो कि "तिनीहरू एउटै बगाल हुनेछन्, र एउटै गोठालो हुनेछ" (यूह १०:१६), अनि उहाँले भविष्यका विश्वासीहरूका निम्ति यो प्रार्थना गर्नुहुन्छ "तिनीहरू सबै एक होऊन्" (यूह १७:२१)। यो एकता अविश्वासीहरूका निम्ति साक्षी बन्नेछ किनकि येशूले प्रार्थना गर्नुहुन्छ, "तिनीहरू *पूर्ण रूपले एक होऊन्, र तपाईंले मलाई पठाउनुभएको हो,* अनि मलाई प्रेम गर्नुभएजस्तो तपाईंले तिनीहरूलाई पनि प्रेम गर्नुभयो *भनी संसारले जानोस्"* (यूह १७:२३)।

पावलले कोरिन्थीहरूलाई यो स्मरण गराउँछन् कि तिनीहरू *"हरेक स्थानमा* सन्त हुनलाई *बोलाइएकाहरू"* हुन् जसले *"प्रभु येशू ख्रीष्टका नाउँको पुकारा गर्दछन्,* जो तिनीहरू र हाम्रा प्रभु हुनुहुन्छ" (१ कोर १:२)। पावलले त्यसपछि कोरिन्थलाई लेख्छन्, "भाइ हो, हाम्रा प्रभु येशू ख्रीष्टको नाउँमा म तिमीहरूलाई

आग्रह गर्दछु, कि *तिमीहरू सबै एउटा सँगअर्कासँग सहमत होओ,* र तिमीहरूमाझ फुट नहोस्। तर तिमीहरू एकै मन र एकै विचारका होओ" (१ कोर १:१०; तु. १३)।

पावल फिलिप्पीहरूलाई प्रोत्साहन दिन्छन्, "तिमीहरू एउटै मनका भएर, एउटै प्रेम राखेर, *पूर्ण सम्मतिसाथ एउटै चित्तका भएर मेरो* आनन्द पूरा गर" (फिलि २:२)। ख्रीष्टियानहरूले "शान्तिको बन्धनमा पवित्र आत्माको एकता कायम राख्ने" (एफि ४:३) प्रयत्न गर्नुपर्दछ अनि "ख्रीष्टको शरीर निर्माण होस् ... *जबसम्म हामी सबैले विश्वासको र परमेश्वरका पुत्रको ज्ञानको एकता प्राप्त गर्दैनौं,* र परिपक्व मानिस बनी ख्रीष्टको पूर्णताको नापसम्म पुग्दैनौं" (एफि ४:१२-१३) तबसम्म प्रभुले मण्डलीलाई वरदानहरू दिनुहुन्छ भनी पावल एफिसीहरूलाई भन्छन्।

पावलले मण्डलीलाई एकतामा जिउने *आज्ञा दिन सक्छन्* किनभने ख्रीष्टमा *साँचो* आत्मिक एकता पहिलेदेखि नै छ जुन एकता विश्वासीहरूमाझ छ। उनी भन्छन्, "शरीर एउटै छ, र पवित्र आत्मा एउटै हुनुहुन्छ – जसरी तिमीहरू बोलाइँदा एउटै आशामा बोलाइएका थियौ, जुन आशा तिमीहरूको बोलावटसँग गाभिएको छ – एउटै प्रभु, एउटै विश्वास र एउटै बप्तिस्मा, हामी सबैका एउटै परमेश्वर र पिता, जो सबैमाथि, सबैका मध्य र सबैमा हुनुहुन्छ" (एफि ४:४-६)। ख्रीष्टको शरीर धेरैवटा अङ्गहरूले गठित भएको भए तापनि ती सबै अङ्गहरू *"एउटै शरीर"* हुन् (१ कोर १०:१७; १२:१२-२६)।

नयाँ करारका लेखकहरू मण्डलीको यो एकतालाई सुरक्षित राख्नलाई जोशिलो भएका कारण, यसमा विभाजनहरू ल्याउनेहरूलाई उनीहरूले कठोर चेताउनी दिन्छन् :

> भाइ हो, म तिमीहरूलाई आग्रहपूर्वक बिन्ती गर्दछु कि तिमीहरूलाई सिकाइएको धर्मसिद्धान्तको विरुद्धमा फुट र बाधा-बिघ्न सृष्टि गर्नेहरूलाई नजर राख, र तिनीहरूबाट अलग्गै बस। किनभने यस्ताहरूले ख्रीष्ट हाम्रा प्रभुको निम्ति होइन, तर आफ्नै पेटको निम्ति सेवा गर्दछन्। (रोमी १६:१७-१८)

पावलले पत्रुसको ठाडै विरोध गरे किनभने पत्रुसले अन्यजातिहरूदेखि छुट्टिएर यहूदी ख्रीष्टियानहरूसँग भोजन गर्न थालेका थिए (गला २:११-१४)। "झैँझगडा ... फुट, गुटबन्दी ... जस-जसले यस्ता कामहरू गर्दछन्, परमेश्वरका राज्यका हकदार बन्नेछैनन्" (गला ५:२०-२१)। यहूदाले चेताउनी दिन्छन्, "फुट हाल्नेहरू" "सांसारिक मानिसहरू र पवित्र आत्मा नभएका मानिसहरू ... हुन्" (यहूदा १९)।

विश्वासीहरूको एकतामा नयाँ करारले दिएको जोडकै अनुरूप यो तथ्य छ कि अरू मानिसहरूबाट *अलग हुनू* भन्ने प्रत्यक्ष आज्ञाहरू जहिले पनि *अविश्वासीहरूबाट* अलग हुनू भन्ने आज्ञाहरू हुन्, आफूसँग असहमत हुने ख्रीष्टियानहरूबाट होइन। पावलले "यसकारण तिनीहरूका बीचबाट निस्केर आओ, र *तिनीहरूबाट तिमीहरू अलग होओ*" (२ कोर ६:१७) भन्दा, यो त्यस खण्डमा उनको प्रारम्भिक आज्ञाको पुष्टीकरणमा दिइएको आज्ञा हो, "अविश्वासीहरूसँग एउटै जुवामा ननारिओ" (२

कोर ६:१४)। अनि पावलले तिमोथीलाई भन्छन्, "यस्ता मानिसहरूबाट अलग्ग बस" (२ तिमो ३:५), जहाँ पावलले विश्वासीहरूतिर होइन तर अविश्वासीहरूतिर सङ्केत गरिरहेका छन्, जो "परमेश्वरलाई भन्दा सुख-विलासलाई प्रेम गर्ने, भक्तिको भेषचाहिँ लिने, तर त्यसको शक्तिलाई इन्कार गर्ने हुन्छन्" (२ तिमो ३:४-५)। उनी भन्छन्, "यी मानिसहरू भ्रष्ट दिमागका र नकली विश्वासका हुन्छन्" (२ तिमो ३:८)। हो, मण्डलीको यस्तो अनुशासन पनि हुन्छ जसले मण्डलीभित्र अशान्तिहरू ल्याइरहने व्यक्तिबाट अलगै हुनु अनिवार्य ठहराउँछ (मत्ती १८:१७; १ कोर ५:११-१३), अनि यस्ता अन्य कारणहरू पनि हुन सक्छन् जसअनुसार अलग हुनु अनिवार्य छ भनी ख्रीष्टियानहरूले निष्कर्ष निकाल्न सक्छन्,[३] तर यहाँ यस कुरामा ध्यान दिनु आवश्यक छ, कि मण्डलीको एकताबारे विवेचन गर्दा, नयाँ करारमा यस्ता कुनै प्रत्यक्ष आज्ञाहरू छैनन् जसले एक ख्रीष्टियानलाई धर्मसैद्धान्तिक मतभिन्नताहरूका कारण अरू ख्रीष्टियानहरूबाट अलग हुन लगाऊन् (ती भिन्नताहरूमा यस्ता गम्भीर अपधर्म समाविष्ट नभएसम्म जसले ख्रीष्टीय विश्वासलाई नै अस्वीकार गरोस्)।[४]

मण्डलीको एकतासम्बन्धी यी उद्धरणहरूले हामीलाई यो भन्छन् कि, दृष्टिगोचर मण्डलीका शुद्धताको निम्ति काम गर्नुबाहेक, *हामीले दृष्टिगोचर मण्डलीका एकताको निम्ति पनि काम गर्नुपर्दछ*। यद्यपि हामीले यो बुझ्नुपर्छ कि यस्तो मण्डलीको निम्ति सबै ख्रीष्टियानहरूमाथि विश्वव्यापी मण्डली प्रशासनको आवश्यकता पर्दैन। वास्तवमा, विश्वासीहरूको एकता प्रायः नै ख्रीष्टियान समूहहरूमाझ भएको स्वैच्छिक सहयोग र औपचारिक सम्बन्धनको माध्यमद्वारा प्रदर्शित हुन्छ। यसबाहेक, विभिन्न किसिमका सेवाकार्यहरू र सेवाकार्यमा दिइने विभिन्न प्रकारका जोड़हरूको फलस्वरूप विभिन्न सङ्गठनहरूको स्थापना हुन्छ जसको विश्वव्यापी अगुवा ख्रीष्ट हुनुहुनेछ जो मण्डलीका शिर हुनुहुन्छ। त्यसकारण विभिन्न ख्रीष्टियान सम्प्रदायहरू, मिशन समितिहरू र ख्रीष्टियान शैक्षिक संस्थानहरू, कलेजमा हुने सेवाकार्यहरू आदिको अस्तित्व अनिवार्यतः मण्डलीको अनेकताको चिन्ह कदापि होइन (तर कतिपय स्थितिहरूमा यो हुन पनि सक्छ) किनभने यस प्रकारका विविध सङ्गठनहरूमाझ धेरै सहयोग हुन सक्छ अनि एकताको निरन्तर प्रदर्शन हुन सक्छ। (आधुनिक पारिभाषिक शब्द *अर्ध-मण्डली* एउटा दुर्भाग्यपूर्ण कुरा हो भनी म ठान्छु किनभने यस शब्दले यो उपलक्षित गर्छ कि यी सङ्गठनहरू एक प्रकारले मण्डली "बाहेकका" हुन् र त्यसकारण "मण्डली बाहिरका" हुन्, जबकि वास्तवमा तिनीहरू एउटै विश्वव्यापी मण्डलीका विभिन्न भागहरू हुन्)। यसबाहेक, धेरै ख्रीष्टियानहरूले यो तर्क गर्छन् कि मण्डलीको विश्वव्यापी प्रशासन *पटक्कै हुनुहुँदैन* किनभने नयाँ करारमा मण्डलीको जुन ढाँचा दिइएको छ त्यसले एल्डरहरूको स्थानीय भक्तजनहरूमाथि मात्र अख्तियार भएको कुरा बताउँछ, योबाहेक अर्को अख्तियार छ भन्दैन (हे. तल अ ४७)।

वास्तवमा, नयाँ करारमा पनि प्रेरितहरू यस कुरामा सहमत भए कि पावलले गैरयहूदीहरूमाझ मिशनेरी काममा जोड़ दिऊन् अनि पत्रुसले यहूदीहरूमाझ मिशनेरी

[३]अलग हुनुका कारणहरूबारे छलफल तल खण्ड "च"-मा हे.।

[४]साँचो सुसमाचार प्रचार नगर्ने भ्रमणशल अपधर्मी शिक्षकहरूलाई अभिवादन गर्न २ यूहन्ना १० ले निषेध गर्छ; तलको छलफल हे.।

काममा जोड़ दिऊन् (गला २:७) अनि पावल र बारनाबासमाझ अन्य सबै कुराहरूबारे एकता थियो तरै भए तापनि केही समयको निम्ति उनीहरू आ-आफ्नै बाटो लागे किनभने मर्कूसलाई उनीहरूसँग लाने वा नलाने कुराबारे उनीहरूमाझ विवाद भयो (प्रे १५:३९-४०)।[५]

### ङ. मण्डलीमा सङ्गठनात्मक विभाजनको संक्षिप्त इतिहास

मण्डलीको बाहच्य वा दृष्टिगोचर एकता किन कायम राख्न सकिँदैन त्यसका कहिलेकहीँ कारणहरू हुन्छन्। मण्डलीमा भएको संस्थागत विभाजनको संक्षिप्त सर्वेक्षणले यीमध्येका केही प्रमुख कारणहरूमा विशेष जोड़ दिएर देखाइदिन सक्छ[६] र आजका साम्प्रदायिक विभाजनहरू कहाँबाट आए सो व्याख्या गर्नमा सहायता गर्नसक्छ।

मण्डलीका प्रथम हजार वर्षहरूमा यसको अधिकांश भागमा बाहच्य एकता थियो। *मोन्टनिस्टस्* [*Montanists*] (दोस्रो शताब्दी) र *डोनटिस्टस्* [*Donatists* ] (चौथो शताब्दी)-माझ भएका विवादहरूको समयमा मण्डलीमा केही सामान्य विभाजनहरू उत्पन्न भएका थिए। *मोनोफिसाइट* [*Monophysite*] मण्डलीहरू (पाँचौं र छैटौं शताब्दीमा) केही मात्रामा अलगै भएका थिए। तर पनि त्यस बेलाको व्याप्त भावना ख्रीष्टका शरीर विभाजनविरुद्ध जोड़दार विरोध थियो। उदाहरणार्थ, दोस्रो शताब्दीका एक बिशप Irenaeus-ले मण्डलीभित्र विभाजन ल्याउनेहरूबारे भने, "तिनीहरूको फुटबाट उत्पन्न भएको क्षतिको क्षतिपूर्ति गर्न तिनीहरूले ल्याउन सक्ने कुनै पनि सुधार पर्याप्त हुनेछैन (*Against Heresies* 4.33.7)।

मण्डलीमा पहिलो मुख्य विभाजन ख्री. १०५४ मा आयो जब प्राच्य (Eastern) चर्च (हालको Orthodox, अर्थात् कट्टरपन्थी मण्डली) पाश्चात्य (Western) चर्च (Roman Catholic मण्डली)-बाट पृथक भयो। कारण यो थियो कि पोपले उनको आफ्नै अधिकारमा मण्डलीको विश्वासको सार परिवर्तन गरिदिएका थिए,[७] र पोपको त्यसो गर्ने अधिकार थिएन भनी Eastern मण्डलीले भन्यो।

त्यसपछि सोह्रौं शताब्दीको सुधारवादी आन्दोलन (Reformation)-ले पाश्चात्य (Western) चर्चलाई रोमन क्याथलिक र प्रोटस्टेन्ट शाखाहरूमा विभाजन गरिदियो, यद्यपि औपचारिक विभाजनको विरुद्धमा प्रायः नै दह्रो अनिच्छा थियो। Luther-ले मण्डलीलाई विभाजन नगरी यसमा सुधार ल्याउन चाहे तर तिनलाई ख्री. १५२१ मा

[५]यस विवादमा पावल सही थिए र बारनाबास गलत थिए भनी धर्मशास्त्रले सङ्केत दिँदछ, किनभने पावल र सिलास "भाइहरूबाट परमेश्वरको अनुग्रहमा अर्पण भई बिदा भए" (प्रे १५:४०) र एन्टिओखियाका गए भनी धर्मशास्त्रले हामीलाई बताउँछ तर बारनाबासको बारेमा यस्तै प्रकारको कुनै कुरा बताइएको छैन। प्रेरितहरूको पुस्तकमा यस घटनाको प्रतिवेदन मात्र दिइएको छ र सेवाकार्यमा विभाजनको औचित्यको निम्ति यो बलियो प्रमाण होइन किनभने पावल र बारनाबासमाझ "यति ठूलो मतभेद भयो" भन्ने कुराले यो सङ्केत दिन्छ कि उनीहरू दोषबाट पूर्णतः मुक्त थिए भनी हामीले सोच्नु हुँदैन।

[६]यहाँदेखि अध्यायको अन्त्यसम्म अधिकांश सामग्रीहरू *The Tyndale Encyclopedia of Christian Knowlede* (व्हिट्न, इलिनोइ : टेन्डेल हाउस्, सर्वाधिकार १९७१)-को निम्ति Wyne Grudem-ले तयार गरेका, तर कहिल्यै प्रकाशित प्रकाशित नभएको लेख "Separation, Ecclesiastical"-बाट अनुमतिसहित प्रयोग गरिएको छ।

[७]"अनि पुत्रद्वारा" धारा (*The Filioque Clause*)-बारे छलफल अ. १४ मा हे.।

मण्डलीबाट बहिष्कृत गरियो (excommunicated)। एङ्गलिकन (Episcopalian) मण्डली रोमबाट छुट्टिएन, तर यसलाई ख्री. १५७० मा बहिष्कार गरियो; र यसले भन्न सक्छ, "हामीले फुटको कष्ट भाग्यौं, फुट ल्याएनौं।" अर्को पक्षमा यस्ता धेरैवटा प्रोटेस्टेन्टहरू, विशेष गरी अनाब्याप्टिस्टहरू, थिए जसले विश्वासीहरूको मात्र मण्डली गठन गर्न चाहन्थे र तिनीहरूले ख्री. १५२५ देखि नै स्विजरल्यान्डमा र त्यसपछि युरोपका अन्य भागहरूमा मण्डलीहरू गठन गर्नथाले।

सुधारवादी आन्दोलनपछि अनेकौं शताब्दीहरूमा, प्राटेस्टेन्टवाद स-साना सयौं समूहहरूमा टुक्रियो। कहिलेकहीँ नयाँ समूहहरूका अगुवाहरूले यस्ता विभाजनहरूका निम्ति खेद प्रकट गरे : John Wesley, मेथडिज्म् (पद्धतिवाद)-का संस्थापक भए तापनि, उनले आफू एङ्गलिकन भएरै बाँचेका र मरेका दाबी गरे। प्रायः नै विवेक वा धार्मिक स्वतन्त्रताका मामला यस्ता विभाजनका कारणहरू हुन्थे, जस्तो कि अतिनैतिकतावादीहरू (Puritans) वा धेरै भक्तिवादी (Pietist) समूहहरूमा भए। अर्कोतिर, अमेरिकामा आप्रवासी समूहहरूमाझ भएको भाषागत विभिन्नताहरूले पनि कहिलेकाहीँ बेग्ला-बेग्लै मण्डलीहरू स्थापनातिर डोऱ्याए।

विभिन्न ख्रीष्टियान सङ्गठन र ख्रीष्टियान सम्प्रदायहरू छुट्टिनुका कारणहरू के सधैं उपयुक्त नै रहिआएका छन् ? मण्डलीहरूमा भएका प्रमुख विभाजनहरूका कारणहरू प्रायः नै सशक्त ईश्वरशास्त्रीय मतभिन्नताहरू रहिआएका भए तापनि, विशेषतः हालैको इतिहासमा, यस्ता विभाजनहरू, थाल्ने वा तिनलाई कायम राख्ने कारणहरू स्वार्थपूर्ण रहिआएका छन् भन्नेमा धुकचुक मान्नुपर्ने अवस्था भने छैन, र यसकारण John Calvin यसो भन्नमा सही भएका हुनसक्छन्, "अभिमान र आफ्नै महिमा सबै विवादहरूका जड़ बन्दछन् जब हरेक व्यक्ति आफूले हकहितमा पाउने कुराभन्दा अझ धेरै कुराहरू दाबी गर्दै अरू मानिसहरूलाई तिनको मुट्ठीमा राख्नलाई उत्सुक बन्दछ।"[८] यसबाहेक उनी भन्छन्, "महत्वाकांक्षा सबै गल्तीहरू, सबै अशान्तिहरू र धर्मपन्थहरूकी जननी रहिआएकी छिन्, अझै पनि हुन्।"[९]

बिसौं शताब्दीको मध्यभागमा अखिल मण्डली एकतावादी आन्दोलन (ecumenical movement)-ले विभिन्न सम्प्रदायहरूमाझ अझ बढ़ी सङ्गठनात्मक एकता ल्याउने कोसिस गऱ्यो, तर कुनै उल्लेखनीय सफलता हात पारेन। यसले कुनै पनि हालतमा इभ्यानजेलिकल्हरूबाट सम्पूर्ण अनुमोदन वा समर्थन पाएन। अर्कोतिर, ख्री. १९६० देखि, प्रायः सबै सम्प्रदायका मण्डलीहरूमा क्यारिज्म्याटिक् आन्दोलनको वृद्धि, छरछिमेक बाइबल अध्ययन र प्रार्थना झुण्डहरूको उदय अनि साधारण ख्रीष्टियानहरूमाझ धर्मसिद्धान्तको (खेदप्रद) न्यून जागरुकताले, स्थानीय स्तरमा, सङ्गतिको वास्तविक एकतामा – प्रोटेस्टेन्ट र क्याथलिकहरूमाझ पनि – असाधारण वृद्धि ल्याएको छ।

यस अघिका खण्डहरूले विभाजनलाई निम्नलिखित अर्थमा छलफल गरे : (१) *छुट्टै सङ्गठनहरूको* निर्माण। तर यसबाहेक अन्य दुई प्रकारका अझ गम्भीर

[८]१ कोर ४:६ को टिप्पणी।

[९]गन्ती १२:१ को टिप्पणी।

विभाजन उल्लेख गरिनैपर्दछ : (२) *"सहयोग नगर्ने"* : यस मामिलामा एउटा मण्डली वा ख्रीष्टियान संस्थाले अन्य मण्डलीहरूसित संयुक्त गतिविधिहरूमा (प्रचार अभियान वा संयुक्त उपासना सेवाहरू वा अभिषेकलाई पारस्परिक मान्यता प्रदानजस्ता गतिविधिहरू) सहयोग गर्न अस्वीकार गर्छ। (३) *"व्यक्तिगत सङ्गति नगर्ने"* : यसले अर्को मण्डली समूहका सदस्यहरूसित सबै प्रकारको व्यक्तिगत *सङ्गति* गर्नबाट अति कठोरतापूर्वक जोगिन्छ, अनि अर्को मण्डलीको समूहसँग कुनै पनि संयुक्त प्रार्थना वा बाइबल अध्ययन, वा कहिलेकाहीँ सामान्य सामाजिक सम्पर्कसमेत पनि निषेध गर्छ। यस प्रकारको विभाजनका कारणहरू हामी यसपछिका खण्डमा छलफल गर्नेछौं।

**च. विभाजनका कारणहरू**

सारा इतिहासभरि मण्डली विभाजनका लागि मानिसहरूमा भएका अभिप्रेरकहरू जाँच गर्दा, र हामीले दृष्टिगोचर मण्डलीको एकता साथै शुद्धता पनि चाहनुपर्दछ भन्ने नयाँ करारका आज्ञाहरूसित ती अभिप्रेरकहरूलाई तुलना गर्दा, हामीले *विभाजनका सही र गलत दुवै कारणहरू* पाउन सक्छौं। गलत कारणहरू यी हुन सक्छन् – व्यक्तिगत महत्वाकांक्षा र अभिमान वा धर्मसिद्धान्तहरू वा प्रथाहरूबारे (यस्ता धर्मसैद्धान्तिक वा व्यवहारका ढाँचाहरू जसले अरू कुनै धर्मसिद्धान्तलाई प्रभाव पार्दैनन्, वा जसले एउटा व्यक्तिले ख्रीष्टियान जीवन जिउने शैलीमा प्रभाव पार्दैनन्)।[१०]

यसको विपरीत, विभाजनका अरू केही कारणहरू छन् जसलाई हामी सही ठान्न सक्छौं (वा सम्भवतः सही ठान्न सक्छौ, विशेष परिस्थितिहरूको आधारमा)। अधिकांश स्थितिहरूमा, यी कारणहरू मण्डलीको शुद्धता साथै एकताको निम्ति काम गर्नुपर्ने आवश्यकताबाट बग्नेछन्। विभाजनका कारणहरूलाई तीनवटा कोटी वा संवर्गहरूमा विचार गर्न सकिन्छ : (१) धर्मसैद्धान्तिक कारणहरू; (२) विवेकका कारणहरू; (३) व्यावहारिक विचारहरू। निम्नलिखित खण्डमा, मैले केही परिस्थितिहरू सूचीबद्ध गरेको छु जसमा ख्रीष्टियानहरूलाई एउटा मण्डली छोड्न *आवश्यक* हुँदछ भन्ने मलाई लाग्दछ। त्यसपछि मैले मलाई स्पष्ट नभएका अरू केही परिस्थितिहरू सूचीबद्ध गरेको छु जसमा केही ख्रीष्टियानहरूले एउटा मण्डली छाड़िदिने विचार गर्नु बुद्धिमान् देखिन सक्छ भने अरू ख्रीष्टियानहरूले त्यसलाई *बुद्धिमान्* ठान्ने छैनन्। यस्ता अस्पष्ट स्थितिहरूमा मैले सामान्यतया कुनै निष्कर्षहरू निकालेको छैनँ, तर केवल ती कारकहरू मात्र सूचीबद्ध गरेको छु जसबारे ख्रीष्टियानहरूले विचार गर्नेछन्।

**१. धर्मसैद्धान्तिक कारणहरू** (Doctrinal Reasons) मण्डलीको धर्मसैद्धान्तिक दृष्टिकोण बाइबलीय मूल्य र मान्यताहरूबाट गम्भीर रूपमा विचलित बन्दा मण्डलीबाट पृथक बन्ने आवश्यकता उठ्न सक्छ। यो विचलन औपचारिक वक्तव्यहरूमा वा

[१०]प्रमुख र सामान्य भिन्नताहरूबारे हे. अ. १।

वास्तविक आस्था र प्रथामा हुन सक्छ, जहाँसम्म ती निर्धारित गर्न सकिन्छ। तर धर्मसैद्धान्तिक विचलन कहिले यति गम्भीर बन्दछ कि यसले मण्डलीबाट निस्कन वा अर्कै मण्डली बनाउन बाध्य बनाउँछ? हामीले माथि टिप्पणी गरेझैं, कुनै पनि साँचो मण्डली ख्रीष्टका शरीरको भाग रहुञ्जेलसम्म, त्यसबाट छुट्टिने आज्ञा नयाँ करारमा छैन। भुल गर्ने मण्डलीहरूका (कोरिन्थमा भएको मण्डलीजस्तै मण्डलीहरूमा पनि, जसले गम्भीर धर्मसैद्धान्तिक र नैतिक त्रुटि सहे, अनि पावलको प्रेरितिक अख्तियारलाई इन्कार गर्ने कतिलाई केही समयसम्म सहन गरे) सदस्यहरूप्रति पावलको प्रत्युत्तर तिनका विश्वासी ख्रीष्टियानहरूलाई ती मण्डलीहरूबाट पृथक गर्नु भन्ने छैन, तर मण्डलीहरूलाई चेताउनी दिनु, तिनीहरूको पश्चात्तापको निम्ति प्रयास गर्नु, र तिनीहरूका निम्ति प्रार्थना गर्नु भन्ने छ। मण्डलीभित्र समस्या ल्याउनेहरूलाई कहिलेकहीं मण्डलीको सङ्गतिबाट निष्कासन गरेर अनुशासनमा ल्याउनु भन्ने आज्ञा अवश्य नै छ (१ कोर ५:११-१३; २ थेस ३: १४-१५; तीत ३:१०-११), तर यो तुरुन्तै गर्न सकिँदैन भने मण्डली छोड़िदिने र फुट ल्याउने कुनै निर्देशनहरू छैनन् (हे. प्रका २:१४-१६, २०-२५; तु. लूक ९:५०; ११:२३)।

झुटो शिक्षकहरूलाई स्वागत निषेध गर्ने २ यूहन्ना १०-११ ले सम्भवतः सम्पूर्ण नयाँ करारमा सबैभन्दा कड़ा वक्तव्य दिन्छ, "त्यसलाई घरमा स्वागत नगर्नू। यसलाई अभिवादन पनि नगर्नू। किनकि त्यसलाई अभिवादन गर्ने त त्यसका दुष्ट कामहरूमा सहभागी हुन्छ।" तर यस कुरामा ध्यान दिनुपर्दछ कि त्यस्ता पाहुनाले ख्रीष्टबारे गम्भीर अपधर्मको शिक्षा दिइरहेका हुन्छन्, यस्तो शिक्षा जसले मानिसहरूलाई उद्धारकारी विश्वासबाट वञ्चित गराउँछ। (यूहन्नाले "ख्रीष्टको सिद्धान्तमा स्थिर" नबस्ने र "परमेश्वर" साथमा नहुनुभएका [प. ९] कुनै पनि मानिसबारे बताइरहेका छन्।) यसबाहेक, यस पदले झुटा शिक्षकहरूबारे बताइरहेको छ, झुटा विश्वासहरू राख्ने व्यक्तिहरूबारे होइन, किनकि यस्तो कुनै व्यक्तिबारे बताइरहेको छ जो तपाईंकहाँ आउँछ र जसले "यो सिद्धान्त" ल्याउँदैन (प. १०; तु. ७, "किनकि भ्रममा पार्नेहरू धेरै जना संसारमा आएका छन्, जसले येशू ख्रीष्ट शरीरमा आउनुभएको हो भनी स्वीकार गर्दैनन्")। यूहन्नाले यस्ता शिक्षकहरूका निम्ति येशू *ख्रीष्टविरोधी* भन्ने वाक्यांश पनि प्रयोग गरेका छन्। अन्त्यमा, यूहन्नाको मनमा भएको अभिवादनले कि त मण्डलीको औपचारिक अभिवादनतिर इङ्गित गर्छ वा यस सिद्धान्तलाई अनुमोदन दिइएको आभास दिने अभिवादनतिर इङ्गित गर्छ किनभने यस निषेधाज्ञाले त्यस व्यक्तिबारे बताइरहेको छ जसले *"तिनीकहाँ आएर यो सिद्धान्त"* ल्याउँदैन (प. १०), जसले यही सुझाउ दिन्छ कि यहाँ विचाराधीन व्यक्ति एक यात्रु (भ्रमणशील) शिक्षक हुन् जो कसैको एउटा घरमा नभएर सम्पूर्ण मण्डलीलाई सम्बोधन गर्न आउँछन्।[११]

ख्रीष्टियान विश्वासलाई इन्कार गर्ने अविश्वासीहरूबाट वा आधारभूत त्रुटिबाट अलग हुने सिद्धान्तको आधारमा, ख्रीष्टियानहरू धर्मसिद्धान्तका आधारहरूमा एउटा मण्डलीबाट निस्किएर नयाँ संस्थाको सदस्यता लिने वा नयाँ संस्था गठन गर्ने कार्य त्यस बेला *आवश्यक* देखिन्छ जब मण्डलीको धर्मसैद्धान्तिक त्रुटि यति गम्भीर वा

[११] John Stott, *The Epistles of John*, TNTC (लन्डन : टिन्डेल प्रेस, १९६४), पृह. २१२-१५।

व्यापक बन्दछ कि आमा मण्डली *झुटो मण्डली बन्नपुग्दछ,* जो अबउसो ख्रीष्टका शरीरको अङ्ग हुँदैन। यो एउटा यस्तो मण्डली हुनेछ जो अबोप्रान्त साँचो विश्वासीहरूको सङ्गति हुँदैन, अबोप्रान्त ख्रीष्टका शरीरको अङ्ग हुँदैन, वा यस्तो स्थान रहनेछैन जहाँ यसका शिक्षाहरूमा विश्वास गर्नेहरूले मुक्ति पाउने छन्।[१२] झुटो मण्डली छोड्दा, यसलाई छोड़ेर जानेहरूले यो दाबी गर्नेछन् कि वास्तवमा तिनीहरूले साँचो मण्डली *छोड़ेका* छैनन्, तिनीहरू साँचो मण्डली हुन्, आमा सङ्गठनले यसको त्रुटिको कारण छोड्को छ। वास्तवमा, Luther र Calvin दुवैले अन्ततः भने, रोमन क्याथलिक चर्च साँचो मण्डली थिएन।

तथापि, मण्डलीबाट निस्कने वा छुट्टिने कुरा अनिवार्य नबनेको बेला, झुटो मण्डली बन्नुभन्दा अघि होइन, तर गम्भीर धर्मसैद्धान्तिक विचलन हुँदा मण्डली छोड़िदिनु *बुद्धिमानी* वा *उचित* भएको धेरै ख्रीष्टियानहरूले पाउन सक्छन्। उदाहरणार्थ, मण्डलीका अगुवाले प्रमुख धर्मसिद्धान्तहरू (जस्तै, त्रिएकत्व, ख्रीष्टको मनुष्यता, प्रायश्चित्त, पुनरुत्थान आदि)-बारे अपधर्मी दृष्टिकोणहरू समर्थन गर्दा यदि उनले मण्डलीको अनुशासनात्मक कार्बाही खप्नु पर्दैन भने वा उनी मण्डलीको सङ्गतिबाट निष्काषित गरिँदैनन् भने, धर्मसैद्धान्तिक विचलन असहच बनेको छ भनी कसैले तर्क गर्नेछन्। अन्य मुद्दाहरूमा, जब मण्डलीले एक संस्थाको रूपमा कुनै गम्भीर धर्मसैद्धान्तिक वा नैतिक त्रुटिलाई (जस्तै, धर्मसैद्धान्तिक त्रुटिलाई मण्डलीको विश्वासको सारमा वा विश्वासको घोषणामा समर्थन गर्नु) अनुमोदन गर्छ भने विभाजन हुनैपर्छ भनी धेरैले भन्नेछन्। तरैपनि, यस्तो हुँदा छुट्टिनु बुद्धिमान् वा उचित हो भनी अरू ख्रीष्टियानहरूले ठान्नेछैनन्, तर मण्डलीभित्र जागृति र सुधारको निम्ति प्रार्थना गर्नुपर्दछ, खट्नुपर्दछ भन्ने कुरा समर्थन गर्नेछन् अनि सहिएको कुनै पनि धर्मसैद्धान्तिक त्रुटिबारे भएको असहमतिलाई स्पष्ट गरी सबैको सामु घोषणा गर्नुपर्दछ। यस्तो हुँदा, मण्डलीमै बस्ने र छोड्नैपर्छ भनी निर्णय गर्नेहरू सबैले यो बुझ्नुपर्दछ कि परमेश्वरले विभिन्न ख्रीष्टियानहरूलाई विभिन्न भूमिका र सेवाहरूमा बोलाउन सक्नुहुन्छ र यसकारण विभिन्न निर्णयहरू गर्न लाउनुहुन्छ अनि यस्तो हुँदा परमेश्वरको बुद्धिमत्ता खोज्नलाई अरू ख्रीष्टियानहरूलाई पर्याप्त स्वतन्त्रता दिनु र तिनीहरूले बुझेअनुसार सर्वोत्तम प्रकारले आफ्नै जीवनमा यसलाई पालन गर्न दिनु उत्तम हो।

२. **विवेकका कुराहरू।** एउटा ख्रीष्टियानलाई धर्मशास्त्रले बताएअनुसार अनि विवेकले तोकेअनुसार, प्रचार गर्ने वा शिक्षा दिने स्वतन्त्रता छैन भने विभाजन आवश्यक हुन्छ वा कमसेकम बुद्धिमान काम हो भनी ठान्न सकिन्छ। तर यहाँ चाहिएको कुरा सावधानी र ठूलो नम्रता हो। व्यक्ति आफैले दिएको निर्णय विकृत हुन सक्छ, विशेष गरी यदि यो निर्णय सम्पूर्ण इतिहासका विश्वसनीय विश्वासीहरूको सल्लाहको आधारमा र आजका विश्वासीहरूको सल्लाहद्वारा लिइएको छैन भने।

[१२]The Westminster Confession of Faith-ले "स्वर्गमुनिका प्युरिस्ट मण्डलीहरू मिश्रण र त्रुटि दुवैका अधीनमा छन्" भनेपछि यो पनि थप्छ, "अनि कति मण्डली यति पतित बनेका छन् कि ती मण्डलीहरू नभएर शैतानका सभाघरहरू बनेका छन्" (२५.५)।

यदि आमा मण्डली उद्धारकारी विश्वासको प्रमाण नदिने ख्रीष्टियानहरूद्वारा "एउटै जुवामा नारिने" अवस्थाबाट बाँच्न नसकिने गरी प्रभुत्वमा परेको छ भने, २ कोरिन्थी ६:१४ मा अविश्वासीहरूसित एउटै जुवामा ननारिनू भनी दिइएको आज्ञाले पनि एक व्यक्तिलाई आमा मण्डलीबाट पृथक हुन अनिवार्य बनाउन सक्छ। यस पदमा अविश्वासीहरूसँग एउटै जुवामा नारिनेविरुद्ध दिइएको निषेधाज्ञाले सामान्य साहचर्यलाई वा सहायता स्वीकृतिलाई मात्र होइन (तु. लूक ९:५०, तर ३ यूह ७ पनि), तर *आफ्ना क्रियाकलापमाथि आफ्नो नियन्त्रण परित्यागलाई अनि परमेश्वरको आज्ञापालन गर्दै काम गर्ने स्वतन्त्रता हनन*लाई यसले निषेध गर्छ, किनभने यी नै ती प्रतिबन्धहरू हुन् जसलाई सँगै "नारिने" रूपकमा उपलक्षित गरिएको छ। यदि मण्डलीमै बसिरहँदा यसभित्रका केही बाइबलअसम्मत धर्मसिद्धान्त वा प्रथालाई अनुमोदन गरेको र अरूहरूलाई पनि त्यो भुल धर्मसिद्धान्त वा प्रथा मान्न प्रोत्साहित गरेको बुझाउँछ भने कुनै ख्रीष्टियानहरूले विवकको आधारमा मण्डली परित्याग गर्न आवश्यक वा कम्तीमा पनि बुद्धिमान् कार्य ठान्न सक्लान्। तर अरूहरूले मण्डलीमै बस्नु उचित ठान्लान् र भुल धर्मसिद्धान्तको विरुद्धमा स्पष्ट असम्मति व्यक्त गर्लान्।

अन्य मुद्दाहरूमा, कतिले तर्क गरेका छन् कि कुनै ख्रीष्टियान सम्प्रदायलाई छोड्दिन त्यस बेला आवश्यक पर्छ जब त्यस सम्प्रदायका उच्चत्तर सञ्चालन अधिकारीवर्गले, जसको आज्ञा मान्ने प्रतिज्ञा सबैले गरेका हुन्छन्, स्पष्ट रूपमा पापमय काम (अर्थात्, धर्मशास्त्रविपरीत काम) गर्ने आदेश दिन्छ। यस्तो मुद्दामा, कतिले यो भन्नेछन् कि आदेश दिइएको पापमय काम नगर्ने वा अख्तियारमा भएकाहरूको अवज्ञा गर्ने पापबाट बाँच्ने एउटै मात्र तरीका त्यस सम्प्रदायलाई त्यागिदिनु मात्र हो। तर यो अनिवार्य आवश्यकता हो भन्ने देखिँदैन, किनभने पाप गर्ने आज्ञा दिइँदा उच्च अधिकारीहरूलाई अवज्ञा गर्नु अनुचित होइन भनी देखाउनलाई धर्मशास्त्रका धेरै उद्धरणहरू उद्धृत गर्न सकिन्छ (हे. प्रे ५:२९; दान ३:१८; ६:१०), अनि निस्केर जान बाध्य नबनाइञ्जेल आमा मण्डलीमै बस्न सकिन्छ।

**३. व्यावहारिक विचारहरू।** प्रार्थनामय चिन्तनहरूपछि, आमा मण्डलीमा बस्नाले असलभन्दा धेरै हानि नै हुने ठूलो सम्भावना देखिए ख्रीष्टियानहरूले आमा मण्डलीबाट छुट्टिने निर्णय गर्न सक्छन्। यसको कारण यो हुन सक्छ कि तिनीहरूले प्रभुका निम्ति गरेका कामप्रति आमा मण्डलीभित्रैबाट उठेको विरोधले गर्दा त्यो काम निरर्थक वा प्रभावहीन हुन सक्ला, वा यसको कारण यो हुन सक्छ कि तिनीहरूले मण्डलीका अरूहरूसँग थोरै सङ्गति पाउँछन् वा सङ्गति नै पाउँदैनन्। यसबाहेक, कसैले यो निर्णय गर्लान् कि मण्डलीमा बस्नाले अरू विश्वासीहरूको विश्वासलाई हानि हुनेछ वा अविश्वासीहरूलाई साँचो विश्वासमा आउनदेखि बाधा पुऱ्याउँछ, किनभने आमा मण्डलीसित तिनीहरूको यथावत् रहेको सम्बन्धले त्यस मण्डलीभित्र दिइने झुटो शिक्षाहरूलाई तिनीहरूले अनुमोदन गरेका देखिनेछ। यसबाहेक, ख्रीष्टियानहरूले आफूलाई यस्ता परिस्थितिहरूमा पाउलान् जब तिनीहरूले परिवर्तनको लागि निकै समयसम्म प्रार्थना र काम गरिसकेका हुन्छन् तर पनि

वर्तमान अगुवाहरूको समूहमा धर्मशास्त्रबाट सुधारहरूप्रति प्रतिरोध भएको, वा वर्तमान अगुवाहरूको समूहले दह्रिलो जरा गाड़ेको, यसले आफूलाई स्थायी बनाएको कारण मण्डलीमा परिवर्तनको कुनै पनि चित्त बुझाउने आशा नभएको देख्छन्। यी सबै स्थितिहरूमा, धेरै प्रार्थना र परिपक्व निर्णयको आवश्यकता हुनेछ, किनभने मण्डलीमा धेरै लामो समयदेखि रहनेहरू वा मण्डलीमा अगुवापनका कार्यहरूमा स्थापित भइसकेकाहरूका निम्ति मण्डलीबाट पछि हट्ने काम एउटा गम्भीर कार्य हो।

**४. के यस्ता समयहरू पनि हुन्छन् जब सहयोग र व्यक्तिगत सङ्गति निषेध गरिन्छन् ?** अन्त्यमा, माथि उल्लेख गरिएका पाइलाहरूभन्दा अझ कठोर पाइलाहरू ख्रीष्टियानहरूले कहिले चाल्नुपर्ने हो अनि त्यस प्रकारको विभाजनमा भाग लिनुपर्ने हो जसलाई हामीले यसअघि "सहयोग नगर्ने" वा "व्यक्तिगत सङ्गति नगर्ने" भन्यौं। हामीले हेरेका बाइबलका लेखांशहरूले यो अनिवार्य बनाइदिएका देखिन्छ कि ख्रीष्टियानहरूले कुनै विशेष क्रियाकलापमा त्यो समूहसित "सहयोग नगर्ने" गर्नुपर्दछ, जुन समूह अविश्वासी समूह हो र त्यस समूहले (मण्डलीका) क्रियाकलापको नियन्त्रणमा पनि भाग लिन्छ (२ कोर ६:१४ मा "एउटै जुवामा" नारिएको रूपकले यही उपलक्षित गरेको छ)। हो, अरू कारणहरूले गर्दा कुनै विशेष कार्यक्रममा भाग नलिने निर्णय गर्नु बुद्धिमान् वा समयोचित काम हुन गएको पाउन सकिन्छ। विश्वास नगर्ने समूहबाहेक अन्य समूहसित सहयोग नगर्न आवश्यक देखिँदैन। विश्वासीहरूद्वारा गरिएका प्रचार अभियानहरूजस्ता कार्यको *विरोध*लाई नयाँ करारका लेखकहरूद्वारा निश्चय नै फुट ल्याउने काम र ख्रीष्टको शरीरको एकता प्रदर्शन गर्नमा असफलता हो भनी  हेरिनेथ्यो।[१३]

तेस्रो अनि चरम विभाजन, अर्थात् अर्को एउटा सिङ्गो मण्डलीको समूहका सदस्यहरूसित व्यक्तिगत सङ्गति गर्नुबाट तर्किनु, गर्ने आज्ञा नयाँ करारमा  कहिल्यै दिइएको छैन। "सङ्गति नगर्ने" जस्तो चरम कदम, सिङ्गो मण्डलीहरूसित हुने मतभिन्नतामा होइन, तर व्यक्तिहरूलाई मण्डली अनुशासनका  गम्भीर मुद्दाहरूमा कारबाहीमा राखेको मामिलाहरूमा मात्र, चाल्नू भनी उपलक्षित गरिएको छ।

### व्यक्तिगत प्रयोगका लागि प्रश्नहरू

१. तपाईंको मण्डली कुन क्षेत्रहरूमा "धेर शुद्ध" छ ? कुन क्षेत्रहरूमा यो "थोर शुद्ध" छ भनी तपाईं ठान्नुहुन्छ ?

२. १ देखि १० नम्बर राखिएको जोख्ने नापमा (१ = थोर शुद्ध; १० = धेर शुद्ध), धेरै शुद्ध मण्डली चिन्हित गर्ने यी संवर्गहरूमध्ये तपाईं आफ्नो

[१३]नयाँ करारका लेखकहरूले "सम्भवत: यो पनि सोच्नेथिए कि प्रोटेस्टेन्टहरूमाझका अधिकांश विभाजनहरू नयाँ करारमा सबैभन्दा कम जोड़ दिइएका र सबैभन्दा कम स्पष्टतासित सिकाइएका धर्मसिद्धान्तहरूबाट उत्पन्न भएको र कायम राखिएको एउटा त्रासद घटना हो, जस्तै, मण्डली प्रशासनको रूप, प्रभुभोजमा ख्रीष्टको उपस्थितको ठीक स्वभाव, अनि अन्तिम समयका बेहोराहरू (धेरै मानिसहरूले यो सूचीमा बप्तिस्माका समुचित विषयवस्तुहरूसम्बन्धी मतभिन्नताहरू पनि थप्न चाहनेछन्)।

मण्डलीलाई कहाँ राख्नुहुनेछ ?

३. तपाईं स्वयम्‌को मण्डलीको अझ बढ़ी शुद्धताको निम्ति तपाईंले के गर्नुपर्दछ भनी तपाईं सोच्नुहुन्छ ? मण्डलीको विशेष आवश्यकता तपाईं जान्नुहुन्छ भन्ने तथ्यको अर्थ के यो हो कि त्यो अभाव पूरा गर्नलाई परमेश्‍वरले (तपाईंको सट्टामा अरू कुनै व्यक्ति नभएर) तपाईंलाई बोलाइरहनुभएको छ ?

४. के तपाईंको क्षेत्रमा तपाईंको आफ्नो मण्डलीभन्दा अझ शुद्ध अरू कुनै मण्डलीहरू भएको तपाईंलाई थाहा छ ? तपाईंको मण्डली शुद्ध मण्डली नभए तापनि तपाईं आफ्नै मण्डलीमा बस्ने कुन कारणहरू होलान् भनी तपाईं विचार्नुहुन्छ ?

५. के अझ शुद्ध मण्डलीका यस्ता चिन्हहरू छन् जसमाथि जोड़ दिन यस शताब्दीका इभ्यानजेलिकल्‌हरूले सामान्यतः उपेक्षा गरेका छन् ?

६. पहिलो शताब्दीदेखि यता, समय बित्दैजाँदा मण्डली शुद्धतामा सामान्यतया बढ़्दैगएको छ भनी तपाईं सोच्नुहुन्छ ? तपाईंको उत्तरलाई समर्थन गर्ने विशेष कारणहरू दिन सक्नुहुन्छ ?

७. तपाईंको जीवनकालमा, मण्डली शुद्धतामा बढ़्दैगएको कुन उत्साहजनक चिन्हहरू तपाईं देख्नुहुन्छ ? मण्डली एकतामा बढ़्दैजाँदैछ भन्ने कुन चिन्हहरू तपाईं देख्नुहुन्छ ?

८. तपाईंको आफ्नो स्थानीय मण्डलीका सदस्यहरूमाझको एकतामा यो मण्डली कसरी बढ़्दैजान सक्ला ?

९. त्यही एउटै भौगोलिक क्षेत्रमा स्थित साँचो मण्डलीहरूसित तपाईंको मण्डलीले कसरी अझ ठूलो एकता देखाउन सक्ला ? तपाईंको विचारमा त्यस एकताका बाधाहरू (यदि छन् नै भने) के-के हुन् ? त्यो एकता कसरी व्यक्त गर्न सकिएला ? एकताको यस किसिमका अभिव्यक्तिहरूका लाभहरू के-के हुन सक्छन् ?

१०. के तपाईं यस्तो मण्डलीमा हुनुहुन्छ जसलाई तपाईंले छोड़ेर जाओस् र तपाईं अर्को मण्डलीको सदस्य बनोस् भनी परमेश्‍वर चाहनुहुन्छ भनी तपाईं सोच्नुहुन्छ ? यो अध्यय पढ़्नुभएपछि के तपाईंलाई यो मण्डली छोड़ूँ कि यसमै बसूँ भन्ने भइरहेको छ ? के तपाईंको मण्डलीमा गत दश वर्षमा महत्त्वपूर्ण राम्रो परिवर्तन आएको छ ? मण्डली अर्को दश वर्षसम्म प्रायः नै त्यस्तै रहे अहिले यसैमा रहने वा यसलाई छोड़िदिने निर्णय गर्नुहुनेछ ?

११. ती केही तरिकाहरू के-के हुन् जुनअनुसार विश्‍वव्यापी रूपमा साँचो विश्‍वासीहरूको एकता व्यक्त र प्रदर्शन गरिसकिएको छ ? मण्डली-एकताको अझ बढ़ी प्रदर्शन भए सारा संसारभरिका मण्डलीको एकता कस्तो देखिनेथियो ? सारा संसारमा यसको परिणाम के हुनेथियो ?

१२. यदि एउटा समाजमा विभिन्न सक्रिय र प्रभावकारी इभ्यान्‌जेलिकल् मण्डलीहरू छन् भने, अर्को इभ्यानजेलिकल् सम्प्रदायले त्यस समाजमा

यसको आफ्नै नयाँ मण्डली स्थापित गर्ने प्रयास गर्नुको कुनै औचित्य हुन्छ ?

१३. लोकप्रिय संस्कृतिले अविश्वासी वा झुटा मण्डलीहरू र विश्वासी मण्डलीहरू सबैलाई "ख्रीष्टियान" नै ठान्दा के यसले प्रचार र साक्षीलाई बाधा पुऱ्याउँछ भनी तपाईं सोच्नुहुन्छ ? के त्यस छापलाई परिवर्तन गर्ने केही गर्न सकिन्छ ?

१४. आज रोमन क्याथलिक मण्डलीका विश्वासीहरूसँग उपयुक्त रूपले कस्तो किसिमको एकता र सहयोग देखाउन सकिन्छ ? यस्तो सहयोगका सीमाहरू कहाँसम्म छन् ?

## विशेष शब्दावली

इस्टर्न चर्च (प्राच्य मण्डली)
मण्डलीको शुद्धता
विभाजन
मण्डलीको एकता
वेस्टर्न चर्च (पाश्चात्य मण्डली)

## पुस्तक सूची

(यस पुस्तक सूचीको व्याख्याका लागि अ. १, पृ. ४७ को पुस्तक सूचीमाथि दिइएको टीका हे. । सम्पूर्ण पुस्तक सूचीको तथ्याङ्क परिशिष्ट ४ मा प्राप्य छ।)

### इभ्यान्जेलिकल् सुव्यवस्थित ईश्वरशास्त्रहरूबाट चयनित खण्डहरू

१. एङ्गलिकन (इपिस्कपलियन)
१८८२-९२ लिट्टन, ३८०-८६, ४१३-१८

२. अर्मिनी (वेजलियन वा मेथडिस्ट)
१८७५-७६ पोप, ३:२६७-७९
१९४० विली, ३:११२-१३
१९८३ कार्टर, २:५९४-९६

३. ब्याप्टिस्ट
१९८३-८५ एरिक्सन, ११२९-४६

४. डिसपेन्सेशनल
(कुनै स्पष्ट छलफल छैन)

५. लुथरन
१९१७-२४ पाइपर, ३:४२३-२७
१९३४ म्युएलर, ५५-६१२

६. रिफमर्ड (वा प्रेज्बिटरियन)
१५५९ क्याल्भिन, २:१०११-५३ (४.१-२)
१८६१ हिपि, ६७०-७२
१८७८ डेबनी, ६७४-८७

| | |
|---|---|
| १८८७-१९२१ | वारफिल्ड, SSW ,1:299-307 |
| १८८९ | शेड, २ख, ५५३-६० |
| १९३७-६६ | मरे, C W,1:269-91; CW,2:321-36 |
| १९६२ | बुसवेल, १:४२१-२४ |

७. रीन्यूअल (वा क्यारिज्म्याटिक्/पेन्टिकोस्टल)

| | |
|---|---|
| १९८८-९२ | विल्यम्स्, ३:२५-३५ |

**रोमन क्याथलिक सुव्यवस्थित ईश्वरशास्त्रका प्रातिनिधिक खण्डहरू**

१. रोमन क्याथलिक: परम्परावादी

| | |
|---|---|
| १९५५ | ओट, २९०-३०९ |

२. रोमन क्याथलिक: भेटिकन दोस्रोपछि

| | |
|---|---|
| १९८० | म्याकब्राइन, २:८५४ |

## अन्य पुस्तक/लेखहरू

Bromiley, G.W. "Unity." In *EDT*, pp. 1127-28.
Carson, Donald A. "Evangelicals, Ecumenism and the Church." In *Evangelical Affirmations.* Ed. by Kenneth S. Kantzer and Carl F. H. Henry. Grand Rapids: Zondervan, 1990, pp. 347-85.
Puritan and Reformed Studies Conference, *Approaches to Reformation of the Church.* London: *The Evangelical* magazine, 1965. Contains papers by D.W. Marshall, D.P Kingdom, J. I. Packer, G. S. R. Cox, S.M. Houghton, and D.M. Lloyed-Jones.

## धर्मशास्त्रको कण्ठस्थ गर्नुपर्ने खण्ड

**एफिसी ४:१४:१६ :** *यसरी हामी छालले अगि-पछि हुत्याइएका, धार्मिक-सिद्धान्तको प्रत्येक बतासले र मानिसहरूका जालझेल, धूर्तता र फटचाइँले यताउता उड़ाइएका बालकहरूजस्ता नहोऔं। बरु प्रेमसित सत्य बोल्दै हरेक कुरामा हामी उहाँसम्मै, अर्थात् ख्रीष्टसम्म बढ़्दैजाऔं जो शिर हुनुहुन्छ। उहाँबाट नै सारा शरीर प्रत्येक जोर्नीद्वारा जोड़िएको र बाँधिएको भई प्रत्येक भागले ठीक-ठीक काम गरी सुगठित हुनेछ र प्रेममा वृद्धि हुँदैजानेछ।*

## भजन

"धन्य होस् त्यो बन्धन जसले बाँध्छ"

यो भजनले त्यो एकता वा "बन्धन"-को बारेमा बताउँदछ, जसले ख्रीष्टियानहरूका हृदयलाई प्रेममा बाँध्दछ। यसले त्यो सङ्गतिलाई स्वर्गको सङ्गतिजस्तै हो भनी बताउन जारी

राख्दछ : यो बन्धन माथिको बन्धनजस्तै छ"। यसले एक-अर्काको निम्ति र एक-अर्काका बोझहरूका निम्ति प्रार्थना र वास्तामा सहभागी हुनेबारे पनि बताउँदछ। हामी एक दिन स्वर्गमा अनन्तको निम्ति "सिद्ध प्रेम र मित्रता"-मा एक हुने हाम्रो आशाबारे यस भजनले बताउँछ।

धन्य होस् त्यो जसले बाँध्छ
ख्रीष्ट प्रेममा हाम्रा हृदयहरूलाई;
सगोत्र हृदयहरूको सङ्गति
हुन्छ स्वर्गको जस्तै।
हाम्रा पिताको सिंहासनअगि
पोखाउँछौं हाम्रा उत्कट प्रार्थनाहरू;
छन् एउटै हाम्रा डरहरू, हाम्रा आशाहरू, हाम्रा लक्ष्यहरू,
हाम्रा सान्त्वना र हाम्रा चिन्ताहरू।

गर्छौं सहभागहरू हाम्रा पारस्पारिक धिक्कारहरू
पारस्पारिक बोझहरू बोक्छौं,
अनि बग्छन् प्रायः नै सहानुभूतिको आँसु एक-अर्काका निम्ति।
छुट्टिन्छौं जब हामी छरपस्टै भएर
पुऱ्याउँछ यसले हामीलाई आन्तरिक वेदना;
तर हुनेछौं हामी हृदयमा हामी अझै पनि एक,
र गर्छौं आशा, भेट्नेछौं हामी एक।
यो महिमामय आशाले दिन्छ जीवन
हाम्रा साहसलाई हर पल,
जब जिउँछन् हरेक प्रत्याशामा,
र गर्छ चाहना हेर्न त्यस दिनलाई।
शोक, परिश्रम र पीड़ा,
र पापबाट हुनेछौ स्वतन्त्र हामी;
राज्य गर्नेछ सिद्ध प्रेम र मित्रताले
अनन्तता नै भरि।

*रचयिता* : John Fawcett, 1782

अध्याय ४६

# मण्डलीको शक्ति

# The Power of the Church

***मण्डलीसित कुन किसिमको अख्तियार हुन्छ? मण्डलीले यसको कामलाई कसरी अनुशासित गर्नुपर्दछ?***

## व्याख्या र धर्मशास्त्रीय आधार

ठूलो प्रभाव राख्ने संसारका शक्तिशाली सरकारहरू, व्यापारिक र शैक्षिक सङ्गठनहरूलाई जब हामी हेर्छौं, र त्यसपछि हाम्रा स्थानीय मण्डलीहरू, वा भनौं न, हाम्रा सम्प्रदायका मुख्यालयहरूबारे नै विचार गर्छौं, हामीलाई मण्डली दुर्बल र अप्रभावी लाग्न सक्छ। यसबाहेक, हाम्रो समाजमा दिनहुँ देखिने खराबीको द्रुत वृद्धिलाई मानिलिन्छौं, मण्डलीसित कुनै परिवर्तनहरू ल्याउने शक्ति छ के त भनी हामी प्रश्न गर्न सकौंला।

यसको विपरीत, कतिपय देशहरूमा औपचारिक रूपमा मान्यता प्राप्त मण्डलीले राष्ट्रिय मामिलाहरूमा ठूलो प्रभाव पार्छ। पहिलेको समयमा केही दक्षिणी युरोपीय र ल्याटिन अमेरिकी देशहरूमा रोमन क्याथलिक मण्डलीको प्रभाव यस्तै नै थियो (र केही हदसम्म आज पनि उस्तै छ)। यही कुरा अघिका शताब्दीहरूमा Church of England-बारे, र जन क्यालभिन जीवित छँदै जिनिभा, स्विजरल्यान्डमा उनको मण्डलीबारे, र ख्री. १६२० मा तीर्थयात्रुहरूद्वारा (संयुक्त राष्ट्र अमेरिकामा) स्थापित "Massachusetts Bay Colony"-बारे सत्य थियो। मण्डलीहरू अति प्रभावशाली देखिएका स्थितिहरूले हामीलाई यो प्रश्न गर्न बाध्य तुल्याउँछन् कि धर्मशास्त्रले मण्डलीको शक्तिमा कुनै सिमानाहरू तोकिदिएको छ वा छैन?

मण्डलीको शक्तिलाई हामी यसरी परिभाषित गर्न सक्छौं : *मण्डलीको शक्ति यसलाई आत्मिक युद्ध जारी राख्न, सुसमाचार घोषणा गर्न र मण्डलीको अनुशासन कार्यान्वित गर्न परमेश्वरले दिनुभएको अख्तियार हो।*

यी तीनवटा क्षेत्रहरू परस्परव्यापी छन् (एक-अर्काका विषय-वस्तुहरूले परस्परलाई छुने) र यिनीहरूबारे कुनै पनि क्रममा छलफल गर्न सकिए तापनि, "आत्मिक युद्ध"-को संवर्ग बृहतम् भएको कारण यही क्षेत्रलाई सर्वप्रथम छलफल गरिनेछ। मण्डलीको शक्तिबारे यस दृष्टिकोणले हामीलाई यो पनि स्मरण गराउँछ कि मानव सेनाहरूले, सरकारहरूले प्रयोग गर्ने सांसारिक प्रभावझैं नभएर, मण्डलीले सोझै आत्मिक राज्यलाई प्रभावित पार्दछ।

**क. आत्मिक युद्ध**

पावलले कोरिन्थको मण्डलीलाई यो स्मरण गराउँछन्, "किनभने हामी संसारका हौं, तापनि सांसारिक लड़ाइँ त लड़्दैनौं। किनकि हाम्रो युद्धका *अस्त्र-शस्त्र सांसारिक होइनन्, तर किल्लाहरू नाश गर्ने ईश्वरीय सामर्थ्य तिनमा छ"* (२ कोर १०:३-४)। सुसमाचार र मण्डलीको प्रगतिलाई बाधा पुऱ्याउने भूतात्मिक शक्तिहरूका विरुद्ध प्रयोग गरिने यी अस्त्र-शस्त्रहरूमा प्रार्थना, उपासना, भूतात्मिक शक्तिहरूलाई हप्काउने अख्तियार, धर्मशास्त्रका वचनहरू, विश्वास, मण्डलीका सदस्यहरूका धार्मिक आचरण संलग्न हुन्छन् (पावल एफिसी ६:१०-१८ मा हाम्रो आत्मिक लड़ाइँ र हामीले पहिरिने कवचको बेहोरा दिन्छन्)।

हामीले विस्तृत अर्थमा आत्मिक शक्तिको बारेमा विचार गर्दा, यसमा पाप र कठोर बनेको विरोधलाई छिचोलेर जाने र अविश्वासीहरूका हृदयमा विश्वास जागृत गराउने सुसमाचारको शक्ति पनि हुन्छ (हे. रोम १०:१७; याक १:१८; १ पत्र १:२३)। यस शक्तिमा त्यो आत्मिक शक्ति पनि हुन्छ जसले सुसमाचारप्रति भूतात्मिक विरोधलाई निष्प्रभाव (ineffective) बनाइदिनेछ। हामी यसका उदाहरणहरू प्रेरित १३:८-११ मा देख्छौं, जहाँ पावलले एलुमास जादुगरमाथि दण्ड घोषणा गरिदिए जसले सुसमाचारको प्रचारलाई विरोध गरिरहेको थियो। यसको उदाहरण प्रेरित १६:१६-१८ मा पनि पाउँछौं, जहाँ पावलले सुसमाचार प्रचार गरिरहेका बेला उनलाई दिक्कै पार्ने त्यो जोखना हेर्ने केटीमा भएको दुष्टात्मालाई हकारे।[1] दुष्टात्माको विरोधलाई पराजित गर्ने यस प्रकारको आत्मिक शक्ति प्रारम्भिक मण्डलीमा अक्सरै देखिन्थ्यो, जस्तै कारागरबाट पत्रुसको छुटकारामा (प्रे १२:१-१७), र सम्भवतः राजा हेरोद अग्रिपा दोस्रोले पछि पाएको दण्डमा पनि (प्रे १२:२०-२४)।[2]

तर पनि पावल यो बुझ्दछन् कि उनले यो आत्मिक शक्ति सुसमाचारको विरोध गर्ने मण्डली बाहिरका मानिसहरूका विरोधमा मात्र होइन तर मण्डली भित्रकै मानिसहरूका विरुद्धमा पनि प्रयोग गर्न सक्छन् जो उनको प्रेरितिक सेवाका सक्रिय विरोधीहरू हुन्। मण्डलीमा भएका केही अहङ्कारी उपद्रवीहरूबारे उनी भन्छन्, "तर प्रभुको इच्छा भयो भने म तिमीहरूकहाँ चाँड़ै आउनेछु। र ती अहङ्कारी मानिसहरूरूको बात होइन, तर तिनीहरूको शक्तिचाहिँ के रहेछ त्यसको पत्ता लाउनेछु। किनकि परमेश्वरको राज्य कुरामा होइन, तर शक्तिमा हुन्छ" (१ कोर ४:१९-२०)। यस्तो शक्तिसित खेलाइँची गर्न हुँदैनथ्यो किनभने यो त्यही शक्ति थियो जसले हननिया र सफीराको मृत्यु ल्याएको थियो (प्रे ५:१-११) र एलुमासलाई

[1]येशूले मानिसहरूलाई सेवा पुराइरहनुभएको बेला बाधा पुऱ्याउने भूतात्माहरूलाई प्रायः नै हकार्नुहुन्थ्यो, हे. मर्क १:२३-२६; ५:१-१३; आदि।

[2]हेरोदको मृत्यु कुनै पनि प्रकारले मण्डलीले पत्रुसको निम्ति गरेको त्यो "जोशिलो प्रार्थना"-सित सम्बन्धित थियो भनी मूलपाठले विशेष रूपले भन्दैन (प्रे १२:५)। तर हेरोदले यूहन्नाका दाज्यू याकूबलाई तरवारले काटी मारेको अनि पत्रुसलाई झ्यालखानमा हालेको वृत्तान्तलगत्तैपछि हेरोदको मृत्युको विवरणको तथ्यले निश्चय नै यस कुरातिर सङ्केत गर्छ कि हेरोदको मृत्यु मण्डलीको मूल शत्रुमाथि दण्ड भएको होस् भनी परमेश्वरले आशय राख्नुभयो। यसले सुसमाचारको प्रगतिको विरुद्धमा कुनै पनि विरोध टिक्न सक्दैन भन्ने तथ्य देखाउँछ। यही तथ्यलाई हेरोदको मृत्यु लगत्तैपछिको वृत्तान्तले समर्थन गरेको छ र त्यो वाक्य यो हो "तर प्रभुको वचन बढ्दै र फैलिँदैगयो" (प्रे १२:२४)।

अन्धो बनाइदिएको थियो (प्रे १३:८-११)। पावलले यस शक्तिलाई दण्डको रूपमा प्रयोग गर्न चाहेनन्, तर आवश्यक पर्नगए यसो गर्न उनी तयार थिए। उनले पछिबाट कोरिन्थीहरूलाई फेरि लेखे कि उनी अनुपस्थित हुँदा उनका पत्रहरू जति शक्तिशाली हुन्थे, उनी उपस्थित हुँदा उनका कार्यहरू उति नै शक्तिशाली हुनेथिए (२ कोर १०:८-११)। उनको अख्तियारको विरोध गरी खुलेआम पाप गरी पश्चात्ताप नगर्नेहरूलाई उनले यो चेताउनी दिए, "म फेरि आउँदा अघिअघि पाप गर्नेहरू र अरू कसैलाई पनि म छोड्नेछैनँ – किनकि ख्रीष्ट ममा बोल्नुहुन्छ भन्ने प्रमाण तिमीहरू चाहन्छौ। ... यसरी हामी उहाँसँग दुर्बल हुन्छौं, तर तिमीहरूसँगको हाम्रो व्यवहारमा परमेश्वरको शक्तिद्वारा हामी उहाँसँग जिउनेछौं" (२ कोर १३:२-४)। त्यसपछि उनी यस अख्तियारलाई प्रयोग गर्ने उनको अनिच्छाको अन्तिम सम्झौटो आफू आउनअघि उनले तिनीहरूलाई लेखिरहेका छन्, "प्रभुले मलाई दिनुभएको अधिकार कठोरतासाथ मैले प्रयोग गर्नु नपरोस्। त्यो त उहाँले बनाउनका निम्ति दिनुभएको हो, भत्काउनका निम्ति होइन" (२ कोर १३:१०)।

पत्रुस वा पावलमा जत्ति आत्मिक शक्ति थियो उत्तिकै आत्मिक शक्ति आजको मण्डलीमा छ के भनी हामी प्रश्न गर्न सक्छौं। प्रेरितहरूका कामको पुस्तकमै पनि प्रेरितहरू र सुरुका अन्य ख्रीष्टियानहरूमा पनि अवश्यै भिन्नता थियो (ध्यान दिनुहोस्, हननिया र सफीराको मृत्युलगत्तैपछि "प्रेरितहरूका हातबाट धेरै चिन्हहरू र आश्चर्यकर्महरू हुन लागे," "तर अरूहरूमध्ये कसैको पनि तिनीहरूसँग मिल्न आउने आँट भएन, तैपनि मानिसहरूले तिनीहरूलाई आदर गर्थे," प्रे ५:१२-१३)। यसबाहेक, पावलले कोरिन्थको मण्डलीका कुनै पनि अगुवाहरूलाई, वा तिमोथी वा तीतसलाई पनि, कोरिन्थमा तिनका विरोधीहरूका विरुद्धमा त्यो आत्मिक शक्ति प्रयोग गर्ने आदेश दिएनन्। पावलले "प्रभुले *मलाई* दिनुभएको" (२ कोर १३:१०) शक्तिबारे कुरा गरे, सामान्यतया मण्डली वा ख्रीष्टियानहरूलाई दिनुभएको शक्तिबारे होइन।

यसको विपरीत, कोरिन्थको मण्डलीमा भएको कौटुम्बिक व्यभिचारको काण्डमा मण्डलीको अनुशासन प्रयोग गर्ने निर्देशन पावलले दिए, अनि त्यो त्यस बेला गर्नू भने "जब तिमीहरू हाम्रा प्रभु येशूको नाउँमा भेला हुन्छौ, र म आत्मामा तिमीहरूसँग उपस्थित हुन्छु, अनि हाम्रा प्रभु येशूको शक्ति त्यहाँ हुन्छ" (१ कोर ५:४)। यसबाहेक, एफिसी ६:१०-१८ र २ कोरिन्थी १०:३-४ मा भएको आत्मिक युद्धका वर्णनहरू सबै ख्रीष्टियानहरूमा लागु हुने देखिन्छन्, अनि कि सुसमाचारको विरुद्धमा हुने भूतात्मिक विरोधविरुद्ध प्रार्थना गर्ने र अख्तियारसित बोल्ने मण्डलीको अख्तियार छ भन्ने तथ्यलाई आज थोरै मानिसहरूले मात्र इन्कार गर्न सक्छन्।[३] यसकारण यस्तो देखिन्छ कि दुष्टको विरोधविरुद्ध महत्त्वपूर्ण आत्मिक शक्ति प्रत्येक युगको मण्डलीलाई (आजको लगायत) प्रदान गर्न परमेश्वर इच्छुक हुनुहुन्छ। दुष्टको विरुद्धमा हुने संघर्षको समयमा परमेश्वरले मण्डलीलाई प्रदान गर्नुहुने आत्मिक शक्तिको मात्रालाई

[३]सामान्यतया भूतात्मिक शक्तिहरूसित हुने सङ्घर्षबारे हे. अ. २० र "रणनीतिक तहमा आत्मिक युद्ध"-को प्रश्नसम्बन्धी हे. पृ. ४२१।

बढ़ी सुस्पष्ट रूपमा परिभाषित गर्न सम्भवतः असम्भव छ, तर हामीले अघिबाटै विस्तृत विवरण जान्न आवश्यक छैन, हाम्रो बोलावट प्रार्थनामा धर्मशास्त्रप्रति र मण्डलीको अनुशासन प्रयोग गर्ने कामप्रति विश्वसनीय हुनु मात्र हो, र मण्डलीको माध्यमद्वारा उहाँका उद्देश्यहरू हासिल गर्नलाई उहाँले पर्याप्त शक्ति प्रदान गर्नुहुनेछ भनी जानेर बाँकी सबै कामहरू परमेश्वरको हातमा छोड़िदिनुपर्छ।

**ख. राज्यका साँचाहरू**

"राज्यका साँचाहरू" भन्ने वाक्यांश बाइबलमा एकपटक मत्ती १६:१९ मा मात्र लेखिएको छ जुन पदमा येशू पत्रुससँग बोल्दैहुनुहुन्छ, "म तिमीलाई स्वर्गको राज्यका साँचाहरू दिनेछु। जे तिमीले पृथ्वीमा बाँध्नेछौ, सो स्वर्गमा बाँधिनेछ, र जे तिमीले पृथ्वीमा फुकाऔला, सो स्वर्गमा फुकाइनेछ।" "स्वर्गको राज्यका साँचाहरू"-को अर्थ के हो ?[४]

नयाँ करारमा अन्यत्र एउटा साँचोले सदैव *ढोका खोल्ने र एउटा स्थान वा राज्यमा प्रवेश दिने अधिकार* बुझाउँछ। येशू भन्नुहुन्छ, "तिमी व्यवस्थाका पण्डितहरू-लाई धिक्कार ! किनकि तिमीहरूले ज्ञानको साँचो लिन त लियौ, तर तिमीहरू आफै पनि भित्र प्रवेश गरेनौं, अनि अरू पस्नेहरूलाई पनि रोक्यौ" (लूका ११:५२)। यसबाहेक, येशूले प्रकाश १:१८ मा भन्नुहुन्छ, "मृत्यु र पातालका साँचाहरू मसित छन्।" उहाँको तात्पर्य यो थियो कि ती राज्यहरूमा प्रवेशाधिकार र त्यहाँबाट निर्गमनाधिकार प्रदान गर्ने अख्तियार उहाँसित छ। (तु. प्रका ३:७, ९:१ पनि; र यशै २२:२२ मा मसीहीय पूर्ववाणी पनि हे.)।

यसकारण "स्वर्गको राज्यका साँचाहरू"-ले कमसेकम ख्रीष्टको सुसमाचार प्रचार गर्ने अख्तियार बुझाउँछ (तु. मत्ती १६:१६) र त्यसरी स्वर्गको ढोका खोलिदिने र मानिसहरूलाई प्रवेश गराउने बुझाउँछ।

पत्रुसले पेन्तिकोसको दिन सुसमाचार प्रचार गरेर (प्रे २:१४-४२) सर्वप्रथम यो अख्तियार प्रयोग गरे। तर एउटा प्राथमिक अर्थमा अन्य प्रेरितहरूलाई पनि यो अख्तियार दिइएको थियो (उनीहरूले नयाँ करारमा स्थायी रूपमा सुसमाचारहरू लेखे)। अनि परोक्ष अर्थमा सबै विश्वासीहरूसित यो "साँचो" हुन्छ किनकि तिनीहरू सबैले अरू मानिसहरूसँग सुसमाचार बाँड्न सक्छन् र त्यसरी प्रवेश गर्ने मानिसहरूका निम्ति स्वर्गको राज्य खोलिदिनेछन्।

येशूले "स्वर्गको राज्यका साँचाहरू" भन्ने वाक्यांशद्वारा उपलक्षित गर्नुहुने यो अख्तियारको अतिरिक्त के यसको कुनै अर्को अख्तियार पनि छ ? यहाँ साँचाहरूको अख्तियारमा *मण्डलीभित्र अनुशासन लागु गर्ने अख्तियार* पनि समाविष्ट छ भनी सुझाउने दुईवटा तत्त्वहरू छन् – (१) बहुवचन शब्द "साँचाहरू"-ले एउटाभन्दा धेरै ढोकाहरूमाथि अधिकार भएको सुझाउ दिन्छ। यसकारण, यहाँ स्वर्गमा प्रवेश मात्रभन्दा पनि अतिरिक्त उपलक्षित गरिएको छ; *राज्यभित्र* केही अख्तियार पनि

[४]स्वर्गका साँचाहरूबारे छलफलको बाँकी खण्ड Wayne Grudem-द्वारा *EDT*, पृह. ६०४-५ मा लेखिएको लेख "Keys of the Kingdom" -बाट रूपान्तरण, र यहाँ अनुमतिसहित प्रयोग गरिएको छ।

सुझाइएको छ।

(२) येशूले साँचाहरूबारे प्रतिज्ञा "बाँधिनेछ" र "फुकाइनेछ" भन्ने वक्तव्यसित पूरा गर्नुहुन्छ, जो मत्ती १८ मा उहाँको अर्को कथनसित निकट रूपले मिल्नजान्छ, जसमा "बाँधिनेछ" र "फुकाइनेछ"-ले मण्डलीको अनुशासनमुनि राख्नु र मण्डलीको अनुशासनबाट छुटकारा दिनु बुझाउँछ :

> त्यसले मण्डलीको बात पनि सुन्न इन्कार गर्‍यो भने, त्यो तिम्रो लागि विधर्मी (गैरयहूदी) र कर उठाउनेसरह होस्। साँच्चै म तिमीहरूलाई भन्दछु, तिमीहरूले पृथ्वीमा जे *बाँध्छौ,* त्यो स्वर्गमा बाँधिनेछ। अनि तिमीहरूले पृथ्वीमा जे *फुकाउँछौ* त्यो स्वर्गमा फुकाइनेछ। (मत्ती १८:१७-१८)

मत्ती १८ मा "बाँध्ने" र "फुकाउने" कामहरूले स्पष्ट रूपमा मण्डलीको अनुशासन बुझाउँछन् भने मत्ती १६ मा पनि तिनले मण्डलीको अनुशासन नै बुझाएका हुनपर्दछ, जहाँ येशूका शब्दहरू धेरै मिल्दा छन्।[५]

मण्डलीको सम्बन्धमा बाँध्ने र फुकाउने कामलाई यसरी बुझ्दा यो काम मत्ती १६:१९ को सन्दर्भसित पनि मिल्नजान्छ किनकि येशूले उहाँको मण्डली स्थापित गर्ने प्रतिज्ञा गर्नुभएपछि (प. १८) यही अर्थमा उहाँले राज्यमा प्रवेश गर्ने ढोका खोल्ने अख्तियार मात्र दिनुहुन्न तर मानिसहरू त्यसभित्र पसेपछि तिनीहरूका आचरणहरूलाई नियमानुरूप बनाउने केही प्रशासकीय अख्तियार पनि दिनहुने प्रतिज्ञा गर्नुहुन्छ।[६] यसकारण येशूले मत्ती १६:१९ मा पत्रुसलाई प्रतिज्ञा गर्नुभएको "स्वर्गको राज्यका साँचाहरू"-मा निम्नोल्लेखित दुवै थोकहरू थिए : (१) सुसमाचार प्रचारद्वारा मानिसहरूलाई राज्यमा प्रवेश गराउने क्षमता र (२) भित्र पस्नेहरूमाथि मण्डलीको अनुशासन चलाउने अख्तियार।

मत्ती १६:१६-१९ मा येशूले यो सङ्केत दिनुहुन्न कि साँचाहरूको अख्तियार पत्रुसबाहेक पछि अरू कसैलाई पनि दिइन्छ वा दिइँदैन। तर सुसमाचार प्रचार गर्ने अख्तियार पछि अरू मानिसहरूलाई पनि निश्चय दिइएको छ अनि मत्ती १८:१८ मा येशूले यो स्पष्ट बताउनुहुन्छ कि मण्डली अनुशासन लागु गर्ने अख्तियार सामान्यतया

[५]मत्ती १६:१९ को वक्तव्यले "जे" र "तिमी" (पत्रुसलाई इङ्गित गर्दै)-का निम्ति एक वचन सर्वनाम प्रयोग गर्छ, जब कि मत्ती १८:१८ ले बहुवचन प्रयोग गर्छ (सामान्यतः सबै ख्रीष्टियानहरूलाई इङ्गित गर्दै), तिनै ग्रीक शब्दहरू "बाँध्नु" (*dei*) र "फुकाउनु (*luo*) -का निम्ति प्रयोग गरिएका छन्, अनि व्याकरणगत वाक्यविनास (पर्यायोक्तिपरक पूर्ण भविष्यत् काल [periphrastic future perfect] एउटै किसिमको छ।

[६]कतिले यो तर्क गरेका छन् कि बाँध्नु र फुकाउनुले मण्डलीको अनुशासनात्मक कार्बाहीतिर इङ्गित गर्दैन, तर आचरणका विभिन्न नियमहरू बनाउने अख्तियारतिर इङ्गित गर्दछ, किनभने येशूको समयताकाका यहूदी धर्मगुरुहरूबाट आउने रब्बीय साहित्यमा (*rabbinic literature*) *बाँध्नु* र *फुकाउनु* भन्ने शब्दहरूलाई कहिलेकाहीँ विभिन्न किसिमका आचरणहरूलाई अनुमति दिन र निषेध गर्नको निम्ति प्रयोग गरिन्थे। तर, यो व्याख्या चित्त बुझाउनेखालको छैन किनभने यी रब्बीय वक्तव्यहरू मत्ती १८:१८ मा, जहाँ मण्डलीय अनुशासन स्पष्ट दृष्टिगत हुँदछ, येशू स्वयम्का वक्तव्यहरूसित थोरै मात्र मिल्दछन्। यसबाहेक, रब्बीय सामान्तर वक्तव्यहरूमध्ये कुनै पनि वक्तव्यहरू नयाँ करारको समयभन्दा अधिका हुन् वा होइनन् सो जान्न कठिन छ, वा त्यस्ता शब्दहरूले येशू र उहाँका श्रोतावर्गले चलाउने सामान्य शब्दावलीमा प्राविधिक शब्दको रूपमा काम गरेका हुन सक्थे वा सक्थेनन् सो देखाउन कठिन छ – वास्तवमा, मत्ती १८:१८ ले यो देखाउँछ कि ती शब्दहरूले त्यस प्रकारले प्राविधिक शब्दहरूको रूपमा काम गर्थेनन्, किनभने ती शब्दहरू त्यस पदमा मण्डलीको अनुशासन बुझाउनको लागि प्रयोग गरिएका थिए।

मण्डली भेला भएर यसले सामूहिक रूपमा त्यस्तो अनुशासन कार्यान्वित गर्दा मण्डलीलाई दिइएको छ ("मण्डलीलाई भन," मत्ती १८:१७)। यसकारण साँचाहरूका दुवै पक्षहरूलाई, ती सर्वप्रथम पत्रुसलाई दिइएको भए तापनि, सम्पूर्ण मण्डलीलाई दिइएको अख्तियार समाविष्ट गर्नका लागि चाँडै विस्तारित गरिए। सुसमाचार प्रचार गर्नमा र अनुशासन लागु गर्नमा मण्डलीले अब राज्यका साँचाहरूको अख्तियार प्रयोग गर्छ।

साँचाहरूको अख्तियारले उपलक्षित गरेको मण्डलीको अनुशासनमुनि कस्ता व्यक्तिहरू वा कार्यबाहीहरू पर्छन्? मत्ती १६:१९ र १८:१८ मा लेखिएका "जे"-को समानार्थी ग्रीक शब्द नपुंसक लिङ्ग हो, र यसले यो सङ्केत दिएको देखिन्छ कि येशू निर्दिष्ट रूपले *व्यक्तिहरूसँग* ("जो" जसको लागि सामान्यतः एक पुंलिङ्ग बहुवचन प्रयोग गरिने आशा गरिन्छ) बोलिरहनुभएको छैन, तर यसको सट्टामा मण्डलीभित्र उत्पन्न हुने सामान्यतः *परिस्थितिहरू* र *आपसी सम्बन्धहरू*बारे बोलिरहनुभएको छ। यसले विभिन्न मानिसहरूमाथि अनुशासन लागु गर्ने कामलाई पनि वर्जित गर्दैन, तर यो वाक्यांश त्यसभन्दा पनि व्यापक छ, र यसले ती विशेष कार्यहरू पनि समाविष्ट गर्छ जो अनुशासनको अधीनस्थ हुन्छन्।

यद्यपि मण्डली अनुशासनको सन्दर्भमा साँचाहरूको अख्तियार पूर्णतः असीमित छैन। यो साँचो पापको विरुद्धमा मात्र प्रभावकारी हुन्छ (तु. १८:१५), त्यो पाप जो परमेश्वरको वचनद्वारा परिभाषित गरिएको छ। परमअर्थमा कुन कुरा नैतिक रूपमा सही र गलत छ भन्नेबारे विधान बनाउने मण्डलीको आफ्नै अख्तियार हुँदैन किनकि के सही र के गलत हो सो परिभाषित गर्ने अख्तियार परमेश्वरको मात्र हुन्छ (हे. रोम १:३२; २:१६; ३:४-८; ९:२०; भज ११९:८९, १४२, १६०; मत्ती ५:१८)। मण्डलीले त्यो मात्र घोषणा गर्न सक्छ, सिकाउन सक्छ जो परमेश्वरले उहाँको वचनमा आदेश दिइसक्नुभएको छ। नता साँचाहरूको अख्तियारमा कुनै पनि परमअर्थमा पाप क्षमा दिने अख्तियार नै हुन्छ, किनभने धर्मशास्त्रमा यो स्पष्ट छ कि त्यो काम परमेश्वरद्वारा मात्र गर्न सकिन्छ (यशै ४३:२५; ५५:७; मर्क २:७, १०; भज १०३:३; १ यूह १:९)।[७] त्यसकारण मण्डलीमा अनुशासन लागु गर्ने अख्तियार त्यो अख्तियार हो जसलाई धर्मशास्त्रको मानदण्डअनुरूप पूरा गरिइनुपर्दछ।

के स्वर्गको राज्यका साँचाहरूको उपयोगमा हुने आत्मिक अख्तियारको प्रकारबारे अझ सुनिश्चित बन्न सम्भव छ? मत्ती १६:१९ र १८:१८ ले असाधारण मौखिक वाक्य-विन्यास प्रयोग गर्छन् (पर्यायोक्तिपरक पूर्ण भविष्यत् काल [periphrastic future perfect]। यसलाई NASB-ले अझ उत्तम तरीकामा अनुवाद गरेको छ, "तिमीले पृथ्वीमा जे बाँध्छौ, त्यो स्वर्गमा *बाँधिएको हुनेछ* अनि तिमीले पृथ्वीमा जे फुकाउनेछौ त्यो स्वर्गमा *फुकाइएको हुनेछ*।[८] यस वाक्यसंरचनाका अरू विभिन्न उदाहरणहरूले यो देखाउँछन् कि यसले भविष्यमा गरिने क्रियालाई मात्र सङ्केत गर्दैन

[७]यूहन्ना २०:२३ मा, चेलाहरूद्वारा पाप क्षमा गरिने प्रसङ्गलाई सर्वोत्तम ढङ्गमा बुझ्नुपर्दा मण्डलीको अनुशासनबाट मुक्त गर्ने र मत्ती १६:१९ र १८:१८ को जस्तै अर्थमा व्यक्तिगत सम्बन्ध पुनस्थापित गर्ने अर्थमा बुझ्नुपर्छ।

[८]हे. *The Expositors' Bible*-मा मत्तीमाथि D.A. Carson-को टिप्पणी, पृह. ३७०-७२।

("बाँधिनेछ"), जसको लागि एउटा सामान्य ग्रीक काल उपलब्ध थियो, तर *एउटा कर्म जो कुनै भावी समयको बिन्दुमा पुरा हुनेछ,* र यसको यस्तो प्रभाव हुनेछ जसलाई लगातार थाहा गरिरहन सकिनेछ।[९] त्यसकारण, मण्डलीको अनुशासनमा स्वर्गीय समर्थन हुनेछ भनी येशूले सिकाइरहनुभएको छ। तर कुनै कार्बाहीहरू गरिएपछि यस्ता कार्बाहीहरूलाई अनुमोदन गरिनका लागि मण्डलीले परमेश्वरलाई प्रतीक्षा गर्नुपर्छ भनिएको होइन। जब पनि मण्डलीले *अनुशासन लागु गर्छ,* परमेश्वरले सो प्रक्रिया आत्मिक रूपमा गरिसक्नुभएको छ भनी यो विश्वस्त हुनसक्छ। जब पनि यसले *अनुशासनबाट मुक्त गर्दछ,* पापीलाई क्षमा गर्दछ, अनि व्यक्तिगत सम्बन्धहरू पुनर्स्थापित गर्दछ, मण्डली विश्वस्त हुनसक्छ कि परमेश्वरले अघिबाटै पुनर्स्थापना कार्य आरम्भ गरिसक्नुभएको छ (तु. यूह २०:२३)। यस प्रकार येशूले प्रतिज्ञा गर्नुहुन्छ कि परमेश्वर र अनुशासनाधीन व्यक्तिको आत्मिक सम्बन्ध मण्डलीको अनुशासनात्मक कार्यअनुरूप दिशातिर तत्कालै प्रभावित हुँदछ। यसकारण, मण्डलीको वैधानिक अनुशासनमा तदनुरूप स्वर्गीय अनुशासन शुरु भइसकेको छ भन्ने विस्मयकारी निश्चितता संलग्न हुँदछ।

यसबाहेक, साँचो मण्डलीको अनुशासनको अधीनस्थ हुनथाल्ने एकएक ख्रीष्टियानहरूमा साँचोको शक्तिबारे यो शिक्षाको अर्थपूर्ण प्रयोग हुन्छ – ख्रीष्टियानहरू यो अनुशासनको अधीनमा बस्नुपर्छ, यसबाट भाग्नु हुँदैन, किनभने परमेश्वर स्वयम्ले पनि तिनीहरूलाई त्यस पापको निम्ति अनुशासनाधीन गर्नुभएको छ।

## ग. मण्डलीको शक्ति र राज्यको शक्ति

यस अघिका खण्डहरूले मण्डलीले प्रयोग गर्नुपर्ने आत्मिक शक्ति र लड्नुपर्ने आत्मिक युद्धहरूबारे विवेचन गरेका छन्। तर यसको *मिशन* अगाड़ि बढ़ाउनका लागि के मण्डलीले भौतिक शक्ति (उदाहरणार्थ, हातहतियारहरू र सेनाहरू) प्रयोग गर्नुपर्छ? भौतिक, सांसारिक युद्धतिर सङ्केत गर्नको लागि सामान्यतः प्रयोग गरिने वाक्यांश "तरवार उठाउनु" हो।

नयाँ करार युगमा आफ्ना उद्देश्यहरू पूरा गर्नका लागि मण्डलीले कहिल्यै पनि तरवार उठाउनु हुँदैन भन्ने अनेकौं सङ्केतहरू धर्मशास्त्रमा छन्। धर्मयुद्धहरू (crusades)-मा मण्डलीद्वारा प्रायोजित सेनाहरू इस्राएलको भूमि फिर्ता पाउनका लागि यूरोप र एसियामा चलखेल गर्दा यही भयावह भुल हुनगएको थियो। यी मुद्दाहरूमा सांसारिक क्षेत्रहरू विजय गर्नका लागि मण्डलीले भौतिक शक्ति प्रयोग गर्ने प्रयास गरिरहेको थियो। तर येशूले भन्नुभयो, "*मेरो राज्य यस संसारको होइन*। मेरो राज्य यस संसारको हुँदो हो त मेरा सेवकहरू मेरो निम्ति लड्नेथिए" (यूह १८:३६)। मण्डलीसित साँचोको शक्ति छ, जो आत्मिक शक्ति हो। आत्मिक हातहतियार प्रयोग गर्दै यसले आत्मिक लड़ाइँ लड्नुपर्छ, तर यसको उद्देश्य पुरा गर्नका लागि यसले तरवारको शक्ति प्रयोग गर्नु हुँदैन। "हाम्रो युद्धका अस्त्र-शस्त्र

[९]हे. लूक १२:५२; उत ४३:९, ४४:३२; प्रस १२:६; सिराक ७:२५; Hermas *Similitudes* 5.4.2; *Letter of Aristas* 40 आदिमा उदाहरणहरू।

सांसारिक होइनन्" (२ कोर १०:४)।

*नागरिक सरकारलाई* परमेश्वरले अवश्यै तरवार भिर्ने अधिकार दिनुहुन्छ, अर्थात्, संसारमा दुष्टलाई दण्ड दिनका लागि बल प्रयोग गर्ने अधिकार (रोम १३:१-७)। तर कुनै पनि मानिसहरूलाई ख्रीष्टियान धर्ममा ल्याउनका लागि सरकारको शक्ति प्रयोग गरिनुपर्छ भन्ने कुनै सङ्केत पाइँदैन।[10] यसबाहेक, मानिसहरूलाई सुसमाचार स्वीकार गर्न बाध्य गर्नका लागि भौतिक बल प्रयोग गर्न येशूले अस्वीकार गर्नुभएको अनेकौं सङ्केतहरू छन्। उदाहरणार्थ, एउटा सामरी गाउँले येशूलाई स्वीकार नगर्दा, याकूब र यूहन्नाले सोधे, "प्रभुज्यू, के तपाईं चाहनुहुन्छ कि स्वर्गबाट आगो बर्साएर यिनीहरू भस्म होऊन् भनी हामी आज्ञा गरौं?" (यूह ९:४५)। तर त्यस्तो सुझाउ मात्रै दिँदा पनि येशूले "तिनीहरूलाई हप्काउनुभयो" (५५ प.)। सुसमाचार ग्रहण गर्ने सबैलाई सुसमाचार सुनाउन येशू पहिलोचोटि आउनुभयो, सुसमाचार अस्वीकार गर्नेहरूलाई दण्ड दिन आउनुभएन। यसैकारण उहाँले भन्नसक्नुभयो, "किनकि परमेश्वरले संसारलाई दोषी ठहराउन भनी पुत्रलाई संसारमा पठाउनुभएन, तर संसार उहाँद्वारा बाँचोस् भनेर पठाउनुभयो" (यूह ३:१७)। मण्डली युगको अन्तमा, उहाँ एक दिन न्याय गर्न आउनुहुनेछ, तर यस युगमा न्याय गर्नका लागि बल प्रयोग गर्नु मण्डलीको विशेषाधिकार होइन।

"यसकारण जे कैसरका हुन्, ती कैसरलाई देओ, र जे परमेश्वरका हुन् ती परमेश्वरलाई देओ" (मत्ती २२:२१) भनी येशूले भन्नुहुँदा सरकारलाई दिइएको अख्तियार र उहाँप्रति हाम्रो व्यक्तिगत निष्ठामा परमेश्वरले प्रयोग गर्नुहुने अख्तियारबीच स्पष्ट भिन्नता छुट्ट्याउनुभयो। अनि येशूले नागरिक सरकारको अख्तियारलाई मान्यता दिनुभए तापनि, एउटा पारिवारिक उत्तराधिकारको प्रसङ्गमा "मित्र, कसले मलाई तिमीहरूमाथि न्याय गर्ने अथवा तिमीहरूको सम्पत्ति बाँड़िदिने तुल्यायो?" (लूक १२:१३-१४) भन्नुहुँदै उहाँले त्यो अख्तियार आफै हड़प्नु अस्वीकार गर्नुभयो।

ख्रीष्टियानत्वप्रति निष्ठा रखाउनका लागि सरकारले बल प्रयोग गराउन नमिल्नुको एउटा अर्को कारण के हो भने नयाँ करारमा, मण्डलीमा सदस्यता र ख्रीष्टप्रति भक्ति वा निष्ठा स्वैच्छिक हुनुपर्दछ। परिवार वा राज्यद्वारा तिनलाई बाध्य पार्न सकिँदैन। वास्तवमा, ख्रीष्टमा विश्वास, साँचो रूपले धारण गरिन र त्यसअनुसार जिउनका लागि बल प्रयोगद्वारा बाध्य पार्न सकिँदैन। यदि बाध्य पारियो भने, यसले यसको मूलभूत गुण परिवर्तन गर्दछ र यो एक व्यक्तिको स्वैच्छिक कार्य हुन छोड्दछ, र यो वास्तविक विश्वास हुन सक्दैन।

यसबाट यो पनि बुझिन्छ कि *नागरिक सरकारले मण्डलीको धर्मसिद्धान्तका प्रकारहरू अनिवार्य गराउने, वा मानिसहरूले चाहेको अनुरूप तिनीहरूलाई पूजन गर्ने स्वतन्त्रताबाट वञ्चित गराउने प्रकारका नियमहरू लागु गराउनु हुँदैन*। यसको विपरीत, मण्डलीले राज्यमाथि शासन गर्दैन अनि गर्नु हुँदैन, यसरी कि मानौं यो

[10]Edmund Clowney-ले सही भन्छन्, "ख्रीष्टले उहाँको राज्य तरवारको बलमा ल्याउने अधिकार चेलाहरूलाई अस्वीकार गर्नुभयो भनी मात्र हामीले मानिलिनु हुँदैन, तर हामीले त्यो अधिकार पिलातसलाई दिनुपर्छ" D.A. Carson-द्वारा सम्पादित *The Church in the Bible and the World* [एक्जिटर : पेटरनस्टर, र ग्यान्ड र्‍यापिड्स् : बेकर, १९८७], पृ. ३३ मा।

राज्यभन्दा माथिको अख्तियार हो; यो त्यस्तो होइन। बरु, मण्डलीको अख्तियार र मण्डलीको अख्तियार पृथक क्षेत्रहरूमा पर्छन् (मत्ती २२:२१; यूह १८:३६; २ कोर १०:३-४), र आ-आफ्नो सञ्चालन-क्षेत्रमा तिनीहरू आपस्तलाई परमेश्वरले प्रदान गर्नुभएको अख्तियारलाई तिनीहरूले आदर गर्नुपर्छ।

मण्डलीका र राज्यका गतिविधिहरूमाथि यी सीमाबन्धनहरू मध्ययुगका अधिकांश भागभरि क्याथलिक मण्डलीका प्रथाहरूभन्दा भिन्नै छन्, जब मण्डलीको शक्ति प्रायः नै नागरिक सरकारको शक्तिभन्दा धेरै हुन्थ्यो। यी सिद्धान्तहरू Church of England-को प्रथाभन्दा पनि बेग्लै थियो, जो बिशपहरूको नियुक्तिको मामिलामा र धर्मसैद्धान्तिक मानस्तरमा कुनै परिवर्तन गर्नुपरेको खण्डमा महारानी र संसदको अख्तियारको अधीनस्थ हुन्छ। आज धेरै रोमन क्याथलिक देशहरू मण्डली र राज्यका पृथक भूमिकाहरूलाई सम्मान गर्नमा असफल भएका देखिन्छन्, जहाँ अझै पनि सरकारमाथि मण्डलीको बलियो प्रभाव रहेको हुन्छ, अनि उत्तरी यूरोपमा रिफर्मेशनपछि राज्यद्वारा प्रायोजित मण्डलीहरूको अनिवार्य सदस्यताको कारण धेरै आप्रावासीहरू धार्मिक स्वतन्त्रताको निम्ति अमेरिकातिर भाग्न बाध्य बनेका थिए।

तथापि, यो भन्नैपर्छ कि प्रोटेस्टेन्ट वा क्याथलिक देशहरूमा राज्यद्वारा लागु गरिएको धर्मको मात्रा अधिकांश मुश्लिम देशहरूमा, साथै अनेकौं हिन्दू साथै बौद्ध देशहरूमा राज्यद्वारा प्रायोजित र लागु गरिएको धर्मको मात्राको तुलनामा थोरै छ। वास्तवमा, संसारको कुनै पनि देशमा (विभिन्न धर्महरू अति कमजोर वा अति सराबरी रहेका कारण कुनै एउटा धर्मको प्रबल राजनैतिक शक्ति नभएको देशहरूलाई छोड़ी) स्वस्थ इभ्यान्जेलिकल् ख्रीष्टियानत्वको प्रभाव छोड़ेर अन्य कुनै साँचो धार्मिक स्वतन्त्रता पाउन कठिन छ। जब पनि ख्रीष्टियानहरू राजनैतिक क्षेत्रमा संलग्न हुन्छन्, उनीहरूले धार्मिक स्वतन्त्रतालाई मोलतोल गर्न नमिल्ने राजनैतिक नीतिको रूपमा स्पष्टतया पुष्टि गर्नुपर्छ, अनि उनीहरू आफ्नाबाहेक अन्य धर्महरूको पनि स्वतन्त्रतालाई रक्षा गर्न इच्छुक हुनुपर्छ। ख्रीष्टियान आस्था यसका आफ्नै दुई खुट्टामा उभिन सक्छ अनि कुनै पनि समाजमा र कुनै पनि संस्कृतिमा विचारको बजारमा राम्ररी प्रतिस्पर्धा गर्न सक्छ, यदि यसलाई त्यसो गर्ने स्वतन्त्रता दिइयो भने।

अन्त्यमा, माथि भनिएका कुरालाई नैतिकताको बाइबलीय मानस्तरअनुरूपका कानुनहरू बनाउन सरकारमाथि सकारात्मक नैतिक प्रभाव ल्याउने प्रयासबाट ख्रीष्टियानहरूलाई निषेध गरिएको रूपमा भुल बुझिनु हुँदैन। परिवारहरू र निजी सम्पत्ति र मानवजातिका जीवनको सुरक्षा गर्ने कानुनहरू बनाउन सरकारलाई बाध्य गर्ने प्रयास गर्नु ख्रीष्टियानहरूका निम्ति उचित हो – हत्या, व्याभिचार, चोरी, र अनुबन्धहरू तोड्नुलाई (दशआज्ञा उल्लङ्घन गर्ने कुराहरू), साथै पुरुषगामी व्यवहार, मतवालीपन, लागुपदार्थ, भ्रूणहत्या, र नैतिकताबारे बाइबलीय मानस्तरविपरीत थोकहरू)-लाई गैरकानुनी घोषित र दण्डित गर्ने कानुनहरू। यी थोकहरू कुनै विशेष किसिमको मण्डलीय धर्मसिद्धान्त विश्वास गर्ने वा उपासना सेवाहरूमा

उपस्थित हुने आवश्यकताभन्दा अत्यन्तै बेग्लै हुन्। पछिल्लाहरू, ती परमेश्वरसित हाम्रो सम्बन्ध र उहाँबारे हाम्रो विश्वाससित सम्बन्धित भएका कारण, साँघुरो अर्थमा, स्पष्टतया "धार्मिक" गतिविधिहरू हुन्।[११] यी विषयहरूबारे सरकारहरूले कानुन बनाउनु हुँदैन।

### घ. मण्डलीको अनुशासन

मण्डली अनुशासन मण्डलीको शक्ति प्रयोगको एक पक्ष भएको हुनाले, मण्डली अनुशासनको प्रयोगसित सम्बद्ध बाइबलीय सिद्धान्तहरूको केही विवेचन दिनु यहाँ उपयुक्त ठहरिन्छ।

### १. मण्डली अनुशासनको उद्देश्य।

**अ. बरालिरहेका विश्वासीको पुनर्स्थापना र मिलाप :** पापले विश्वासीहरूबीच र परमेश्वरसँग सङ्गतिमा बाधा पुऱ्याउँछ। मिलाप आउनको लागि पापलाई टुङ्गो लगाउनैपर्छ। त्यसकारण, मण्डली अनुशासनको मूलभूत उद्देश्य *पुनर्स्थापना* (नियम भङ्ग गर्नेहरूलाई उचित व्यवहारमा ल्याएर) अनि *मिलाप* (विश्वासीहरूबीच, र परमेश्वरसँग)।[१२] जसरी ज्ञानी बाबुआमाले आफ्ना छोराछोरीलाई अनुशासित गर्छन् (हितो. १३:२४, छोरालाई "प्रेम गर्ने बाबुले होशियारीसाथ त्यसलाई ताड़ना दिन्छ"), अनि जसरी परमेश्वरले आफूले प्रेम गर्नुभएकाहरूलाई अनुशासित गर्नुहुन्छ (हिब १२:५; प्रका ३:९), त्यसरी नै मण्डलीले अनुशासित गर्दा बरालिएका भाइ वा बहिनीलाई फर्काइल्याउनको लागि प्रेमको कारण काम गरिरहेको हुन्छ, ती व्यक्तिलाई उचित सङ्गतिमा पुनर्स्थापित गर्दै र तिनलाई जीवनका विध्वंसक ढाँचाहरूबाट उद्धार गर्दै। मत्ती १८:१५ मा, आशा यही छ कि कोही एक्लै जान्छ भने, अनुशासन प्रथम पाइलामा नै थामिनेछ, "यदि त्यसले तिम्रो कुरा सुन्यो भने, तिम्रो भाइ आफ्नो भयो।"

[११]ख्रीष्टियानहरूले बाइबलीय मानस्तरहरूअनुरूपका कानुनहरू बनाउन सरकारलाई प्रभावित बनाउने प्रयास गर्नुपर्छ भन्ने तथ्य मत्ती ६:१०; १४:४; प्रे २४:२५; र १ तिमो. २:१-४ जस्ता उद्धरणहरूद्वारा इङ्गित गरिएको छ। हामी यो आशा गर्न सक्छौं कि धर्मशास्त्रका नैतिक मानदण्डहरूसित कुनै समाजविशेषका अधिकांश मानिसहरू सहमत हुनेछन्, किनभने ती नैतिक मानदण्डहरू तिनीहरूका हृदयमा पनि लेखिएका छन् र त्यसकारण यी मानदण्डहरू सही हुन् भनी तिनीहरूका चेतनाहरूमा एउटा गवाह छ (हे. रोम २:१४-१५)। परमेश्वरले सबै समाजहरू र संस्कृतिहरूलाई उहाँका नैतिक मानदण्डहरू मानिलिन जिम्मेवार ठहराउनुहुन्छ, अनि प्रायः नै पुरानो करारमा परमेश्वरका अगमवक्ताहरूले इस्राएलका मानिसहरूलाई मात्र नभएर अनैतिक ईश्वरविहीन समाजहरूमा पनि इन्साफ घोषणा गरे, यद्यपि तिनीहरूसँग उहाँका लिखित व्यवस्थाहरू थिएनन् (हे. व्यव. ९:५; यशै. १३-२३; इज. २५-३२; दान ४:२७; आमो. १-२; ओब [एदोमलाई लिखित]; योना [निनवेलाई अगमवाणी]; नहूम [निनवेलाई अगमवाणी]; हब. २; सप २)। वास्तवमा, नागरिक सरकारहरू "दुष्ट काम गर्नेहरूलाई दण्ड दिन र असल काम गर्नेहरूलाई प्रशंसा गर्न" परमेश्वरद्वारा खटाइएका हुन् (१ पत्र २:१४)।

[१२]मण्डलीय अनुशासनबारे उनीहरूको उत्कृष्ट पुस्तक *Church Discipline That Heals* (डाउनर्स् ग्रोभ, इलि. इन्टरभर्सिटि प्रेस, १९८५; मूलतः *Healing the Wounded* शीर्षकमा प्रकाशित)-मा John White अनि Ken Blue उल्लेख गर्छन् कि मण्डली अनुशासनको मूल उद्देश्यको रूपमा मिलापलाई राख्न असफल हुनाले मण्डली इतिहासमा यस प्रक्रियाको धेरै दुरुपयोगहरूमा पुऱ्याएको छ (हे. विशेष गरी पृह. ४५-५६)। तर उनीहरू स्वयम् भन्छन् कि "संलग्न पक्षहरूमा परिवर्तनविना साँचो मिलाप कहिल्यै हुँदैन" (पृ. ४६)। त्यसकारण मैले यो प्रथम खण्डमा मिलाप र पुनर्स्थापनालाई सम्मिश्रित गरेको छु।

"तिम्रो भाइ आफ्नो भयो" भन्ने वाक्यांशले यही सूचित गर्छ कि अनुशासन कार्यान्वित गर्नेहरूले ख्रीष्टियानहरूमाझ व्यक्तिगत मिलापलाई सधैं मनमा राख्नुपर्छ। पावल हामीलाई स्मरण गराउँछन् कि पाप गर्ने भाइ-बहिनीलाई हामीले "नम्रतापूर्वक" "सुधार" गर्नुपर्छ (गला ६:१), अनि "एक जना पापीलाई त्यसको कुमार्गबाट फिराएर" (याक ५:२०) ल्याउन याकूब हामीलाई उत्साहित गर्छन्।

वास्तवमा, यदि पापपूर्ण आचरणको प्रथम स्पष्ट प्रमाणमा नै मण्डलीका सदस्यहरू व्यक्तिगत रूपमा कोमल चेतावनीका निजी शब्दहरू सुनाउनमा र प्रार्थनामा सक्रियतापूर्वक संलग्न भए भने, थोरै मात्रामा औपचारिक मण्डली अनुशासन लागु गर्न आवश्यक हुनेछ, किनभने यो प्रक्रिया दुई व्यक्तिहरूबीच भएको कुराकानीमै आरम्भ र अन्त हुनेछ जो अरू कसैले कहिल्यै थाहा पाउने छैनन्।

अन्तिम कदमको रूपमा "बहिष्करण" (*excommunication*)-को कार्बाही गरिँदा पनि, यसको परिणाम पश्चात्ताप नै होला भन्ने आशाले गरिन्छ। पावलले हुमेनियस र अलेक्जेन्डरलाई शैतानको हातमा सुम्पेका थिए ताकि तिनीहरूले "निन्दा (*परमेश्‍वरनिन्दा*) नगर्नू भन्ने कुरा सिकून्" (१ तिमो १:२०), अनि कोरिन्थमा कौटुम्बिक व्यभिचारमा बसिरहेको मानिसलाई शैतानको हातमा सुम्पिदिनू भन्ने आज्ञा थियो "ताकि त्यसको पापमय स्वभाव नाश होस्, अनि प्रभुको दिनमा त्यसको आत्माचाहिँ बाँचोस्" (१ कोर ५:५)।[13]

मण्डली अनुशासनको कदम उठाउनैपर्ने ख्रीष्टियानहरूले यदि यो प्रथम उद्देश्य – बरालिरहेका विश्‍वासीहरूका परस्परसित र परमेश्‍वरसित मिलाप, अनि जीवनका उचित ढङ्गहरूको पुनर्स्थापना स्मरण गरिरहे भने – संलग्न पक्षहरूप्रति साँचो प्रेम राखेर काम गरिरहन धेरै सजिलो हुनेछ, अनि पीड़ितको क्रोधका अनुभूतिहरूबाट वा बदलाका चाहनाहरूबाट, जो प्रायः नै सतहमा रहेका हुन्छन्, धेरै सहजै उम्किन सकिन्छ।

**आ. पापलाई अरूहरूमा फैलिन नदिनु :** मण्डली अनुशासनको प्राथमिक उद्देश्य भुल गर्ने विश्‍वासीहरूको पुनर्स्थापना र मिलाप भए तापनि, यस वर्तमान युगमा मिलाप र पुनर्स्थापना सधैं भइहाल्दैन। तर चाहे पुनर्स्थापना आओस् या नआओस्, मण्डलीलाई अनुशासन लागु गर्नू भनिएको छ कारण यसद्वारा अरू दुईवटा उद्देश्यहरू पनि पूर्ति हुन्छन्।

एउटा उद्देश्य यही हो कि पापलाई अरूमा फैलिनदेखि रोकिनेछ। हिब्रूका लेखक ख्रीष्टियानहरूलाई यो सुनिश्‍चित गर्न लगाउँछन् कि "तीतोपनको जरो उम्रेर आईकन त्यसले फुट नल्याओस् *र धेरै जनालाई अशुद्ध नपारोस्"* (हिब १२:१५)। यसको अर्थ यो हुन्छ कि यदि व्यक्तिहरूबीचको कलहलाई झट्टै साम्य पारिएन भने, त्यसको प्रभाव अरू धेरैमा फैलिन सक्छ – जो दुःखपूर्वक भन्नुपर्छ कि मण्डली

[13]यी पदहरूमा "शैतानको हातमा" सुम्पनु भन्ने यो असामान्य वाक्यांशको अर्थ "मण्डलीबाट निकाल्नु" हुनसक्ने देखिन्छ किनकि १ कोर ५:२, ७, १३ मा पावलले कोरन्थीहरूलाई ठीक त्यही भन्दछन्। कुनै व्यक्तिलाई मण्डलीबाट बहिष्कार गर्नुको अर्थ उसलाई यो पापी युगको राज्यमा फर्काइपठाउनु हुन्छ, जसको शासक शैतान हो।

विभाजनका धेरै घटनाहरूमा सत्य देखिन्छ। पावल यो पनि भन्छन्, *"अलिकता खमीरले जम्मै ढिकालाई खमीरा बनाइहाल्छ,"* अनि कोरिन्थीहरूलाई कौटुम्बिक व्यभिचारमा बस्ने एउटा मानिसलाई मण्डलीबाट निकाल्नू भन्छन् (१ कोर ५:२, ६-७), ताकि त्यसको पापले सम्पूर्ण मण्डलीलाई प्रभावित नपारोस्। यदि त्यस मानिसलाई अनुशासनमा नराखिए, त्यो पापको प्रभाव त्यस घटनाबारे जानकारी भएका अरू धेरैमा फैलिने थियो र मण्डलीले यसबारे थोरै ध्यान दियो भनी तिनीहरूले ठान्नेथिए। यसले धेरैलाई यो सोच्न लगाउने थियो कि त्यो पाप सायद तिनीहरूले सोचेजस्तै नराम्रो थिएन, अनि अरू कतिचाहिँ त्यस्तै वा सम्बन्धित प्रकारको पाप गर्न प्रेरित हुन सक्लान्। यसबाहेक, कुनै विशेष अपराधको विरुद्धमा कुनै अनुशासन लागु गरिएन भने, भविष्यमा कसैले त्यस्तैखाले अपराध गरेको खण्डमा अनुशासन लागु गराउन मण्डलीलाई धेरै नै गाह्रो हुनेछ।

पावलले तिमोथीलाई यो पनि भने कि पाप गरिरहने एल्डरहरूलाई सबैको अगाड़ि हप्काउनुपर्छ, *"र यसरी अरूहरू पनि डराउनेछन्"* (१ तिमो ५:२०) – अर्थात्, ताकि अरू धेरैले बुझ्नेछन् कि पापलाई सहिने छैन तर यसले मण्डलीबाट र परमेश्वर स्वयम्‌बाट अनुशासन खानेछ। वास्तवमा, पावलले पत्रुसलाई सार्वजनिक रूपमा हप्काए, ताकि आफूलाई अलग गरेर यहूदी विश्वासीहरूसँग मात्र भोजन गर्ने (गला २:११) पत्रुसको नराम्रो उदाहरण अरूले नपछ्याऊन्।

**इ. मण्डलीको शुद्धता र ख्रीष्टको सम्मान रक्षा गर्नु** : मण्डली अनुशासनको तेस्रो उद्देश्य यही हो कि मण्डलीको शुद्धताको रक्षा गरिनुपर्छ, ताकि ख्रीष्टको अनादर नभएको होस्। हो, यस युगको कुनै पनि विश्वासीमा पूर्ण रूपले शुद्ध हृदय हुँदैन, अनि हामी सबैका जीवनमा बाँकी रहेको पाप हुँदछ। तर जब मण्डलीको कुनै सदस्यले यसरी पाप गरिरहन्छ कि त्यो बाहय रूपमा नै अरूलाई, विशेष गरी अविश्वासीहरूलाई,[१४] प्रत्यक्ष हुन्छ भने यसले स्पष्टत: ख्रीष्टको अनादर ल्याउँछ। यो ती यहूदीहरूको स्थितिजस्तै हो जसले परमेश्वरको व्यवस्था उल्लङ्घन गरे र अविश्वासीहरूलाई परमेश्वरको नामको उपाहस गर्न र परमेश्वरनिन्दा गर्नतिर डोऱ्याए (रोम २:४४, "अन्यजातिहरूका बीचमा परमेश्वरको नाउँ तिमीहरूद्वारा नै निन्दित भएको छ")।

त्यसैकारण मण्डलीमा सार्वजनिक रूपमा थाहा भएको स्वैच्छिक पापमा बाँचिरहेको एउटा मान्छेलाई अझै पनि अनुशासनमा नराखेको थाहा पाएर पावल स्तब्ध भएका छन् (१ कोर ५:१-२, "तिमीहरूचाहिँ घमण्ड गर्छौ। तिमीहरूले त शोक गर्नुपर्नेथिएन र?") साथै "एउटा भाइ अर्को भाइको विरुद्धमा अदालतमा जान्छ, त्यो पनि अविश्वासीहरूका सामुन्ने" (१ कोर ६:६), यो देखेर पावल अत्यधिक व्यथित थिए। मण्डलीको चरित्रमा त्यस्ता खोटहरू लाग्न दिनुभन्दा, "उहाँको (ख्रीष्टको) दृष्टिमा ... दाग वा खोट नभएकाहरू वा शान्तिमा बस्नेहरू हुन प्रयत्न गर" (२ पत्र ३:१४) भनी पत्रुस विश्वासीहरूलाई उत्साहित गर्छन्। अनि

[१४]तर स्वर्गदूतहरूलाई पनि (हे. एफि ३:१०; १ तिमो ५:२१)।

हाम्रा प्रभु येशू स्वयम्‌लाई एउटा यस्तो मण्डली प्रस्तुत गर्न चाहनुहुन्छ जसमा "कुनै दाग वा चाउरी नभएको ... पवित्र र निष्खोट" होस् (इफि ५:२७), किनभने उहाँ मण्डलीका शीर हुनुहुन्छ, अनि यसको चरित्रले उहाँको प्रतिष्ठा प्रतिविम्बित गर्दछ। स्वर्गदूत र भूतात्माहरूले पनि मण्डलीलाई हेर्दछन् र यहाँ अभिव्यक्त भएको परमेश्‍वरको ज्ञान अवलोकन गर्दछन् (एफि ३:१०); त्यसकारण (एफि ३:१) पवलले ख्रीष्टियानहरूलाई "शान्तिको बन्धनमा पवित्र आत्माको एकता कायम राख्ने प्रयत्न गर" (एफि ४:३) भन्ने उत्साह दिन्छन्।

यो एक गम्भीर कुरो हो। परमेश्‍वर उहाँ स्वयम्‌को सम्मानका लागि डाही हुनुभएको कारण, यदि मण्डलीले उचित अनुशासन लागु गरेन भने, उहाँ स्वयम्‌ले त्यो गर्नुहुनेछ, जसरी उहाँले कोरिन्थमा गर्नुभयो, जहाँ प्रभुको अनुशासनको परिणाम रोग र मृत्यु भयो (१ कोर ११:२७-३४), अनि जस्तो कि उहाँले पर्गाममा (प्रका २:१४-१५) र थिआटीरामा (प्रका २:२०) गर्नुहुनेछ भनी चेताउनी दिनुभयो। यी दुई मामिलाहरूमा, मण्डलीले बाहिरी अवज्ञा सहेको कारण र अनुशासन लागु नगरेको कारण प्रभु सम्पूर्ण मण्डलीसित अप्रसन्न हुनुहुन्थ्यो, "तर तिम्रो विरुद्धमा मैले यो भन्नु छ : *तिमी ईजेबेल भन्ने स्त्रीलाई सहन गर्छौ*। त्यसले आफैलाई अगमवादिनी भन्छे, र मेरा सेवकहरूलाई व्यभिचार गर्न र मूर्तिहरूलाई चढ़ाइएको खान सिकाउँछे, र त्यसरी तिनीहरूलाई बहकाउँछे" (प्रका २:२०; तु. पह. १४–१६)।[१५]

२. **कुन पापहरूका लागि मण्डली अनुशासन लागु गरिनुपर्छ ?** एकातिर, मत्ती १८:१५-२० ले हामीलाई बताउँछ कि यदि कसैको विरुद्ध गरिएको व्यक्तिगत पाप निजी वा सानो समूह सभामा समाधान गर्न सकिँदैन भने, त्यो विषयलाई मण्डलीमा ल्याउनुपर्छ :

> तिम्रो भाइले तिम्रो विरुद्धमा अपराध गर्‍यो भने, गएर तिमीहरू दुई मात्र हुँदा त्यसको दोष देखाइदेऊ। त्यसले तिम्रो कुरा सुन्यो भने, तिम्रो भाइ आफ्नो भयो। तर त्यसले सुनेन भने आफ्नो साथ अरू एक वा दुई जनालाई लैजाऊ, र दुई अथवा तीन साक्षीद्वारा प्रत्येक कुरा पक्का होस्। यदि त्यसले तिनीहरूका कुरा पनि सुन्न इन्कार गर्‍यो भने, मण्डलीलाई भन। त्यसले मण्डलीको बात पनि सुन्न इन्कार गर्‍यो भने, त्यो तिम्रो लागि विधर्मी र कर उठाउनेसरह होस्। (मत्ती १८:१५-१७)

यस मुद्दामा, विषय एउटा निजी र अनौपचारिक स्थितिदेखि एउटा सार्वजनिक र

[१५]माथि विवेचित मण्डलीय अनुशासनका उद्देश्यहरू Westminster Confession of Faith अध्याय ३०, अनुच्छेद ३ मा सुसारांशित गरिएका छन् : "विधान उल्लङ्घन गर्ने भाइहरूलाई पुनर्प्राप्त गर्न वा जित्नका लागि, र अरूहरूलाई पनि त्यस्तै अपराधहरू गर्नदेखि रोक्नका लागि, सिङ्गो ढिकोलाई बिगार्न सक्ने खमीर लाई निथारेर हटाउनका लागि, ख्रीष्टको प्रतिष्ठालाई, अनि सुसमाचारको पवित्र घोषणामा, अनि परमेश्‍वरको क्रोध आउनलाई रोक्न, जो मण्डलीमाथि न्यायोचित रूपले बज्रन सक्छ, यदि कुख्यात र ढीट अपराधीहरूद्वारा अशुद्ध गरिएको उहाँको बाचा, र त्यसको मोहरछापको कारण आउन सक्ने परमेश्‍वरको क्रोध रोकथाम गर्नको लागि शर्त तिनीहरू झेल्नुपर्‍यो भने सिद्ध वा प्रमाणित गर्नका लागि, मण्डलीय भर्त्सनाहरू आवश्यक हुन्छन्।

सम्पूर्ण मण्डलीद्वारा दिइने अनुशासनको धेरै नै औपचारिक प्रक्रियातिर बढ़ेको छ।

अर्कोतिर, मण्डली-अनुशासनको अधीनस्थ गरिनुपर्ने पापका प्रकारहरूबारे कुनै सुस्पष्ट सीमाबन्धन तोकिएको देखिँदैन। नयाँ करारमा मण्डली-अनुशासनको अधीनस्थ पापहरूको उदाहरण अत्यन्तै नानाविध छन् – फुट र बाधा-बिघ्न ल्याउने (रोम १६:१७, तीत ३:१०), कौटुम्बिक व्यभिचार (१ कोर ५:१), आलस्य र काम गर्न अस्वीकार गर्ने (२ थेस ३:६-१०); पावलले लेखेका अवज्ञा गर्ने (२ थेस ३:१४-१५), परमेश्वरनिन्दा (१ तिमो १:२०), अनि झुटो धर्मसिद्धान्त सिकाउनु (२ यूह १०-११)।

जे भए पनि, यहाँ यस काममा एउटा निश्चित सिद्धान्त कार्यरत देखिन्छ – नयाँ करारमा सुस्पष्ट रूपमा अनुशासित गरिएका सबै पापहरू सार्वजनिक रूपमा जानिएका वा बाहिरैबाट प्रत्यक्ष देखिने पापहरू थिए[१६] अनि तीमध्ये धेरैचाहिँ धेरै समयदेखि चलिरहेका थिए। पापहरू सार्वजनिक रूपले जानिएका थिए भन्ने तथ्यको अर्थ यो हुन्थ्यो कि मण्डलीमा निन्दा ल्याइरहिएको थियो, ख्रीष्टको अनादर भइरहेको थियो, र सार्वजनिक रूपले सहिएको जीवनका गलत ढाँचाहरू पछ्याउन अरू पनि उत्साहित बन्ने एउटा वास्तविक सम्भावना थियो।

तरै पनि, मण्डलीय अनुशासन कार्यान्वयनमा जहिले पनि परिपक्व निर्णय आवश्यक हुन्छ, किनभने हाम्रो सारा जीवनभरि पूर्ण पवित्रीकरणको अभाव हुन्छ। यसबाहेक, जब कोही एउटा पापबारे अघिदेखि नै अवगत छ र उ त्यसलाई जित्न सङ्घर्षरत छ भन्ने हामीलाई थाहा हुन्छ, भर्त्सनाको वचनले वास्तवमा लाभभन्दा धेरै हानि नै गर्छ। हामीले यो पनि स्मरण गर्नुपर्छ कि आचरणका मुद्दाहरूमा जहाँ ख्रीष्टियानहरू न्यायसङ्गत रूपले असहमत हुन्छन् भने, पावलले एउटा व्यापक सहनशीलतालाई उत्साहित गर्दछन् (रोम १४:१-२३)।

### ३. मण्डलीय अनुशासन कसरी कार्यान्वित गर्नुपर्छ ?

**अ. यथाशक्य सानो समूहभित्रै पापको जानकारी सीमित राखिनुपर्छ :** मत्ती १८:१५-१७ मा एउटा निजी कुराकानीले नभए दुई वा तीन जनासँग कुराकानी गर्ने र त्यसले पनि नभए सम्पूर्ण मण्डलीलाई संलग्न गराउने क्रमिक प्रगतिपछाड़ि निहित उद्देश्य यही रहेको देखिन्छ। कुनै पापबारे सक्दो थोरै मानिसहरूले जानेका उत्तम, कारण पश्चात्ताप गर्न सजिलो हुन्छ, सक्दो थोरै मानिसहरू बरालिन जान्छन्, र ती व्यक्तिको इज्जतमा, मण्डलीको इज्जतमा, र ख्रीष्टको इज्जतमा थोरै क्षति पुग्नेछ।[१७]

**आ. समाधान नभएसम्म अनुशासनात्मक कार्बाहीहरूको बल वृद्धि हुनुपर्छ :** मत्ती १८ मा येशूले हामीलाई एकपल्ट फेरि सिकाउनुहुन्छ कि यदि निजी कुराकानीले

---

[१६]प्रे ५:१-११ मा हननिया र सफीराको पाप एउटा अपवाद थियो। यो परिस्थितिमा पवित्र आत्मा (पह. ३, ८) यति शक्तिशाली रूपमा उपस्थित हुनुहुन्थ्यो कि उहाँले मण्डली युगमा अन्तिम न्यायले हस्तक्षेप गराउनुभयो, जुन अन्तिम न्यायमा सबै हृदयहरूका रहस्यहरू उदाङ्गो पारिनेछन्, "तब सारा मण्डलीमथि ... ठूलो डर छायो" (प. ११)।

[१७]तथापि, मण्डलीका कुनै अगुवाका गम्भीर पापहरूलाई सार्वजनिक रूपमा उद्घाटन गर्ने आवश्यकता-बारे हे. तल खण्ड 'ग'।

सन्तोषजनक परिणामहरू ल्याएन भने हाम्रो प्रयास त्यसैमा समाप्त हुनु हुँदैन। उहाँको माग यही छ कि अपकृत वा खराबी गरिएको (wronged) व्यक्ति सर्वप्रथम एकलै जाने, त्यसपछि अरू एक वा दुई जनालाई पनि लाने (मत्ती १८:१५-१६)। यसबाहेक, यदि एक ख्रीष्टियानले अरू कसैलाई अपकार गरेको ठान्छ भने (वा यदि त्यो अर्को व्यक्तिले उसलाई अपकार गरिएको *सोच्छ* भने पनि), येशूको आदेश यही छ कि अपकार गर्ने (वा जसले अपकार गरेको छ भनी ठानिएको छ) व्यक्ति ती व्यक्तिकहाँ जानुपर्छ जसले आफूलाई अपकारको शिकार भएको ठान्छ (मत्ती ५:२३)। यसको अर्थ यही हुन्छ कि चाहे हामी अपकृत भएका हौं वा चाहे अरूले उनीहरू अपकृत भएका ठानून्, पहल गरेर अर्का व्यक्तिकहाँ जाने *जिम्मेवारी सधैं हाम्रो हुन्छ*। अर्का व्यक्ति हामीकहाँ आऊन् भनी हामीलाई पर्खन येशूले दिनुहुन्न।

एउटा निजी कुराकानी र एउटा सानो सामूहिक छलफलपछि, सामूहिक रूपमा परामर्श लिनुपर्ने व्यक्तिहरू मण्डलीका एल्डरहरू वा अधिकारीहरू हुन् भनी येशूले विशेष रूपले उल्लेख गर्नुहुँदैन, तर यो मध्यवर्ती चरण उपयुक्त हुन्छ भन्ने देखिन्छ, कारण हुन सक्छ, येशूले यो प्रक्रियाको हरेक सम्भाव्य चरण उल्लेख नगरी यसलाई सारांशित मात्र गरिरहनुभएको थियो। वास्तवमा, एल्डर वा मण्डलीका अन्य अधिकारीहरूको सानो समूहद्वारा कार्यान्वयन गरिने भर्त्सनाका अनेकौं उदाहरणहरू नयाँ करारमा पाउँदछौं (हे. १ थेस. ५:१२; २ तिमो ४:२; तीत १:१३; २:१५; ३:१०; याक ५:१९-२०)। यसबाहेक, यथासम्भव सानो समूहमा पापको ज्ञान राखिने सिद्धान्तले निश्चय नै यो मध्यवर्ती चरणलाई पनि प्रोत्साहित गर्नेछ।

अन्त्यमा, यदि स्थितिको समाधान भएन भने "मण्डलीलाई" भन्नू भनी येशूले भन्नुहुन्छ (मत्ती १८:१७)। यस मामिलामा, मुद्दाका तथ्यहरू सुन्न र निर्णयमा पुग्न मण्डली भेला गराइनेछ। त्यो व्यक्तिले "मण्डलीको बात सुन्न पनि इन्कार" (प. ७) गर्ने सम्भावना येशूले मानिलिनुभएको कारण, अपराधीलाई के भन्ने हो, सो निर्णय गर्नको लागि मण्डली एकपल्ट फेरि भेला हुन आवश्यक हुनजाला, र त्यस व्यक्तिलाई मण्डलीको सङ्गतिबाट बहिष्कार गर्नका लागि फेरि एकपल्ट भेला हुन आवश्यक हुनजाला।[१८]

मण्डलीय अनुशासनबारे येशूले यो निर्देश दिनुहुँदा, उहाँले मण्डलीलाई यो स्मरण गराउनुहुन्छ कि मण्डलीले गरेका निर्णयपछाड़ि उहाँ स्वयम्को उपस्थिति र शक्ति रहेका हुन्छन्, "फेरि म तिमीहरूलाई भन्दछु, पृथ्वीमा तिमीहरूमध्ये दुई जना कुनै कुरामा सहमत भई केही माग्यौ भने, त्यो स्वर्गका मेरा पिताद्वारा तिमीहरूका निम्ति हुनेछ, किनकि जहाँ दुई कि तीन जना मेरो नाउँमा भेला हुन्छन्, *त्यहाँ म तिमीहरूका माझमा हुनेछु"* (मत्ती १८:१९-२०)। येशू मण्डलीका भेलाहरूमा सामान्य रूपले उपस्थित हुने प्रतिज्ञा गर्नुहुन्छ भने कुनै बरालिएको सदस्यलाई अनुशासित गर्नलाई भेला भएको मण्डलीमा विशेष रूपले। अनि त्यसरी नै *"हाम्रा प्रभु येशूको शक्तिमा"* (१ कोर ५:४) तिनीहरू भेला भएका बेला भुल गर्ने सदस्यलाई अनुशासित

[१८]१ कोर ५:४ ले पनि यही आदेश दिन्छ कि मण्डलीय अनुशासनको यो अन्तिम चरणको लागि मण्डली भेला गरिनुपर्छ।

गर्नू भनी पावलले कोरिन्थीहरूलाई भन्दछन्। यो हल्का रूपले लिइने कार्य होइन, तर यो परमेश्वरको उपस्थितिमा कार्यान्वित गरिएको हुन्छ, यसको आत्मिक अङ्ग वास्तवमा प्रभु स्वयम्‌द्वारा नै पालन गरिएको हुन्छ।

यदि यो कहिल्यै गरिनुपर्छ भने सम्पूर्ण मण्डलीले यो जान्नेछ कि त्यस व्यक्तिलाई अबोप्रान्त मण्डलीको सदस्य ठानिने छैन, र त्यस व्यक्तिलाई प्रभुभोजमा भाग लिन दिइनेछैन, प्रभुभोजमा अंश ग्रहण गर्नुलाई मण्डलीको एकतामा अंश ग्रहण गर्नुको एउटा चिन्ह मानिने हुनाले (कोर १०:१७, "रोटी एउटै हो, यसकारण धेरै भए तापनि हामी एउटै शरीर हौं, *किनकि हामी सबै एउटै रोटीबाट खान्छौं*")।

मण्डलीबाट बहिष्कृतहरूसँग सङ्गति गर्नबाट अलग बस्नू भनी बताउने अरू पदहरू पनि नयाँ करारमा छन्। पावल कोरिन्थीहरूलाई भन्छन्, "तर यस्ताहरूका सङ्गत नगर्नू भनेर मैले तिमीहरूलाई लेखे, जसले आफैलाई विश्वासी भाइ हुँ भनी भन्छ, तर वास्तवमा जो व्यभिचारी, वा लोभी, वा मूर्तिपूजक, वा निन्दा गर्ने, वा मतवाला वा लुटाहा हो। यस्तो मानिससँग त खान पनि नबस" (१ कोर ५:११)। उनी थसलेनिकीहरूलाई भन्छन्, "अब … हामी …तिमीहरूलाई आज्ञा दिन्छौं, कि हामीबाट तिमीहरूले पाएका शिक्षामा नचल्ने हरेक अल्छे भाइबाट अलग बस" (२ थेस ३:६)। यसबाहेक उनी भन्छन् कि "यस पत्रमा हामीले भनेका कुरा यदि कसैले पालन गर्न इन्कार गर्छ भने, त्यस मानिसलाई चिनिराख र त्यससँग केही सम्बन्ध नराख, र त्यो शर्ममा परोस्। तै पनि त्यसलाई शत्रुजस्तो नठान, तर भाइलाई जस्तो गरी त्यसलाई चेताउनी देओ" (२ थेस ३:१४-१५)। दोस्रो यूहन्ना १०–११ ले पनि झुटा शिक्षा प्रवर्द्धन गर्ने मानिसलाई घरमा स्वागतसम्म नगर्नू, भुल गर्ने व्यक्तिको अनाज्ञाकारितालाई मण्डलीले अनुमोदन गर्छ भन्ने भान मण्डलीले नदिओस् भनी यी शिक्षाहरू दिइएका हुन भन्ने स्पष्ट देखिन्छ।

**इ. मण्डलीका अगुवाहरूलाई अनुशासन** : एउटा पदमा पावलले मण्डलीका एल्डरहरूलाई अनुशासनमा राख्नुपर्नेबारे विशेष निदेश (directive) दिन्छन् :

> दुई वा तीन साक्षीको गवाहीबाहेक *एल्डरको विरुद्धमा* लाएको आरोप कहिल्यै स्वीकार नगर। पापमा लागिरहनेहरूलाई *सबैका सामु हप्काऊ, र यसरी अरूहरू पनि डराउनेछन्*। परमेश्वर र ख्रीष्ट येशूको सामु र चुनिएका स्वर्गदूतहरूका सामु म तिमीलाई कड़ा आज्ञा दिन्छु, कुनै भेदभाव वा पक्षपात नगरी यी नियमहरू तिमीले पालन गर। (१ तिमो ५:१९-२१)

पावलले यहाँ एल्डरहरूलाई बेग्लाबेग्लै व्यक्तिहरूले गर्ने आक्रमणबाट बचाउने विशेष सावधानी प्रस्तुत गर्छन् – यस मुद्दामा दुष्ट व्यवहारबारे कार्बाही गरिनको लागि दुई वा तीन गवाहहरूको प्रमाण चाहिन्छ। "पापमा लागिरहनेहरूलाई"[१९] *"सबैका सामु"* हप्काउनुपर्छ। यसको कारण यही हो कि एल्डरहरूको अनुचित

[१९] १ तिमो ५:२० मा *tous harmartanontas*-को अर्थ यही हो भन्ने देखिन्छ, किनभने वर्तमानकालिक कृदन्तले लामो समयसम्म कुनै कार्यमा लागिरहेको भाव दिन्छ।

आचरणको कुउदाहरणले उनीहरूका जीवन अवलोकन गर्नेहरूमा व्यापक नकारात्मक प्रभाव पर्ने ठूलो सम्भावना हुन्छ। त्यसपछि पावल तिमोथीलाई यस स्थितिमा "कुनै भेदभाव वा पक्षपात" नगर्ने स्मरण गराउँछन्, जो खुबै उपयोगी चेतावनी हो, किनकि तिमोथी सम्भावतः एफिससको मण्डलीका धेरै एल्डरहरूका घनिष्ठ मित्र थिए।

पाप गर्ने एल्डरलाई सार्वजनिक रूपमा हप्काउने पावलको आदेशले यही बुझाउँछ कि अपराधको किसिमबारे मण्डलीमा कुनै विवरण दिइनुपर्छ (*"पापमा लागिरहनेहरूलाई* सबैका सामु हप्काऊ," प. २०)।[२०] अर्कोतिर, मण्डलीमा पापको हरेक बयान उदाङ्गो पर्नु पर्दैन। यहाँ उपयोगी मार्गदर्शन यो हुन्छ कि मण्डलीलाई यति नै भन्नु पर्याप्त हुन्छ जसद्वारा (१) अपराध कति गम्भीर थियो भनी तिनीहरूले बुझ्नेछन्, (२) तिनीहरूले अनुशासन प्रक्रिया बुझ्न र समर्थन गर्न सक्नेछन्, र (३) कथङ्काल अरू विवरण प्रकाशमा आए भने, पछि गएर पाप न्यूनीकरण गरिएको थियो वा ढाकछोप गरिएको थियो भन्ने तिनीहरूलाई लाग्नेछैन।

त्यसरी कुनै अगुवाको पापको भेद खोलिँदा त्यसले विश्वासीजनलाई यो सङ्केत दिन्छ कि भविष्यमा मण्डलीका अगुवाहरूले त्यस्ता विषयहरू लुकाउनेछैनन्। यसले नेतृत्वको इमानदारीमा मण्डलीको आत्मविश्वास वृद्धि गर्नेछ। यसले पाप गर्ने गर्ने अगुवालाई विश्वासीजनसँग सम्बन्ध र भरोसा पुनर्स्थापित गर्ने क्रमिक प्रक्रिया आरम्भ गर्न अवसर दिन्छ, किनभने उसको पाप के थियो भनी सैकड़ौं विभिन्न अनुमान गर्ने मानिसहरूको भीड़सँग नभएर उसको विशेष पाप जान्नेहरूसँग उसले व्यवहार गर्नुपर्नेछ, जसले उसको जीवनमा पापको त्यस क्षेत्रमा साँचो पश्चात्ताप र परिवर्तन देख्न सक्नेछन्।

जो मण्डलीका अगुवाहरू होइनन्, तिनीहरूका गम्भीर पापहरूबारे के भन्ने ? जो मण्डलीका साधारण सदस्यहरू हुन् तर मान्यताप्राप्त अगुवाहरू होइनन्, तिनीहरूका पापहरू सार्वजनिक रूपमा उदाङ्गो पार्ने कुनै आदेश धर्मशास्त्रले दिँदैन। अगुवाहरूलाई बेग्लै प्रकारले व्यवहार गरिएको छ कारण उनीहरूका जीवन "कसैले दोष लाउन नसक्ने" हुनुपर्छ (१ तिमो ३:२), र उनीहरूका जीवन अरू ख्रीष्टियानहरूले अनुसरण गर्न सक्ने उदाहरणहरू हुनुपर्छ (हे. १ तिमो ४:१२)।[२१]

**ई. मण्डलीय अनुशासनका अन्य पक्षहरू :** कसैलाई अनुशासनमा राखिएपछि, यस प्रक्रियाको कुनै पनि चरणमा पश्चात्ताप गरिनेबित्तिक्कै, त्यो अनुशासनबारे जानकारी

[२०] मण्डलीहरूले मण्डलीका अगुवालाई अनुशासनमा राख्नुपर्दा, सजिलै गर्न सकिने एउटा भुलचाहिँ पावलको आदेशलाई गम्भीरतापूर्वक लिन नसक्नु हुन्छ, र त्यसरी संलग्न पापको स्वभावबारे पर्याप्त जानकारी गराउन नसक्नु हुन्छ। यदि त्यस्तो हुन्छ भने, विश्वासीजनले एउटा अगुवालाई उनको कुनै पापको कारण (वा पापको सामान्य कोटि उल्लेख गरिन्छ) पदबाट खारेज गरियो भन्ने मात्र सुन्छ। तर यो प्रभावशाली सार्वजनिक हप्काइ होइन। कारण यो अस्पष्ट छ, यो परिणाम अन्यौल, अटकलबाजी, र निन्दाचर्चा मात्र हुनेछ। यसबाहेक, मण्डलीमा गम्भीर विभाजन आउन सक्छ कारण जानकारीको अभावमा कति मानिसहरूले अनुशासन प्रक्रिया अति कठोर भएको ठान्नेछन्, कतिले यो अति नै फितलो भयो भनी ठान्नेछन्, र यो प्रक्रियालाई समर्थन गर्नमा मण्डली एकताबद्ध हुनेछैन।

[२१] "कसैले दोष लाउन नसक्ने"-को अर्थ म यही बुझ्दछु कि उनीहरूका जीवन यस्ता छन् कि उनीहरूका विरुद्ध कुनै गम्भीर अनुचित कार्यको दोष न्यायोचित रूपले लगाउन सकिँदैन।

भएका ख्रीष्टियानहरूले ती पश्चात्तापी व्यक्तिलाई झट्टै मण्डलीको सङ्गतिमा स्वागत गरिहाल्नुपर्छ। पावल भन्छन्, "बरु तिमीहरूले त्यसलाई क्षमा गर्नु र सान्त्वना दिनुपर्छ, नत्रता त्यो ज्यादै शोकमा डुबिजाला। ... म तिमीहरूलाई अनुरोध गर्दछु कि त्यस व्यक्तिप्रति आफ्नो प्रेम अझ गहिरो पार" (२ कोर २:७-८; तु. ७:८-११)। फेरि एकचोटि, मण्डलीय अनुशासन कार्यान्वयनमा हाम्रो उद्देश्य प्रतिशोधको चाहनाले दण्ड दिनु कदापि हुनु हुँदैन, तर जहिल्यै पनि पुनर्स्थापना गर्ने र निको पार्ने हुनुपर्छ।

कुनै पनि चरणमा जुन मनोवृत्तिले अनुशासन कार्यान्वयन गरिन्छ, त्यो मनोवृत्ति पनि अत्यन्तै महत्त्वपूर्ण हुन्छ। यो नम्रता र दीनतापूर्वक, अनि हामी स्वयम्को कमजोरीलाई बोध गरेर र हामी पनि त्यस्तै पापहरूमा पर्न सक्छौं भन्ने डरसित गरिनुपर्छ। "यदि कुनै मानिस अपराधमा पक्राउ पऱ्यो भने तिमीहरू जो आत्मिक छौ, तिमीहरूले *नम्रतापूर्वक* तिनको सुधार गर। *आफ्नै पनि विचार राख, नत्रता तिमीहरू पनि परीक्षामा पर्नेछौ*" (गला ६:१)।

अनुशासनको अवधि कति समयसम्म चल्ने आशा गरिएको छ भन्दै अगावै कुनै समयसीमा तोक्नु उचित हुँदैन। किनभने पवित्र आत्माले कहिले गहिरो, साँचो पश्चात्ताप ल्याउनुहुनेछ, र ती व्यक्तिको हृदयको अवस्थामा कहिले परिवर्तन ल्याउनुहुनेछ, जुन अवस्थाको कारण नै पाप आयो, हामीलाई त्यो भन्न सम्भव छैन।

अन्त्यमा, हामीले यसमा ध्यान दिनुपर्छ कि मत्ती १८:१५-२० मा मण्डलीय अनुशासनबारे खण्डको लगत्तैपछि, हाम्रोविरुद्ध पाप गर्नेहरूप्रति हामीमा हुनुपर्ने व्यक्तिगत क्षमाशीलताको आवश्यताबारे येशूले हामीलाई सशक्त रूपले सिकाउनुहुन्छ (मत्ती १८:२१-२२)। हाम्रो विरुद्ध अपराध गर्नेहरूलाई हामीले "सत्तरी गुण सात पल्ट" (प. २२) क्षमा दिनुपर्छ, अनि येशूले भन्नुहुन्छ कि यदि हामीले *आफ्नो भाइलाई आफ्नो हृदयबाट क्षमा गरेनौं* (प. ३५) भने स्वर्गमा हुनुहुने हाम्रो पिताले हामीलाई कठोर दण्ड दिनुहुनेछ। मण्डलीय अनुशासनसम्बन्धी खण्ड र यस खण्डलाई हामीले अनुपूरकको रूपमा हेर्नुपर्छ, परस्परविरोधीको रूपमा होइन। बेग्लाबेग्लै व्यक्तिहरूका रूपमा, हामीले हाम्रो हृदयहरूमा सधैं क्षमा गर्नुपर्छ र दुर्भावहरू राख्नु हुँदैन। हामी कसैलाई निश्चय नै हाम्रो हृदयमा क्षमा दिन सक्छौं तथापि ती व्यक्तिको भलाइको निम्ति, मण्डलीको भलाइको निम्ति, ख्रीष्टको सम्मानको निम्ति, र परमेश्वरको वचनले त्यस्तै आज्ञा गरेको कारण पाप गरिरहेको कुनै व्यक्तिलाई मण्डलीय अनुशासन दिलाउने प्रयास गर्न सक्छौं।

## व्यक्तिगत प्रयोगका लागि प्रश्नहरू

१. के संसारका मामिलाहरूलाई प्रभावित गर्नमा मण्डली केही कमजोर वा केही सबल हुन्छ भनी तपाईं पहिले सोच्नुहुन्थ्यो? यस अध्ययको परिणामस्वरूप तपाईंको विचार कसरी बदलिएको छ? समाजलाई परिवर्तन गर्नको निम्ति मण्डलीको उद्धारकारी प्रभावबाहेक के अरू कुनै

आशा छ भनी तपाईं अहिले सोच्नुहुन्छ ?

२. तपाईंले "स्वर्गको राज्यका साँचोहरू" समातिरहेको रूपमा के आफूलाई यसअघि सोच्नुभएको छ ? के अहिले तपाईंसँग वास्तवमा ती साँचोहरूमध्ये केही साँचोहरू छन् ? ती साँचोहरू लिएर तपाईं के गरिरहनुभएको छ ?

३. शत्रुका ताकतविरुद्ध तपाईंको मण्डलीले कसरी यसको आत्मिक शक्ति प्रयोग गर्न सक्छ ? यो शक्तिलाई तपाईं कसरी अझ प्रभावकारी रूपमा प्रयोग गर्न सक्नुहुन्छ ?

४. तपाईंको समाजमा सुसमाचारको प्रभावकारी घोषणाको विरुद्ध उभिने सबैभन्दा बलियो शत्रु के छ ? त्यस शत्रुको विरुद्ध मण्डलीको शक्ति कसरी प्रयोग गर्न सकिएला ?

५. मण्डलीले राज्यमा शासन गर्नु हुँदैन र राज्यले मण्डलीलाई शासन गर्नु हुँदैन वा यसको स्वतन्त्रता प्रतिबन्धित गर्नु हुँदैन भन्ने सिद्धान्तहरू यदि तपाई मान्नुहुन्छ भने, के यी सिद्धान्तहरू तपाईं स्वयम्‌को देशमा वा स्थानीय स्थितिमा प्रभावकारी ढङ्गमा लागु गरिएका छन् ? यी सिद्धान्तहरूका अनुपालनमा वृद्धि गरिनको लागि के गर्न सकिन्छ ? (के तपाईं यी सिद्धान्तहरूसित सहमत हुनुहुन्छ ?)

६. के तपाईं यस्ता स्थितिहरूबारे अवगत हुनुहुन्छ जसमा भर्त्सनाका (खप्कीका) वचनले तपाईंको व्यवहारमा वा अन्य ख्रीष्टियानको व्यवहारमा सकारात्मक परिवर्तन ल्याएको छ ? के तपाईं यस्ता स्थितिहरूबारे अवगत हुनुहुन्छ जसमा मण्डलीय अनुशासन यसभन्दा केही पाइला अगाड़ि गएको छ र त्यसले परिणामस्वरूप भुल गर्ने व्यक्तिको पुनर्स्थापना भएको छ ? मण्डलीय अनुशासनले असल परिणाम नल्याएका स्थितिहरूबारे तपाईं अवगत हुनुहुन्छ भने, अझ उत्तम परिणाम ल्याउनको लागि बेग्लै ढङ्गमा के गर्न सकिन्थ्यो ?

७. कुनै मण्डलीमा मण्डलीय अनुशासनको प्रत्यक्ष आवश्यकता हुँदाहुँदै पनि, सो मण्डलीले अनेकौं वर्षसम्म अनुशासन लागु गर्न अस्वीकार गर्छ भने, त्यस मण्डलीमा कस्तो हानिकारक परिणामहरू आउनेछन् ? के तपाईं यस्ता स्थितिहरूबारे अवगत हुनुहुन्छ जसमा ती हानिकारक परिणामहरू आएका छन् ?

८. तपाईं अवगत नहुनुभएको वा तपाईं संदिग्ध रहनुभएको कुनै पापबारे कोही पहिल्यै तपाईंलाई हप्काउन आएका भए वा परामर्श दिन आएका भए हुन्थ्यो भन्ने तपाईंलाई लागेका समयहरू तपाईंले भोग्नुभएको छ ? यदि छन् भने, त्यस्तो किन भएन ?

९. के तपाईंको जीवनमा अहिले यस्ता सम्बन्धहरू छन् जहाँ मत्ती ५:२३ र मत्ती १८:१५ संयुक्त भएर तपाईंलाई भन्छन् कि यो तपाईंको दायित्व हो कि तपाईं ती अन्य व्यक्तिकहाँ गएर स्थिति साम्य बनाउनुपर्छ ?

## विशेष शब्दावली

बाँध्नु र फुकाउनु
मण्डलीबाट बहिष्कार
स्वर्गको राज्यका साँचोहरू
मण्डलीको शक्ति
तरवार उठाउनु

## पुस्तक सूची

(यस पुस्तक सूचीको व्याख्याका लागि अ. १, पृ. ४७ को पुस्तक सूचीमाथि दिइएको टीका हे. । सम्पूर्ण पुस्तक सूचीको तथ्याङ्क परिशिष्ट ४ मा प्राप्य छ।)

### इभ्यान्जेलिकल् सुव्यवस्थित ईश्वरशास्त्रहरूबाट चयनित खण्डहरू

१. एङ्गलिकन (इपिस्कपलियन)
१८८२-९२ लिट्टन, ४०२-१३, ४१८-२७
१९३० थोमस, २८१-९७, ४३४-४६
२. अर्मिनी (वेजलियन वा मेथडिस्ट)
१९४० विली, ३:१३६-३७
३. ब्याप्टिस्ट
१७६७ गिल, २:६०७-२०
१९०७ स्ट्रङ्ग, ९२४-२६
४. डिसपेन्सेशनल
१९८६ राइरि, ४३३-३५
५. लुथरन
१९१७-२४ पाइपर, १:५३०-३१; ३:१७८-८३, ४१६-२०
६. रिफमर्ड (वा प्रेज्बिटरियन)
१५५९ क्याल्भिन, २:११४९-१२४० (४.८-१२)
१७२४-५८ एड्वर्डस्, २:११८-२२
१८६१ हिपि, ६८४-९४
१८७८ डेबनी, ८७३-८७
१९३७-६६ मरे, C W,1:253-59
१९३८ बर्खोफ, ५९३-६०३
७. रीन्यूअल (वा क्यारिज्म्याटिक्/पेन्टिकोस्टल)
१९८८-९२ विल्यम्स्, ३:१२०-२३

### रोमन क्याथलिक सुव्यवस्थित ईश्वरशास्त्रका प्रातिनिधिक खण्डहरू

१. रोमन क्याथलिक: परम्परावादी
१९५५ ओट, ४१७-२५

२. रोमन क्याथलिक: भेटिकन दोस्रोपछि
१९८० म्याक्ब्राइन, २:८१७-४८

## अन्य पुस्तक/लेखहरू


Adams, Jay E. *Handbook of Church Discipline.* Grand Rapids: Ministry Resources Library, 1986.
Bauckham, Richard. *The Bible in Politics: How to Read the Bible Politically.* Louisville: Westminster/John Knox, 1989.
DeKoster, L. "Churchh Discipline." in *EDT,* p. 238.
Eidsmoe, John. *God and Caesar: Christian Faith and Political Action.* Westchester, Ill.: Crossway, 1984.
Grudem, W. A. "Keys of the Kingdom." In *EDT,* pp. 604.
Laney, J. Carl. *A Guide to Church Discipline.* Minneapolis: Bethany, 1985.
Linder, R. D. "Church and State." In *EDT,* pp. 233-38.
Robertson, O. Palmer. "Reflections on New Testament Testimony Concerning Civil Disobedience." *JETS.* Vol. 33, No. 3 (Sept., 1990), pp. 331-51).
Schaeffer, Francis. *A Christian Manifesto.* Westchester, Ill.: Crossway, 1981.
Scott, John R.W. *The Preacher's Potrait: Some New Testament Word Studies.* Grand Rapids: Eerdmans, 1961.
White, John, and Ken Blue. *Church Discipline That Heals: Putting Costly Love into Action.* (First published as *Healing the Wounded.*) Downers Grove, Ill.: InterVarsity Press, 1985 .


## धर्मशास्त्रको कण्ठस्थ गर्नुपर्ने खण्ड

**२ कोरन्थी १०:३-४** : *किनभने हामी संसारका हौं, तापनि सांसारिक लड़ाइँ त लड़दैनौं। किनकि हाम्रो युद्धका अस्त्र-शस्त्र सांसारिक होइनन्, तर किल्लाहरू नाश गर्ने ईश्वरीय सामर्थ्य तिनमा छ।*

## भजन

"ख्रीष्टियान सिपाही अघि बढ़"

यो भजनले तरवार र ढालले लड़िने सांसारिक युद्धबारे बताउँदैन, तर प्रार्थना र प्रशंसासित लड़िने आत्मिक युद्धबारे बताउँछ, र शत्रुहरूचाहिँ सांसारिक अविश्वासीहरू होइनन्, तर भूतात्मिक सेनाहरू हुन्: "नरकको जग थर्किन्छ प्रशंसाको ध्वनिमा/भाइ हो, तिम्रा स्वरहरू उचाल, तिम्रा गानहरू चर्का गर।"

यो भजनले मण्डलीको चित्रण शैतानको विरुद्ध अघि बढ़िरहेको विश्वव्यापी सेनाको रूपमा गर्दछ, र यसले मण्डलीको एकत्व पनि घोषणा गर्दछ, "हामी विभाजित छैनौं, सबै एउटै शरीर हौं,/आशा र धर्मसिद्धान्तमा एक, परोपकारमा एक।" यो विभाजन नहुने र

पराजित नहुने एउटा मण्डलीले गर्ने आत्मिक युद्धको विजयोल्लसित, आनन्दपूर्ण गीत हो।

अघि बढ़िरहेछन्, ख्रीष्टियान सिपाहीहरू, युद्धमा झैं,
अघि बढ़िरहेको येशूको क्रूससित;
राजकीय स्वामी येशूले शत्रुविरुद्ध नेतृत्व गर्नुहुन्छ,
युद्धमा अघि बढ्दो उहाँका झण्डाहरू हेर।

*स्थायी :*
अघि बढ़िरहेछन्, ख्रीष्टियान सिपाहीहरू, युद्धमा झैं,
अघि बढ़िरहेको येशूको क्रूससित।

विजयको लक्षणसितै शैतानको सेना निश्चय भाग्दछ,
त्यसै अघि बढ़, ख्रीष्टियान सिपाहीहरू, विजयतिर अघि;
"नरकको जग थर्किन्छ प्रशंसाको ध्वनिमा
भाइ हो, तिम्रा स्वरहरू उचाल, तिम्रा गानहरू चर्काऊ।

शक्तिशाली सेनाझैं परमेश्वरको मण्डली हिँड्छ
हे भाइ हो, हामी त्यो बाटो हिँड्दैछौं जहाँ सन्तहरू हिड़ेका छन्;
हामी विभाजित छैनौं, सबै शरीर हौं एउटै
आशा र धर्मसिद्धान्तमा एउटै, परोपकारमा एउटै।

मुकुट र सिंहासनहरू नाश हुन सक्छन्, राज्यहरूको उत्थान र पतन हुनसक्छ,
तर येशूको मण्डली अटल रहन्छ;
नरकका फाटकहरू त्यो मण्डलीभन्दा कहिल्यै प्रबल हुन सक्दैनन्;
हामीसित येशूको प्रतिज्ञा छ, र त्यो चुक्न सक्दैन।

अघि बढ़, तब हाम्रा मानिसहरू, हाम्रो आनन्दित भीड़मा सामेल होओ,
विजयोल्लासको गीतमा हाम्रो स्वरमा, मिसाऊ स्वर तिम्रो;
महिमा, चर्को स्वरमा, र आदर राजा येशूलाई;
यो युगानुयुगभरि मानिसहरू र स्वर्गदूतहरू गाउँदछन्।

*रचयिता :* Sabine Baring-Gould,1865

अध्याय ४७

# मण्डलीको शासन

# Church Government

***मण्डलीको शासन कसरी गरिनुपर्छ?***
***मण्डलीका पदाधिकारीहरू कसरी चुनिनुपर्छ?***
***के स्त्रीहरूले मण्डलीहरूका पास्टरहरूका रूपमा सेवा गर्नु हुन्छ?***

## व्याख्या र धर्मशास्त्रीय आधार

आज मण्डलीमा विभिन्न किसिमका शासनव्यवस्थाहरू छन्। पोपको अख्तियार मुनि रोमन क्याथलिक चर्चको विश्वव्यापी शासन छ। इपिस्कपलियन चर्चहरूका बिशपहरू हुन्छन्, यिनीहरूको प्रादेशिक अख्तियार हुन्छ अनि यिनीहरूमाथि आर्च्बिशप हुन्छन्। प्रेज्बिटरियन मण्डलीहरूले प्रेजबिट्रि (presbyteries) (अभिषिक्त अधिकारीको अख्तियाराधीन रहने क्षेत्र)-हरूलाई क्षेत्रीय अख्तियार अनि महासभाहरूलाई राष्ट्रिय अख्तियार दिन्छन्। यसको विपरीत, ब्याप्टिस्ट र अन्य धेरै स्वतन्त्र मण्डलीहरूको स्थानीय मण्डलीमाथि मात्र औपचारिक शासकीय अख्तियार हुन्छ अनि यसबाहिर औपचारिक शासकीय अख्तियार हुँदैन अनि विभिन्न ख्रीष्टियान पन्थगत सम्प्रदायहरूसित यी मण्डलीहरूले आफ्नै राजीखुशीले औपचारिक सम्बन्ध राख्न सक्छन्।

स्थानीय मण्डलीहरूमध्ये ब्याप्टिस्ट मण्डलीको प्रायः नै एउटै मात्र पास्टर हुन्छन्, तर कुनै-कुनै ब्याप्टिस्ट मण्डलीमा पास्टरबाहेक डीकनहरूको परिषद् (board of deacons) हुन्छ, तर कतिको एल्डरहरूको परिषद् (board of elders) पनि हुन्छ। प्रेज्बिटरियन मण्डलीमा एल्डरहरूको परिषद् हुन्छ अनि इपिस्कपलियनहरूको भेस्ट्रि (vestry) (क्षेत्रीय प्रतिनिधिहरूको सभा) हुन्छ। अरू मण्डलीहरूको चर्च परिषद् (church board) मात्र हुन्छ।

मण्डली शासन व्यवस्थाबारे के नयाँ करारमा कुनै ढाँचा दिइएको छ? के मण्डलीको कुनै एउटा शासन व्यवस्थाको ढाँचा अर्कोभन्दा उत्तम हुन्छ भन्न सकिन्छ? यही प्रश्नहरूबारे यस अध्यायमा छलफल गरिएको छ।

यो आरम्भमै भन्नुपर्दछ कि मण्डलीशासनको ढाँचा त्रिएकत्व, ख्रीष्टको परमेश्वरत्व, प्रतिस्थापन्न प्रायश्चित्त (substitutionary atonement) वा धर्मशास्त्रको अख्तियारजस्ता प्रमुख धर्मसिद्धान्त होइन। तथापि, नयाँ करारको प्रमाणलाई

जाँचिसकेपछि, म यो विश्वास गर्दछु कि मण्डलीशासनको एउटा ढाँचा अर्को ढाँचाभन्दा अझ राम्रो हुन्छ, यद्यपि प्रत्येक ढाँचाका केही दुर्बल र केही सबल पक्षहरू हुन्छन्। मण्डलीको इतिहासले यो अनुप्रमाणित गर्दछ कि मण्डलीका विभिन्न थरीका शासन व्यवस्थाहरूले कैयौं शताब्दी प्रायः असल प्रकारले काम गरेका छन्। यसबाहेक, मण्डलीको शासनका केही पक्षहरूबारे नयाँ करार तर्कसङ्गत मात्रामा स्पष्ट भएको देखिए तापनि, अन्य विषयहरू (जस्तै, मण्डलीका पदाधिकारीहरू चयन गरिने ढङ्ग) केही कम स्पष्ट छ, कारण विशेष गरी तीबारे नयाँ करारीय प्रमाण व्यापक छैन, र त्यसकारण यो प्रमाणबाट हाम्रो निर्ष्कषहरू अझ थोरै असंदिग्ध हुन्छन्। मलाई यस्तो लाग्छ कि इभ्यानजेलिकल ख्रीष्टियानहरूले यस प्रश्नबारे सौहार्द्रपूर्ण ढङ्गमा मतभिन्नता राख्ने ठाउँ पाउनुपर्दछ, यस आशामा कि थप समझ प्राप्त गर्न सकियोस्। यस्तो पनि देखिन्छ कि विभिन्न ख्रीष्टियानहरूले एउटा वा अर्को प्रणाली मन पराए पनि, अनि उपयुक्त समयहरूमा एउटा वा अर्को प्रणालीको पक्षमा सशक्त प्रकारले तर्क गर्ने इच्छा गरे तापनि, उनीहरू आफूलाई समय-समयमा पाउने विभिन्नमध्ये कुनै पनि प्राटेस्टेन्ट मण्डलीको शासनअन्तर्गत बस्न र सेवा गर्नलाई इच्छुक हुनुपर्दछ।

तर यो विषय पूर्णतः महत्त्वहीन हो भन्ने मेरो आशय होइन। यस क्षेत्रमा साथै अरू क्षेत्रहरूमा,एउटा मण्डली प्रायःनै शुद्ध हुन सक्छ। मण्डलीको शासनका केही पक्षहरूसम्बन्धी नयाँ करारका केही सुस्पष्ट ढाँचाहरू यदि छन् भने, अनि हामीले ती ढाँचाहरूलाई अवहेलना गर्‍यौं भने हाम्रो मण्डलीहरूमा नकारात्मक परिणामहरू हुनेछन्, वर्तमान समयमा यी परिणामहरूलाई हामी भलै देख्न नसकौंला। त्यसकारण मण्डलीमा अझ बढ़ी शुद्धताको निम्ति काम गर्ने हेतुले यस विषयमा बोल्न र लेख्नलाई ख्रीष्टियानहरू निश्चय नै स्वतन्त्रत छन्।

हामी यस अध्यायमा सर्वप्रथम विशेष गरी मण्डलीका पदाधिकारीहरू, विशेष गरी *प्रेरित, एल्डर* र *डीकन*सम्बन्धी नयाँ करारका तथ्याङ्क सर्वेक्षण गर्नेछौं। अनि त्यसपछि हामी मण्डलीका पदाधिकारीहरू कसरी चुनिनुपर्दछ भन्ने प्रश्न गर्नेछौं। त्यसपछि हामी दुईवटा विवादास्पद प्रश्नहरू हेर्नेछौं – मण्डली शासनको कुन ढाँचा – यदि कुनै छ भने – नयाँ करारको ढाँचाको निकटस्थ छ? अनि के स्त्रीहरूले मण्डलीमा पदाधिकारीहरूका रूपमा सेवा गर्न सक्छन्?

## क. मण्डलीका पदाधिकारीहरू

यस अध्यायका उद्देश्यहरूको निम्ति, हामी निम्नलिखित परिभाषा प्रयोग गर्नेछौं : *मण्डलीका पदाधिकारी कुनै यस्ता व्यक्ति हुन् जसलाई सम्पूर्ण मण्डलीको भलाइको निम्ति कुनै विशेष कामहरू गर्ने अधिकार र दायित्व दिइएको छ भनी सार्वजनिक रूपमा चिनिन्छ।*

यस परिभाषाअनुसार, एल्डर र डीकनहरू मण्डलीका पदाधिकारीहरू हुन् भनी मानिनेछन्, जसरी पास्टर हुन् भनी मानिन्छ (यदि त्यो एक पृथक् पद हो भने)। मण्डलीका कोषाध्यक्ष र मण्डलीका मडरेटर पनि पदाधिकारीहरू ठानिनेछन् (यी

पदहरू विभिन्न मण्डलीहरूमा भिन्न-भिन्नै हुन सक्छन्)। सामान्यतः, उनीहरूलाई पदमा "नियुक्त" वा "अभिषिक्त" गरिने सेवामा नै उनीहरूलाई सार्वजनिक मान्यता प्राप्त भइसकेको हुन्छ। वास्तवमा, आफ्ना उत्तरदायित्वहरू पूरा गर्नका निम्ति उनीहरूलाई सार्वजनिक मान्यता आवश्यक पर्छ, उदाहरणार्थ, कसले भेटीहरूको जिम्मा लिनुपर्ने र त्यसलाई ब्याङ्कमा राख्नुपर्ने हो सोबारे हप्तैपछि सोच्नु वा कुनै विशेष हप्ताको निम्ति हामीले नै त्यो उत्तरदायित्वको वरदान पाएका छौं भनी तर्क गर्नु विभिन्न मानिसहरूका निम्ति उचित हुनेछैन ! मण्डलीले व्यवस्थित रूपमा काम गर्नको निम्ति कुनै एक व्यक्तिले त्यो उत्तरदायित्व पाएका छन् भनी तिनको पहिचान गराउनु अनिवार्य हुन्छ। यस्तै प्रकारले, प्रत्येक साप्ताहिक सेवामा बाइबलको शिक्षा दिने जिम्मावारी पाएका पास्टरको यो काम गर्ने अधिकार र उत्तरदायित्व छ भन्ने मान्यता उनले पाएका हुनुपर्दछ (कमसेकम, अधिकांश मण्डलीशासनका रूपहरूमा)। यस्तो गरिएन भने धेरै मानिसहरूले प्रवचन तयार गरेर प्रचार गर्ने अधिकार दाबी गर्लान्, वा कुनै सप्ताह कसैले पनि प्रवचन तयार नै नगर्लान्। यसरी नै, मानिसहरूले मण्डलीका एल्डरहरूलाई पछ्याउनलाई र मार्गदर्शनको निम्ति तिनीहरूबाट आशा गर्नलाई, तिनीहरूले एल्डरहरू चिन्नुपर्दछ।

यसको विपरीत, अन्य धेरै मानिसहरूले मण्डलीमा वरदानहरू प्रयोग गर्छन्, तर तिनीहरूको "पद" छ भनीहामी भन्दैनौं किनभने तिनीहरूका वरदानहरूले काम गर्नका निम्ति उनीहरूलाई औपचारिक जन-मान्यताको आवश्यकता पर्दैन। "सहायता" गर्ने वरदान (हे. १ कोर १२:२८), वा विशेष गरी बलियो विश्वासको वरदान, वा "आत्माहरू छुट्ट्याउन सक्ने" वरदान (१ कोर १२:१०) वा अर्ती वा दान दिने (रोम १२:८) वरदान भएकाहरूलाई मण्डलीमा प्रभावशाली रूपमा काम गर्नलाई जन-मान्यता पाउनु आवश्यक छैन।

यसपछि आउने पठनसामग्रीमा, हामी हेर्नेछौं कि नयाँ करारले मण्डलीको एउटै पदबारे (प्रेरितहरूको पद) छलफल गर्छ, जो प्रारम्भिक मण्डलीमा स्थापना गरिएको कालसम्म मात्र सीमित थियो, र त्यसरी नै, मण्डली-युगभरि कायम रहने अरू दुईवटा पदहरू (एल्डर र डीकनका)-बारे पनि नयाँ करारले छलफल गर्छ।

**१. प्रेरित (Apostle)**। यस पुस्तकमा हामीले अघि पढ्यौं कि प्रारम्भिक मण्डलीमा नयाँ करारका *प्रेरितहरू*सित अद्वितीय किसिमको अख्तियार थियो – वचन बोल्ने र लेख्ने अख्तियार जुन वचन परम अर्थमा "परमेश्वरका वचन" थिए। तिनलाई अविश्वास गर्नु वा अवज्ञा गर्नु भनेको परमेश्वरलाई नै अविश्वास वा अवज्ञा गर्नु हुन्थ्यो। तसर्थ, प्रेरितहरूसित ती वचनहरू लेख्ने अख्तियार थियो जो धर्मशास्त्रका वचन बने।[1] यस तथ्य स्वयम्ले हामीलाई यो सुझाउ दिन्छ कि प्रेरितहरूका पदबारे कुनै यस्तो थोक थियो जो अद्वितीय थियो, अनि यो आजसम्म कायम रहने आशा हामी गर्दैनौं, किनकि आज कसैले पनि बाइबलमा वचनहरू

[1]प्रेरितहरूका अख्तियारबारे छलफलको लागि हे. अ. ३ र अ. ४ भित्र।

थप्न सक्दैन अनि ती वचन परमेश्वरकै वचन हुन् वा धर्मशास्त्रको एउटा भाग हो भनी मानिलिन लगाउन सक्दैन।[२]

यसको अतिरिक्त, प्रेरितहरूका योग्यताहरू र प्रेरितहरूको पहिचानबारे नयाँ करारले दिने जानकारीले हामीलाई यो निष्कर्ष निकाल्न पनि डोऱ्याउँछ कि त्यो पद अद्वितीय थियो अनि शताब्दीभरिको निम्ति मात्र सीमित थियो, र अब अरू प्रेरितहरू हुनेछन् भनी आज हामीले आशै गर्नु हुँदैन।[३] निम्नलिखित प्रश्नहरूबारे छलफल गर्दा हामी यसबारे हेर्नेछौं – प्रेरित बन्नलाई कुन-कुन कुराहरूको आवश्यकता पर्थ्यो ? प्रेरितहरू को थिए ? प्रेरितहरू कति जना थिए ? अनि के आज प्रेरितहरू छन् ?

आरम्भैमा यो कुरा स्पष्ट बनाउनुपर्दछ कि यी प्रश्नका उत्तरहरू *प्रेरित* शब्दको अर्थमाथि निर्भर गर्दछन्। प्रभावकारी रूपमा मण्डली स्थापित गर्ने व्यक्ति वा महत्त्वपूर्ण अग्रगामी मिशनेरी बुझाउनलाई (उदाहरणार्थ, "विलियम केरी भारतमा एक मिशनेरी थिए") आज कति मानिसहरूले, अति सामान्य अर्थमा, *प्रेरित* शब्द प्रयोग गर्छन्। हामीले यदि यस सामान्य अर्थमा *प्रेरित* शब्द प्रयोग गऱ्यौं भने आज पनि प्रेरितहरू छन् भनी सबै मानिसहरू सहमत बन्नेछन् किनकि आज पनि प्रभावशाली मिशनेरी र मण्डली स्थापकहरू छन्।

नयाँ करार स्वयम्मा यस्ता तीनवटा पदहरू छन् जसमा मण्डलीको कुनै पनि विशिष्ट पद बुझाउनलाई होइन तर "सन्देशवाहक बुझाउनलाई मात्र *प्रेरित* शब्द सामान्य अर्थमा प्रयोग गरिएको छ। फिलिप्पी २:२५ मा, पावल इपाफ्रोडिटसलाई "तिमीहरूले पठाएका दूत (*apostolos*) र मलाई खाँचो पर्दा सेवा गर्ने" भन्छन्; २ कोरिन्थी ८:२३ मा, पावल उनले यरूशलेम लगिरहेका भेटीसितै गएका मानिसहरूलाई "मण्डलीहरूका *दूतहरू* [*apostoloi*]" भन्छन्; अनि यूहन्ना १३:१६मा येशू भन्नुहुन्छ, "*खबर लाने* [*apostolos*] खबर पठाउनेभन्दा ठूलो हुँदैन।"

तर *प्रेरित* शब्दको अर्को अर्थ पनि छ। नयाँ करारमा बारम्बार यस शब्दले *"ख्रीष्ट येशूका प्रेरित"*-को विशेष पद बुझाउँछ। यो साँघुरो अर्थमा, आज कोही पनि प्रेरितहरू छैनन्, र अरू होलान् भनी आशा पनि हामीले गर्नुहुँदैन। यसको कारण नयाँ करारले प्रेरितहरू हुनका लागि चाहिने योग्यताहरूबारे, अनि को प्रेरितहरू थिए भन्नेबारे जे बताउँछ त्यही नै हो।

**अ. प्रेरितका योग्यताहरू :** प्रेरित बन्नलाई चाहिएका दुईवटा योग्यताहरू यी थिए : (१) येशू पुनरुत्थान हुनुभएपछि आफ्नै आँखाले उहाँलाई देखेको हुनपर्थ्यो (त्यसकारण, "पुनरुत्थानको प्रत्यक्षसाक्षी" बनेका व्यक्ति), (२) उहाँका प्रेरित बन्नलाई ख्रीष्टद्वारा विशेष रूपमा नियुक्त गरिएका व्यक्ति।[४]

पुनरुत्थान हुनुभएको प्रभुलाई आफ्नै आँखाले देखेका हुनुपर्ने तथ्य प्रेरित १:२२ मा

[२]नयाँ करारको प्रामाणिक धर्मग्रन्थ-सङ्ग्रहको समाप्तिबारे छलफलको निम्ति हे. अ.३ भित्र।

[३]यहाँदेखि पृष्ठ १२०५ सम्मका सामग्रीहरू Wayne Grudem-को *The Gift of Prophecy in the New Testament and Today* (इस्टबर्न, यू.के. : किङ्सवे, र वेस्टचेस्टर, इलि. क्रसवे, १९८८), पृह. २६९-७६; अनुमतिद्वारा प्रयोग गरिएको।

[४]यी दुईवटा योग्यताहरू J. B. Lightfoot-द्वारा उनको टिप्पणी *The Epistle of St. Paul to the Galatians*-मा उनको उत्कृष्ट प्रबन्ध "The Name and Office of an Apostle" (प्रथम प्रकाशन मिति १८६५; पुनः

इङ्गित गरिएको छ, जहाँ पत्रुसले भने कि यहूदा इस्कोरियतको स्थानमा आउने "मानिस हामी सँगसँगै *उहाँको पुनरुत्थानको साक्षी* हुनुपर्छ।" यसबाहेक, उहाँ "आफैले छान्नुभएका प्रेरितहरूलाई" "आफ्नो दुःख-भोगपछि धेरै अकाटच प्रमाणद्वारा तिनीहरूका सम्मुख उहाँले आफैलाई जीवित प्रस्तुत गर्नुभयो। चालीस दिनसम्म उहाँ तिनीहरूकहाँ देखा पर्नुभयो" (प्रे १:२-३; तु. ४:३३)।

आफूमा यो योग्यता थियो भन्ने तथ्यलाई पावल अत्यन्तै महत्त्व दिन्छन्, यद्यपि त्यो एक असाधारण ढङ्गमै भएको थियो (दमस्कस जाने बाटोमा ख्रीष्ट पावलकहाँ दर्शनमा देखापर्नुभयो र उनलाई प्रेरितका रूपमा नियुक्त गर्नुभयो, प्रेरित ९:५-६; २६:१५-१८)। आफ्नो प्रेरितपनको प्रतिरक्षा गर्दै उनी भन्छन्, "के म प्रेरित होइनँ ? *के मैले येशू, हाम्रा प्रभुलाई देखेको छैनँ ?"* (१ कोर ९:१)। उहाँको पुनरुत्थानपछि ख्रीष्ट जुन मानिसहरूकहाँ देखापर्नुभयो ती मानिसहरूको वर्णन गर्दा पावल भन्छन्, "त्यसपछि *याकूब* र *सबै प्रेरितहरूकहाँ उहाँ देखा पर्नुभयो*। सबैभन्दा अन्त्यमा असमयमा जन्मेको मानिसकहाँ जस्तो *मकहाँ पनि* उहाँ देखा पर्नुभयो। किनकि प्रेरितहरूमध्ये म सबैभन्दा तुच्छ हुँ। म प्रेरित भनिन योग्य छैनँ" (१ कोर १५:७-९)।

पुनरुत्थान हुनुभएपछिका येशूलाई आफ्नै आँखाले नदेख्ने व्यक्ति प्रेरित बन्न सक्थेन भन्ने कुरा सङ्केत गर्नका लागि यी पदहरू संयुक्त बन्दछन्।

दोस्रो योग्यता, अर्थात् प्रेरितका रूपमा ख्रीष्टद्वारा विशेष नियुक्ति पनि, यी विभिन्न पदहरूद्वारा स्पष्ट हुन्छ। सर्वप्रथम, सुसमाचारमा *प्रेरित* शब्द सामान्य नभए तापनि, बाह्र जना चेलाहरूलाई "प्रेरित" भनिएको छ, विशेष गरी त्यो सन्दर्भमा जहाँ उहाँले तिनीहरूलाई विशेष अख्तियार दिएर नियुक्त गरिरहनुभएको छ, उहाँको नाउँमा प्रचार गर्नलाई "बाहिर पठाइरहनुभएको छ" :

> उहाँले आफ्ना बाह्र चेलाहरूलाई बोलाएर अशुद्ध आत्मा निकाल्ने र हर प्रकारका रोग र दुर्बलता निको पार्ने अधिकार तिनीहरूलाई दिनुभयो। बाह्र प्रेरितहरूका नाउँ यी हुन्...। ... येशूले यी बाह्र चेलाहरूलाई यसो भनी आज्ञा दिएर पठाउनुभयो, ... 'स्वर्गको राज्य नजीकै आइपुगेको छ'" (मत्ती १०:१-७)।

यस्तै प्रकारले येशूले उहाँका प्रेरितहरूलाई "पृथ्वीको अन्तिम छेउसम्म" उहाँको "साक्षी" बन्नका लागि विशेष अर्थमा अख्तियार दिएर नियुक्त गर्नुहुन्छ (प्रे १:८)। अनि यहूदा इस्करियोतको स्थानमा अर्को प्रेरित राख्नलाई ती एघार जना प्रेरितहरू आफैले उत्तरदायित्व लिएनन्, तर स्वर्गमा उक्लिजानुभएको ख्रीष्टलाई त्यो नियुक्ति गरिदिनुहोस् भनी प्रार्थना गरे र मागे :

> "सबै मानिसका हृदयको कुरा जान्नुहुने प्रभु, यी दुईमध्ये तपाईंले कसलाई चुन्नुभएको छ सो हामीलाई देखाउनुहोस्, र त्यो यस सेवा र प्रेरितको काममा प्रवेश गर्न सकोस्, जुन सेवाबाट यहूदा भड्केर आफ्नो निज

प्रकाशित, ग्यान्ड र्‍यापिड्स् : जोन्डर्भ्यान, १९५७), पृ. ९२-१०१ मा विस्तृत छलफल गरिएको छ; हे. K.H. Rengstorf, *"apostolos," TDNT,* 1:398-447 पनि।

> ठाउँमा मऱ्यो।" अनि तिनीहरूले ती दुईका बीचमा गोला हाले, र मतियासको नाउँमा पऱ्यो, र एघार प्रेरितहरूसँग तिनको गणना भयो।" (प्रे १:२४-२६)

ख्रीष्टले उनलाई व्यक्तिगत तौरमा प्रेरितका रूपमा नियुक्त गर्नुभएको थियो भनी पावल आफैले जोड़ दिन्छन्। येशूले उनलाई गैरयहूदीहरूका निम्ति एक प्रेरित नियुक्त गरिरहनुभएको छ भनी येशूले उनलाई दमस्कस जाने बाटोमा कसरी भन्नुभयो सो पावल बताउँछन्, "...तिमीलाई ... सेवक र साक्षी नियुक्त गर्ने उद्देश्यले म तिमीकहाँ देखा परेको छु। म तिमीलाई तिम्रा आफ्नै जाति र अन्यजातिबाट छुटकारा दिनेछु, जसकहाँ म तिमीलाई पठाउनेछु" (प्रे २६:१६-१७)। उनी ख्रीष्टद्वारा प्रेरितको रूपमा विशेष रूपमा नियुक्त गरिएका थिए भनी उनी पछि पुष्टि गर्छन् (हे. रोम १:१; गला १:१; १ तिमो १:१२; २:७; २ तिमो १:११)।

**आ. प्रेरितहरू को थिए ?** प्रेरितहरूको प्रारम्भिक समूहमा बाह्र जना थिए – यहूदा मरेपछि मूल एघार जना चेलाहरू र मथियास, जो यहूदाको स्थानमा नियुक्त भएका थिए, "अनि तिनीहरूले ती दुईका बीचमा गोला हाले, र मतियासको नाउँमा पऱ्यो, र *एघार प्रेरितहरूसँग तिनको गणना भयो*" (प्रे १:२६)। बाह्र जना चेलाहरूको, अर्थात् प्रेरितको पदका "अधिकारपत्र (charter) प्राप्त सदस्यहरू"-को यो मूल समूह यति महत्त्वपूर्ण थियो कि हामी उनीहरूका नाउँ त्यो स्वर्गीय शहर, अर्थात् नयाँ यरूशलेमका जगहरूमा कुँदिएका पढ्छौं, "शहरको पर्खालका बाह्र जग थिए। तीमाथि *थुमाका बाह्रै प्रेरितहरूका बाह्र नाउँ लेखिएका थिए"* (प्रका २१:१४)।

हामी पहिला त यो सोचौंला कि यस किसिमको समूह कहिल्यै पनि ठूलो बनाइनेछैन; यसमा कसैलाई पनि थप्न सकिनेछैन। तर पावल स्पष्ट रूपमा दाबी गर्छन् कि उनी पनि एक प्रेरित हुन्। अनि प्रेरित १४:१४ ले बारनाबास र पावल दुवैलाई प्रेरितहरू भन्छन्, "तर जब *प्रेरितहरू, बारनाबास र पावलले* यो कुरा सुने।" यसरी पावल र बारनाबास मिलाएर "ख्रीष्टका प्रेरितहरू" चौध जना छन्।[५]

त्यसपछि येशूका भाइ याकूबलाई (जो मूल बाह्र जना चेलाहरूमध्येका थिएनन्) गलाती १:१९ मा प्रेरित भनिएको देखिन्छ; यरूशलेम जाँदा पावलले "प्रभुका भाइ याकूबलाई बाहेक अरू कुनै प्रेरितलाई" नभेटेका बताउँछन्।[६] त्यसपछि गलाती २:९ मा याकूबलाई पत्रुस र यूहन्नासँगै यरूशलेमको मण्डलीका "खम्बा"-हरू भनी

[५]प्रेरितहरूका लेखनहरूलाई धर्मशास्त्रको रूपमा लिइएका थिए भने, *The Epistle of Barnabas* शीर्षकको बाइबलीयेतर दस्तावेजलाई धर्मशास्त्रमा किन सम्मिलित गरिएको छैन भनी कसैले आफैलाई प्रश्न गर्न सक्लान्। यसको उत्तर यही हो कि विद्वान्हरूले प्राय: सर्वसम्मतिले यही निष्कर्ष निकालेका छन् कि यो पुस्तक बारनाबासद्वारा लेखिएको थिएन तर कुनै अज्ञात ख्रीष्टियानद्वारा लेखिएको थियो जो ७० र १०० ख्री.-मा अलेकजेन्ड्रियामा बस्थे। धर्मपत्रहरूले दाबी गर्छन् कि अधिकांश पशुबलिहरू, अधिकांश मोशाएली व्यवस्था र भौतिक मन्दिरको निर्माणलगायत पुरानो करारका अधिकांश खण्ड ती भुलहरू थिए जो परमेश्वरको इच्छाको विरुद्धमा थिए (हे. ODCC, पृ. १३४)। (मूलपाठ र अनुवाद अनुवादक Kirsopp Lake-को *The Apostolic Fathers* [केमब्रिज, मासाच्युसेट्स : हवार्ड युनिभर्सिटि प्रेस, र लन्डन : हेयनमेन, १९७०], १:३३५-४०९)-मा छन्।

[६]यस पदलाई यसरी अनुवाद गर्न नितान्त आवश्यक छैन, प्रेरितहरूमध्ये याकूबलगायत (NIV-ले लेख्छ, "मैले अरू कुनै प्रेरितहरू देखिनँ – प्रभुका भाइ याकूब मात्र देखेँ।") तथापि "प्रभुका भाइ याकूबबाहेक" भन्ने अनुवाद नै स्पष्टत: बढ़ी मान्य देखिन्छ, किनभने (१) ग्रीक वाक्यांश *ei me* लेखिएको छ, जसले सामान्यत:

वर्गीकृत गरिएको छ। अनि प्रेरित १५:१३-२१ मा, याकूबले, पत्रुससँगै यरूशेलमको परिषद्मा नेतृत्वको महत्त्वपूर्ण कार्यभार सम्हाल्छन्, जुन कार्यभार प्रेरितको पदोपयुक्त थियो। यसबाहेक, पावलले येशूको पुनरुत्थान-प्रकटनहरूका तालिका बनाइरहेका बेला उनले याकूबलाई सहर्ष प्रेरितहरूसँग वर्गीकृत गर्छन् :

> त्यसपछि याकूब र सबै प्रेरितहरूकहाँ उहाँ देखा पर्नुभयो। सबैभन्दा अन्त्यमा असमयमा जन्मेको मानिसकहाँ जस्तो मकहाँ पनि उहाँ देखा पर्नुभयो। किनकि प्रेरितहरूमध्ये म सबैभन्दा तुच्छ हुँ। म प्रेरित भनिन योग्य छैन। किनभने मैले परमेश्वरको मण्डलीलाई खेदो गरें। (१ कोर १५:७-९)

अन्त्यमा, लेखकमा उनको नाउँ भएको धर्मपत्र याकूबले लेख्न सके भन्ने तथ्यले पनि उनमा भएको त्यो अख्तियारअनुरूप थियो जो प्रेरितको पदमा हुन्थ्यो, अर्थात् ती वचनहरू लेख्न अख्तियार जो परमेश्वरका वचनहरू थिए। यी सबै विचारहरूले मिलेर यो सङ्केत दिन्छन् कि प्रभुका भाइ याकूब पनि ख्रीष्टद्वारा विशेष अख्तियारसहित प्रेरितका रूपमा नियुक्त गरिएका थिए। यसले "येशू ख्रीष्टका प्रेरितहरू"-का संख्या पन्ध्र बनाउँदछ (बाह्र र पावल, बारनाबास अनि याकूब)।

के यी पन्ध्र जनाभन्दा अझ धेरै प्रेरितहरू थिए ? सम्भवतः यसभन्दा पनि केही धेरै थिए, यद्यपि उनीहरूका विषयमा हामीले केही जाने तापनि थोरै मात्र जान्दछौं, र यीभन्दा अझ धेरै प्रेरितहरू थिए भन्ने कुरा निश्चित छैन। निश्चय नै अरू मानिसहरूले येशूलाई उहाँको पुनरुत्थानपछि देखेका थिए ("त्यसपछि उहाँ एकै समयमा पाँच सयभन्दा बढ़ी भाइहरूकहाँ एकसाथ देखा पर्नुभयो," १ कोर १५:६)। यो सम्भव छ, यो ठूलो समूहबाट येशूले अरू केही मानिसहरूलाई पनि प्रेरितहरूका रूपमा नियुक्त गर्नुभयो – तर यो पनि अत्यन्तै सम्भव छ कि उहाँले गर्नुभएन। यस मुद्दालाई निर्णय गर्ने प्रमाण पर्याप्त छैन।

रोमी १६:७ ले भन्छ, *"एन्ड्रोनिकस र युनियस,* मेरा आफन्तहरू र मेरा सङ्गी-कैदीहरूलाई अभिवादन भनिदेओ। *तिनीहरू प्रेरितहरूमध्ये प्रख्यात् छन्,* र मभन्दा अगाड़ि ख्रीष्टमा भएका थिए।" यस पदलाई अनुवाद गर्नामा विभिन्न समस्याहरू भएका हुनाले, कुनै पनि स्पष्ट निष्कर्षमा पुग्न सकिन्न। "प्रख्यात्" भन्नाले (प्रेरितहरू)"-द्वारा ध्यान दिइएको वा उल्लेख गरिएका" भनेर पनि अनुवाद गर्न सकिन्छ "युनियस (पुरुषको नाउँ)-लाई "युनिया" (स्त्रीको नाउँ) भनी पनि अनुवाद

---

"बाहेक" बुझाउँछ (BAGD, पृ. २२, ८क), अनि नयाँ करारको भाषाको अधिकांश प्रयोगमा यस शब्दले पहिलेको समूहको एउटा भाग बुझाउँछ, जो सो समूहबाट "अलग भएको/बाहेक"-को हुन्छ; अनि (२) गलाती १:१८ को सन्दर्भमा, पावलले उनी यरूशलेम जाँदा पत्रुसलाई देखे अनि याकूबबाहेक अन्य कुनै मानिसहरूलाई देखेनन् – वा पत्रुसलाई, अनि याकूबबाहेक मण्डलीका अन्य कुनै पनि अगुवाहरूलाई देखेनन् – किनभने उनी त्यहाँ "पन्ध्र दिन" बसे (गला १:१८) भन्नुमा उनको निम्ति साह्रै अर्थ लाग्दैन। यसकारण उनको आशय यो हुनुपर्दछ कि उनले पत्रुसलाई देखे अनि *याकूबबाहेक अन्य कुनै पनि प्रेरितहरूलाई* देखेनन्। तर यसले याकूबलाई प्रेरितहरूसित वर्गीकृत गर्नेछ। छलफलको निम्ति (E. D. Burton, *The Epistle to the Galatians,* ICC (एडिनबर्गः टी. ़्यान्ड टी. क्लार्क, १९२०), पृ. ६० मा हे.। (Burton भन्छन्, "यहाँ सदैव संज्ञाको अगि आउने *ei me*-को अर्थ "बाहेक" हुन्छ [ऐजन])।

गर्न सकिन्छ।[७] यहाँ "प्रेरित"-ले "येशू ख्रीष्टका प्रेरितहरूका" पदभार नअर्थ्याएको पनि हुन सक्छ, तर केवल "सन्देशवाहकहरू" (यस शब्दले फिलि २:२५; २ कोर ८:२३; यूह १३:१६ मा लिने सामान्य अर्थ) मात्र बुझाएको हुन सक्छ। यो पदमा स्पष्ट जानकारी यति थोरै छ कि हामीलाई निष्कर्ष निकाल्न नै असम्भव हुन्छ।

अरू व्यक्तिहरू पनि प्रेरितहरू हुन् भन्ने सङ्केत दिइएको छ। सिलास (सिलभानस) र कहिलेकाहीँ तिमोथीलाई प्रेरित भनिएको छ किनभने १ थेसलोनिकी २:६ ले भन्छ, *"ख्रीष्टका प्रेरित भएका नाताले हामीले* तिमीहरूमाथि अधिकार चलाउन सक्थ्यौं।" पत्र "पावल, सिलास र तिमोथी"-बाट (१ थेस १:१) थालिन्छ, के त्यसैकारण पावल यहाँ सिलास र तिमोथीलाई समावेश गर्छन्?

दुईवटा कारणहरूले गर्दा, पावलले यस वक्तव्यमा तिमोथीलाई समावेश गरिरहेका हुन असम्भव छ। (१) केवल चार पदअघि उनी भन्छन्, "हामीले अघिबाटै फिलिप्पीमा कष्ट भोग्यौं र अपमानित भयौं भन्ने कुरा तिमीहरूलाई थाहा छ" (१ थेस २:२), तर यसले पावल र सिलासले मात्र भोगेका चुटाइ र कैदतिर सङ्केत गर्छ, तिमोथीले भोगेका होइन (प्रे १६:१९)। यसकारण पद ६ को "हामी"-ले पहिलो पदमा उल्लेखित सबै मानिसहरू (पावल, सिलास, तिमोथी) समावेश गरेको देखिँदैन। त्यो पत्र सामान्यतया पावल, सिलास र तिमोथीबाट आएको हो, तर पत्रको कुनै खण्डमा उनले उनीहरू तीनै जना भनी बुझाउन नचाहेको बेला, "हामी" भन्ने वक्तव्यहरूमा संलग्न उपयुक्त सदस्यहरूलाई पाठकहरूले स्वाभाविक ढङ्गले चिन्नेछन् भनी पावल जान्दछन्। उनले तोकेर "हामीले"– अर्थात् सिलास र मैले– "अघिबाटै फिलिप्पीमा कष्ट भोग्यौं र अपमानित भयौं भन्ने कुरा तिमीहरूलाई थाहा छ" (१ थेस २:२) भन्दैनन्, किनभने पावलले "हामी" भनेर कसलाई सङ्केत गरिरहेका छन् सो थेसलोनिकीहरूले जान्नेछन्।

(२) यो १ थेसलोनिकी ३:१-२मा पनि देखिन्छ जहाँ "हामी"-ले निश्चय तिमोथीलाई संलग्न गर्दैन :

> यसकारण जब हामीले सहन सकेनौं, तब एथेन्समा एक्लै छोड़िन हामी राजी भयौं, र तिमीहरूलाई विश्वासमा स्थिर गराउन र अर्ती-उपदेश दिन, परमेश्वरमा ख्रीष्टका सुसमाचारको सेवक हाम्रा भाइ *तिमोथीलाई हामीले पठायौं* । (१ थेस ३:१-२)।

यस मुद्दामा, "हामी" शब्दले कि पावल कि सिलास बुझाउँछ वा केवल पावल मात्र

[७]यहाँ "युनियस" वा "युनिया" भनी अनुवाद गर्ने वा नगर्ने भन्ने प्रश्नबारे विस्तृत विवेचनको निम्ति हे. John Piper र Wayne Grudem सम्पा. *Recovering Biblical Manhood and Womanhood* (व्हिटन: क्रसवे, १९९१), पृह. ७९-८१, २१४, २२१-२२। कतिले यो दाबी गरेका छन् कि प्रचीन ग्रीसमा युनिया स्त्रीहरूको प्रचलित नाउँ थियो, तर यो गलत कुरा हो, कमसेकम लिखित ग्रीक साहित्यमा : कम्प्युटर लगाएर तेह्र शताब्दीभरिका (नवौं शताब्दी ख्रीष्टपूर्वदेखि ख्रीष्टाब्द पाँचौं शताब्दी) प्राचीन २,८८९ लेखकहरूमा खोजी गर्दा युनिया नाउँ भएकी दुई स्त्रीका नाउँहरू मात्र पाइए – एउटा प्लुटार्कमा (प्राय: ५०-१२० ख्री.पू.) अनि मण्डलीका पिता Chrysostom-मा (ख्री. ३४७-४०७)। Chrysostom-ले रोमी १६:७ माथि उपदेश दिँदा युनिया स्त्री भएकी इङ्गित गरे। यो पुरुषको चल्ती नाउँ पनि होइन, किनकि यस खोजीले युनियस नाउँ भएको एउटै उदाहरण साइप्रसमा सलाइमिसका बिशप Epiphanius-मा मात्र पायो। उनले रोमी १६:७ मा Epiphanius-तिर सङ्केत गर्छन् र भन्छन् तिनी सिरियामा अपामियाका बिशप बने (*Index of Disciples* 125.19-20;

बुझाउँछ (हे. प्रे १७:१४-१५; १८:५)। यो स्पष्ट छ, सिलास र तिमोथी रोममा पावलकहाँ "जति सक्दो चाँडै" आएका थिए (प्रे १७:१५), यद्धपि लूकाले उनीहरू एथेन्समा आइपुगेका उल्लेख गर्दैनन् – अनि थेसलोनिकीको मण्डलीलाई सहायता गर्नलाई पावलले तिनीहरूलाई त्यहाँ फेरि पठाइदिएका थिए। त्यसपछि उनी आफै नै कोरिन्थ गए, अनि तिनीहरू पछिबाट त्यहाँ पावलकहाँ आए (प्रे १८:५)।

"तब एथेन्समा एक्लै छोड़िन हामी राजी भयौं" (१ थेस ३:१) भन्ने वाक्यले पावलतिर मात्र सङ्केत गर्नु एकदमै सम्भव छ, कारण उनले पद ५ मा फेरि एक वचन "मैले" चलाएर तर्क थाल्दछन् ("यसकारण मैले अझै सहन नसक्दा ... तिमीहरूको विश्वास थाहा पाउनलाई मैले तिनलाई पठाएँ" (१ थेस ३:५), अनि साथै यसकारण पनि कि यदि एथेन्समा सिलास उनीसँग बसेका भए उनले सामना गर्नपरेको चरमएकलोपनसम्बन्धी कुरा उठाइनेथिएन।[८] वास्तवमा, यसअघिको अनुच्छेदमा पावलको आशय "म" हो किनकि उनी भन्छन्, "... हामी तिमीहरूकहाँ आउन खोजेका थियौं – म पावलचाहिँ बारम्बार आउन चाहें – तर शैतानले हामीलाई रोक्यो" (१ थेस २:१८)। यहाँ यो स्पष्ट छ कि थेसलोनिकी मण्डलीलाई लेखिएको यस धर्मपत्रमा पावलले सिलास र तिमोथीलाई संलग्न गराउने एक शिष्ट उपायको रूपमा बारम्बार "हामी" प्रयोग गरेका छन्, किनभने सिलास र तिमोथीलेत्यस मण्डलीमा धेरैनै समय बिताएका थिए । तर गैरयहूदीहरूकहाँ आएको यस महान् मिशनको प्रभारी (incharge) वास्तवमा को थिए, अनि कसको प्रेरितिक अख्तियारमा त्यो पत्र मूलतः (वा एकमात्र रूपले) आधारित थियो भन्नेबारे थेसलोनिकीहरूले थोरै शङ्का गरेका हुनेथिए।

यसकारण यो साधारणतया सम्भव छ कि सिलास स्वयम् एक प्रेरित थिए, अनि १ थेस २:६ ले त्यसतिर सङ्केत गर्छ। उनी यरूशलेम मण्डलीका एक अग्रगामी प्रमुख सदस्य थिए (प्रे १५:२२), अनि हुन सक्छ उनले पुनरुत्थानपछि येशूलाई देखेका थिए, र त्यसपछि प्रेरितका रूपमा नियुक्त भएका थिए। तर हामीले यो कुरा त्यति निश्चयतासित भन्न सक्दैनौं।

तर, तिमोथीको परिस्थिति भने भिन्नै छ। जसरी उनी १ थेस २:२ (र ३:१-२) को "हामी"-मा सम्मिलित गरिएका छैनन्, उसरी नै १ थेस २:६ को "हामी"-बाट पनि उनी बाहिरै राखिएका देखिन्छन्। यसबाहेक, लिस्त्राको भूमिपुत्रको (प्रे १६:१-३) रूपमा जसले आफ्ना बजै र आमाबाट ख्रीष्टका बारेमा जानेका थिए (२ तिमो १:५), उनी पेन्तिकोसको दिनअघि यरूशलेम हुनु र त्यसकारण पुनरुत्थान हुनुभएको प्रभुलाई देखेर उहाँमाथि विश्वास गर्ने बन्नु, र त्यसपछि हठात् प्रेरित नियुक्त भएका

---

Epiphanius-ले युनियसबारे अझ धेरै जानकारी थाहा पाएका कारण यो उद्धरण अति नै महत्त्वपूर्ण छ)। मण्डलीका पिता Origen-को ल्याटिन मूलपाठ (ख्री. २५२)-ले पनि रोमी १६:७ को युनियस पुरुष भनी बताउँछ (J. P. Migne, *Patrologia Grececa*, भाग १४, कलम १२८९)। त्यसकारण उपलब्ध तथ्याङ्कले यस दृष्टिकोणलाई समर्थन दिन्छ कि युनियस पुरुष थिए, तर पनि यो जानकारी निर्णायक हुनको लागि साह्रै अपर्याप्त छ।

[८] Leon Morris, *The First and Second Epistles to the Thessalonians*, NIC (ग्र्यान्ड र्‍यापिड्स् : ईर्डम्यान्स, १९५९), पृह.९८-९९। Morris भन्छन्, "पावलका पत्रहरूमा सामान्यतया जुन प्रथा छ सोभन्दा यस पत्रमा भएको प्रथा केही भिन्नै छ। प्रायः सम्पूर्ण पत्रभरि बहुवचन प्रयोग गरिएको छ, जब कि पावलले उनका अधिकांश पत्रहरूमा एकवचनै चलाउन धेरै मन पराउँछन्" (पृ. ९८; तु. पृह. ४६-४७)। यहाँ बहुवचनले

हुनु असम्भव देखिन्छ। यसबाहेक, *उनका पत्रहरूमा पावलले सम्बोधन गर्ने ढाँचाले "प्रेरित" उपाधिलाई सधैं उनी स्वयम्‌को निम्ति मात्र सतर्कतापूर्वक प्रयोग गर्छन्*। उनले तिमोथी वा उनका सह-यात्रीहरूमध्ये अरूहरूका निम्ति यो उपाधि प्रयोग गर्दैनन् (ध्यान दिनुहोस् २ कोर १:१; कल १:१: "ख्रीष्ट येशूका *प्रेरित पावल र हाम्रा भाइ तिमोथी ...*"; अनि यसपछि फिलिप्पी १:१: "ख्रीष्ट येशूका *दासहरू पावल र तिमोथी ...*")। तिमोथीको भूमिका जत्ति नै महत्त्वपूर्ण भए तापनि तिनलाई खास गरी प्रेरितहरूमध्येका एक मान्नु हुँदैन।

यसले हामीलाई सीमित तर ठीक प्रकारले संख्या नतोकिएको एउटा समूह दिन्छ जसले "येशू ख्रीष्टका प्रेरितहरू"-को पद पाएको थियो। कम्तिमा पनि पन्ध्र जना वा सोह्र जना वा अझ केही धेरै प्रेरितहरू भएका देखिन्छ जो नयाँ करारमा अभिलिखित गरिएका छैनन्।

तर पनि पावलपछि कोही पनि नियुक्त नभएको पूर्ण रूपले स्पष्ट छ। पावलले पुनरुत्थान हुनुभएको ख्रीष्टका प्रकटनहरूको तालिका बनाउँदा, ख्रीष्ट उनीकहाँ प्रकट हुनुभएको असाधारण तरिकामा उनी जोड़ दिन्छन् र त्यसलाई सबैभन्दा "अन्तिम" प्रकटन थियो अनि उनी स्वयम्‌चाहिँ साँच्चै "प्रेरितहरूमध्ये सबैभन्दा तुच्छ" र "प्रेरित भनिन योग्यको" छैनन् भन्ने वक्तव्यसित जोड़दछन्।

> उहाँ केफासकहाँ, अनि बाह्रै जनाकहाँ देखा पर्नुभयो। त्यसपछि उहाँ एकै समयमा पाँच सयभन्दा बढ़ी भाइहरूकहाँ एकसाथ देखा पर्नुभयो, जसमध्ये धेरैजसो अहिलेसम्म छँदैछन् तर कोही-कोही सुतिसकेका छन्। त्यसपछि याकूब र सबै प्रेरितहरूकहाँ उहाँ देखा पर्नुभयो। *सबैभन्दा अन्त्यमा* असमयमा जन्मेको मानिसकहाँ जस्तो *मकहाँ पनि उहाँ देखा पर्नुभयो*। किनकि प्रेरितहरूमध्ये म सबैभन्दा तुच्छ हुँ। म प्रेरित भनिन योग्य छैनँ।" (१ कोर १५:५-९)।

**ई. सारांश :** प्रेरित शब्दलाई अझ विस्तृत वा साँघुरो अर्थमा प्रयोग गर्न सकिन्छ। विस्तृत अर्थमा यसको अर्थ केवल "सन्देशवाहक" वा "अग्रगामी (pioneer) मिशनरी" हो। तर साँघुरो अर्थमा, जो नयाँ करारमा पाइने सर्वाधिक सामान्य अर्थ हो, यसले एउटा विशेष पद बुझाउँछ, अर्थात्, "येशू ख्रीष्टका प्रेरित।" यी प्रेरितहरूको प्रारम्भिक मण्डली स्थापित गर्ने र सञ्चालन गर्ने अख्तियार थियो अनि उनीहरूले परमेश्वरका वचनहरू बोल्न र लेख्न सक्थे। उनीहरूका लिखित वचनहरूमध्ये धेरै वचनहरू नयाँ करार बने।

प्रेरितका रूपमा योग्य बन्नलाई कुनै व्यक्तिले (१) ख्रीष्ट मृत्युबाट पुनरुत्थान हुनुभएपछि आफ्नै आँखाले देखेकै हुनुपर्दथ्यो अनि (२) ख्रीष्टद्वारा विशेष गरी प्रेरितका रूपमा नियुक्त भएको हुनुपर्दथ्यो। प्रेरितहरूको संख्या सीमित थियो, सायद पन्ध्र वा सोह्र जना वा केही धेरै – संख्याबारे  नयाँ करार स्पष्ट छैन। मूल बाह्र जना प्रेरितहरूसँग (एघार र मथियास) बारनाबास र पावल सम्मिलित भए अनि यो अति

केवल पावलतिर इङ्गित गर्छ भनी Morris ठान्छन्।

नै सम्भव छ कि याकूब, सायद सिलास र सायद एन्ड्रोनिकस, युनियस अनि नाउँ नदिइएका मानिसहरू पनि सम्मिलित भए। यस्तो देखिन्छ कि पावलपछि अन्य कुनै पनि प्रेरित नियुक्त भएनन् र निश्चय नै आज कसैले पनि ख्रीष्टलाई देखेका योग्यता हासिल गर्न नसक्ने हुनाले आज प्रेरितहरू छैनन्।[९] मण्डलीलाई शिक्षा दिनलाई र सञ्चालन गर्नलाई मण्डलीमा जीवित प्रेरितको सट्टामा, आज हामीसित नयाँ करारका पुस्तकहरूमा प्रेरितहरूका लेखनहरू छन्। मण्डलीका प्रारम्भिक वर्षहरूमा प्रेरितहरू स्वयम्ले पूरा गर्ने पूर्णतः आधिकारिक शिक्षण र सञ्चालनका कार्यभारहरू नयाँ करारका ती नै वचनहरूले आज हाम्रा निम्ति पूरा गरिदिन्छन्।

अति नै प्रभावशाली मण्डली स्थापकहरू वा प्रचारकहरू सङ्केत गर्नलाई कति मानिसहरूले *प्रेरित* शब्द प्रयोग गर्लान्, तर यसो गर्न अनुपयुक्त र अनुपयोगी भएको देखिन्छ किनकि यसले नयाँ करार पढ्ने अनि त्यहाँ "प्रेरितहरू"-को पदलाई दिइएको अति उच्च अख्तियार देख्ने मानिसहरूलाई केवल अलमल्याइदिन्छ। यो कुरा ध्यान दिन योग्यको छ कि मण्डलीको इतिहासमा कुनै पनि प्रमुख अगुवाले – Athanasius वा Ausustine, नता Luther र Calvin-ले वा Wesley वा Whitefield-ले – आफ्नो निम्ति "प्रेरित" उपाधि लिएका छन् वा आफूलाई प्रेरित सम्बोधन गरिन दिएका छन्। आधुनिक समयमा यदि कसैले आफ्नै निम्ति "प्रेरित" उपाधि लिन चाहन्छन् भने, तिनीहरूले तुरुन्तै यो शङ्का उत्पन्न गराउँछन् कि तिनीहरू अनुपयुक्त अभिमान अनि आत्मप्रशंसाको अतिशय महत्त्वाकांक्षाले, साथै मण्डलीमा कुनै पनि व्यक्तिमा उचित रूपले हुनपर्नेभन्दा धेरै अख्तियारको पाउने अभिलाषाद्वारा उत्प्रेरित भएका छन्।

## २. एल्डर (पास्टर/निरीक्षक (Overseers)/बिशप)

**अ. बहु-एल्डरहरू : सबै नयाँ करारीय मण्डलीहरूमा ढाँचा :** छलफल गर्नुपर्ने अर्को

[९]कसैले यो आपत्ति उठाउलान् कि आज कुनै मानिसकहाँ ख्रीष्ट देखा पर्नुभएर र त्यस व्यक्तिलाई प्रेरित नियुक्त गर्न सक्नुहुन्छ। तर प्रेरित पदको आधारिक स्वभाव [foundational nature] (एफि २:२०; प्रका २१:१४) अनि ख्रीष्ट देखा परेर प्रेरित नियुक्त गर्नुभएको अन्तिम व्यक्तिका रूपमा पावलले आफैलाई हेरेकाले ("सबैभन्दा अन्त्यमा असमयमा जन्मेको मानिसकहाँ जस्तो मकहाँ पनि उहाँ देखा पर्नुभयो," १ कोर १५:८) यस्तो फेरि हुनेछैन भन्ने सङ्केत दिन्छ। यसबाहेक, उद्धारको इतिहासमा परमेश्वरको उद्देश्य मण्डली-युगको आरम्भमा मात्र प्रेरितहरू दिनु रहेको देखिन्छ (हे. एफि २:२०)।

आज प्रेरितहरू छैनन् भन्ने अवधारणाको विरुद्ध आउने अर्को आपत्तिको विरोधमा, विशेष गरी क्यारिज्म्याटिक् आन्दोलनमा भएका मानिसहरूबाट आउने आपत्तिको विरोधमा, यो तर्कअघि सारिन्छ कि एफिसी ४:११ को "पाँच प्रकारको सेवाकार्य" आज यथावत् रहनुपर्दछ र हामीसँग (१) प्रेरितहरू, (२) अगमवक्ताहरू, (३) प्रचारकहरू, (४) पास्टरहरू, अनि (५) शिक्षकहरू हुनुपर्दछ, किनकि पावल भन्छन् कि ख्रीष्टले "कोही प्रेरितहरू, कोही अगमवक्ताहरू, कोही प्रचारकहरू, कोही मण्डलीका पास्टरहरू र कोही शिक्षकहरू बनून्" (एफि ४:११) भन्नुभयो। तर एफिसी ४:११ ले विगतमा एकैपटक घटेको घटनाबारे बताउँछ (सामान्य भूत *kai edoken,* "अनि उहाँले दिनुभयो"-मा ध्यान दिनुहोस्) जब ख्रीष्ट स्वर्गारोहण हुनुभयो (पह. ८-१०) र त्यसपछि मण्डलीलाई प्रेरितहरू, अगमवक्ताहरू, प्रचारकहरू अनि पास्टर-शिक्षकहरू (वा पास्टर र शिक्षकहरू) दिनुहुँदै पेन्तिकोसको दिन मण्डलीमाथि प्रारम्भिक वरदानहरू खन्याइदिनुभयो। यी पदभारहरूमध्ये प्रत्येकको निम्ति ख्रीष्टले पछिबाट अझ धेरै मानिसहरू दिनुहुनेथ्यो वा थिएन सो *यस पदबाट मात्र निर्णय गर्नै सकिँदैन,* तर यी पदका प्रकृति र ती कायम रहिरहून् भन्ने आशा गरिएको थिइयो वा थिइएन भन्ने प्रश्नबारे नयाँ करारका अरू शिक्षाहरूमा आधारित गरेर निर्णय गरिनुपर्दछ। वास्तवमा, आरम्भका सबै मण्डलीहरूमा ख्रीष्टद्वारा स्थापित गरिएका धेरै अगमवक्ताहरू, प्रचारकहरू, र पास्टर-शिक्षकहरू हामी देख्छौं, तर यो प्रारम्भिक समयपछि अरू एउटै मात्र प्रेरित दिइएको थियो

पद "एल्डर"-को पद हो। नयाँ करारमा विभिन्न किसिमका मण्डली शासन व्यवस्थाहरू हुन्छन् भनी कतिले तर्क गरेका भए तापनि,[१०] यसबारे प्रासङ्गिक मूलपाठहरूको सर्वेक्षणले कुरा यसको विपरीत भएको देखाउँछ – नयाँ करारका मण्डलीहरूमा मुख्य शासनकारी (वा सञ्चालन) समूहमा *बहु-एल्डरहरू*को प्रायः एकैनासे ढाँचा नै छ। उदाहरणार्थ, हामी प्रेरित १४:२३ मा पढ्दछौं, "जब तिनीहरूले उनीहरूको हरेक मण्डलीमा *एल्डरहरू*[११] नियुक्त गरे, तब प्रार्थना र उपवाससहित उनीहरू आफूले विश्वास गरेका प्रभुको जिम्मामा उनीहरूलाई सुम्पिदिए।" यस्तो पावलको प्रथम मिशनरी यात्रामा उनी लुस्त्रा, आयकोनियम् र एन्टिओखियाका शहरहरूभएर फर्किरहेका बेला भएको हो। यसले यो देखाउँछ कि उनको प्रथम मिशनरी यात्राको समयदेखि नै पावलले अपनाएका सामान्य प्रक्रिया मण्डली स्थापना गरिएको केही समयपछि नै एल्डरहरूको एउटा समूह नियुक्त गर्नु थियो। हामी यो पनि जान्दछौं कि पावलले एफिससमा भएको मण्डलीमा एल्डरहरू नियुक्त गरे किनकि हामी पढ्दछौ, "तिनले मिलेटेसबाट एफिससमा मानिस पठाएर मण्डलीका *एल्डरहरूलाई* बोलाइपठाए" (प्रे २:१७)। यसबाहेक, पावलका प्रेरितिक सहायकहरूलाई यस्तै प्रक्रिया कायम राख्ने निर्देशन दिइएको थियो किनकि पावलले तीतसलाई लेखे, "यसैकारण मैले तिमीलाई क्रेटमा छोडें कि मैले तिमीलाई अह्राएबमोजम तिमीले त्यहाँ अपूरा कुराहरू पूरा गर्नू, र *हरेक शहरमा एल्डरहरू नियुक्त गर्नू*" (तीत १:५)। एउटा मण्डली स्थापित गरिएको लगत्तैपछि, मण्डली भएको "हरेक शहरमा" एल्डरहरू नियुक्त गरिएका हामी फेरि देख्छौं। अनि पावलले तिमोथीलाई "एल्डरहरूले तिनीहरूका हात तिमीमाथि राख्दा"-को समय स्मरण गराए (१ तिमो ४:१४)।

याकूब लेख्छन्, "के तिमीहरूमध्ये कोही बिमारी छ? त्यसले मण्डलीका एल्डरहरूलाई बोलाओस्। तिनीहरूले प्रभुको नाउँमा त्यसलाई तेलले अभिषेक गरेर त्यसको निम्ति प्रार्थना गरून्" (याक ५:१४)। यो एउटा महत्त्वपूर्ण वक्तव्य हो किनभने याकूबको धर्मपत्र धेरैवटा मण्डलीहरूलाई, विदेशमा छरपस्ट भएका विश्वासीहरूलाई लेखिएको सार्वजनिक पत्र हो जुन विश्वासीहरूलाई याकूबले "ठाउँ-ठाउँमा छरपस्ट भएका बाह्र कुल" भन्छन् (याक १:१)। यसले यो सङ्केत गर्छ कि *उनको सामान्य धर्मपत्र पुगेको नयाँ करारको हरेक मण्डलीमा* – अर्थात् *त्यस समय अस्तित्वमा रहेका सबै मण्डलीहरू*मा *एल्डरहरू हुनेछन्* भनी याकूबले आशा गरे।

यस्तै किसिमको निष्कर्ष १ पत्रुसबाट निकाल्न सकिन्छ। पत्रुस लेख्छन्, "तिमीहरूमध्येका *एल्डरहरूलाई* म आग्रह गर्दछु।... तिमीहरूको देखरेखमा राखिएको परमेश्वरका बगालको हेरचाहा गर" (१ पत्र ५:१-२)। पहिलो पत्रुस पनि एशिया माइनर भएका चारवटा रोमी प्रान्तहरूभरि छरपस्ट भएका दर्जनौं मण्डलीहरूलाई लेखिएको पत्र हो (हे. १ पत्र १:१; बिथीनिया र पोन्टस मिलेर एउटा

(दमिस्कको बाटोमा असाधारण परिस्थितिमा पावल "सबैभन्दा अन्त्यमा")।

[१०] उदाहरणार्थ, हे., Millard Erickson, *Christian Theology,* p.1084.

[११] नयाँ करारमा "एल्डर" अनुवाद गरिएको ग्रीक शब्द *presbyteros* हो, जसलाई अन्य सन्दर्भहरूमा केवल पाका मानिसहरू बुझाउन मात्र चलाइएको छ।

रोमी प्रान्त बनेको थियो)। उनले पत्र लेखिरहेको बेला विभिन्न किसिमको मण्डली शासन अपेक्षा गर्नुको सट्टा, पत्रुसले यो अनुमान गर्छन् कि यी *सबै* मण्डलीहरूमा, चाहे ती पावलले वा अरूहरूले नै स्थापित गरेका किन नहोऊन्, वा चाहे गैरयहूदीबहुल हुन् वा यहूदीबहुल वा सराबरी मिसिएका होऊन्, तिनीहरूका अगुवाइ गर्ने एल्डरहरू हुनेछन्। यसबाहेक, यरूशलेमको मण्डलीमा एल्डरहरू थिए (प्रे ११:३०; १५), अनि *एल्डर* शब्द प्रयोग नगरिएको भए तापनि, मण्डलीमा अनेक एल्डरहरू थिए जसलाई हिब्रूहरूलाई लेखिएको धर्मपत्र सम्बोधन गरिएको छ, किनकि लेखक भन्छन्, "तिमीहरूका अगुवाहरूको आज्ञापालन गर, र तिनीहरूको अधीनमा बस। किनकि लेखा दिनुपर्छ भन्ने कुरा जानेर नै तिनीहरूले तिमीहरूका प्राणको हेरचाहा गर्छन्" (हिब १३:१७)।

नयाँ करारको यस प्रमाणको सर्वेक्षणबाट दुईवटा निष्कर्षहरू निकाल्न सकिन्छ। सर्वप्रथम, कुनै पनि मण्डली जतिकै सानो भए तापनि त्यसमा एउटै मात्र एल्डर थिए भनी कुनै पनि अनुच्छेदले सङ्केत दिँदैन। नयाँ करारको एकनिष्ठ ढाँचा यही पाइन्छ कि "हरेक शहरमा" (तीत १:५) "हरेक मण्डलीमा" (प्रे १:२३) एकभन्दा धेरै एल्डरहरू थिए।[१२] दोस्रो, नयाँ करारका मण्डलीमा विभिन्न किसिमका शासन व्यवस्थाहरू भएका हामी देख्दैनौं, तर एउटा एकीकृत र सधैं एकनिष्ठ रहने ढाँचा देख्छौं जसमा हरेक मण्डलीलाई शासन र हेरचाहा गर्ने एल्डरहरू थिए (प्रे २०:२८; हिब १३:१७; १ पत्र ५:२-३)।

**आ. एल्डरहरूका अरू नाउँहरू : पास्टरहरू, निरीक्षकहरू (Overseers), बिशपहरू :** नयाँ करारमा एल्डरहरूलाई "पास्टरहरू" वा "बिशपहरू" वा "निरीक्षकहरू" पनि भनिएको छ। सबैभन्दा थोरै सामान्य रूपमा प्रयोग गरिएको शब्द (कमसेकम संज्ञाको रूपमा) *पास्टर* (ग्रीक *poimen*) हो। हाम्रो निम्ति यो आश्चर्यजनक हुन सक्छ कि नयाँ करारमा मण्डलीका एक अधिकृत बताउँदा केवल एकपटक देखापर्ने यो शब्द आज आएर हाम्रो भाषामा अति नै सामान्य बनेको छ। पावल एफिसी ४:११ मा लेख्छन्,"अनि उहाँका वरदानहरूचाहिँ यी नै थिए, कि कोही प्रेरितहरू, कोही अगमवक्ताहरू, कोही प्रचारकहरू, कोही मण्डलीको पास्टरहरू र कोही शिक्षकहरू बनून्।" ग्रीक भाषाको वाक्य विन्यासको कारण यस पदलाई "पास्टर हरू" र "शिक्षकहरू" (दुई समूहहरू) नभनी "पास्टरहरू" (एउटै समूह) भनी अनुवाद गर्नु सम्भवतः अझ असल हुन्छ (यद्धपि सबै विद्वान्हरू यस अनुवादसित

[१२]कतिले सुझाउ दिएका छन् कि सायद नगरमा हरेक "घरेलु मण्डली"-मा एक एल्डर थिए, अनि विभिन्न घरेलु मण्डलीहरूका सबै एल्डरहरू लगाएर एल्डरहरूका त्यो समूह बनेको थियो जसलाई तीतसले शहरमा नियुक्त गर्नेथिए। यदि यो सत्य थियो भने, हरेक मण्डलीको निम्ति एउटै पास्टर ("एल्डर") थिए भन्ने कुरालाई केही टेवा दिन सकिन्छ।

यो प्रस्तावको प्रत्युत्तरमा, हामीले यस कुरामा ध्यान दिनैपर्दछ कि यो यस्तो सिद्धान्त हो जसलाई टेवा दिने प्रमाण छैन, किनकि हरेक "घरेलु मण्डली"-मा एउटा एल्डर थिए भन्ने अवधारणातिर सङ्केत गर्ने कुनै खण्ड नयाँ करारमा छैन। समर्थन छ वा छैन भन्ने अर्थमा हेर्दा यो प्रस्ताव "सम्भवतः क्रेटमा भएका हरेक एल्डरको देब्रे आँखो अन्धो थियो" भन्ने वक्तव्यकै वर्गमा पर्छ। विद्वान्हरूले प्रमाण नभएको कुनै पनि घटनाको निम्ति "सम्भवतः" अवश्यै भन्न सक्छन् तर पहिलो शताब्दीको मण्डलीमा शासन व्यवस्थाको ढाँचा कस्तो थियो भन्ने कुराको निर्धारित गर्ने हाम्रो प्रयासहरूमा यस्ता वक्तव्यहरूले कुनै पनि ओजन राख्नु हुँदैन।

सहमत बन्नेछैनन्।[१३] शिक्षणसित भएको सम्बन्धले यो सुझाउ दिन्छ कि यी पास्टरहरू एल्डरहरूमध्ये केही (वा सबै) थिए जसले शिक्षणको काम गर्थे, किनकि एल्डरको एउटा योग्यता यो थियो कि उनी "सुयोग्य शिक्षक" हुनुपर्दथियो (१ तिमो ३:२)।

मण्डलीका अधिकृतहरू बुझाउनको निम्ति नयाँ करारमा अन्यत्र संज्ञा *पास्टर* (*poimen*) प्रयोग नगरिए तापनि,[१४] "गोठालाको रूपमा काम गर्नु" वा "पास्टरको रूपमा काम गर्नु" (ग्रीक *poimaino*)बुझाउने सम्बन्धवाचक क्रिया पावलले एफिसीका एल्डरहरूलाई सम्बोधन गरेका पत्रमा प्रयोग गरिएको छ। उनले तिनीहरूलाई, "परमेश्वरका मण्डलीको *हेरचाहा* तपाईंहरू *गर्नुहोस्"* (प्रे २०:२८, क्रियापद *poimaino*-लाई अक्षरशः अनुवाद गर्दा) भन्छन्, अनि "भेड़ाहरूको बगाल" अर्थ दिने अर्को सम्बन्धित संज्ञा (ग्रीक *poimnion*) प्रयोग गर्दै उनले परमेश्वरको जनलाई "समस्त *बगाल"* भन्छन्। यसकारण, पावलले एफिससका एल्डरहरूलाई गोठालाहरू वा पास्टरहरूका रूपमा काम गर्नू भन्ने जिम्मा दिन्छन्।[१५]

त्यही क्रियापद १ पत्रुस ५:२ मा प्रयोग गरिएको छ जहाँ पत्रुसले एल्डरहरूलाई "परमेश्वरका बगालको *हेरचाहा गर* (ग्रीक *poimaino*) जो तिमीहरूको जिम्मा हो" (लेखकको अनुवाद) भन्छन्। त्यसपछि दुई पदहरूपछि येशूलाई मूल पास्टर वा "मूल गोठालो" (ग्रीक *archipoimen*, १ पत्र ५:४) भनिएको छ, जसले स्पष्ट रूपले यो उपलक्षित गर्छ कि पत्रुसले पनि एल्डरहरूलाई मण्डलीमा भएका गोठालाहरू वा "पास्टरहरू"-का रूपमा हेर्थे। त्यसकारण, *पास्टर* संज्ञा एल्डरहरू बुझाउनको लागि एकपटक मात्र प्रयोग भएको भए तापनि, एल्डरको पदसित सम्बन्धित "गोठाला गर्नुपर्ने काम"-लाई सुस्पष्ट चिन्हित गर्ने खण्डहरूमा सम्बन्धित क्रियापद दुईपटक मात्र प्रयोग गरिएको छ। एल्डरहरू बुझाउनको लागि नयाँ करारमा प्रयोग गरिएको अर्को ग्रीक शब्द *episkopos* हो, जसलाई विभिन्न खण्ड र अङ्ग्रेजी अनुवादको आधारमा "निरीक्षक" वा "बिशप" भनी विभिन्न प्रकारले अनुवाद गरिन्छ।[१६] तर नयाँ करारको प्रयोगमा यो शब्द एल्डरहरू बुझाउने अर्को शब्द भएको पनि स्पष्टै देखिन्छ। उदाहरणार्थ, पावलले मण्डलीका *एल्डरहरूलाई* एफिससको मण्डलीमा उनीकहाँ बोलाएका बेला (प्रे २०:१७), उनी उनीहरूलाई भन्दछन्, "तपाईंहरू आफ्ना निम्ति र आफ्नो समस्त बगालको निम्ति सावधान रहनुहोस्। पवित्र आत्माले तपाईंहरूलाई बगालका *जिम्मावालहरू*

[१३]"कोही पास्टरहरू र कोही शिक्षकहरू" भन्ने वाक्यांशमा *kai* ("र") शब्दले जोड़ेको दुई संज्ञाहरूका अगि एउटा निश्चयवाचक उपपद (definite article) छ, जो ग्रीकमा एउटा यस्तो वाक्यविन्यास हो जसले जहिले पनि यो सङ्केत गर्छ कि दुईवटा संज्ञाहरू कुनै प्रकारले संयुक्त छन् भनी लेखकद्वारा हेरिन्छ। दुई संज्ञाले एउटै व्यक्ति वा वस्तु बुझाउँदा ग्रीकमा यो प्रायः नै प्रयोग गरिन्छ, तर दुई विभिन्न व्यक्तिहरू वा दुई समूहहरूलाई एक एकाइको रूपमा हेर्दा यस वाक्यविन्यासलाई कहिलेकाहीँ प्रयोग गरिन्छ। दुईवटै मुद्दाहरूमा, यस वाक्यांशले "पास्टरहरू" र "शिक्षकहरू"-लाई अन्य कुनै पनि उपाधिहरूले भन्दा अझ घनिष्ठ रूपमा जोड्दछ।

[१४]तर, आफ्ना बगाललाई वास्ता गर्ने "गोठाला"-बारे बताउनुपर्दा यो धेरैपटक प्रयोग गरिन्छ।

[१५]अङ्ग्रेजीको *पास्टर* शब्द ल्याटिन शब्दबाट व्युत्पन्न भएको हो जसको अर्थ "भेड़ाहरूको वास्ता गर्ने व्यक्ति" हुन्छ, अनि भेड़ाहरूको वास्ता गर्ने व्यक्ति बुझाउने अक्षरशः अर्थमा अघि अङ्ग्रेजीमा *पास्टर*को अर्थ "गोठालो" थियो (हे. *Oxford English Dictionary*, Vol. P, पृ. ५४२)।

[१६]*episkopos*-लाई अनुवाद गर्दा NIV-ले "बिशप"-को साटो नियमित रूपले "ओभरसीयर" प्रयोग गर्छ।

(ग्रीक *episkopos*) बनाउनुभएको हुनाले ...” (प्रे २०:२८)। एफिससका यी एल्डरहरूलाई पावल सहजै “जिम्मावालहरू” (वा “बिशपहरू”) भन्छन्।

पावलले १ तिमोथी ३:१-२ मा भन्छन्, “यदि कुनै मानिसले बिशपको काम गर्ने चाहना गर्छ भने त्यसले असलै कामको इच्छा गर्छ। यसकारण बिशपचाहिँ कसैले दोष लगाउन नसक्ने ... होऊन्।” हामीले यो कुरा याद राख्नुपर्दछ कि पावलले तिमोथी एफिससमा हुँदा यो पत्र लेखिरहेका थिए (हे. १ तिमो १:३, “तिमी एफिससमै बस”) अनि हामी प्रेरित २० बाट पूर्ण रूपमा यो अगावै जान्दछौं कि एफिससमा एल्डरहरू छन् (प्रे २०:१७-३८)। यसबाहेक, हामी १ तिमोथी ५:१७ मा यो देख्छौं कि तिमोथी एफिससमा हुँदा एल्डरहरूले एफिसमा मण्डली सञ्चालन गरिरहेका थिए किनभने यस पदले भन्छ, “मण्डलीको असल देखरेख गर्ने एल्डरहरू दोबर आदरका योग्य हुन्छन्।” १ तिमोथी ३:१-२ मा उल्लेख गरिएका बिशपहरूले पनि एफिससको मण्डलीमा सञ्चालन गर्नुपर्दछ किनभने बिशपको एउटा योग्यता यो हो कि तिनी “आफ्नो घर राम्ररी चलाउन सक्ने” हुनुपर्छ किनभने “यदि कुनै मानिसले आफ्ना घरकाहरूलाई तह लगाउन जान्दैन भने, तिनले परमेश्वरका मण्डलीको देखरेख कसरी गर्न सक्छ र ?” (१ तिमो ३:४-५)। यसकारण यहाँ यस्तो पनि देखिन्छ कि “बिशप” वा “जिम्मावाला” “एल्डर” बुझाउने अर्को शब्द मात्र हो किनकि यस धर्मपत्रमा अन्यत्र र प्रेरित २० मा एल्डरहरूले स्पष्टतः जस्तो काम गर्छन् त्यस्तै काम यी “बिशपहरू” वा “जिम्मावाला”-ले गर्छन्।

तीतस १:५ मा पावलले तीतसलाई “हरेक शहरमा एल्डरहरू नियुक्त गर्नू” भन्छन् अनि यसको निम्ति केही योग्यताहरू बताउँछन् (प. ६)। त्यसपछि दोस्रो वाक्यमा नै (प. ७) ती योग्यताहरूका कारणहरू दिन्छन्, र यो कुरा उनी यसरी थाल्छन्, “किनभने परमेश्वरको कारिन्दा हुनुपर्ने हुनाले *बिशप*चाहिँ दोषरहित हुनुपर्छ।” तीतसले नियुक्त गर्नुपर्ने एल्डरहरू इङ्गित गर्नलाई उनी यहाँ फेरि “बिशप” शब्द प्रयोग गर्छन्, यसरी *एल्डर* र *बिशप* शब्दहरूलाई एउटै कुरा बुझाउन प्रयोग गर्न सकिन्थ्यो भन्ने अर्को सङ्केत दिन्छन्।

अन्त्यमा, फिलिप्पी १:१ मा पावलले लेख्छन्, “ख्रीष्ट येशूमा भएका *बिशपहरू* र डीकनहरूसाथै सबै सन्तहरूलाई।” यहाँ पनि यो मान्नु उपयुक्त देखिन्छ कि “एल्डरहरू”-को अर्को नाउँ “बिशपहरू” हो, किनभने फिलिप्पीमा निश्चय नै एल्डरहरू थिए किनकि हरेक मण्डलीमा एल्डरहरू नियुक्त गर्नु पावलको प्रथा थियो (हे. प्रे १४:२३)। अनि फिलिप्पी मण्डली सञ्चालन गर्ने एल्डरहरू थिए भने यो सोच्नै नसकिने कुरा हो कि पावलले मण्डलीलाई पत्र लेख्दा एल्डरहरूलाई होइन, बिशप र डीकनहरूलाई सम्बोधन गर्नेथिए – यदि बिशप र डीकनहरूका पद एल्डरहरूका भन्दा भिन्नै भएका भए। यसकारण, “बिशप र डीकनहरू” भन्नुमा पावलको अर्थ “एल्डरहरू र डीकनहरू” नै रहेको हुनुपर्छ।[१७] दोस्रो शताब्दीदेखि यता, मण्डलीका कतिपय भागहरूमा “बिशप” एक यस्तो अधिकारीलाई भनिन्छ जसले अनेकौं

[१७]एङ्गलिकन विद्वान् J. B. Lightfoot-ले पनि भन्छन्, “यो अब सबै विचारधाराका ईश्वरशास्त्रीहरूले सामान्यतः मानिलिएको सत्य हो कि नयाँ करारको भाषामा चर्चका एउटै पदाधिकारीलाई तटस्थ भावले

मण्डलीमाथि अख्तियार पाएका हुन्छन्, शब्दको यो अर्थ पछिबाट मात्रै विकसित भएको हो, जो नयाँ करारमा पाइँदैन।

**इ. एल्डरहरूका कार्यहरू :** नयाँ करारमा एल्डरहरूका प्रमुख भूमिकाहरूमध्ये एउटा भूमिका मण्डलीलाई सञ्चालन गर्नु हो। हामी तिमोथी ५:१७ मा पढ्छौं, "मण्डलीको असल देखरेख गर्ने एल्डरहरू दोबर आदरको योग्य हुन्छन्।" पावलले अघिबाटै यही धर्मपत्रमा भन्छन् कि निरीक्षक (वा एल्डर) "आफ्नो घर राम्ररी चलाउन सक्ने र आफ्ना छोराछोरीहरूलाई आदरपूर्वक आज्ञापालन गर्ने" बनाउने हुनुपर्छ, "यदि कुनै मानिसले आफ्ना घरकाहरूलाई तह लगाउन जान्दैन भने, तिनले परमेश्वरका मण्डलीको देखरेख कसरी गर्न सक्छ र ?" (१ तिमो ३:४-५)।

पत्रुसले तिनीहरूलाई उपदेश दिँदा उनले एल्डरहरूको शासनकारी कार्यतिर इङ्गित गरेका छन् :

> तिमीहरूको देखरेखमा राखिएको परमेश्वरका बगालको हेरचाहा गर। करले होइन तर स्वेच्छाले, धनको लोभले होइन तर उत्साहसाथ, तिमीहरूको जिम्मामा रहेकाहरूमाथि अधिकार जमाएर होइन, तर बगालको निम्ति उदाहरण भएर। र जब मूल गोठालो प्रकट हुनुहुनेछ, तब तिमीहरूले महिमाको नओइलाउने मुकुट प्राप्त गर्नेछौ। त्यसै गरी जवान हो, बूढ़ापाकाहरूका अधीनमा बस। (१ पत्र ५:२-५)

तिनीहरूले परमेश्वरको बगालका गाठालाहरूको रूपमा काम गर्नुपर्ने तथ्यले, अनि तिनीहरूले अधिकार जमाउनु हुँदैन (अर्थात्, कठोरतापूर्वक वा दमन गरेर शासन गर्न हुँदैन) भन्ने तथ्यले बलियो गरी यो सङ्केत दिन्छ कि पत्रुसले जुन मण्डलीहरूलाई लेखिरहेका छन् तिनमा एल्डरहरूको शासन गर्ने र सञ्चालन गर्ने कार्यहरू छन्। यो उनलाई दिएका जिम्माअनुरूप छ कि विशेष गरी जवानहरू "बूढ़ापाकाहरूका अधीनमा" बस्नुपर्छ (प. ५)।[१८]

हिब्रू १३:१७ ले एल्डरहरू भनी नाम नतोके पनि, मण्डलीमाथि शासन गर्ने अख्तियार पाएका अधिकृतहरूबारे निश्चय नै कुरा गरिएको छ किनकि लेखक भन्छन्, *"तिमीहरूका अगुवाहरूको आज्ञापालन गर, र तिनीहरूका अधीनमा बस।* किनकि लेखा दिनुपर्छ भनी जानेर नै तिनीहरूले तिमीहरूका प्राणको हेरचाहा गर्छन्।" मण्डलीमा प्रकारको अख्तियार भएको कुनै पनि अधिकृतहरूबारे नयाँ करारमा सङ्केत नदिइएको हुनाले यो निष्कर्ष निकाल्न न्यायोचित ठहर्दछ कि मण्डली यसका अगुवाहरूका अधीनमा बस्नुपर्दछ र यसका एल्डरहरूका आज्ञापालन गर्नुपर्दछ। (यो निष्कर्ष पनि प्रेरित २०:२८ मा पावलले एफिसीका एल्डरहरूलाई जुन उत्तरदायित्वहरू दिएका छन्, त्यसैको अनुकुल छ।)

'बिशप' (*episkopos*) र 'एल्डर' वा 'प्रेज्बिटर' (*presbyteros*) भनिएको छ" (*St. Paul's Epistle to the Philippians"* [Grand Rapids : Zondervan, 1953; first published 1868] p. 95; पृह. ९५-९९ मा यो निष्कर्षलाई समर्थन गर्ने तथ्याङ्कबारे छलफल गर्छन्।

[१८] १ पत्रुस ५:५मा बूढ़ापाकाहरूलाई होइन, तर मण्डलीका अधिकृतहरूलाई मात्र सङ्केत गरिएको हो भन्ने दष्टिकोणको पक्षपोषणको निम्ति हे. Wayne Grudem, *The Girst Epistle of Peter*, पृह. १९२-९३।

शासन गर्ने उत्तरदायित्वबाहेक, *शिक्षणका केही उत्तरदायित्वहरू* पनि एल्डरहरूको भएको नयाँ करारमा देखिन्छ। एफिसी ४:११ मा एल्डरहरूलाई "पास्टर-शिक्षकहरू" (वा यसको वैकल्पिक अनुवाद गर्दा शिक्षकहरूसरह नै हेरिने पास्टरहरू) भनिएको छ। अनि १ तिमोथी ५:१७ मा एउटा निरीक्षक (एल्डर) "*सुयोग्य शिक्षक*" हुनुपर्दछ। त्यसपछि १ तिमोथी ५:१७ मा पावल भन्छन्, "मण्डलीको असल देखरेख गर्ने एल्डरहरू दोबर आदरका योग्य हुन्छन्, विशेष गरी, जसले वचनको *प्रचार* र *शिक्षा*मा परिश्रम गर्छन्।" यहाँ पावलले यो परिलक्षित गरेका देखिन्छ कि "प्रचार र शिक्षामा परिश्रम गर्ने" एल्डरहरूको एउटाविशेष समूह हुन्छ। यसको अर्थ कम्तीमा पनि यो हुन्छ एल्डरहरूमध्ये कति हुन्छन् जसले 'प्रचार र शिक्षणका कार्यमा अझ धेरै समय दिन्छन्, अनि यसको अर्थ अझ यो पनि हुन सक्छ कि प्रचार र शिक्षणबाट आफ्ना जीविका उपार्जन गर्नमा "परिश्रम गर्ने" कतिपय एल्डरहरू पनि हुन्छन्। तीतसबाट पनि यही निष्कर्ष निकाल्न सकिन्छ जहाँ पावल भन्छन् कि एक एल्डरले "तिनलाई सिकाइएको विश्वासयोग्य वचनमा ... दह्रिलो बस्नुपर्छ, ताकि तिनले पक्का सिद्धान्तअनुसार शिक्षा दिन सकून्, र ती कुराहरूको खण्डन गर्नेहरूलाई झुटा साबित गर्न सकून्" (तीत १:९)।[१९]

त्यसो हुँदा, नयाँ करारको मण्डलीलाई शासन गर्ने र शिक्षा दिने उत्तरदायित्व एल्डरहरूको थियो।

**ई. एल्डरहरूका योग्यताहरू :** पावलले एल्डरहरूका योग्यताको सूची बनाउँदा यो महत्त्वपूर्ण कुरा हुनजान्छ कि उनले चरित्रका विशिष्ट गुणहरूका र मनोवृत्तिहरूका यस्ता आवश्यकताहरू सम्मिश्रित गर्छन् जो छोटो समयमा होइन तर धेरै वर्षसम्मको विश्वसनीय ख्रीष्टियान जीवनद्वारा हासिल गर्न सकिन्छ :

> यसकारण बिशपचाहिँ कसैले दोष लगाउन नसक्ने, एउटै पत्नीका पति, संयमी, समझदार, सम्मानित, अतिथि सत्कार गर्ने, सुयोग्य शिक्षक होऊन्, मतवाला र रिसाहा होइन तर तिनी विनम्र, झगड़ा नगर्ने, धनको लोभ नगर्ने, आफ्नो घर राम्ररी चलाउन सक्ने र आफ्ना छोराछोरीहरूलाई आदरपूर्वक आज्ञापालन गर्ने बनाऊन्। यदि कुनै मानिसले आफ्ना घरकाहरूलाई तह लगाउन जान्दैन भने, तिनले परमेश्वरका मण्डलीको देखरेख कसरी गर्न सक्छ र ? तिनी नयाँ विश्वासी नहोऊन्, नत्रता घमण्डले फुलेर तिनी दियाबलसले पाउने दण्डमा पर्नेछन्। (१ तिमोथी ३:२-७)

यस्तै प्रकारका, तर भिन्नै शब्दहरूमा व्यक्त गरिएका योग्यताहरू तीतस १:६-९ मा पाइन्छन्, जहाँ पावल तीतसले हरेक शहरमा एल्डरहरू नियुक्त गर्नुपर्छ भन्छन् :

[१९]पावलले यो कहिल्यै पनि भन्दैनन् कि सबै एल्डरहरू सार्वजनिक तवरमा शिक्षा दिन वा मण्डलीलाई उपदेश दिन सक्षम हुनुपर्दछ, अनि यो सोच्न न्यायसङ्गत हुन्छ कि "सुयोग्य शिक्षक" यस्तो व्यक्ति हुन सक्छ जो परमेश्वरको वचन परमेश्वरको वचन निजी रूपमा व्याख्या गर्न सक्छ। यसकारण सायद सबै एल्डरहरूलाई सार्वजनिक रूपमा शिक्षा दिने बोलावट भएको हुँदैन – सम्भवतः त्यसरी विशेष प्रकारले शिक्षा

> एल्डर एउटै स्त्रीको पति र दोषरहित र यस्तो व्यक्ति होस्, जसका छोराछोरीहरू विश्वासी होऊन्, र चरित्रहीन र अनाज्ञाकारी नहोऊन्। किनभने परमेश्वरको कारिन्दा हुनुपर्ने हुनाले बिशपचाहिँ दोषरहित हुनुपर्छ। तिनी हठी वा झट्टै रीस गर्ने, मतवाला, वा झगड़ालु वा धनको लोभी हुनुहुँदैन, तर अतिथिसत्कार गर्ने, भलाइप्रेमी, आफूलाई वशमा राख्ने, इमानदार, पवित्र र संयमी हुनुपर्दछ। तिनलाई सिकाइएको विश्वासयोग्य वचनमा तिनी दह्रिलो बस्नुपर्छ, ताकि तिनले पक्का सिद्धान्तअनुसार शिक्षा दिन सकून्, र ती कुराहरूको खण्डन गर्नेहरूलाई झुटा साबित गर्न सकून्। (तीतस १:६-९)

आज मण्डलीमा एल्डरहरू चुन्ने मानिसहरूले तिनीहरूमा सांसारिक उपलब्धि, प्रसिद्धि वा सफलताको सट्टामा चरित्रका यी गुणहरू र धार्मिक जीवनका ढाँचाहरू खोज्नु उत्तम हुनेछ। विशेष गरी पाश्चात्य औद्योगिक समाजहरूमा व्यापारको (वा कानुन, वा चिकित्सा-शास्त्र वा सरकारमा) संसारमा भएको सफलता एल्डरको पदभारको निम्ति उपयुक्त हुन्छ भनी सोच्ने प्रवृत्ति भएको देखिन्छ, तर यो नयाँ करारको शिक्षा होइन। नयाँ करारले हामीलाई यो सम्झना गराउँछ कि एल्डरहरू उनीहरूका दैनिक जीवनमा "बगालको निम्ति उदाहरणहरू" भएका हुनुपर्दछ, अनि त्यसमा बाइबल अध्ययन, प्रार्थना, र उपासनामा परमेश्वरसँग तिनीहरूका आफ्नै व्यक्तिगत सम्बन्धहरू पनि निश्चय नै समावेश भएका हुनुपर्छ। पावलले जसरी भन्न सके कि *"मेरो अनुकरण गर्ने होओ,* जसरी म ख्रीष्टको अनुकरण गर्दछु" (१ कोर ११:१; तु. २ तिमो ३:१-११), अनि जसरी उनले *"विश्वासीहरूको अगि* बोलीवचन, आचारण र प्रेममा, विश्वासमा र शुद्धतामा तिमी *एक उदाहरण बन"* (१ तिमो ४:१२) भनी तिमोथीलाई आदेश दिन सके, अनि जसरी उनले तीतसलाई भन्न सके, "सबै कुरामा *असल कामको नमुना* भई तिमीले आफूलाई देखाऊ, र तिम्रो शिक्षामा इमानदारी, गम्भीरता, र कसैले निन्दा गर्न नपाउने ठीक बोली होस्" (तीत २:७), त्यसरी नै त्यो ढाँचा आज मण्डलीका सबै अगुवाहरूका जीवनमा जारी रहनुपर्छ। उनीहरूको जीवन अरूले अनुसरण गर्नुपर्ने उदाहरणहरू बन्नुपर्छ – यो वैकल्पिक कुरा होइन, अनिवार्यता हो।

**उ. "एउटै पत्नीका पति"-को अर्थ के हो ?** *"एउटै पत्नीका पति"* (१ तिमो ३:२; तीत १:६) भन्ने गुणलाई विभिन्न प्रकारले बुझिएको छ। कतिले सोचेका छन् कि यसले पारपाचुके भएर फेरि अर्को विवाह गरेका पुरुषहरूलाई एल्डर पदबाट बहिष्कृत गर्छ, कारण त्यस्ता पुरुषहरू दुईवटी स्त्रीहरूको पति भइसकेका हुन्छन्। तर यो यस पदको ठीक अर्थ भएको देखिँदैन। यसको एउटा उत्तम व्याख्या यही हुन्छ कि पावलले बहुविवाही (अर्थात्, जसको *हालमा* एकभन्दा अधिक पत्नी छिन्)-लाई एल्डर बन्नमा निषेध गरिरहेका थिए। यस दृष्टिकोणलाई समर्थन गर्ने अनेकौं

दिने वरदान सबैसँग हुँदैन। यहाँ के स्पष्ट छ भने पावल यो सुनिश्चित गर्न चाहन्छन् कि एल्डरहरूमा वचनको परिपक्व र पक्का ज्ञान होस् र उनीहरूले यो वचन अरू बुझाउन पनि सकून्।

कारणहरू छन् – पावलले सूचीकृत गरेका सबै योग्यताहरूले एक मान्छेको *वर्तमान स्थिति*तिर सङ्केत गर्दछन्, उसको सम्पूर्ण विगत जीवनतिर होइन। उदाहरणार्थ, १ तिमोथी ३:१-७ को अर्थ *"कहिल्यै नरिसाएको,"* होइन तर "जो *अहिले* रिसाएको *छैन*, तर विनम्र छ।" यसले "जसले *कहिल्यै* धनलाई प्रेम गरेकै छैन" होइन "जो *अहिले* धनको प्रेमी *छैन"* अर्थाएको छ। यसले "जीवनभरि *निन्दा*मा नपरेको" नबुझाएर "जो अहिले निन्दामा परेको छैन" भन्ने बुझाउँछ। यदि हामीले यी गुणहरूलाई कसैको सारा विगत जीवनमा लागु गर्‍यौं भने, वयस्क भएर ख्रीष्टियान बन्ने प्रायः सबैलाई हामीले सो पदबाट बहिष्कार गर्नेछौं, किनभने कुनै गैरख्रीष्टियानले यी योग्यताहरू पूरा गर्न सक्लान् भन्ने कुरा शङ्कास्पद छ।

(२) पावलले चाहेका भए "एक पटक मात्र विवाह गरेको" भन्न सक्थे, तर उनले भनेनन्।[२०] (३) फेरि विवाह गर्ने विधुर (*widower*)-लाई एल्डर बन्नबाट हामीले रोक्नु हुँदैन, तर यदि हामीले यो वाक्यांशलाई "एक पटक मात्र विवाह गरेको" भन्न अर्थमा लियौं भने हामीले रोक्नुपर्ने हुन्छ। एल्डरहरूको सबै योग्यता मानिसको नैतिक र आत्मिक चरित्रमा आधारित हुन्छन्, अनि पत्नीको मृत्यु भएपछि अर्की विवाह गर्ने पुरुषको निम्न स्तरको नैतिक वा आत्मिक गुणहरू हुन्छन् भनी धर्मशास्त्रमा कतै बताइएको छैन।[२१]

(३) प्रथम शताब्दीमा बहुविवाह प्रथा सम्भव थियो। तर बहुविवाह उस्तो प्रचलित नभए तापनि, विशेष गरी यहूदीहरूमा यो प्रचलित थियो। यहूदी इतिहासकार Josephus भन्छन्, "किनभने एउटै समयमा अनेकौं पत्नीहरू राख्नु हाम्रो पुर्ख्यौली प्रथा हो।"[२२] बहुविवाहका उत्तराधिकार प्रथाहरू र अन्य पक्षहरूलाई पनि रब्बीय विधानले नियन्त्रित गर्थ्यो।[२३]

---

[२०]"एक पटक मात्र विवाह गरेको" बुझाउने ग्रीक अभिव्यक्ति *hapax gegamemeno* हुन्छ, जसमा "एक पटक" (*hapax*) साथै एउटा पूर्णकालिक कृदन्त प्रयोग गरिएको छ, र यसले "एक पटक विवाह गरेको र त्यही विवाहको परिणामस्वरूप उत्पन्न अवस्थामा कायम रहिरहेको" (*gegonos mias gunaikos andra*) भन्ने अर्थ दिन्छ। (त्यस्तै वाक्य-विन्यास हिब १०:२ मा, र ठीक त्यही प्रकारको वाक्य-विन्यास हिब ९:२६ मा पाइन्छ। सामान्य भूतकालिक क्रियापदहरू भएका सम्बन्धित अभिव्यक्तिहरू हिब ६:४; ९:२८; र यहूदा ३ मा पाइन्छन्।)

एक पल्ट मात्र विवाह गरेको भन्ने धारणालाई पावलले अर्को तरिकामा व्यक्त गर्नुपर्दा *ginomai*-पूर्णकालिक कृदन्त प्रयोग गरेर "एउटै मात्रै पत्नीका पति भएको" (*gegonos mias gunaikos andra*) भन्न सक्थे। यो, वास्तवमा, १ तिमोथी ५:९ मा विधवाहरूमा हुनपर्ने गुण थियो, "एक चोटि मात्र विवाह भएको" (पूर्णकालिक कृदन्त *gegonuia*-ले त्यस अघिको वाक्यांशबाट बल समेटेर ल्याउँछ, अनि १ तिमोथी ५:९-१० मा विधवाहरूलाई दर्ता गर्नुलाई आवश्यक पर्ने सबै योग्यताहरूले तिनीहरूका विगत जीवनको इतिहास-बारे बताउँछ)। तर १ तिमोथी ३:२ र तीतस १:६ मा अर्थ बेग्लै छ, किनभने *eimi* ("हुनु,""*to be" -को वर्तमानकाल रूपहरू चलाइएका छन्,* (अक्षरशः) "यो आवश्यक छ कि बिशप दोषरहित *हुनुपर्छ*, एउटै पत्नीको पति ...।"

[२१]आरम्भिक मण्डलीका कतिपय व्याख्याकर्ताहरूले विधुरहरूलाई मण्डलीको पदमा बस्न नदिने प्रयास निश्चय गरे (उदाहरणार्थ, हे. *Apostolic Constitutions* 2.2; 6.17 [तेस्रो र चौथो ख्री.], र *Apostolic Canons* 17 [तेस्रो र चौथो ख्री.], तर यी वक्तव्यहरूले बाइबलसम्मत दृष्टिकोण प्रतिविम्बित नगरेर एउटा झुटो वैराग्यवाद (*asceticism*) प्रतिविम्बित गर्छ जसले विवाहितभन्दा अविवाहित जीवन सामान्यतः श्रेष्ठ हो भन्ने विश्वास गर्थ्यो। (यी मूलपाठहरू *Ante-Nicene Fathers* शृङ्खला, 7:396, 457, र 501 मा पाउन सकिन्छ।)

तथापि, *Chrysostom* (मृ. ४०७ ख्री.)-ले १ तिमो ३:२ लाई बहुविवाह निषेध गर्ने अर्थमा बुझे, मृत्यु वा पारपाचुकेपछि दोस्रो विवाहहरू होइन (हे. १ तिमो ३:२ माथि उनको *Homilies*)।

[२२]Josephus, *Antiquities* 17.14;17.19 मा राजा होरोदले एकै समयमा विवाह गरेका नौवटी स्त्रीहरू सूचीबद्ध गर्छन्।

[२३]हे. Mishnah, *Yebamoth* 4:11; *Ketuboth* 10:1,4,5; *Sanhedrin* 2:4; *Kerithoth* 3:7; *Kiddushin* 2:7;

यसकारण "एउटै पत्नीका पति" भन्ने शर्तचाहिँ बहुविवाहीलाई एल्डरको पद निषेध गर्नु थियो भनी बुझ्नु सर्वोत्तम हुन्छ। मण्डलीय पदको लागि आवश्यक योग्यताहरूका प्रसङ्गमा यी पदहरूले पारपाचुके र पुनर्विवाहबारे केही भन्दैनन्।

**ऊ. एल्डरहरूको सार्वजनिक नियुक्ति :** एल्डरहरूबारे छलफलको सम्बन्धमा पावल भन्छन्, "कसैमाथि हात राख्ने काममा हतार नगर" (१ तिमो ५:२२)। यहाँ सन्दर्भले एल्डरहरूका चयनको प्रक्रियाबारे सुस्पष्ट नबताए तापनि, ठीक यसअधिको सन्दर्भले (१ तिमो ५:१७-२१) सम्पूर्ण रूपले एल्डरहरूबारे छलफल गर्छ, अनि कसैलाई एल्डर पदको लागि अलग गर्दा तिनीमाथि हात राख्नु उपयुक्त धार्मिक समारोह हुनेछ (प्रे ६:६; १३:३; १ तिमो ४:१४ मा मानिसहरूलाई विशेष पदहरूमा अभिषेक गर्दा वा नियुक्त गर्दा हात राखिने विधिमा ध्यान दिनुहोस्)। त्यसकारण पावलको मनमा जुन काम थियो, त्यो सम्भाव्यतः एल्डरलाई अलग गर्ने काम थियो। यस मुद्दामा उनले भन्नेथिए, "मानिसहरूलाई एल्डर अभिषिक्त गर्ने काममा हतार नगर।" यो त्यो प्रक्रियाअनुरूप हुनेथियो जसद्वारा डीकनहरूको "पहिले ... जाँच पनि होस्। त्यसपछि तिनीहरूले आफैलाई दोषरहित प्रमाणित गर्न सके भने तिनीहरूले डीकनको रूपमा सेवा गरून्" (१ तिमो ३:१०)। हरेक मण्डली स्थापित हुनेबित्तिक्कै पावलले एल्डरहरू अभिषेक नगरे तापनि (प्रे १४:२३), यहाँ उनी चेतावनी दिन्छन् कि त्यस्तो नियुक्ति गर्नमा हतार गर्नुहुँदैन, ताकि कतै भुल हुन नजाओस्। अनि यो सम्पूर्ण प्रक्रियामा, संसारले जस्तै विचार (पारख) नगर्नका लागि मण्डली सतर्क हुनुपर्छ, किनभने "मानिसले रूप हेरेर विचार गर्छ, तर परमप्रभुले हृदयभित्र हेरेर विचार गर्नुहुन्छ" (१ शमू १६:७; तु. २ कोर ५:१६)। *"पवित्र आत्मा र बुद्धिले भरिएका* र सबैको आदर पाएका सात जना मानिस" (प्रे ६:३) छान्न यरूशलेमको मण्डलीलाई उत्साहित गर्दा आत्मिक अवस्थाको यही मूल्याङ्कनको आवश्यकता पनि प्रत्यक्ष भएको थियो। छानिएकाहरूमा "पवित्र आत्मा र विश्वासले भरिपूर्ण भएका स्तिफनस" (प्रे ६:५) पनि थिए।

हामीले यसमा पनि ध्यान दिनुपर्छ कि पावलका आरम्भिक मण्डलीहरूमा एल्डरहरूका नियुक्ति गर्दा "प्रार्थना र उपवास" पनि गरिन्थ्यो, सम्भवतः एल्डर छान्ने प्रक्रियाको सम्बन्धमा। (येशूको उदाहरणमा ध्यान दिनुहोस्, उहाँका बाह्र चेलाहरू छान्नअधि उहाँ "पहाड़तिर प्रार्थना गर्न जानुभयो," र उहाँले "परमेश्वरमा प्रार्थना गर्दै सारा रात बिताउनुभयो" [लूक ६:१२-१३]।)[२४]

---

*Bechoroth* 8:4. यहूदीहरूमा बहुविवाह प्रथाको अन्य प्रमाण Justine Martyr, *Dialogue with Trypho*, अ. १३४ मा पाइन्छ। गैरयहूदीहरूमाझ बहुविवाहको प्रमाण त्यति विस्तृत छैन तर Herodotus (मृ. ४२० ख्री.) 1.135; 4.155; 2 Mac. 4:30 (प्रायः १७० ख्री.पू.); Tertullian, *Apology* 46-मा इङ्गित गरिएको छ।

[२४]तिमोथी र तीतसले प्रेरितको संवर्गमा वा एल्डरको संवर्गमा वहन गरेका पदभारबारे हामीले छलफल गरेका छैनौं। यसको कारण यही हो कि तिमोथी र तीतस, साथै पावलका अरू सहकर्मीहरू प्रेरितहरू थिएनन्, तर तिनीहरू एल्डरहरू वा डीकनहरू पनि थिएनन्। तिनीहरू एउटा असाधारण संवर्गमा परेका देखिन्छन् जसलाई "प्रेरितिक सहायक" भन्न मिल्ला, कारण आरम्भिक मण्डलीहरू स्थापित गरिँदैगरेको समयमा तिनको सुपरीवेक्षण गर्न तिनीहरूले प्रेरितहरूबाट केही प्रत्यायोजित (delegated) अख्तियार पाएका थिए। मानिसहरू त्यसरी नै उत्तरदायी बन्न सक्ने र उनीहरूबाट तिनीहरूको त्यस्तो अख्तियार लिन नसक्ने कुनै जीवित प्रेरित आज नभएकाले, हामीले आजको मण्डलीमा पनि यस्तै किसिमका प्रेरितिक सहायक हुने

**३. डीकन।** *डीकन* शब्द ग्रीक शब्द *diakonos*-को अनुवाद हो, जो मण्डलीका पदाधिकारीहरूका सन्दर्भमा प्रयोग नभएको अवस्थामा "नोकर" बुझाउने साधारण शब्द हो।

फिलिप्पी १:१ मा डीकनहरू स्पष्ट रूपले उल्लेख गरिएको छ, "येशू ख्रीष्टमा फिलिप्पीमा भएका बिशपहरू र *डीकनहरू*साथै सबै सन्तहरूलाई।" तर तिनीहरू बिशपहरू (एल्डरहरू)-भन्दा बेग्लै हुन् भन्नेबाहेक, तिनीहरूका कार्यबारे कुनै विशेष विवरण छैन। १ तिमोथी ३:८–१३ को एउटा लामो खण्डमा पनि डीकनहरू उल्लेखित छन् :

> त्यसै गरी डीकनहरू पनि गम्भीर हुनुपर्छ, दुइ-जिब्रे होइन, बढ़ी मद्य पिउने र धनको लोभी होइन, तर तिनीहरू विश्वासको रहस्य शुद्ध विवेकमा कायम राख्ने हुनुपर्छ। पहिले तिनीहरूको जाँच पनि होस्। त्यसपछि तिनीहरूले आफैलाई दोषरहित प्रमाणित गर्न सके भने तिनीहरूले डीकनको (रूपमा) सेवा गरून्। स्त्रीहरू पनि यहीबमोजिम गम्भीर, अर्काको बदख्वाइँ नगर्ने, तर सबै कुरामा संयमी र विश्वासयोग्य हुनुपर्छ। डीकन एउटै पत्नीका पति होऊन्। आफ्ना छोराछोरीहरू र आफ्नो घरको प्रबन्ध राम्ररी मिलाउन सक्ने होऊन्। किनकि डीकनले गर्नुपर्ने सेवा जसले राम्ररी गर्छन् तिनीहरूले आ-आफ्ना निम्ति प्रतिष्ठा र ख्रीष्ट येशूमा भएको विश्वासमा पनि ठूलो भरोसा पाउनेछन्। (१ तिमो ३:८-१३)

यहाँ डीकनको कार्य बताइएको छैन, तर डीकनको योग्यताले केही कार्य सङ्केत गर्छ। उदाहरणार्थ, तिनीहरूले मण्डलीको आर्थिक मामिलाहरूको देखरेख गर्ने केही जिम्मेवारी भएको देखिन्छ, किनभने तिनीहरू यस्ता मानिसहरू हुने आवश्यक थियो जो "धनको लोभी" हुन्थेनन् (प. ८)। मण्डलीको अरू प्रशासनिक कार्यहरूमा पनि तिनीहरू सम्भवतः जिम्मेवार थिए, किनभने तिनीहरू आफ्ना छोराछोरी र आफ्नो घरको प्रबन्ध राम्ररी मिलाउन सक्ने हुनुपर्थ्यो (प. १२)। तिनीहरूले मण्डली वा समाजमा सहायता चाहिएकाहरूका सेवा पनि सायद गरेका थिए (हे. तल प्रे ६ को छलफल)। यसबाहेक, यदि ११ पदले तिनीहरूका पत्नीहरूबारे बताउँछ भने (यसले बताउँछ नै भन्ने मलाई लाग्छ), यो पनि सम्भव छ कि तिनीहरूले घर-घरमा भेटघाट गर्न जाने र परामर्श दिने कार्यहरू केही मात्रामा गर्थे, किनभने पत्नीहरू "अर्काको बदख्वाइँ नगर्ने" हुनुपर्छ। यदि पत्नीहरूले (जो निस्सन्देह डीकनहरूसँगै प्रार्थना र परामर्श सेवाहरूमा संलग्न हुन्छन्) गोप्य विषयहरूबारे मण्डलीभरि हल्ला पिटिदिई भने त्यसले डीकनको भलाइ गर्दैन। तर यी यो खण्डमा इङ्गित गरिएको जिम्मेवारीहरूका सम्भाव्य क्षेत्रहरू मात्रै हुन्।

प्रेरित ६:१-६ मा संज्ञा *deacon* नै प्रयोग गरिएको छैन, तर २ पदमा एउटा सम्बन्धित क्रियापद (*diakoneo*, "सेवा गर्न") पाइन्छ, "परमेश्वरको वचन प्रचार गर्न छोड़ेर खुवाउने-पियाउने *सेवा गर्न* हामीलाई उचित हुँदैन।" यहाँ यरूशलेमको मण्डली सञ्चालन गर्ने प्रेरितहरूले केही प्रशासनिक उत्तरदायित्व अरूलाई सुम्पने

वा प्रत्यायोजन गर्न आवश्यक देखे। यस प्रसङ्गमा, त्यो उत्तरदायित्वमा आवश्यकतामा परेका विधवाहरूलाई भोजन बाँड्ने काम थियो। यी सात जना मानिसहरू "डीकनहरू" थिए भनी सोच्नु उपयुक्त देखिन्छ, किनभने तिनीहरूलाई १ तिमोथी ३:८-१२ मा इङ्गित डीकनहरूका उत्तरदायित्वहरूसित ठिक मिल्दा कामहरू सुम्पिइएको थियो, यद्यपि तिनीहरूले यो उत्तरदायित्व वहन गर्दा तिनीहरूलाई *deacon* नाम सायद अझैसम्म दिइएको थिएन।

यस्ता अन्य मूलपाठहरू छन् जसमा यो ठम्याउनु गाह्रो हुन्छ कि नयाँ करारले मण्डलीको विशेष अधिकारीको रूपमा डीकनबारे बताइरहेको छ वा सामान्य अर्थमा "नोकर" बुझाउन त्यो शब्द प्रयोग गरिरहेको छ। रोमी १६:१ मा यो दुर्बोध्य छ, जहाँ फिबीलाई क्रिंकियामा भएको मण्डलीकी "सेविका" वा "महिला डीकन" वा "डीकन" (यस किसिमको ग्रीक संज्ञाको पुलिङ्ग र स्त्रीलिङ्ग रूप एउटै हुन्छ, यसकारण यहाँ प्रश्नचाहिँ अनूदित भाषाको कुन शब्द सर्वाधिक उपयुक्त हुन्छ भन्ने मात्र हो)। पावलले निर्धारित गरेअनुसार, डीकनहरूमा हुनुपर्ने योग्यता तिनी "एउटै पत्नीका पति" (१ तिमो ३:१२) हुनुपर्थ्यो, त्यसैले रोमी १६:१ मा "सेविका" भनी गरिएको अनुवाद वरणीय देखिन्छ (*diakonos* ले रोम १३:४; १५:८; र १ कोर ३:५ मा यो अर्थ लिन्छ)।[२५] सामान्यतया, डिकनहरूसबन्धी पदहरूले देखाउँछ कि मण्डलीमा "सेवा गर्नुपर्ने" पदहरू तिनीहरूले चिनेका थिए। प्रेरित ६:१-६ ले इङ्गित गर्छ कि तिनीहरूको केही प्रशासनिक जिम्मेवारीहरू थिए, तरै पनि तिनीहरू सम्पूर्ण मण्डलीमा शासन गर्ने अधिकारीका अधीनमा थिए।

यो महत्त्वपूर्ण छ कि नयाँ करारमा कतै पनि एल्डरहरूले जस्तो मण्डलीमा शासन गर्ने अख्तियार डिकनहरूको छैन, न डिकनहरूले धर्मशास्त्र वा पक्का धर्मसिद्धान्तको शिक्षा दिन आवश्यक पर्छ।

**४. अरू पदहरू ?** आज धेरै मण्डलीहरूमा अन्य पदहरू पनि हुन्छन्, जस्तै कोषाध्यक्ष, मडरेटर (मण्डलीका कार्यहरूसम्बन्धी सभाहरूमा सभाध्यक्षको कार्यभार सम्पादन गर्नका लागि), वा ट्रस्टीहरू (कतिपय मण्डली शासन व्यवस्थामा, यिनीहरू मण्डलीको स्वामित्वमा रहेको सरसम्पत्तिबारे वैधानिक रूपले उत्तरदायी हुन्छन्)। यसबाहेक, तलब दिइएका एकभन्दा अधिक कर्मचारीहरू भएका मण्डलीहरूमा केही यस्ता कर्मचारीहरू (जस्तै, सङ्गीत निर्देशक, शिक्षा निर्देशक, युवा सेवक (युथ वर्कर)

आशा राख्नु हुँदैन।

[२५]कतिको विचारमा १ तिमो ३:११ ले महिला डीकनतिर इङ्गित गर्छ, "*स्त्रीहरू* पनि *यही बमोजिम* गम्भीर, अर्काको बदख्वाइँ नगर्ने, तर सबै कुरामा संयमी र विश्वासयोग्य हुनुपर्छ।" तर, महिलाहरू पनि डीकन हुन सक्थे भनी यदि तिमोथी र एफिससको मण्डलीले जानेका भए, पावलले विशेष गरी महिला डीकनहरूकै सम्बन्धमा एउटा अलग्गै पद थप्नपर्ने, र यदि त्यो पद नै नभएको भए तिनीहरूबारे जति विशेष गरी उल्लेख गरिनु आवश्यक थियो त्यति नगर्नु एक अति आश्चर्यजनक कुरा देखिन्छ। यसबाहेक, जुन मानिसहरू डीकनहरू हुन्, पावलले तिनीहरूबारे पाँचवटा पदहरू लेखेर, ती पदहरू बीचमा महिला डीकनहरूबारे एउटा मात्र पद चेप्टाएर राख्नु बड़ो उदेकलाग्दो देखिन्छ। यसको विपरीत, डीकनका योग्यताहरूका बीचमा डीकनहरूका पत्नीहरूतिर सङ्केत गर्ने पद अति उपयुक्त हुनेथियो। मण्डलीय पदको लागि आवश्यक पर्ने योग्यताहरूको एक पक्षको रूपमा पावलले अन्यत्र परिवारको आचरण संलग्न गर्छन् (१ तिमो ३:२, ४-५)। यो साँचो हो कि पावलले "पत्नीहरू" मात्र भनेका छन्, "तिनीहरूका पत्नीहरू"

हुनसक्छन् जो "मण्डलीमा कुनै निर्धारित कामहरू गर्ने अधिकार र उत्तरदायित्व भएकाहरू हुन्" भनी सार्वजनिक रूपमा चिनिएका हुन्छन्, र जो त्यसरी मण्डली अधिकारीबारे हाम्रो परिभाषाअनुरूप हुन्छन्, अनि तिनीहरूलाई त्यस्तो कार्य पूर्णकालिक कर्मचारीको रूपमा गर्नका लागि तलबै पनि दिएर राख्न सकिन्छ, तर जो मण्डलीको एल्डर वा डीकन नहुन पनि सक्छन्।

मण्डलीमा पनि यी पदहरू हुनुपर्दैन भन्ने कुनै कारण हुन्छ भन्ने देखिँदैन, यद्यपि ती सबै पदहरू सम्भवतः एल्डर वा डीकन संवर्गमा वर्गीकृत गर्न सकिन्छ (माथि उल्लेखितहरूमध्ये अधिकांश अधिकारीहरू विशेष जिम्मेवारीहरू पाएका डीकनहरू हुनसक्छन्, वा मडरेटर मण्डलीका कामकाजसम्बन्धी सभाहरूका सञ्चालन मात्रै गर्ने एल्डर पनि हुनसक्छन्)। तथापि, मण्डलीको कार्य चल्नमा यी वा अरू त्यस्तै पदहरूसहायक भएका पाइन्छन् भने, ती पदहरू स्थापना नगर्नुपर्ने कुनै कारण भएको देखिँदैन। तर ती पदहरू स्थापित गरिए तापनि, यो सुनिश्चित गर्नु आवश्यक हुन्छ कि ती धर्मशास्त्रमा विशेष रूपले उल्लेखित पदहरूलाई यी पदहरूले ओझेलमा नपारून्, तिनका यस्तो अख्तियार नहोस् जो धर्मशास्त्रमा सुस्पष्ट उल्लेखित पदहरूको सञ्चालनकारी अख्तियाराधीन नरहेको होस्। धर्मशास्त्रमा उल्लेख नभएका पदहरूमा आसीन अधिकारीहरूले महत्त्वपूर्ण प्रभाव वा अख्तियार हासिल गरे भने, तिनीहरूले कसरी काम गर्नुपर्छ वा वा तिनीहरू कसरी चुनिनुपर्छ भन्नेबारे मण्डलीका सदस्यहरूले वा पदाधिकारीहरू स्वयम्ले पनि धर्मशास्त्रमा हेरेर विस्तृत विवरण खोज्नेछन् भन्ने सम्भावना थोरै नै हुन्छ। यसले मण्डली अगुवाइको क्षेत्रमा मण्डलीको शासन व्यवस्था सञ्चालन गर्नमा धर्मशास्त्रको प्रभावकारी अख्तियारलाई ह्रासोन्मुख बनाउँदछ।

## ख. मण्डलीका अधिकारीहरू कसरी चुनिनुपर्छ ?

मण्डलीको इतिहासमा मण्डली अधिकारीहरूको चयनमा दुईवटा प्रमुख प्रक्रियाहरू देखिएका छन् – उच्च अधिकारीहरूबाट चयन, वा स्थानीय भक्तजनद्वारा चयन। रोमन क्याथलिक मण्डलीका अधिकारीहरू यसका उच्च अधिकारीहरूले चुन्दछन् – पोपले कार्डिनलहरू र बिशपहरू नियुक्त गर्दछन्, अनि बिशपहरूले स्थानीय धर्मप्रान्तहरूमा (parishes) पुरोहितहरू नियुक्त गर्दछन्। यो एक "पुरोहित-तन्त्र" (*hierarchy*) वा पुरोहितवर्गद्वारा गरिने शासन व्यवस्था[२६] हो, जुन वर्ग मण्डलीका सामान्य सदस्यहरूभन्दा बेग्लै हुन्छ। यो प्रणालीले ख्रीष्ट र प्रेरितहरूबाट अटुट

---

भनेका छैनन्, तर तात्कालिक सन्दर्भमा छलफल गरिरहिएको व्यक्तिसँग नाम लिइएको व्यक्ति (दाज्यूभाइ, दिदीबहिनी, बाबा, आमा, आदि)-को प्रत्यक्ष सम्बन्ध देखिन्छ भने ग्रीकले प्रायः नै सम्बन्धवाचक विशेषणहरू छोड़िदिन्छ।

यस खण्डबारे दुईवटा दृष्टिकोणहरूबारे, र आज महिलाहरू डीकन बन्नु हुन्छ कि हुँदैन भन्नबारे दुईवटा दृष्टिकोणहरूबारे हे. R. Schreiner, "The Valuable Ministries of Women in the Context of Male Leadership: A Survey of Old and New Testament Examples and Teaching," *Recovering Biblical Manhood and Womanhood,* ed. John Piper and Wayne Grudem (ह्विटन, इलि. : क्रसवे, १९९१), पृह. २१३-१४, २१९-२२१, र पृ. ५०४ मा टि. १३; र, त्यही भागमा, George W. Knight III, "The Family and the Church: How Should Biblical Manhood and Womanhood Work Out in Practice?" pp. 353-54.

[२६]*hierarchy* शब्दको अर्थ "पुरोहितवर्गद्वारा गरिने शासन" हो, र यसको व्युत्पत्ति "पुरोहित" बुझाउने ग्रीक शब्द (*hierus*) र "तन्त्र" बुझाउने ग्रीक शब्द (*arche*)-बाट भएको हो।

रूपमा आएको उद्गम अनुक्रमको, साथै वर्तमान पुरोहितवर्ग मण्डलीमा ख्रीष्टका प्रतिनिधिहरूका रूपमा रहेका छन् भन्ने दाबी गर्दछ। चर्च अब् इङ्ल्यान्ड (युनाइटेड स्टेट्स्मा इपिस्कपलियन चर्च)-ले पोपको शासनको अधीनता स्वीकार नगरे तापनि वा कार्डिनलहरू नराखे तापनि, रोमन क्याथलिक चर्चसित यसका केही समानताहरू अवश्यै छन्, किनभने यो बिशपहरू र आर्चबिशपहरूद्वारा शासित हुन्छ, र यसको पुरोहितवर्गलाई पुरोहित (याजक) हुन् भन्ने ठानिन्छ। यसले पनि प्रेरितहरूबाट सोझै अनुक्रममा आएको दाबी गर्दछ, अनि पुरोहितहरू र बिशपहरू स्थानीय धर्मप्रान्तदेखि[२७] बाहिरका उच्चतर अधिकारीद्वारा नियुक्त गरिन्छ।

उच्चतर अधिकारीद्वारा नियुक्त गरिने यो प्रणालीको विपरीत, अधिकांश प्रोटेस्टेन्ट मण्डलीहरूमा मण्डली अधिकारीहरू स्थानीय मण्डलीद्वारा चुनिन्छन्, वा स्थानीय मण्डलीभित्रको कुनै समूहद्वारा चुनिन्छन्, यद्यपि मण्डली शासन व्यवस्थाका रूपहरू महत्त्वपूर्ण ढङ्गले फरक हुन सक्छन् (तल हे.)। यस प्रसङ्गमा पूर्ण रूपले निर्णायक बाइबलीय मूलपाठ नभएकोले, यस मुद्दामा इभ्यानजेलिकल्हरूमाझ पाइने विविधताबारे हामी धैर्यवान् हुनुपर्छ। तर, मण्डलीका अधिकारीहरू (जस्तै, एल्डर र डीकन, र निश्चय नै पास्टर पनि) कुनै रीतिले मण्डलीका सम्पूर्ण सदस्यहरूद्वारा चुनिएका हुनु वा कमसेकम समर्थित हुनु वा मान्यता दिइएका हुनु अति उपयुक्त देखिनुका अनेकौं कारणहरू छन् :

(१) नयाँ करारमा यस्ता धेरै उदाहरणहरू छन् जहाँ मण्डलीका अधिकारीहरू सम्पूर्ण सदस्यहरूद्वारा चुनिएका थिए भन्ने स्पष्ट हुँदछ। प्रेरित ६:३ मा, प्रेरितहरू आफैले प्रारम्भिक सात जना डीकनहरू (यदि हामी तिनीहरूलाई डीकनको रूपमा हेर्छौं भने) चुन्दैनन्, तर सम्पूर्ण मण्डलीलाई भन्छन्, *"तिमीहरूबाट* पवित्र आत्मा र बुद्धिले भरिएका र सबैको आदर पाएका सात जना मानिस छान जसलाई हामी यस काममा नियुक्त गरौं।" यी मानिसहरूको आरम्भिक चयन मण्डलीले गरेको थियो। यहूदाको सट्टामा प्रेरितहरूमध्ये नियुक्त गर्नका लागि *१२० जना सदस्यहरू भएको सम्पूर्ण मण्डलीले* (हे. प्रे १:१५) आरम्भिक चरणमा दुई जना चुन्यो, जसमध्ये प्रभुले नियुक्त गर्नुहुने मानिस उहाँ स्वयम्ले इङ्गित गर्नुभयो, "तिनीहरूले दुई जना, अर्थात् बारसाबास भन्ने योसेफ, जसको कुलनाउँ युस्तस थियो, र मतियासको नाउँ प्रस्ताव गरे" (प्रे १:२३)। येरूशलेम परिषद्को समापनमा, अरू मण्डलीहरूलाई निर्णयहरू जनाउनका लागि प्रतिनिधिहरू चुन्ने काममा, प्रेरितहरू र एल्डरहरूसँग सम्पूर्ण मण्डलीले अंश ग्रहण गरेको थियो, किनभने चुन्ने र पठाउने काम "प्रेरितहरू, एल्डरहरू *सम्पूर्ण मण्डलीले मिलेर"* (प्रे १५:२२; तु. "सर्वसम्मतिद्वारा," प. २५) गरेका थिए। यसबाहेक, मण्डलीहरूमध्ये कतिले पावलका हातमा येरूशलेमको मण्डलीमा पुऱ्याउनका लागि भेटी पठाउँदा, मण्डलीहरूले पावलको साथमा एक प्रतिनिधि पनि पठाए, जो पावलअनुसार, "असल काममा हामीसँग यात्रा गर्न मण्डलीद्वारा नियुक्त भएका छन्" (२ कोर ८:१९)।[२८]

[२७]युनाइटेड स्टेट्स्मा मेथडिस्ट चर्चमा स्थानीय पुरोहितवर्ग बिशपद्वारा नियुक्त हुन्छन्, र यसको प्रणालीमा इपिस्कपलियन चर्चसित केही समानताहरू छन्, जसबाट यो आएको हो।

[२८]हो, मण्डलीको यी प्रतिनिधिमण्डलीभित्रकै अधिकारीहरूद्वारा नियुक्त भएका हुन सक्छन्, तर त्यस्तो

यहाँ यो आपत्ति उठाउन सकिन्छ कि पावल र बारनबासले प्रत्येक मण्डलीमा एल्डरहरू *"नियुक्त गरे"* (प्रे १४:२३), अनि पावलले तीतसलाई पनि "हरेक शहरमा एल्डर *नियुक्त गर्नू"* (तीत १:५) भने। के यो मण्डलीको चयनभन्दा रोमन क्याथलिक वा एङ्गलिकन प्रणालीजस्तै देखिँदैन ? यद्यपि ती खण्डहरूले पनि यो इङ्गित गर्ने आवश्यकता हुँदैन कि प्रेरितहरूले मात्रै चयन गरे, तर कुनै औपचारिक नियुक्ति वा प्रतिष्ठापना गरिनअघि, निश्चय नै मण्डलीको सरसल्लाह र सहमति पनि निश्चय नै संलग्न हुनुपर्छ (प्रे ६:३, ५ को नियुक्तिमा जस्तो)। *नियुक्त गर्नु* भन्ने शब्दले "प्रतिष्ठापित गर्नु" (to install)[२९] पनि बुझाउँछ।

(२) मण्डली अधिकारीहरूको चयनमा मण्डलीका सारा विश्वासीजनको सहभागिताको अर्को कारण यही हो कि नयाँ करारमा सामान्यतः, सञ्चालन गर्ने अन्तिम अख्तियार मण्डलीदेखि बाहिरको वा मण्डलीभित्रकै कुनै समूहसित होइन, सम्पूर्ण मण्डलीमा रहेको हुन्छ। मण्डलीदेखि बहिष्कार गर्ने निर्णयभन्दा अघि मण्डलीय अनुशासनको अन्तिम चरणचाहिँ "मण्डलीलाई" भन्नु (मत्ती १८:१७) हुन्छ। बहिष्करण, वा कसैलाई मण्डलीको सङ्गतिबाट वर्जित गर्ने कार्य, *सम्पूर्ण मण्डली* "भेला" (१ कोर ५:४) भएको समयमा गरिन्छ, यसकारण यो सम्पूर्ण मण्डलीले गरेको स्पष्ट हुँदछ। एउटा अझै अर्को विचार, जो सुझाइएको छ, तर जो निर्णायक छैन, यो तथ्य हो कि मण्डलीहरूलाई पठाइएका धर्मपत्रहरू एल्डरहरू वा मण्डलीभित्रका अगुवाहरूको अरू समूहलाई पठाइएका छैनन्, तर सम्पूर्ण मण्डलीहरूलाई लेखिएका छन्, अनि समग्र विश्वासीजनलाई यी धर्मपत्रहरू पढ्न उत्साहित गरिएको छ र तिनमा ध्यान दिने आशा गरिएको छ (रोम १:७; १ कोर १:२; २ कोर १:१; तु. २ कोर १:१३; कल ४:१६; १ तिमो ४:१३)। यसको अर्थ यो हुन्छ कि प्रेरितहरू सोझै विश्वासीजनसित सम्बन्धित हुन्छन्, मण्डलीका अधिकारीहरूद्वारा विश्वासीजनसित सम्बन्धित हुँदैनन्।

उल्लेख्य कतिपय व्यावहारिक कारणहरू पनि छन् :

(३) यदि समग्र विश्वासीजनले मण्डलीका अधिकारीहरू चुन्छन् भने उनीहरू विश्वासीजनप्रति बढ़ी जिम्मेवार हुन्छन्। पावलले "दुई वा तीन साक्षीको गवाही"-ले एक एल्डरको विरुद्धमा अनुचित व्यवहारको आरोप लगाउन सक्छन् (१ तिमो ५:१९) भन्ने तथ्य तोक्दा उनले उत्तरदायित्वको केही स्तर वा मापदण्ड मानिलिए। यो उत्तरदायिताले पाप गर्ने र शक्तिको अत्यधिक लालसाको परीक्षाबाट अतिरिक्त सुरक्षा प्रदान गर्छ।[३०]

(४) ऐतिहासिक रूपले भन्नुपर्दा, झुटा शिक्षा सर्वप्रथम, प्रायः नै मण्डलीका ईश्वरशास्त्रीहरूले अपनाउँछन्, दोस्रो पास्टरहरूले अपनाउँछन्, र अन्तमा चाहिँ जानकारी गराइएका साधारण विश्वासीहरूले अपनाउँछन्, जसले प्रतिदिन बाइबल पढ़िरहेका हुन्छन् र प्रभुसँग हिँडिरहेका हुन्छन्। यसकारण, यदि अगुवाहरू धर्मसिद्धान्तमा

बताउने कुनै वक्तव्य छैन। पावलले यति मात्र भन्छन् कि उनी "मण्डलीद्वारा ... नियुक्त भएका छन्," अनि मण्डलीहरूदेखि बाहिरका कुनै उच्चतर अख्तियार उल्लेख गर्दैनन्।

[२९] हे. BAGD, पृ. ८८१।

[३०] तर, थोरै प्रभावशाली सदस्यहरूले आफ्नो प्रभाव प्रयोग गरेर तिनीहरूका जीवनमा भएका पापहरूबारे

वा जीवनमा बरालिन थाल्छन् भने, अनि विश्वासीजनद्वारा मण्डलीमा चुनाव गरिँदैन भने, समग्रको रूपमा मण्डलीले त्यस्तो परिस्थितिलाई समाल्न वा ठीक गर्न सक्दैन। तर यदि अधिकारीहरू मण्डलीद्वारा चुनिएका हुन्छन् भने, त्यहाँ "नियन्त्रण-सन्तुलन" (check and balance) प्रणाली हुँदछ जसबाट सञ्चालन अख्तियार वा शासन व्यवस्था समग्र रूपमा मण्डलीप्रति उत्तरदायी हुँदछ।[३१]

(५) शासन व्यवस्थाले तब उत्तम काम गर्छ जब यसले शासितहरूको सहमति पाएको हुन्छ (तु. पुरानो करारमा, प्रस ४:२९-३१; १ शमू ७:५-६; १०:२४; २ शमू २:४; १ राज १:३९-४०; र १ राज १२:१, १५ मा रहबामको भुलमा ध्यान दिनुहोस्)।

यी कारकहरू मिलेर यो इङ्गित गर्छन् कि मण्डलीका अधिकारीहरू चुन्नेबारे धर्मशास्त्रले कुनै विशेष प्रणाली प्रयोग गर्ने आदेश दिँदैन, तरै पनि तिनीहरूको चुनाव र तिनीहरूलाई मान्यता दिने प्रक्रियामा सिङ्गै मण्डलीले महत्त्वपूर्ण भाग लिने एउटा प्रणाली हुनु विवेकपूर्ण देखिन्छ – सम्भवतः विश्वासीजनका मतद्वारा, वा अरू कुनै प्रक्रियाद्वारा जसमा मण्डली अधिकारीलाई पदभार ग्रहण गर्नसक्नुभन्दा अघि सबै विश्वासीजनको मान्यता प्राप्त हुनु आवश्यक पर्दछ।[३२]

अधिकारीहरूको चयन प्रक्रियाबारे अरू केही भन्न सकिन्छ? अत्यधिक अख्तियार प्रयोगविरुद्ध चयन प्रक्रियाभित्र नै विश्वासीजनको समूहगत केही अतिरिक्त सामूहिक नियन्त्रण बनाउन सकिन्छ। यहाँ यो कार्य विभिन्न प्रकारले गर्न सकिन्छ, तर सीमित अवधिका लागि पदमा निर्वाचन, निर्धारित समयावधिभित्र पदको लागि प्रार्थी बन्न नपाउने (पूर्णकालिक पास्टरीय कर्मचारीहरूबाहेक, जो एल्डरहरू हुन्) प्रावधान, नियतकालिक निर्वाचन पुनःपुष्टीकरण, नामाङ्कन प्रक्रियामा सदस्यहरूले नामाङ्कनहरू गर्न सक्ने (यद्यपि अधिकांश नामाङ्कनहरू एल्डरहरू स्वयम्बाटै आए तापनि) प्रावधान आदिले एक पल्ट एल्डरहरू चुनिएपछि, सञ्चालन अख्तियारका प्रधान पक्षहरू जफत नगराई समूहलाई उत्तरदायिता (accountability)-का अतिरिक्त उपायहरू उपलब्ध गराउँछन्।

यी कारकहरूले निर्वाचन सामना गर्नु नपरी वा विश्वासजनद्वारा नियतकालिक पुनःपुष्टीकरण गराउन नपरी आफूलाई स्थायित्व दिइरहने एल्डरहरूको समूहविरुद्ध केही तर्क उपलब्ध गराउँछ, तर फेरि एकपटक यो भन्नैपर्छ कि धर्मशास्त्रमा कुनै विशेष निर्देशनहरू सूचीबद्ध गरिएका छैनन् र यस विषयबारे विविधताको ठाउँ छ।

---

छलफल गर्न पास्टरलाई रोकेको अवस्थामा यो स्थिति दुर्व्यवहृत हुने सम्भावना पनि हुन्छ।

[३१]नागरिक सरकारको अमेरिकी रूपप्रति वरीयता (preference) प्रतिविम्बित गर्नका लागि मैले यहाँ "नियन्त्रण र सन्तुलन" (check and balance) प्रयोग गरिरहेको छैन, तर कुनै एक व्यक्तिका वा समूहका हातमा अत्यधिक शक्ति थुप्रिनदेखि रोक्ने सुरक्षाको रूपमा यो वाक्यांशलाई विस्तृत अर्थमा बुझियोस् भन्ने आशय राखेको छु। (वास्तवमा, नयाँ करारमा बहुएल्डरहरूको जुन प्रणाली प्रतिनिधित्व भएको म देख्छु, त्यो संयुक्त राष्ट्र अमेरिकाका राष्ट्रपतिको पदमा देखिने केन्द्रीकरण (concentration)-भन्दा अत्यन्तै बेग्लै छ।)

[३२]मैले विश्वासीजनहरूको मत वा भोट भन्दा मेरो आशय सांसारिक राजनीतिमा हुने प्रतिस्पर्द्धात्मक निर्वाचनको धारणा प्रस्तावित गर्ने होइन। यसमा मण्डलीभित्रको परिपक्व समूहद्वारा (जस्तै, वर्तमान एल्डरहरूद्वारा) नामाङ्कित प्रार्थीहरूलाई अभिपुष्टि गर्ने कार्य मात्र संलग्न हुन सक्छ, वा, अर्कोतिर, यसमा मण्डलीव्यापी निर्वाचन हुन सक्छ, वा अन्य प्रक्रियाहरू प्रयोग गर्न सकिन्छ। वास्तविक प्रक्रियाबारे धर्मशास्त्र मौन छ; त्यसकारण, परमेश्वरले यस विषयलाई हरेक विश्वासजनको समूहको विवेकमा यसको आफ्नै पृष्ठभूमिमा छोड़िदिने निर्णय गर्नुभएको छ।

## ग. मण्डली शासनव्यवस्थाका रूपहरू

मण्डली शासन व्यवस्थाका रूपहरूबारे गरिएको यो छलफल मण्डलीका अधिकारीहरूको चुनाव-पद्धतिबारे अघिल्लो खण्डमा गरिएको छलफलसित केही परस्परव्याप्त (overlap) छ। मण्डली अधिकारीहरू चुन्नमा प्रयोग गरिएका पद्धतिहरूमा, जस्तो कि माथि उल्लेखित छ, मण्डली शासन व्यवस्थाका विभिन्न दर्शनहरू देखिन्छ।

मण्डली शासन व्यवस्थाका रूपहरूलाई तीन मुख्य वर्गहरूमा बाँड्न सकिन्छ भन्ने तथ्यमा यो प्रत्यक्ष हुन्छ – "इपिस्कपलियन," "प्रेज्बिटरियन," "कङ्ग्रिगेशनल"। *इपिस्कपलियन* रूपहरूमा मण्डली अधिकारीहरूका एक विशिष्ट संवर्ग (जसलाई पूजाहारीगिरी भनिन्छ)-द्वारा गठित शासनव्यवस्था हुन्छ, अनि यस व्यवस्थामा निर्णय गर्ने अन्तिम अख्तियार स्थानीय मण्डलीदेखि बाहिर पाइन्छ।[३३] यस रूपको शासन व्यवस्था भएको प्रोटेस्टेन्टहरूमाझ इपिस्कपलियन मण्डली प्रणाली मूल प्रतिनिधि हो। *प्रेज्बिटरियन* रूपहरूमा एल्डरहरूद्वारा शासन व्यवस्था बनेको हुन्छ, जसमध्ये कतिको अख्तियार स्थानीय विश्वासीजनमाथि मात्र होइन, प्रेज्बिटरि र महासभाद्वारा एउटा क्षेत्रका सारा मण्डलीहरूमाथि र त्यसपछि समग्र सम्प्रदायमा हुन्छ। *कङ्ग्रिगेशनल* रूपहरूको मण्डली शासन व्यवस्थामा अन्तिम शासनकारी अख्तियार स्थानीय विश्वासीजनमा हुन्छ, तथापि साम्प्रदायिक सम्बन्धनद्वारा स्वशासनका विविध मात्राहरू त्यागिएका हुन्छन्, र स्थानीय मण्डली शासन व्यवस्थाको वास्तविक रूप निक्कै फरक पर्न सक्छ। तलको छलफलमा हामी यी रूपहरूमध्ये प्रत्येकको जाँच गर्नेछौं।


### १. **धर्माध्यक्षवादी** (Episcopalian)

धर्माध्यक्षवादी वा Episcopalian प्रणालीमा अनेकौं बिशपहरूमाथि एक आर्कबिशपको अख्तियार हुँदछ। अनि बिशपहरूको अख्तियार "धर्मप्रदेश" (diocese)-माथि हुन्छ, जसको अर्थ बिशपको अधिकार-क्षेत्रभित्रका मण्डलीहरू हो। स्थानीय धर्म-क्षेत्र (parish)-को प्रभारी (officer-in-charge) रेक्टर (वा कहिलेकाहीँ भिकार (vicar), जसको अर्थ "सहायक" वा रेक्टरको बदलीमा काम गर्ने हो) हुन्छन्। आर्कबिशपहरू, बिशपहरू, र रेक्टरहरू सबै नै पुरोहितहरू हुन्, कारण तिनीहरू सबैलाई एकपल्ट धर्माध्यक्षवादी पुरोहित पदमा अभिषेक गरिएको थियो (तर व्यवहारमा, रेक्टरलाई प्रायः नै पुरोहित भनिन्छ)।[३४]

---

[३३]रोमन क्याथलिक मण्डलीमा पनि पुरोहितसमूहद्वारा चलाइने शासन व्यवस्था हुन्छ, र यसकारण शासनव्यवस्थाको रूपको कुरा गर्नुपर्दा यो पनि "धर्माध्यक्षवादी" हुन्छ। कहिलेकाहीं धर्माध्यक्षवादी शासन व्यवस्थालाई "पुरोहिततन्त्रीय" (hierarchical) शासनव्यवस्था पनि भनिन्छ, विशेष गरी रोमन क्याथलिक मण्डलीलाई इङ्गित गरिएको बेला।

[३४]तर, धर्माध्यक्षवादीहरूले *पुरोहित* शब्दलाई presbyter (ग्रीकमा "एल्डर" बुझाउने शब्द)-को समानार्थी रूपमा लिन्छन्, भने रोमन क्याथलिकहरूले *पुरोहित* शब्दलाई, बलि चढाउने र मानिसहरूलाई परमेश्वरसामु प्रतिनिधित्व गर्ने कर्तव्य भएको पुरानो करारको पुजाहारीगिरीसित सम्बन्धित गर्दै यो शब्दलाई बेग्लै अर्थमा बुझ्छन्।




इपिस्कपलियन शासन व्यवस्था
*रेखाचित्र ४७.१*

धर्माध्यक्षवादी प्रणालीको पक्षका नयाँ करारमा तर्क पाइँदैन, तर यो त्यो मण्डलीको स्वाभाविक परिणाम हो जो नयाँ करारमा आरम्भ भयो, र यसलाई नयाँ करारले निषिद्ध गरेको छैन। E. A. Litton लेख्छन्, "नयाँ करारमा धर्मप्रदेशीय बिशपको क्रम देखा पर्दैन," तर तत्कालै थप्छन् :

> धर्माध्यक्षतन्त्र (Episcopacy) मण्डलीबाटै उदित भयो भन्ने अनुमानको पक्षमा प्रमाण छ, अनि स्वाभाविक प्रक्रियाद्वारा, अनि प्रेरितहरूमध्ये अन्तिम जीवित रहेका सन्त यूहन्नाद्वारा यो अनुमोदित थियो। पुरोहितद्वारा शासित क्षेत्र (Presbytery), परामर्शका लागि भेला हुँदा, व्यवस्था कायम राख्नका लागि यसले स्वाभाविक रूपले अध्यक्ष चुन्थ्यो; प्रथमतः अस्थायी रूपमा, तर समयमा स्थायी अख्तियारसित। ... यसकारण यो सम्भव छ कि मण्डलीमा आरम्भिक कालमा नै एउटा अनौपचारिक धर्माध्यक्षवर्ग (episcopate) स्थापित भइसकेको थियो। प्रेरितहरूलाई एकपछि अर्को गरी हटाइरहिएको बेलामा ... त्यो पदले बढ्दो महत्त्व पाउनेथ्यो र अझै ठूला शक्तिहरूले सम्पन्न गरिनेथियो।[३५]

यसबाहेक, बिशपको पद र धर्माध्यक्षीय मण्डलीमा पाइने तदनुरूप शासन व्यवस्थाको ढाँचा ऐतिहासिक र लाभकारी भएकोले, Litton तर्क गर्छन् कि यसलाई परिरक्षित गरिनुपर्छ। अन्तमा, प्रेरितहरूबाट भएको सोझो अवतरणको लाभलाई धर्माध्यक्षवादी प्रणालीको पक्षमा एक सशक्त कारणस्वरूप लिइएको छ। Litton भन्छन्, "प्रेरितहरू शृङ्खलाका पहिलो कड़ी हुन्, अनि बाहय नियुक्तिको सम्बन्धमा, उत्तराधिकार-क्रम युग-युगसम्म चल्नु हुँदैन भन्ने के कारण छ र, जसमा पुरोहितहरूको विद्यमान समूहले आफ्नो पदगत अख्तियार तिनीहरूका उत्तराधिकारीहरूलाई सुम्पिँदैजान्छन्, तर तिनीहरूका उत्तराधिकारीहरूले फेरि तिनीहरूका उत्तराधिकारीहरूलाई सुम्पिँदैजान्छन्।"[३६]

[३५]Edward Arthur Litton, *Introduction to Dogmatic Theology,* Philip E. Hughes द्वारा सम्पादित (लन्डन : जेम्स क्लार्क, १९६०; प्रथम प्रकाशन २ खण्डमा, १८८२, १८९२), पृ. ४०१।

[३६]ऐजन, पृ. ३९०

तर यस प्रश्नको अर्को पाटोमा तर्कहरू प्रस्तुत गर्न सकिन्छ। (१) यो महत्त्वपूर्ण छ कि नयाँ करारमा "बिशप"-को पद छुट्टै पद होइन, तर यो "एल्डर"-को पर्यायवाची मात्र हो, जस्तो कि Litton स्वयं सहमत हुन्छन्।[३७] नयाँ करारमा एउटै पनि एकलो बिशप छैनन्, तर बिशपहरू (वा निरीक्षकहरू) जहिले पनि यसलाई एक प्रासङ्गिक तथ्यको रूपमा मात्र लिनु हुँदैन, किनभने प्रेरितहरूबीचमै पनि येशूले कुनै प्रेरितलाई अरूहरूभन्दा धेरै श्रेष्ठ अख्तियार दिएर छोड्नुभएन, तर बाह्र जनाको दललाई छोड्नुभयो जो शासनकारी अख्तियारमा सबै समान थिए (अनि त्यो समूहमा पछि अरूहरू थपिए, जस्तै पावल)। पत्रुस, याकूब, र पावलजस्ता केही प्रेरितहरूको समूहमा विशिष्टता भए तापनि, अरूहरूका भन्दा उनीहरूको अख्तियार धेरै थिएन, अनि पत्रुसलाई पनि एन्टिओखियामा पावलले हप्काएका थिए (गला २:११)।[३८] कुनै मानिसमा पर्याप्त नियन्त्रण र सन्तुलनविना अरूभन्दा अत्यधिक शक्ति छ भने त्यस व्यक्तिबाट हुन सक्ने शक्तिको दुरुपयोगलाई रोक्नमा ख्रीष्टको ज्ञान यसले देखाएको हुन सक्छ। प्रारम्भिक मण्डलीमा अन्तिम (मानवीय) अख्तियार राख्नका लागि जसरी ख्रीष्टले अनेक प्रेरितहरू छोड्नुभयो, त्यसरी नै प्रेरितहरूले हरेक मण्डलीमा जहिले पनि बहुसंख्यामा एल्डरहरू नियुक्त गरे, र कुनै एक व्यक्तिका हातमा शासनकारी अख्तियार कहिल्यै छोड़ेनन्।

(२) प्रेरितहरूको सट्टामा राख्नका लागि बिशपहरूको एउटा समूह स्थापित गरियो भन्ने सिद्धान्त नयाँ करारमा सिकाइएको छैन, नता प्रेरितहरूदेखि आएको अविच्छिन्न शृङ्खलालाई कायम राख्नका लागि अभिषिक्तहरूबाट हात राख्ने विधिद्वारा अभिषेकलाई *भौतिक* रूपले अविच्छिन्न कायम राख्नुपर्ने आवश्यकताको आशय राखिएको छ। उदाहरणको लागि, प्रेरित १३:३ मा, पावल र बारनाबासलाई अभिषेक गर्ने यरूशलेमका प्रेरितहरू थिएनन्, तर एन्टिओखियाको मण्डलीका मानिसहरूले उनीहरूमाथि हात राखेर उनीहरूलाई बाहिर पठाए। वास्तवमा, प्रेरितहरूलाई उत्तराधिकारको क्रमबारे कुनै सरोकार भएको धेरै प्रमाण नगण्य छ। तिमोथीलाई पावलले मात्र होइन, तर "एल्डरहरूले" (१ तिमो ४:१४) पनि अभिषेक गरेका स्पष्ट हुन्छ, यद्यपि यसले पावललाई पनि सम्मिलित गरेको हुन सक्छ (हे. २ तिमो १:६)। अझ मुख्य कुरा के छ भने अभिषेक अन्ततः प्रभु स्वयम्बाट हुन्छ (प्रे २०:२८; १ कोर १२:२८; एफि ४:११), अनि "अभिषेक"-को प्रकृतिमा यस्तो कुनै थोक छैन (जहाँ यसलाई एउटा पदको सार्वजनिक मान्यताको रूपमा मात्र हेरिन्छ) कि प्रेरितहरूको *भौतिक*वंशबाट अघि अभिषेक गरिएकाहरूबाट *मात्र* अभिषेक गरिइनु अनिवार्य होस्। यदि परमेश्वरले एक एल्डरलाई बोलाउनुभएको छ भने, तिनलाई मान्यता मिल्नुपर्छ, अनि भौतिक वंशबारे कुनै सरोकार उठाइनु हुँदैन। यसबाहेक, स्थानीय मण्डलीले अगुवाहरू चुन्नुपर्छ (हे. माथिको छलफल) भनी यदि कोही दृढ़ विश्वस्त छ भने, यही उपयुक्त देखिन्छ कि एल्डर चुन्ने मण्डली नै – कुनै बाह्य बिशप होइन – ती व्यक्तिलाई पदासीन गराएर वा पास्टरलाई अभिषेक गरेर निर्वाचनलाई


[३७]ऐजन, पृ. ४००

[३८]रोमन क्याथलिकहरू तर्क गर्छन् कि आरम्भदेखि नै पत्रुसको अख्तियार अरू प्रेरितहरूभन्दा ठूलो थियो, तर नयाँ करारले यो प्रमाण दिँदैन। (मत्ती १६:१९ मा "साँचाहरूको शक्ति"-बारे हे. अ. ४६)।

बाहच मान्यता दिने समूह हुनुपर्छ।[३९]

(३) यो तर्क गर्न सकिन्छ कि अनेकौं मण्डलीहरूमाथि एउटै बिशप अख्तियारमा भएको धर्माध्यक्षवादी प्रणालीको विकास प्रारम्भिक मण्डलीमा एक हितकर विकास भए तापनि, यो नयाँ करारका मानदण्डबाट विचलन थियो अनि निर्वाचित स्थानीय अगुवाहरूको प्रणाली जो प्रेरितहरूद्वारा स्थापित गरिएको थियो र जसले ख्री. पू. ३० देखि १०० सम्म सम्पूर्ण नयाँ करार मण्डलीमा स्पष्टतः अति राम्ररी काम गरेको थियो, त्यससित मानिसको असन्तुष्टिको परिणाम थियो भन्न सकिन्छ। तर ऐतिहासिक तथ्याङ्कबारे हाम्रो मूल्याङ्कनचाहिँ निश्चय नै धर्माध्यक्षवादी प्रणालीका पक्ष र विपक्षका अघिका तर्कहरूको हाम्रो अघिको मूल्याङ्कनमा भर पर्छ।

**२. प्रेज्बिटरियन।** यस प्रणालीमा प्रत्येक स्थानीय मण्डलीले एउटा सत्रको लागि एल्डरहरू निर्वाचन गर्छ (रेखचित्र ४७.२ मा 'ए'-ले एल्डर जनाउँछ, र बिन्दुहरूले बनेको रेखाले सम्पूर्ण विश्वासीजनले एल्डरहरू चुन्छ भन्न जनाउँछ)। सभा वा शासन-निकाय (Session)-मा भएका एल्डरहरूमध्ये एक जना मण्डलीको पास्टर हुन्छन्, जो अख्तियारमा अरू एल्डरहरू समान हुन्छन। यो सभा वा शासन-निकाय (Session)-सित स्थानीय मण्डलीलाई शासन गर्ने अख्तियार हुन्छ। तर सेसनका सदस्यहरू (अर्थात्, एल्डरहरू) प्रशासनिक सभा प्रेज्बिटरिका पनि सदस्यहरू हुन्छन्, जसको त्यस क्षेत्रका अनेकौं मण्डलीहरूमाथि अख्तियार हुन्छ। यसबाहेक, प्रेज्बिटरिका सदस्यहरूमध्ये कतिपय सदस्यहरू "महासभा" वा "General Assembly"-




प्रेज्बिटरियन शासनव्यवस्था
*रेखाचित्र ४७.२*

का पनि सदस्यहरू हुन्छन् जुन सभाको अख्तियार साधारणतः राष्ट्रका वा क्षेत्रका सम्पूर्ण मण्डलीहरूमाथि हुन्छ।[४०]

यो प्रेज्बिटरियन प्रणालीको पक्षमा तर्कहरू यस प्रकार छन् : (१) अगुवाइ गर्ने ज्ञान र वरदान भएकाहरूलाई उनीहरूका ज्ञानलाई एउटा स्थानीयभन्दा धेरै मण्डलीहरू सञ्चालन गर्न बोलाइनुपर्छ र (२) मण्डलीको एउटा राष्ट्रिय (वा विश्वव्यापीसमेत)

[३९] मण्डलीका अधिकारीहरू बिशपद्वारा नियुक्त भएको बढी समर्थन गर्ने धर्माध्यक्षवादीहरू यो अन्तिम विचारको आधार-वाक्य (premise)-सित सहमत हुनेछैनन्।

[४०] ख्रीष्टियान *रिफर्मड्* मण्डलीमा, शासन व्यवस्थाको रूप प्रेज्बिटरियन प्रणालीजस्तै हुन्छ, तर शासन

शासन व्यवस्थाले ख्रीष्टको देहको एकत्व देखाउँछ। यसबाहेक (३) यस्तो प्रणालीले कुनै एउटा मण्डलीलाई धर्मसिद्धान्तीय भ्रममा पर्नबाट मण्डलीहरूको कुनै स्वैच्छिक संघभन्दा धेरै प्रभावकारी रूपले बचाउन सक्छ।[४१]

आज इभ्यान्जलिकल् ख्रीष्टियानहरूमाझ माथि उल्लेखित प्रेज्बिटरियन प्रणालीका धेरै अनुयायीहरू छन्, अनि यसले धेरै मुद्दाहरूमा निश्चय नै प्रभावकारी रूपमा काम गर्छ। तथापि, यो प्रणालीको विरुद्ध केही आपत्ति उठाउन सकिन्छ : (१) धर्मशास्त्रमा *एल्डरहरूले* उनीहरूको आफ्नै स्थानीय मण्डलीभन्दा अन्यत्र नियमित रूपले कहीं पनि अख्तियार स्थापित गरेका छैनन्। धर्मशास्त्रको ढाँचा के छ भने एल्डरहरू स्थानीय ख्रीष्टियानहरूमा नियुक्त गरिन्छन् र स्थानीय मण्डलीहरूमाथि उनीहरूको अख्तियार हुँदछ। यो दाबीको विरुद्ध प्रेरित १५ को यरूशलेमको परिषद् प्रायः नै उल्लेख गरिन्छ, तर हामीले यहाँ ध्यान दिनुपर्छ कि प्रेरितहरू यरूशलेममा भएका कारण यो परिषद् त्यहाँ आयोजित गरिएको थियो। यरूशलेममा भएका प्रेरितहरू र एल्डरहरूले, एन्टिओखियाबाट आएका प्रतिनिधिहरूसँग (प्रे १५:२) मिलेर, यस विषयमा परमेश्वरको ज्ञान खोजे। अनि सम्पूर्ण मण्डलीसित पनि परामर्श भएको देखिन्छ, किनभने छलफलको निष्कर्षमा हामी पढ्छौं, "तब प्रेरितहरू, एल्डरहरू र *सम्पूर्ण मण्डलीले मिलेर* आफ्ना बीचबाट कतिपय मानिसहरूलाई चुनेर पावल र बारनाबाससँग एन्टिओखियामा पठाउन उचित ठाने" (प्रे १५:२२)। (यदि यो वर्णनले एल्डरहरूबाट सञ्चालन गरिने क्षेत्रीय शासन व्यवस्थालाई समर्थन गर्छ भने, यसले त्यसैकारण सम्पूर्ण विश्वासीजनद्वारा क्षेत्रीय शासन व्यवस्थालाई पनि समर्थन गर्छ!) एल्डरहरूको आफ्नो स्थानीय मण्डलीभन्दा अन्य मण्डलीहरूमाथि पनि अख्तियार भएको प्रणालीको पक्षमण्डन गर्नका लागि एल्डरहरू यरूशलेममा भएको यो स्थिति उत्तम ढाँचा होइन। यरूशलेमको मण्डलीले यहूदिया, सामरिया, र गालिलका सबै एल्डरहरूलाई बोलाइपठाएर "यहूदिया प्रेज्बिटरि"-को सभा वा "महासभा" बोलाएनन्। यद्यपि यरूशलेममा भएका सबै मण्डलीहरूमाथि प्रेरितहरूको अख्तियार निश्चय नै थियो, तर यरूशलेम मण्डलीमै पनि एल्डरहरू स्वयम्‌को त्यस्तो कुनै अख्तियार भएको कुनै सङ्केत छैन। अनि एल्डरहरूले आफ्नै मण्डलीबाहेक अन्य मण्डलीहरूमाथि अख्तियार चलाउने ढाँचा नयाँ करारमा निश्चय नै छैन।[४२]

(२) यो प्रणालीको परिणाम, व्यावहारिक रूपमा, अनेकौं औपचारिक मुद्दा हुन्छ, जहाँ महासभा (General Assembly) तहसम्मै धर्मसैद्धान्तिक विवादहरू वर्षौंवर्ष

निकायका नामहरू बेग्लै हुन्छन्। स्थानीय मण्डलीमा एल्डरहरूलाई (सेसनको साटो) "परिषद्" (*consistory*) भनिन्छ, क्षेत्रीय शासन निकायलाई *प्रेज्बिटरि*को साटो *क्लासिस्* (*classis*) भनिन्छ, अनि राष्ट्रिय शासन निकायलाई महासभाको सट्टा *सिनोड* (*synod*) भनिन्छ।

[४१]मण्डली शासनव्यवस्थाको प्रेज्बिटरियन प्रणालीको सम्पूर्ण पक्षमण्डनको लागि हे. Louis Berkhof, *Systematic Theology*, पृह. ५८१-९२।

[४२]यसको विपरीत, प्रेज्बिटरियन प्रणालीबाट समर्थकहरूले उत्तर दिन सक्छन् कि नयाँ करारमा हामी *स्वतन्त्र* मण्डलीको उदाहरण कतै पाउँदैनौं – नयाँ करारको हरेक मण्डली प्रेरितहरूको विश्वव्यापी सञ्चालन अख्तियारको अधीनस्थ छ। स्वतन्त्र मण्डलीहरूका समर्थकले निश्चय नै यसरी उत्तर दिन सक्ला कि त्यस्तो अख्तियार प्रयोग गर्नका लागि प्रेरित आज हामीसँग छैन। तर यदि ढाँचाको लागि हामीले नयाँ करारतिर हेरिरहेका छौं भने, यो तथ्य अझै रहन्छ नै कि *त्यहाँ कुनै स्वतन्त्र मण्डली पाइँदैन*, अनि हामी यो

चलाइबसिन्छ। येशू ख्रीष्टको मण्डलीको स्वभाव यो हुनेपर्ने हो त भनी कोही आश्चर्यचकित बन्छन् – सायद होला, तर वर्तमान लेखकलाई भने यो प्रणालीले त्यस्ता वाद-विवादहरूलाई आवश्यभन्दा बढ़ी नै प्रोत्साहित गर्छ भन्ने वा मण्डलीको देहको आत्मिक उन्नति गराउने भन्दा टाढ़ै भएको लाग्दछ।

(३) मण्डली शासन व्यवस्थामा प्रभावकारी शक्ति, वास्तवमा मण्डलीका साधारण विश्वासी/सदस्यहरूको अन्तिम नियन्त्रणबाट धेरै टाढ़ा राखिएको देखिन्छ। यद्यपि, Berkhof, जसले यो प्रणालीको पक्षसमर्थन वा पैरवी गर्छन्, सुस्पष्ट पुष्टि गर्छन्, "मण्डलीको शक्ति *मूलतः* स्थानीय मण्डलीको सञ्चालन समितिमा निहित भएको हुन्छ,"[४३] उनी यो पनि स्वीकार गर्छन्, "महासभा जति मात्रामा सामान्य हुन्छ, यो उति नै मात्रामा मानिसहरूबाट टाढ़ा हुन्छ।"[४४] त्यसकारण यदि यो प्रणाली गलत बाटो जान थाल्यो भने यसलाई सही बाटोमा ल्याउन धेरै गाह्रो हुन्छ कारण सामान्य सदस्यहरूले, जो एल्डर हुँदैनन्, "सभा"-मा वा "*प्रेज्बिटरि*"-मा वा *महासभा*मा मतदान गर्न पाउँदैनन्, अनि उनीहरूबाट मण्डलीको सञ्चालन संरचना अन्य मण्डली सञ्चालन संरचनाभन्दा धेरै टाढ़ा राखिएको हुन्छ।

(४) कतिपय मामिलाहरूमा यो साँचो हो कि प्रेज्बिटरियन शासन व्यवस्थामा आधारित अनि धर्मसैद्धान्तिक रूपले सही सम्प्रदायले स्थानीय मण्डलीलाई यसको धर्मसिद्धान्तबाट बरालिएर जानबाट रोके तापनि, वास्तवमा यसको उल्टोचाहिँ बारम्बार साँचो भएको पाइएको छ – प्रेज्बिटरियन सम्प्रदायको राष्ट्रिय नेतृत्वले झुटो धर्मसिद्धान्त अपनाएको छ अनि त्यसअनुसार चल्नका लागि स्थानीय मण्डलीहरू ठूलो चाप दिएको छ।

(५) प्रेज्बिटरियन प्रणालीले एक रूपमा ख्रीष्टको मण्डलीको राष्ट्रिय वा विश्वव्यापी नै एकता अवश्यै प्रतिनिधित्व गर्छ, तथापि त्यस्तो एकता शासन व्यवस्थाको यो प्रणालीभन्दा अरू नै किसिमले पनि निश्चय नै देखाउन सकिन्छ। अझै विशुद्ध कंग्रिगेशनल रूपको शासन व्यवस्था भएका मण्डलीहरूका स्वैच्छिक संगठनहरू हुन्छन् जसले यो एकता प्रदर्शन गर्छन। वास्तवमा, यी संगठनहरूले प्रेज्बिटरियन प्रणालीमा जस्तै, मण्डलीहरूका एल्डरहरू वा पुरोहितवर्ग मात्र होइन, *सबै* मानिसहरूलाई संलग्न गराउँछन्। उदाहरणको लागि, एक ब्याप्टिस्ट सम्प्रदायको राष्ट्रिय सभामा ठूलो संख्यामा सेवकहरू र साधारण सदस्यहरू (जो अनिवार्यतः एल्डरहरू वा डीकनहरू हुँदैनन्, तर तिनीहरूका मण्डलीहरूबाट आएका साधारण प्रतिनिधिहरू मात्र हुन्छन्) एकत्रित भएर गरेका सङ्गतिले एल्डरहरू मात्र उपस्थित भएका प्रेज्बिटरियन महासभाले भन्दा उत्तम रूपमा ख्रीष्टका देहको एकता प्रदर्शित गरेको मान्न सकिन्छ।

---


अपेक्षा गर्नपुग्छौं कि प्रेरितहरूको शासन व्यवस्थाको सट्टा केही नभएको भन्दा केही भएकै असल। यसले यही सङ्केत गरेको मलाई लाग्छ कि स्थानीय मण्डलीमाथि कुनै प्रकारको साम्प्रदायिक अख्तियार हुनु अझै पनि उपयुक्तै हुन्छ (यद्यपि त्यसले विभिन्न सम्प्रदायहरूमा विभिन्न रूपहरू लिनेछ।

[४३] Berkhof, *Systematic Theology,* पृ. ५८४।

[४४] ऐजन, पृ. ५९१।

### ३. विश्वासीजन सामुदायिक (Congregational)

**अ. एकल एल्डर (वा एकल पास्टर)** : अब हामी विश्वासीजन सामुदायिक (Congregational) शासन व्यवस्थाका पाँच भेदहरूबारे छलफल गर्न सक्छौं। पहिलो, जो हालमा संयुक्त राज्य अमेरिकाका ब्याप्टिस्ट मण्डलीहरूमा प्रायः सर्वत्र पाइने व्यवस्था, "एक एल्डर" रूपको शासन व्यवस्था हो। यस प्रकारको व्यवस्थामा पास्टरलाई मण्डलीको एल्डरको रूपमा मात्र हेरिन्छ, अनि त्यहाँ एउटा डीकन-मण्डल (Board of Deacons) हुन्छ जसले उनको अख्तियारअधीनस्थ सेवा गर्छन् र उनलाई सहायता गर्छन् (रेखाचित्र ४७.३ मा डी. भनेको डीकन हो)।




एकल-एल्डर (एकल पास्टर) शासनव्यवस्था
*रेखाचित्र ४७.३*

यस प्रणालीमा, विश्वासीजन-समुदायले पास्टर चुन्छ र डीकनहरू पनि चुन्छ। पास्टरको अख्तियारको मात्रा विभिन्न मण्डलीहरूमा भिन्न-भिन्नै हुन्छ, र पास्टर मण्डलीमा जति धेरै समय बसे उति नै मात्रामा त्यो बढ्दछ। डीकन-मण्डलको अख्तियार केवल सल्लाहकारको अख्तियार हुन्छ। यो प्रणालीले काम गर्ने सामान्य तरिकामा, विशेष गरी ससाना मण्डलीहरूमा, धेरै निर्णयहरूलाई समग्रमा विश्वासीजन-समुदायको अगाडि ल्याउनैपर्छ।

यस प्रणालीको पक्षका तर्कहरू A. H. Strong-को *Systematic Theology*-मा सुस्पष्ट प्रस्तुत गरिएको छ, जुन मूलपाठलाई ब्याप्टिस्ट समूहहरूमा व्यापक रूपमा प्रयोग गरिएको छ।[४५] Strong निम्नलिखित तर्कहरू दिन्छन् :

(१) नयाँ करारले एल्डरहरूको बहुसंख्यकता हुनुपर्ने अनिवार्य गर्दैन, तर नयाँ करारमा देखिने बहुसंख्यक एल्डरहरू भएको ढाँचा त्यस समयका मण्डलीहरूको आकारकै कारण मात्र थियो। उनी भन्छन् :

> नयाँ करारका मण्डलीहरूमध्ये कति मण्डलीहरूमा बहुसंख्यक एल्डरहरू थिए भन्ने देखिन्छ। ... तर, एल्डरहरूको संख्या एकसमान थियो भन्ने, वा प्रायः नै पाइने बहुसंख्यकता एल्डरहरूले सेवा गर्ने मण्डलीहरूको आकारबाहेक अरू कुनै कारणले गर्दा थियो भन्ने प्रमाण पाइँदैन। नयाँ

[४५] A. H. Strong, *Systematic Theology* (Valley Forge, Pa.: Judson Press, 1970), पृ. ९१४-१७। Strong १८७२ देखि १९१२ सम्म रोचेस्टर थीअलजिकल सेमिनेरीका अध्यक्ष थिए।

> करारको उदाहरणले, अनेकभन्दा बढ़ी सहायक पास्टरहरू अनुमति दिन्छ, तर हरेक मुद्दामा बहुसंख्यक एल्डरहरू हुनुपर्ने अनिवार्य पार्दैन।[४६]

यस उद्धरणमा, ठूलो मण्डलीले नियुक्त गरेको अतिरिक्त पास्टरहरू पनि एल्डरहरू नै हुन् भन्ने Strong-ले देखाएका छन्, ताकि यो प्रणालीलाई एकल एल्डर/पास्टरभन्दा उता अझ धेरै एल्डर/पास्टरहरूमा वृद्धि गर्न सकियोस्। तर निर्णायक भिन्नता यही छ कि *एल्डर पदको सञ्चालनकारी अख्तियार मण्डलीका पूर्णकालिक पास्टर(हरू)-मा निहित हुन्छ,* र त्यो अख्तियार प्रयोगमा मण्डलीका कुनै पनि साधारण सदस्यले भाग लिन सक्दैन। अनि हामीले यो थाहा गर्नुपर्छ कि, वास्तवमा, यो ढाँचा अनुसरण गर्ने अति धेरै मण्डलीहरू तुलनात्मक रूपले साना मण्डलीहरू हुन्छन् जहाँ केवल एक पास्टर हुन्छन्। त्यसकारण, वास्तवमा, यो प्रायः नै एकल एल्डर रूपको शासन व्यवस्था बन्दछ।[४७]

(२) Strong थप्छन्, "याकूब यरूशलेमको मण्डलीका पास्टर वा अध्यक्ष थिए," र याकूबले गरेको यो अगुवाइ एउटा ढाँचा थियो जसलाई त्यसपछि अरू मण्डलीहरूले अनुकरण गर्न सक्थे भनी देखाउनका लागि प्रेरित १२:१७; २१:१८; र गलाती २:१२ उद्धृत गर्छन्।

(३) Strong टिप्पणी गर्छन् कि कतिपय पदहरूमा "बिशप" एकवचनमा छ तर "डीकनहरू" बहुवचनमा, जसले यो सामान्य ब्याप्टिस्ट रूपको शासन व्यवस्थाजस्तै व्यवस्थातिर सङ्केत गर्दछ। ग्रीक मूलपाठको अक्षरशः अनुवादले दुई पदहरूमा "बिशप"-को अर्थसीमित गर्ने (modifying) एकवचन निश्चयवाचक उपपद (definite article) देखाउँछ, "*बिशप* यसकारण दोषविहीन हुनुपर्छ" (१ तिमो ३:२, अक्ष. अनुवाद) र "*बिशप* निर्दोष हुनुपर्छ" (ती १:७, अक्ष. अनुवाद), तर यसको तुलनामा, हामी पढ्छौं, "त्यसै गरी *डीकनहरू* पनि गम्भीर हुनुपर्छ" (१ तिमो ३:८)।

(४) अन्त्यमा, प्रकाश २:१, ८, १२, १८; ३:१, ७, १४ मा उल्लेखित "मण्डलीका दूत"-लाई Strong-अनुसार, "मण्डलीका पास्टर भनी व्याख्या गर्नु सर्वोत्तम हो; अनि यदि यो सही हो भने, हरेक मण्डलीमा धेरै पास्टरहरू थिएनन्, तर एउटै मात्र थिए।"[४८]

(५) अर्को तर्क, जो Strong-ले दिएको होइन, मण्डली वृद्धिबारे हालैको पुस्तकमा पाइन्छ। तर्क यो छ कि तीव्र गतिमा वृद्धि हुनका लागि मण्डलीलाई एक बलियो पास्टर चाहिन्छ।[४९]

---

[४६]ऐजन, पृह. ९१५-१६।

[४७]नयाँ करारले मण्डलीमा बहुसंख्यक एल्डरहरू हुनुपर्ने माग गर्दैन भन्ने स्ट्रङ्गको दाबीलाई समर्थन गर्ने अर्का ब्याप्टिस्ट ईश्वरशास्त्री Millard Erickson हुन्। उनी भन्छन् कि नयाँ करारमा एल्डरहरूको उदाहरण "वर्णनात्मक उद्धरणहरू" हुन् जसले अघिदेखि नै स्थापित भइसकेको मण्डलीको संघबारे बताउँछ, अनि "मण्डलीहरूलाई कुनै विशेष प्रंकारको मण्डलीको रूप अपनाउने आदेश दिइएको छैन" (Christian Theology, पृ. १०८४)। यसबाहेक, Erickson-ले नयाँ करारमा एउटै ढाँचाको मण्डली शासन व्यवस्था देख्दैनन्, तर भन्छन्, "विविध ढाँचाका मण्डली शासन व्यवस्थागत व्यवस्थाहरू थिए होलान्। हरेक मण्डलीले यस्तो ढाँचा अङ्गीकार गऱ्यो जो त्यसको आफ्नो स्थितिसित मिल्थ्यो" (ऐजन)।

[४८]Strong, *Systematic Theology,* पृ. ९१६।

[४९]उदाहरणार्थ, हे., C. Peter Wagner, *Leading Your Church to Growth* (भेनच्युरा, क्यालिफ. : रिगल, १९८४)। उनी भन्छन्, "यस पुस्तकको मुख्य तर्क यो हो कि यदि मण्डलीहरूले आफ्ना वृद्धि सम्भावनालाई

एक पटक यो फेरि पनि भनिनुपर्छ कि एकल एल्डर रूपको यो शासन व्यवस्थाले अनेकौं इभ्यान्जेलिकल् मण्डलीहरूमा पनि अति सफलतापूर्वक काम गरेको छ। तरै पनि, Strong र अरू प्रस्तुत गरेका मुद्दाविरुद्ध आपत्ति उठाउन सकिन्छ।

(१) १ तिमोथी ३:१-७ तीतस १:५-७ का एल्डरहरूका आत्मिक योग्यताबारे लेखांशहरू आज मण्डली अधिकारीहरूमा हुनुपर्ने धर्मशास्त्रीय *आवश्यकताहरू*को रूपमा प्रयोग गरिने भए तापनि, सबै मण्डलीमा बहुसंख्यक एल्डरहरू हुनुपर्छ भन्ने आज्ञा नयाँ करारले दिँदैन भनी तर्क गर्नु विसङ्गत देखिन्छ। यी पदहरूमा पाइने *एल्डरहरूका योग्यताहरू* आज हाम्रो लागि आदेश दिइएको छ तर तिनै पदहरूमा पाइने *बहुसंख्यक एल्डर प्रणाली*चाहिँ आदेश गरिएको छैन, तर त्यस समयमा र त्यस समाजमा मात्रै आवश्यक थियो भनी मण्डलीहरूले कसरी भन्न सक्छन्? यी आदेशहरू एफिसस र क्रेटका आ-आफ्नै स्थितिहरूलाई मात्र दिइएका थिए भनी आपत्ति उठाउन सकिए तापनि विभिन्न मण्डलीले कसरी आचार-व्यवहार गर्नुपर्ने हो भन्नेबारे लेखिएका प्रेरितिक आदेशहरूले नयाँ करारको अधिकांश भाग निर्मित छ। तथापि त्यसकारण धर्मपत्रहरूका अन्य भागहरूमा ती आदेशहरू नमान्न हामी स्वतन्त्र छौं भनी हामी भन्दैनौं। वास्तवमा, १ तिमोथी र तीतसले स्थानीय मण्डलीको आचार-व्यवहारसम्बन्धी धेरै सामग्रीहरू हामीलाई दिन्छन्, जुन सामग्रीहरू विश्‍वास गर्ने सबै मण्डलीहरूले अनुसरण गर्ने प्रयास गर्दछन्।

यसबाहेक, नयाँ करारमा पाइने स्पष्ट ढाँचालाई उपेक्षा गर्नु अति नै मूर्खतापूर्ण देखिन्छ जुन ढाँचा सबै मण्डलीहरूमा थिए भन्ने नयाँ करार लेखिएको समयको प्रमाण हामीसित छ। कुनै पनि मण्डली एउटै मात्र एल्डर भएको मण्डली देखिँदैनथ्यो भनी जब नयाँ करारले हामीलाई देखाउँछ ("हरेक मण्डली," प्रे १४:२३; "हरेक शहरमा," तीत १:५; "त्यसले मण्डलीका एल्डरहरूलाई बोलाओस्," याक ५:१४; "तिमीहरूमध्येका एल्डरहरूलाई म अग्रह गर्दछु") भने, ससाना मण्डलीहरूमा एउटै मात्र एल्डर थिए होलान् भन्नु उस्तो विश्‍वासलाग्दो हुँदैन। उनको प्रथम *मिशनेरि* यात्रामा पावलले भर्खरै मण्डलीहरू स्थापित गर्दा पनि "हरेक मण्डली" (प्रे १४:२३)-मा *एल्डरहरू* नियुक्त गरिएका थिए। अनि क्रेट टापुको "हरेक शहर"-मा एल्डरहरू हुनु आवश्यक थियो, त्यो मण्डली चाहे ठूलै होस् वा सानै किन नहोस्।

यसको अतिरिक्त, ठूलो मण्डलीहरू ती थिए जसका बहुसंख्यक एल्डरहरू हुन्थे भन्ने Strong-को भनाइमा एउटा असङ्गगति छ, किनकि त्यसपछि उनी दाबी गर्छन्, "एफिससका मण्डलीका दूत" (प्रका २:१), यो सामान्य ब्याप्टिस्ट ढाँचाअनुसार, एकल पास्टर थिए। तथापि त्यस बेला एफिससको मण्डली असाधारण रूपले ठूलो थियो। त्यो मण्डली स्थापना गर्दा त्यहाँ पावलले तीन वर्ष बिताए (प्रे २०:३१), जुन कालावधिमा "एशियाका सबै बासिन्दाहरू ... ले प्रभुको वचन सुने" (प्रे १९:१०)।

---

चरम सीमामा पुऱ्याउँछन् भने तिनीहरूलाई यस्ता पास्टरहरू आवश्यक पर्छ जो सबल अगुवाहरू हुन्। ... यसबारे कुनै भुल नगर्नुहोस्। यो एक नियम हो" (पृ. ७३)। मण्डलीको सार्थक वृद्धिका लागि सबल एकल पास्टरको अगुवाइ अनिवार्य हुन्छ भन्ने बताउँदै मण्डली वृद्धिका विशेषज्ञहरूले भनेका उपाख्यानहरू र घोषणाहरूले यो पुस्तक भरिएको छ।

त्यस बेला एफिससको जनसंख्या २,५०,००० थियो।[५०]

हामी सोध्न सक्छौं, हामीले Strong-लाई किन अनुसरण गर्ने अनि नयाँ करारमा *कतै* नपाइने ढाँचालाई मानदण्डको रूपमा अपनाएर नयाँ करारमा *सर्वत्र* पाइने ढाँचालाई चाहिँ किन अस्वीकार गर्ने?

(२) याकूबले यरूशलेमको मण्डलीका मडरेटर वा सभाध्यक्षको अभिभारा वहन गरेका हुन सक्छन्, किनभने यस प्रकारको सभा सञ्चालन गर्नका लागि सबै मण्डलीहरूमा यस्तै किसिमका नियुक्त अगुवा हुनेछन्। तर यसको अर्थ यो होइन कि उनी यरूशलेमको मण्डलीमा एकल एल्डर अर्थमा "पास्टर" थिए। वास्तवमा, प्रेरित १५:२ ले देखाउँछ कि यरूशलेमको मण्डलीमा *एल्डरहरू* (बहुसंख्यक) थिए, अनि याकूब स्वयम् पनि एल्डरहरूमा नभएर प्रेरितहरूमा गनिइएका थिए (हे. गला १:१९)।

(३) १ तिमोथी ३:२ र तीतस १:७ मा, "बिशप"-को अर्थसीमित गर्ने ग्रीक निश्चयवाचक उपपदले केवल यही देखाउँछ कि पावलले कुनै पनि उदाहरणमा प्रयुक्त हुने सामान्य गुणहरूबारे बताइरहेका थिए।[५१] वास्तवमा, Strong-ले उद्धृत गर्ने दुवै मुद्दाहरूको प्रसङ्गमा हामी जान्दछौं कि संलग्न मण्डलीहरूमा *एल्डरहरू* (बहुवचन) थिए। १ तिमोथी ३:२ एफिससमा तिमोथीलाई लेखिएको हो, र प्रेरित २०:१७ ले देखाउँछ कि एफिससको मण्डलीमा "एल्डरहरू" थिए। अनि १ तिमोथी ५:१७ मा पनि पावल भन्छन्, "मण्डलीको असल देखरेख गर्ने एल्डरहरू दोबर आदरका योग्य हुन्छ, विशेष गरी, जसले वचनको प्रचार र शिक्षामा परिश्रम गर्छन्" (१ तिमो ५:१७)। तीतस १:७ को प्रसङ्गमा हामीले ५ पद मात्र हेर्नुपर्छ, जहाँ पावलले तीतसलाई "हरेक शहरमा एल्डरहरू नियुक्त गर्नू" भनी स्पष्ट रूपले निर्देशन दिन्छन्।

(४) प्रकाश २-३ मा सात मण्डलीहरूका स्वर्गदूतहरू असाधारण छन् र ती एकल एल्डरहरूका कमजोर प्रमाण हुन्। "एफिससका मण्डलीका दूत" (प्रका २:१)-को अर्थ त्यो मण्डलीमा एउटै मात्र एल्डर थियो भन्ने मुस्किलैले हुन सक्छ, किनभने हामी जान्दछौं कि यो धेरै ठूलो मण्डलीमा "एल्डरहरू" थिए (प्रे २०:१७)। प्रकाश २-३ मा सात मण्डलीहरूलाई सम्बोधन गर्नका लागि प्रयोग गरिएको "दूत" शब्दले प्रत्येक मण्डलीमा पठाइएको विशेष सन्देशवाहक, सम्भवत: मानव सन्देशवाहक जसले यूहन्नाले हरेक मण्डलीमा जे लेखे[५२] त्यो पुऱ्याउनेथिए, मात्र पनि बुझाउन सक्छ, वा यसले विश्वासीजन समूहको शासनकारी अधिकारीभन्दा "मण्डलीमा

[५०]Robert H. Mounce, *The Book of Revelation*, NIC (ग्र्यान्ड र्‍यापिड्स् : ईडंम्यान्स्, १९७७), पृ. ८५।

[५१]ग्रीक व्याकरणअनुसार, यहाँ निश्चयवाचक उपपदको प्रयोगलाई एक सामान्य प्रयोगको रूपमा बुझ्नु सर्वोत्तम हुन्छ, जसलाई "एक सामान्य वा प्रातिनिधिक व्यक्ति चयन गर्नका लागि" उपपदको प्रयोग भनी परिभाषित गरिएको छ (MHT 3, p. 180)। "यदि कुनै मानिसले बिशपको काम गर्ने चाहना गर्छ भने त्यसले असलै कामको इच्छा गरेको छ" (१ तिमो ३:१), वा "दोषरहित... व्यक्ति होस्" (तीत १:६) भनेपछि पावलले एकवचन प्रयोग गर्नु स्वाभाविक थियो।

RSV-ले यो सामान्य प्रयोग प्रतिविम्बित गर्दै यी दुवै पदहरूमा *"एक बिशप"* भनेर अझ सामान्य अङ्ग्रेजी अनुवाद दिएको छ।

[५२]प्रका २:१ मा *angelos* ["स्वर्गदूत"] शब्दको अर्थ "स्वर्गदूत" मात्र नभएर "सन्देशवाहक" पनि हुन सक्छ।

व्याप्त आत्मा" प्रतिनिधित्व गर्न सक्छ,[५३] वा यसले एक स्वर्गदूततिर इङ्गित गर्न सक्छ जसलाई हरेक मण्डलीको हेरचार गर्ने जिम्मा दिइएको हुन्छ। यसले हरेक मण्डलीमा कुनै प्रकारको सभाध्यक्षीय अधिकारी नै प्रतिनिधित्व गरे तापनि, आजको एकल पास्टरसरहका कुनै पनि शासनकारी अख्तियार वा कार्यहरू, वा नयाँ करार मण्डलीहरूमा "एल्डरहरू"-का कार्यसरहका कार्यहरू यी दूतको भएको देखाइएको छैन। हरेक मण्डलीमा, एफिससको मण्डलीमै पनि, बहुसंख्यक एल्डरहरू देखाउने सम्पूर्ण नयाँ कराभरिका तथ्याङ्कहरूलाई यो उद्धृतांशले बहिष्कार गर्न सक्दैन।

रोचक कुरा यो छ कि Strong-ले उद्धृत गरेका नयाँ करारका सबै खण्डहरूले (प्रे १५, यरूशलेम; १ तिमो ३:२, एफिसस; तीत १:७, क्रेट; प्रका २-३, एफिससलगायत सातवटा मण्डलीहरू) उल्लेखित मण्डलीहरूको अख्तियारमा एल्डरहरूको बहुसंख्या भएको प्रस्ट बताउँछ।

(५) मण्डली वृद्धि अध्ययनहरूले अघि सारेका तर्कले एकल पास्टरले अगुवाइ गरेको शासन व्यवस्था अनिवार्य छ भनी वास्तवमा प्रमाण गर्दैन, यसका तीनवटा कारणहरू छन् – (क) धर्मशास्त्रले समर्थन गरेको नमुना हामीले अस्वीकार गरेर ठूल्ठूला मण्डलीहरू बनाउनका लागि एउटा भिन्नै नमुनाले राम्रो काम गरेको देखिन्छ भनी मानिसहरूले भनेका कारण हामीले अर्को नमुना अङ्गीकार गर्नु हुँदैन– यहाँ हाम्रो भूमिका, जीवनका सबै पक्षमा जस्तै, यथाशक्य धर्मशास्त्रलाई पालन गर्ने हुनुपर्छ र परमेश्वरले उहाँको इच्छाअनुसार उपयुक्त आशिष् ल्याउनुहुनेछ भनी आशा गर्ने हुनुपर्छ। (ख) बहुसंख्यामा भएका एल्डरहरूले चलाएका शासन व्यवस्था अधीनस्थ थुप्रै ठूल्ठूला (प्रज्बिटेरियन र स्वतन्त्र) मण्डलीहरू छन्, यसकारण प्रयोजनात्मक (*pragmatic*) विचारहरूले गरिएको तर्क निर्णायक छैन। (ग) P. C. Wagner मानिलिन्छन् कि विभिन्न प्रकारका मण्डली शासन व्यवस्थाहरूमा बलिया अगुवाहरू पाउन सकिन्छ,[५४] अनि हामी सहमत हुनैपर्छ कि सबैको समान अख्तियार भएको बहुसंख्यक एल्डर प्रणालीले एक जना एल्डर (जस्तो कि पास्टर)-लाई प्रायः "समकक्षीहरूमध्ये प्रथम" (first among equal)-को रूपमा काम गर्नमा र ती एल्डर हरूबीच अगुवाइमा महत्त्वपूर्ण भूमिका निभाउनमा बाधा दिँदैन।

(६) "एकल एल्डर" प्रणालीको एउटा सामान्य व्यावहारिक समस्याचाहिँ कि एक व्यक्तिमा अत्यधिक शक्ति केन्द्रीकरण भएको हुन्छ, कि उसलाई बोकाइने अत्यधिक भार बोकाइएको हुन्छ। यीमध्ये जुनै पनि स्थितिमा, पाप गर्ने परीक्षा अति ठूलो हुन्छ, अनि कम भएको उत्तदायित्वको मात्राले परीक्षामा हार खाने सम्भावना धेरै हुन्छ। माथि उल्लेख गरिएजस्तो, एउटा व्यक्तिका हातमा शासनकारी शक्ति केन्दित गर्नु नयाँ करारको, साथै प्रेरितहरूको पनि, ढाँचा कहिल्यै थिएन।


यहाँ यसमा ध्यान दिनुपर्छ कि मण्डली शासन व्यवस्थाको "एकल एल्डर" दृष्टिकोणलाई नयाँ करारमा उति नै समर्थन गरिएको छैन जति "एकल बिशप"

[५३] त्यसरी नै Robert Mounce, *The Book of Revelation*, पृ. ८५।

[५४] एक ठाउँमा Wagner भन्दछ कि एउटा पास्टर विभिन्न प्रकारका मण्डली शासन व्यवस्थाहरूभित्र बलिया अगुवा हुन सक्छन् (*Leading Your Chruch to Growth*, पृ. ९४-९५)।

(इपिस्कपलियन) दृष्टिकोणलाई। यी दुवै मण्डलीको इतिहासमा जे भएको छ त्यसलाई युक्तिसङ्गत ठहराउने प्रयास हुन् भन्ने देखिन्छ, नयाँ करार स्वयम्‌को आगमनात्मक (inductive) जाँचबाट पाइने निष्कर्षलाई होइन।


(७) अन्त्यमा, यसमा ध्यान दिइनुपर्छ कि वास्तविक व्यवहारमा "एकल एल्डर" प्रणाली परिवर्तन भएर "बहुसंख्यक एल्डरहरू" भएको शासन व्यवस्थाझैं *काम गर्न* सक्छ, यति हो एल्डरहरूको रूपमा काम गर्नेहरूलाई एल्डरको सट्टा "डीकनहरू" भनिन्छ। डीकनहरू पास्टरसित वास्तविक शासनकारी अख्तियारमा भागीदार भए भने र अरू डीकनहरूले आफू समग्रमा डीकन मण्डलप्रति उत्तरदायी रहेका देख्छन् भने मात्रै यो हुन्छ। त्यसपछि यो प्रणाली रेखाचित्र ४७.४ जस्तै देखिन थाल्छ।




पास्टर र डीकनहरूले एकसाथ सञ्चालन कार्य गर्न सक्छन् र त्यसरी बहुसंख्यक एल्डरहरूको शासन व्यवस्थामा जस्तै काम गर्न सक्छन्
*रेखाचित्र ४७.४*

यो प्रबन्धमा रहेको समस्या यही हो कि मानिसहरूले गरिरहेका कार्यहरू बुझाउन यसले बाइबलीय पारिभाषिक शब्दावली (terminology) प्रयोग गर्दैन, किनकि नयाँ करारमा "डीकन"-को शासनकारी वा शिक्षा दिने अख्तियार कहिल्यै थिएन। त्यस्तो स्थितिमा परिणाम यही हुन्छ कि मण्डलीका मानिसहरूले (डीकनहरूले र मण्डलीका अन्य सदस्यहरूले) एल्डरहरूबारे धर्मशास्त्रीय उद्धृतांशहरू पढ्न र ती मानिसहरूमा लागु गर्न असफल हुनेछन् जसले तिनीहरूको मण्डलीमा *वास्तवमा एल्डरहरूका रूपमा कार्यसम्पादन गरिरहेका हुन्छन्*। यसकारण यी उद्धृतांशहरूले त्यो प्रत्यक्ष प्रासङ्गिकता हराउँछ जो मण्डलीमा तिनको हुनुपर्छ। तर, यस मुद्दामा, "डीकन" नामलाई "एल्डर"-मा परिवर्तन गरेर, र पास्टरलाई अरू एल्डरहरूमध्ये एक मानेर यो समस्या समाधान गर्न सकिन्छ।

**आ. बहुसंख्यक स्थानीय एल्डरहरू :** के यस्तो प्रकारको कुनै मण्डली शासन व्यवस्था छ जसले नयाँ करारमा पाइने बहुसंख्यक एल्डरहरूको ढाँचा परिरक्षित गर्छ र जसले एल्डरहरूको अख्तियारलाई स्थानीय विश्वासीजन समुदायदेखि बाहिर वृद्धि हुन दिनुबाट रोक्दछ? त्यस्तो प्रणाली आज कुनै पनि सम्प्रदायको विशिष्ट गुण नभए तापनि, यो अनेकौं बेग्लाबेग्लै मण्डलीहरूमा पाइन्छ। नयाँ करार तथ्याङ्कबारे यहाँसम्म आइपुगिएको निष्कर्ष प्रयोग गर्दै, रेखाचित्र ४७.५ लाई, म सम्भाव्य ढाँचाको रूपमा प्रस्ताव गर्न चाहन्छु।




* पास्टर

बहुसंख्यक स्थानीय एल्डर शासन व्यवस्था
*रेखाचित्र ४७.५*

यस्तो प्रणालीभित्र एल्डरहरूले मण्डली सञ्चालन गर्छन् र यसलाई शासन गर्ने अख्तियार हुन्छ, जुन अख्तियार ख्रीष्ट स्वयम्‌ले, जो मण्डलीको शिर हुनुहुन्छ, र पवित्र आत्माले प्रदान गर्नुभएको छ (प्रे २०:२८; हिब १३:१७)। यस प्रकारको शासन व्यवस्थामा, जहिले पनि एकभन्दा अधिक एल्डर हुन्छन्, जुन तथ्यले यसलाई माथि विवेचित "एकल एल्डर प्रणाली"-भन्दा बेग्लै बनाउँछ। समकालीन मण्डलीमा, "पास्टर" (वा "वरिष्ठ पास्टर") यस प्रणालीका एल्डरहरूमध्ये एक हुन्छन्। एल्डरहरूमाथि उनको अख्तियार हुँदैन, नता उनले उनीहरूको निम्ति काम गर्छन्। उनी "वचनको प्रचार र शिक्षामा" (१ तिमो ५:१७) पूर्णकालिक सेवामा तल्लीन हुन्छन्, र उनको कमाइको केही अंश वा सम्पूर्ण अंश त्यही कार्यबाट प्राप्त गर्छन् (१ तिमो ५:१८)। एल्डरहरूमध्ये उनले बारम्बार अगुवाको भूमिका (जस्तै अध्यक्षको रूपमा) लिन सक्छन्, जो विश्वासीजन समुदायमा उनको भूमिकासित मिल्दो हुन्छ, तर *एल्डरहरूमध्ये* त्यस्तो अगुवाको भूमिका त्यो प्रणालीको लागि अनिवार्य हुँदैन। यसबाहेक, सामान्यतया, एल्डर-मण्डलले उनलाई समग्रमा प्रत्यायोजित गरेको उत्तरदायित्वका क्षेत्रहरूमा निर्णयहरू लिने र नेतृत्व दिने यथेष्ट अख्तियार उनमा हुन्छ। त्यस्तो प्रणालीले पास्टरलाई अरू एल्डरहरूसित समान सञ्चालन अख्तियार राखेरै पनि मण्डलीमा सबल नेतृत्व दिने अनुमति दिन्छ।

यस प्रकारको शासन व्यवस्था प्रणालीको सामर्थ्य यसैमा देखिन्छ कि विश्वासीजन समुदायमाथि पास्टरको आफ्नै अख्तियार हुँदैन, तर त्यो अख्तियार सामूहिक रूपमा एल्डरहरूको सम्पूर्ण समूह (जसलाई एल्डर-मण्डल/*Elder Board* भनिन्छ)-मा हुन्छ। यसबाहेक, पास्टर स्वयम्, अरू प्रत्येक एल्डरजस्तै, समग्रमा एल्डर बोर्डको अख्तियारको अधीनमा हुन्छन्। पास्टरलाई भुलहरू गर्नबाट रोक्न, र विपत्तिको समयमा उनलाई समर्थन गर्न अनि आक्रमणहरू र विरोधहरूबाट उनलाई सुरक्षा दिनका लागि यो एउटा ठूलो लाभदायक व्यवस्था हुन सक्छ।[५५]

त्यस्तो प्रणालीमा, के यस्ता सीमानिर्धारणहरू छन् जो एल्डरहरूको अख्तियारमा

[५५]यदि मण्डलीमा वैतनिक पास्टर एकभन्दा अधिक छ भने, ती अन्य सहयोगी वा सहायक पास्टरहरूलाई (हरेक कर्मचारीको शैक्षिक योग्यता र मण्डलीका नीतिहरूअनुसार) एल्डरको रूपमा हेर्न वा नहेर्न सकिन्छ, तर दुवै मामिलामा, ती सहयोगी पास्टरहरू उनीहरूका दैनिक कार्यमा वरिष्ठ पास्टरप्रति उत्तरदायी बनाउनु र सहयोगी पास्टरहरूका कार्यकलापबारे उनलाई चाहिँ एल्डर बोर्डप्रति उत्तरदायी बनाउनु यस्तो शासन व्यवस्थाको सम्पूर्ण अनुरूप हुन्छ।

गरिनुपर्छ ? मण्डलीका अधिकारीहरू चयन गर्ने विधिबारे विवेचन गरिएको माथिको खण्डमा, मण्डलीका अधिकारीहरूको अख्तियारमा प्रतिबन्ध लगाउनका लागि केही "नियन्त्रणहरू-सन्तुलनहरू" (checks and balances) राखिनुपर्छ भन्ने पक्षमा विभिन्न कारणहरू दिइएका थिए।[५६] मण्डलीमाथि एल्डरहरूको यथेष्ट शासनकारी अख्तियार भए तापनि, यो अख्तियार असीमित हुनु हुँदैन भन्ने तथ्यतिर इङ्गित गर्नका लागि ती तर्कहरू यहाँ पनि उपयोगी छन्। त्यस्ता सीमानिर्धारणहरूका उदाहरण यसरी सुझाउन सकिन्छ, जस्तै (१) उनीहरूको चुनाव हुनुपर्छ, आफैआफ पदमा बनिरहनु हुँदैन; (२) उनीहरू (पास्टरबाहेक, जसको लगातार चल्ने नेतृत्वको जिम्मेवारीको कारण उनी एल्डरको रूपमा लगातार सहभागी हुनुपर्छ) बोर्डबाट अनिवार्यतः वर्ष बाहिरिनुपर्ने नियमसहित निर्धारित पटक पदासीन हुन सम्भव हुनुपर्छ; (३) कतिपय ठूला निर्णयहरू अनुमोदनका लागि सम्पूर्ण मण्डलीको अगाड़ि ल्याउन आवश्यक पर्न सक्छ। यो तेस्रो बुँदाबारे, मत्ती १८:१७ मा मण्डलीको अनुशासनको लागि र १ कोरन्थी ५:४ मा मण्डलीबाट बहिष्कारको लागि विश्वासीजन समुदायको त्यस्तो अनुमोदन अधिदेखि नै बाइबलसम्मत अनिवार्यता हो। विश्वासीजन समुदायद्वारा एल्डरहरूको चुनावले यो इङ्गित गर्छ कि कुनै पास्टरलाई बोलाउने निर्णय पनि समग्र विश्वासीजन समुदायद्वारा अनुमोदन गरिइनुपर्छ। मण्डलीको सेवाकार्यहरूमा जुन महत्त्वपूर्ण नयाँ दिशानिर्देशनहरू, जसलाई विश्वासीजन समुदायको व्यापक समर्थन आवश्यक हुन्छ, समग्रमा मण्डलीमा ल्याउन सकिन्छ। अन्त्यमा, वार्षिक बजेट, घर वा जग्गाजमिन किन्ने, वा मण्डलीको लागि ऋण लिने (यदि त्यस्तो स्थिति आउँछ भने)-जस्तो बृहद् आर्थिक निर्णयहरूमा सम्पूर्ण विश्वासीजन समुदायको अनुमोदन लिनु विवेकपूर्ण हुन्छ भन्ने देखिन्छ, किनभने यी आर्थिक मामिलाहरूका लागि उदार हृदयले सहयोग गर्ने सम्पूर्ण मण्डली नै हुन्छ।[५७]

[५६]मण्डली अधिकारीहरूको अख्तियारमा प्रतिबन्धहरू लगाउनुपर्नेबारे माथि दिइएका तर्कहरूलाई निम्नानुरूप सारांशित गर्न सकिन्छ : (१) नयाँ करारमा मण्डलीका अधिकारीहरू सम्पूर्ण विश्वासीजन समुदायद्वारा चुनिन्थे भन्ने स्पष्ट हुन्छ। (२) नयाँ करार मण्डलीहरूमा अन्तिम शासनकारी अख्तियार सम्पूर्ण मण्डलीमा निहित भएको देखिन्थ्यो। (३) विश्वासीजन समुदायप्रति उत्तरदायिताले पापमा पर्ने परीक्षाको विरुद्ध सुरक्षा उपलब्ध गराउँछ। (४) सारा विश्वासीजन समुदायद्वारा केही मात्रामा गरिने नियन्त्रणले अगुवाहरू धर्मसिद्धान्तीय भुलमा पर्नबाट जोगाउँछ। (५) शासन व्यवस्था शासितहरूको सहमतिसित सर्वोत्तम ढङ्गमा चल्छ। यिनका अतिरिक्त, मण्डली अधिकारीहरूको अख्तियारलाई नियन्त्रित गर्नुको अर्को कारण छ – (६) धर्मशास्त्रको स्पष्टतासम्बन्धी धर्मसिद्धान्त (हे. अ. ६) र सबै विश्वासीहरूको पुजाहारी-गिरीसम्बन्धी धर्मसिद्धान्त (जसद्वारा सबै ख्रीष्टियानहरू प्रार्थनामा परमेश्वरको सिंहासनमा पुग्न सक्छन् र सदस्यहरूका रूपमा सबैले "राजकीय पुजाहारीगिरी" [१ पत्र २:९; तु. हिब १०:१९-२५; १२:२२-२४]-को भागीदार हुन्छन्)-ले सङ्केत गर्छ कि सबै ख्रीष्टियानहरूमा बाइबल व्याख्या गर्ने केही क्षमता र यसलाई परिस्थितिहरूमा प्रयुक्त गर्नका लागि परमेश्वरको ज्ञान खोज्ने जिम्मेवार हुन्छ। परमेश्वरको इच्छा खोज्नका लागि सबै सोझै उहाँकहाँ पुग्न सक्छन्। नयाँ करारले ख्रीष्टियानहरूको यस्तो कुनै संवर्गबारे बताउँदैन जो परमेश्वरकहाँ अरू संवर्गभन्दा धेरै प्रभावकारी ढङ्गले पुग्न सकोस्। यसकारण, सबै विश्वासीहरूलाई मण्डलीको महत्त्वपूर्ण निर्णय लिने प्रक्रियामा संलग्न गराउनु उचित हो। "धेरै सल्लाहकारहरूको कारण विजय निश्चित हुन्छ" (हितोपदेश ११:१४)।

[५७]यसमा ध्यान दिइनुपर्छ कि विश्वासीजन समुदायद्वारा निर्वाचित भएको मण्डली प्रशासन व्यवस्थाको सट्टामा स्वतःस्थायित्व पाइरहने (self-perpetuating) एल्डरहरूको समूह भएको मण्डली प्रशासन व्यवस्था, कार्यको सम्बन्धमा यो प्रणालीजस्तै हुन्छ, तर एल्डरहरूका अख्तियारमाथि लगाइने नियन्त्रणहरू र सन्तुलनहरूको प्रसङ्गमा भने उस्तो व्यापक हुँदैन। त्यस्तो मण्डलीले तरै पनि एउटा यस्तो व्यवस्था राख्नु चाहन सक्छ, जसअनुसार विश्वासीजन समुदायले धर्मशास्त्रप्रति विश्वसनीयताबाट गम्भीर रूपले बहकिएर जाने एल्डरहरूलाई हटाउन सकोस्।

वास्तवमा, मण्डली अधिकारीहरूको अख्तियारमा केही सीमाङ्कन गर्ने कारणहरू यति बलियो देखा पर्न सक्छ कि तिनले हामीलाई यो सोच्न लगाउँछन् कि सबै निर्णय गर्ने र सबै शासनकारी अख्तियार समग्रमा विश्वासीजन समुदायमा रहनुपर्छ। (कतिपय मण्डलीहरूले मण्डली शासन व्यवस्थामा विशुद्ध प्रजातान्त्रिक प्रणाली ग्रहण गरेका छन्, जसअनुसार सबै कुरा अनुमोदनका लागि समग्रमा विश्वासी-जन समुदायमा आउनुपर्छ।) तर, नयाँ करारका मण्डलीहरूमा एल्डरहरूलाई दिइएको शासनकारी र सञ्चालन अख्तियारसम्बन्धी नयाँ करारको प्रशस्त प्रमाणलाई यो निष्कर्षले उपेक्षा गर्छ। यसकारण, एल्डरहरूको अख्तियार- माथि *केही स्वीकृत नियन्त्रणहरू* राख्नु, अनि अन्तिम शासनकारी अख्तियार समग्रमा विश्वासीजन समुदायमा रहनु आवश्यक भए तापनि, यदि हामी नयाँ करार ढाँचाप्रति इमानदार रहनु हो भने, एल्डरहरू स्वयम्माथि नै सशक्त अख्तियार निहित हुनु अझै पनि अनिवार्य हुन्छ।[५८]


प्रेज्बिटरि वा महासभा तहमा भेला हुँदा उनीहरूको आफ्नो स्थानीय मण्डलीमाथि भन्दा धेरै मण्डलीहरूमाथि अख्तियार चलाउन सक्ने प्रेज्बिटरियन प्रणालीभन्दा यो प्रणालीलाई भिन्नै देखाउनका लागि मैले यो प्रणालीलाई "बहुसंख्यक *स्थानीय* अगुवा" भनेको छु। तर निर्वाचित स्थानीय एल्डरहरूको त्यस्तो प्रणालीमा, के स्थानीय विश्वासीजन समुदायभन्दा पर कुनै विस्तृत सम्बन्ध हुन सक्छ? हो, निश्चय नै सक्छ? यस प्रणालीमा चल्ने मण्डलीहरूले सम्पूर्ण रूपमा स्वतन्त्र रहने निर्णय गर्न सक्ने भए तापनि अधिकांश मण्डलीहरू भने सङ्गति, मिसन कार्यहरूका निम्ति संसाधनहरूको साझा भण्डार (pool) बनाउनका लागि (अनि सम्भवतः ख्रीष्टियान शिविरहरू [camps], प्रकाशन, ईश्वरशास्त्रीय शिक्षा, आदि कार्यहरूका लागि) उस्तै दृढ धारणा राख्ने मण्डलीहरूसित स्वैच्छिक सम्बन्धमा एकबद्ध हुनेछन्। तरै पनि, यी ठूला स्थानीय संघ-संस्थाहरूसित स्थानीय मण्डलीलाई संघबाट बर्खास्त गर्ने अख्तियार मात्र हुन्छ, सो मण्डलीको निजी मामिलाहरू सञ्चालन गर्ने अख्तियार हुँदैन।

---

[५८]एउटा ठूलो मण्डलीमा यस्तो किसिमको प्रणालीले कार्य गर्दा, एल्डर बोर्डका अधिकांश सदस्यहरू ती व्यक्तिहरू हुनुपर्छ *जो त्यस मण्डलीका सहायक पास्टरहरू नहोऊन्*। कारण सहायक पास्टरहरू मण्डलीसम्बन्धी उनीहरूका सबै कार्यहरूमा वरिष्ठ पास्टरको अधीनमा हुन्छन् (उनीहरूलाई प्रायः नै वरिष्ठ पास्टरले नियुक्त र बर्खास्त गर्छन्, र उनीहरूले वरिष्ठ पास्टरलाई नै औपचारिक प्रतिवेदन दिन्छन्)। त्यसकारण, यदि अधिकांश एल्डरहरूमा यी सहायक पास्टरहरू छन् भने, त्यसमा संलग्न अन्तरवैयक्तिक सम्बन्धले वरिष्ठ पास्टरलाई एल्डरहरूको सामूहिक अख्तियारको अधीनमा हुनु असम्भव बनाउनेछ, अनि यस्तो प्रणालीले वास्तवमा (किञ्चित् छद्मवेशमा) "एकल पास्टर" शासन व्यवस्थाको रूपमा काम गर्छ, बहुसंख्यक एल्डर शासन व्यवस्थाको रूपमा होइन।

कसैले आपत्ति उठाउन सक्लान् कि कुनै ठूलो मण्डलीमा केवल पूर्णकालिक कर्मचारीले मात्रै मण्डलीको जीवनबारे यसरी जानेका हुनसक्छन् कि उनीहरू प्रभावशाली एल्डरहरू हुनसक्छन्, तर यो विश्वासोत्पादक आपत्ति होइन : शासितहरूका दैन्दिनका कार्यकलापमा संलग्न नभएका बोर्डहरू (जस्तै, कलेज, सेमिनेरि बोर्डहरू, स्थानीय स्कुल बोर्डहरू, करपोरेशनहरूका निर्देशक-मण्डलहरू, साथै राज्य अनि राष्ट्रिय सरकार)-द्वारा चल्ने शासन व्यवस्थाले मानव कार्यकलापका अनेकौं क्षेत्रहरूमा असल कार्य गर्छ। यस्ता सबै सञ्चालन निकायहरूले नीतिहरू तय गर्छन् र पूर्णकालिक प्रशासकहरूलाई मार्गदर्शन दिन्छन्, अनि आवश्यक परेको खण्डमा विशेष स्थितिहरूबारे विस्तृत जानकारी प्राप्त गर्न सक्छन्। (म यो बुझ्दछु कि यी सबै प्रणालीहरूले ठीकसित काम *नगर्न सक्छन्*, तर मेरो भनाइ यति मात्रै हो कि यदि अगुवाइका ओहोदाहरूमा सही मानिसहरू नियुक्त गरिएको खण्डमा ती प्रणालीहरूले अवश्यै खुबै राम्ररी काम गर्न सक्छन्।)

**ई. निगम परिषद् (Corporate Board)।** कङ्ग्रिगेशनल मण्डलीका अरू तीन प्रकारका शासनव्यवस्थाहरू सामान्यतः प्रयोग गरिँदैन, तर कहिलेकाहीँ इभ्यान्जलिकल् मण्डलीहरूमा पाइन्छन्। यसमा पहिलोचाहिँ एक आधुनिक निगम (Corporation)-को ढाँचामा ढालिएको छ जसमा निर्देशक-मण्डलले कार्यकारी अधिकृत नियुक्त गर्छ जसले उसलाई उचित लागेको रूपमा कम्पनीको व्यापार चलाउँछ। यस प्रकारको शासन व्यवस्थालाई "तिमी-हाम्रो-लागि-काम-गर" संरचना पनि भन्न सकिन्छ। यसलाई रेखाचित्र ४७.६ मा चित्रित गरिएको छ।




मण्डली शासन व्यवस्थाको निगम परिषद् नमुना
*रेखाचित्र ४७.६*


यस संरचनाको पक्षमा यो तर्क गर्न सकिन्छ कि यो प्रणालीले समकालीन व्यापारमा राम्रो काम गर्छ। तर, यस्तो प्रकारको मण्डली शासन व्यवस्थाको नजिर (precedent) वा समर्थन नयाँ करारमा पाइँदैन। यो मण्डलीलाई एउटा आधुनिक व्यापारजस्तो रूपमा चलाउने प्रयासको परिणाम मात्र हो जसमा यसले पास्टरलाई आत्मिक अगुवाका रूपमा होइन, तलबमा बाँधिएको एक कर्मचारीको रूपमा मात्र हेर्छ।

यस संरचनाप्रति अरू आपत्तिहरू यो तथ्य हो कि यसले पास्टरलाई उनको शासनकारी अख्तियारमा सहभागी हुन दिँदैन जो, यदि उनले एल्डरपदका दायित्वहरू प्रभावशाली रूपले वहन गर्नु हो भने, उनको हुनैपर्छ। यसबाहेक, बोर्डका सदस्यहरू विश्वासीजन समुदायका पनि सदस्यहरू हुन् जसमाथि पास्टरको केही अख्तियार हुनुपर्छ भन्ने मानिन्छ, तर विश्वासीजन समुदायका सदस्यहरू वास्तवमा उनका मालिक पनि हुन् भने त्यो अख्तियारमा गम्भीर सम्झौता हुन्छ।

**ई. विशुद्ध प्रजातन्त्र (Pure Democracy)।** कङ्ग्रिगेशनल मण्डली शासन व्यवस्थालाई यसको तार्किक निष्कर्षमा पुऱ्याउने यो दृष्टिकोणलाई रेखाचित्र ४७.७ मा जस्तै प्रतिनिधित्व गर्न सकिन्छ।

यो प्रणालीमा *हरेक कुरा* विश्वासीजन समुदायको सभामा आउनुपर्छ। यसको परिणाम यही हुन्छ कि निर्णयहरूबारे प्रायः नै धेरै लामो समयसम्म तर्क-बितर्क गरिन्छ, र, जसै मण्डली वृद्धि हुन्छ, निर्णय प्रक्रिया प्रायः नै गतिहीनतामा छेउछाउसम्म पुग्छ। अन्तिम शासनकारी अख्तियार समग्रमा विश्वासीजन समुदायमा निहित हुनुपर्ने आवश्यकतासम्बन्धी माथि उद्धृत कतिपय लेखांशहरूलाई यो संरचनाले कदर गर्ने प्रयास निश्चय नै गरे तापनि, अधिकांश स्थितिहरूमा मण्डलीमा शासन

गर्ने वास्तविक अख्तियार भएका मान्यताप्राप्त र नियुक्त एल्डरहरू हुनुपर्ने नयाँ करारको ढाँचाप्रति यसले विश्वास राख्दैन।




विशुद्ध प्रजातन्त्रद्वारा मण्डली शासन व्यवस्था
*रेखाचित्र ४७.७*

**ई. "शासन व्यवस्था होइन तर पवित्र आत्मा"।** कतिपय मण्डलीहरू, विशेष गरी बढ़ी रहस्यवादी वा चरम धर्मनिष्ठावादी (*piestic*) प्रवृत्ति भएको एकदम नयाँ मण्डलीहरूले यस्तो मण्डली शासन व्यवस्थासित कार्य गर्छन् जो तल रेखाचित्र ४७.८ जस्तो देखिन्छ।




शासनव्यवस्था होइन तर पवित्रआत्मा
*रेखाचित्र ४७.८*

यस मामिलामा, कुनै प्रकारको शासन व्यवस्था आवश्यक हुन्छ भन्ने कुरो मण्डलीले अस्वीकार गर्छ, यो विश्वासीजन समुदायका सबै सदस्यहरू पवित्र आत्माको अगुवाइप्रति सूक्ष्मग्राही हुनुमा निर्भर गर्छ, अनि निर्णयहरू सामान्यतः सहमतिद्वारा लिइन्छ। यस प्रकारको शासन व्यवस्था कहिल्यै पनि दिगो हुँदैन। मण्डलीमा शासन व्यवस्था चलाउने अख्तियार नियुक्त गरिएका एल्डरहरूमा हुने नयाँ करारको ढाँचालाई मात्र उल्लङ्घन नगरेर, यसलाई धेरै दुरुपयोगको पनि गरिन्छ, किनभने निर्णयन प्रक्रियामा विवेक र तर्क नभएर, व्यक्तिनिष्ठ भावनाहरूको प्रभुत्व हुन्छ।

**४. निष्कर्षहरू।** मण्डलीमा शासन व्यवस्थाबारे विवेचनको निष्कर्ष निकाल्नुपर्दा, यो स्पष्ट पारिनुपर्छ कि कुनै मण्डलीले अङ्गीकार गरेको शासन व्यवस्था धर्मसिद्धान्तको प्रमुख विषय होइन। अनकौं विविध प्रकारका प्रणालीहरूमा ख्रीष्टियानहरू कुनै असुविधाविना रहेका छन्, अनि उल्लेखित प्रणालीहरूभित्र धेरै इभ्यान्जेलिकल्हरू छन्। यसबाहेक, मण्डली शासन व्यवस्थाका विभिन्न किसिमका प्रणालीहरूले *राम्ररी नै* काम गरेका देखिन्छ। सञ्चालन प्रणालीमा जहाँ कुनै कमजोरीहरू अन्तर्निहित

भएका झैं देखिए भने, प्रणालीभित्रका व्यक्तिहरूले सामान्यतः ती कमजोरीहरू पहिचान गर्छन् र प्रणालीले स्वीकार गर्ने कुनै पनि ढङ्गमा तिनको क्षतिपूर्ति गर्छन्।

तथापि, यस प्रसङ्गमा, एउटा मण्डली अन्य क्षेत्रहरूमा जस्तै *बढ़ी विशुद्ध* वा *थोरै विशुद्ध* हुन सक्छ। मण्डली शासन व्यवस्थाका विभिन्न पक्षहरूबारे जसै हामी धर्मशास्त्रद्वारा कायल गराइन्छौं, तब हामीले दृष्टिगत मण्डलीको यस पक्षमा पनि अझ ठूलो विशुद्धताको लागि प्रार्थना गर्नु र काम गर्नु जारी राख्नुपर्छ।

## घ. के महिलाहरूलाई मण्डलीका अधिकारीहरू बन्न मिल्छ ?

महिलाहरू मण्डलीका अधिकारीहरू बन्न सक्छन् कि सक्दैनन् भन्ने प्रश्नबारे अधिकांश सुव्यवस्थित ईश्वरशास्त्रहरूले छलफल गरेका छैनन्, कारण मण्डलीको इतिहासदेखि नै यो मानिलिइएको छ, खुबै थोरै अपवादहरूसित, कि मण्डलीभित्र केवल पुरुषहरूले पास्टरहरूका रूपमा वा एल्डरहरूका रूपमा काम गर्न सक्छन्।[५९] तर हालैका वर्षहरूमा इभ्यान्जेलिकल् संसारमा एउटा प्रमुख विवाद उठेको छ : के महिलाहरू साथै पुरुषहरू पनि पास्टरहरू हुन् सक्छन् ? के उनीहरूले मण्डलीका पद वा ओहोदाहरूमा भागीदारी गर्न सक्छन् ? यस प्रश्नलाई मैले अन्यत्र[६०] व्यापक रूपमा विवेचन गरेको छु, तर यहाँ प्रश्नको संक्षिप्त तेरिज खिच्न सकिन्छ।

हामीले आरम्भमा नै पुष्टि गर्नुपर्छ कि उत्पत्ति १:२७ को सृष्टिको वृत्तान्तले *पुरुष र स्त्रीलाई परमेश्वरको स्वरूपमा समान रूपमा सृष्टि गरिएको भनी हेर्दछ।* परमेश्वरका लागि पुरुष र स्त्रीको समान मूल्य छ, र व्यक्तिहरूका रूपमा तिनीहरूको पूर्णतः समान मूल्य भएको, र मण्डलीको लागि समान मूल्य भएको हामीले मान्नुपर्छ। यसबाहेक, धर्मशास्त्रले पुरुष र स्त्रीलाई उद्धारका सबै आशिषहरू सुनिश्चित गर्छ (हे. प्रे २:१७-१८; गला ३:२८)।[६१] उहाँको पार्थिव सेवाकार्यमा येशूले महिलावर्गलाई प्रदान गर्नुभएको उच्च मर्यादा र आदरले यो तथ्यलाई असाधारण रूपले अभिपुष्टि गर्दछ।[६२]

हामीले यो पनि मानिलिनुपर्छ कि पुरुष र स्त्रीको पूर्ण समानतालाई मान्यता दिनु इभ्यान्जलिकल् मण्डलीहरू प्रायः नै असफल भएका छन्, र त्यसरी स्त्रीलाई मूल्यमा पुरुष समान मान्नु असफल भएका छन। यसको परिणाम त्रासद असफलता भएको छ, परमेश्वरले स्त्रीहरूलाई पुरुषहरूसरह वा पुरुषहरूलाई भन्दा धेरै आत्मिक

---

[५९] हे. William Weinrich, "Women in the History of the Church: Learned and Holy, But Not Pastors," *Recovering Biblical Manhood and Womanhood: A Response to Evangelical Feminism,* सम्पा. John Piper र Wayne Grudem (ह्विटन, इलि.: क्रसवे, १९९१), पृह. २६३-७९। हे. Ruth A. Tucker र Walter L. Liefeld, *Daughter of the Church: Women and Ministry from New Testament Times to the Present* (ग्र्यान्ड र्‍यापिड्स्, जोन्डरभ्यान,१९८७)।

[६०] हे. *Recovering Biblical Manhood and Womanhood,* सम्पा. John Piper र Wayne Grudem. तलका अनुच्छेदहरूमा मैले लिएको दृष्टिकोण Council on Biblical Manhood and Womanhood, पी.ओ. बक्स ३१७, ह्विटन, इलि. ६०१८९, यू.एस्.ए.-ले १९८८ मा जारी गरेको "Danvers Statement"-को अनुरूप छ।

[६१] हे. Raymond C. Ortlund, Jr., पनि "Male Headship: Gen. 1-3," *Recovering Biblical Manhood and Womanhood,* पृह. ९५-११२ मा।)

[६२] हे. James A. Borland, "Women in the Life and Teachings of Jesus," *Recovering Biblical Manhood and Womanhood*-मा, पृह.११३-२३।

वरदानहरू दिनुहुन्छ भन्ने वास्तविकतालाई मान्यता दिनुमा असफलता, स्त्रीहरूलाई मण्डलीका विभिन्न सेवाकार्यहरूमा भाग लिनु उत्साहित गर्नुमा असफलता, अनि मण्डलीको जीवनमा लिनुपर्ने महत्त्वपूर्ण निर्णयहरूबारे परमेश्वरले स्त्रीहरूलाई दिनुभएको विवेकमा पूर्ण रूपले ध्यान दिनुमा असफलता। यदि मण्डलीमा महिलाहरूका भूमिकाबारे वर्तमान विवादको परिणाम विगतका यी दुरुपयोगहरूमध्ये केहीको उन्मूलन हुन्छ भने, मण्डलीलाई समग्रमा ठूलो लाभ हुनेछ।

तथापि प्रश्न अझै पनि रहन्छ, के महिलाहरूलाई मण्डलीहरूका पास्टरहरू बन्न मिल्छ ? (वा वैकल्पिक शासन व्यवस्थाहरू भएका मण्डलीहरूमा उनीहरूले एल्डर सरहका भूमिकाहरू निभाउनु मिल्छ ?) यस मामिलामा मेरो व्यक्तिगत निष्कर्ष यही छ कि बाइबलले स्त्रीहरूलाई मण्डलीमा पास्टर वा एल्डरको भूमिका निभाउने अनुमति दिँदैन। सम्पूर्ण इतिहासभरि विभिन्न समाजहरूमा विशाल संख्यामा मण्डलीहरूको निष्कर्ष पनि यही रहिआएको छ। यो प्रश्नको उत्तरका सर्वाधिक विश्वासोत्पादक कारणहरू निम्नलिखित हुन् :

१. **१ तिमोथी २:११-१४ ।** यो प्रश्नलाई सर्वाधिक सोझै छलफल गर्ने धर्मशास्त्रको एउटा उद्धरण १ तिमोथी २:११-१४ हो :

> स्त्रीले पूर्ण दीनतासाथ चूपचाप बसेर सिकून्। तर *स्त्रीले पुरुषलाई सिकाउने र पुरुषमाथि अधिकार जमाउने काममा म अनुमति दिन्नँ,* तर तिनी चूपचापै रहून्। किनभने आदम नै पहिले सृजिएका हुन्, त्यसपछि हव्वा। आदम छलिएका होइनन्, तर स्त्रीचाहिँ छलिएर अपराधमा फसेकी हुन्।

यहाँ पावल भेला भएको मण्डलीको बारेमा बोलिरहेका छन् (हे. ८-९ पद.)। त्यस्तो वातावरणमा, पावल भन्छन्, "स्त्रीले पुरुषलाई *सिकाउने* र पुरुषमाथि *अधिकार जमाउने* काममा म अनुमति दिन्नँ" (१२ प.)। यी कामहरू मण्डलीका एल्डरहरूले गर्छन्, अनि विशेष गरी समसामयिक मण्डली स्थितिमा हामीले जानेको पास्टरले गर्छन्।[६३] एल्डरहरूले मात्रै गर्ने यी कामहरू स्त्रीहरूलाई गर्न पावल विशेष गरी निषेध गर्छन्।[६४]

यस दृष्टिकोणको विरुद्ध अनेकौं आपत्ति उठाइएका छन् :[६५]

(अ) यो उद्धरण पावलले सम्बोधन गरिरहेको एउटा विशेष परिस्थितिमा मात्र, सम्भवतः एउटा यस्तो परिस्थितिमा जहाँ स्त्रीहरूले एफिससको मण्डलीमा झुटो शिक्षा दिइरहेका थिए, प्रयुक्त हुन्छ भनिएको छ। तर यो आपत्ति विश्वासलाग्दो छैन, किनभने स्त्रीहरूले वास्तवमा झुटो शिक्षा *दिइरहेका* थिए भन्ने कुनै वक्तव्य १

[६३]हे. एउटा मण्डलीमा एल्डरहरूको शिक्षा दिने र शासन व्यवस्था चलाउने कामहरूबारे पृह. ९१५-१६ मा छलफल।

[६४]यस उद्धरणबारे अझ विस्तृत विवेचनको लागि हे. Douglas Moo, "What Does It Mean Not to Teach or Have Authority Over Men?: 1 Tim. 2:11-15," *Recovering Biblical Manhood and Womanhood,* पृह. १७९-९३ मा।)

[६५]यी आपत्तिहरूको विस्तृत वक्तव्यहरूका लागि यस अध्यायको अन्त्यमा दिइएको पुस्तक-सूचीमा "Favors women as pastors" भनी चिन्हित गरिएका पुस्तकहरू, विशेष गरी Mickelsen, Spencer Bilezikian -का पुस्तकहरू हे. ।

तिमोथीमा छैन। (१ तिमोथी ५:१३ ले *कुराउटे* स्त्रीहरूबारे बताउँछ, तर झुटो शिक्षाबारे उल्लेख गर्दैन। यसबाहेक, पावलले झुटो शिक्षा सिकाउने केही विशेष स्त्रीहरूलाई मात्र मौन रहनू भन्दैनन्, तर उनी भन्छन्, "स्त्रीले पुरुषलाई *सिकाउने* र पुरुषमाथि अधिकार जमाउने काममा म अनुमति दिन्नँ।" अनि अन्त्यमा, यस निषेधबारे पावलले दिने *कारण* यो आपत्तिमा प्रस्तावित कारण होइन, तर एकदमै बेग्लै छ – अर्थात्, पतनपूर्व आदम र हव्वाको स्थिति, अनि संसारमा कुनै पाप हुनुभन्दा पूर्वको स्थिति (हे. प. १३), र पतनको समयमा पुरुष र स्त्रीका भूमिकाहरू उल्टिएको ढङ्ग (हे. प. १४)। यी कारणहरू एफिससको एउटा मण्डलीमा मात्र सीमित थिएनन्, तर पुरुषत्व र नारीत्वमा सामान्यतः प्रयुक्त हुन्छन्।

(आ) अर्को आपत्ति यो छ कि प्रथम शताब्दी स्त्रीहरू सुशिक्षित थिएनन्, यसकारण मण्डलीमा शिक्षा दिने वा शासनव्यवस्था चलाउने भूमिकाका लागि योग्यताप्राप्त थिएनन्। तर नारीहरूले "सकाउने र पुरुषमाथि अधिकार जमाउने काम" गर्न नसक्नुको कारण शिक्षाको कमी भनी पावलले बताउँदैनन्, तर सृष्टितिर इङ्गित गर्छन् (१३-१४ पह.)। तर्कलाई पावलले *दिएका* कारणमा आधारित नगरेर, उनले *नदिएका* कारणमा आधारित गर्नु जोखिमपूर्ण हुन्छ।

यसबाहेक, यो आपत्तिले प्राचीन मण्डली र प्राचीन विश्वलाई भुल बुझ्दछ। नयाँ करारको मण्डलीमा अगुवापनको लागि धर्मशास्त्रको औपचारिक प्रशिक्षणको आवश्यकता थिएन, किनभने प्रेरितहरूमध्ये धेरैले औपचारिक बाइबल प्रशिक्षण लिएका थिएनन् (हे. प्रे ४:१३)। अर्कोतिर, मूलभूत साक्षरताको सीप र त्यसकारण धर्मशास्त्र पढ्ने र अध्ययन गर्ने क्षमता पुरुषहरूलाई र स्त्रीहरूलाई सराबरी उपलब्ध थियो (प्रे १८:२६; रोम १६:१; १ तिमो २:११; तीत २:३-४ मा ध्यान दिनुहोस्)। प्राचीन विश्वमा, विशेष गरी एफिससजस्तो एउटा सांस्कृतिक केन्द्रमा, सुशिक्षित स्त्रीहरू धेरै थिए।[६६]

अन्त्यमा, यस्तो तर्क गर्नेहरू कहिलेकाहीँ असङ्गत हुन्छन्, किनभने तिनीहरू प्राचीन मण्डलीमा अगुवाको स्थानमा रहेका प्रिस्किलाजस्ता स्त्रीहरूतिर सङ्केत गर्छन्। यो बुँदा विशेष गरी १ तिमोथी २ को लागि प्रासङ्गिक छ, कारण पावलले एफिससलाई लेखिरहेका थिए (१ तिमो १:३), जो प्रिस्किला र अकिलासको गृहमण्डली थियो (हे. प्रे १८:१८-१९, २१)। एफिससको यही मण्डलीमा प्रिस्किलाले धर्मशास्त्र यति राम्ररी जान्दथिइन् कि ५१ ख्री.-मा उनले अप्पोलोसलाई शिक्षा दिन सहायता गर्न सकिन् (प्रे १ ८:२६)। त्यसपछि "परमेश्वरका समस्त अभिप्राय"-बारे (प्रे २०:२७, तु. ३१ प.; १ कोर १६:१९ पनि) शिक्षा दिँदै पावल त्यहाँ बस्दा उनले सायद पावलबाट नै अरू तीन वर्ष सिकेकी थिइन्। यसमा शङ्का छैन कि एफिससका अरू धेरै स्त्रीहरूले पनि उनको उदाहरण अनुसरण गरेका थिए र साथै पावलबाट पनि शिक्षा लिएका थिए। उनीहरू पछि रोम गए तापनि, प्रायः ख्री. ६७ मा पावलको जीवनको अन्त्यमा हामी अकिलास र प्रिस्किलालाई फेरि एफिससमा नै फर्किआएका पाउँछौं (२ तिमो ४:१९)। यसकारण, प्रायः ख्री. ६५ मा, पावलले १ तिमोथी लेखेका

[६६] हे. Piper र Grudem, *Recovering Biblical Manhood and Womanhood,* पृ. ८२।

समयताका (*प्रिस्किलाले अप्पोलोसलाई शिक्षा दिन सहायता गरेकी* प्रायः *चौध वर्षपछि*) तिनीहरू एफिससमा थिए। तथापि पावलले सुशिक्षित प्रिस्किलालाई पनि वा एफिससका कुनै पनि सुशिक्षित स्त्रीहरूलाई मण्डलीमा सार्वजनिक भेलामा पुरुषहरूलाई शिक्षा दिने अनुमति दिँदैनन्। यसको कारण शिक्षाको कमी थिएन, सृष्टिको क्रम थियो, जो परमेश्वरले पुरुषहरू र स्त्रीहरूबीच स्थापित गर्नुभयो।

२. **१ कोरिन्थी १४:३३ख-३६ ।** एउटा उस्तै शिक्षामा, पावल भन्छन् :

> सन्तहरूका सबै मण्डलीमा भएको प्रथाअनुसार, स्त्रीहरू मण्डलीको सभामा चुपचाप रहून्। तिनीहरूलाई बोल्ने अनुमति छैन, तर व्यवस्थाले भनेझैं तिनीहरू अधीनमा रहून्। केही कुराको बारेमा तिनीहरू सोध्न चाहन्छन् भने घरमा आ-आफ्ना पतिहरूलाई सोधून्। किनकि मण्डलीमा स्त्रीहरू बोल्नु शर्मको कुरा हो। के परमेश्वरको वचन तिमीहरूबाट शुरू भएको हो ? अथवा के तिनीहरूकहाँ मात्र यो आएको हो ? (१ कोरिन्थी १४:३३ख-३६)

यस खण्डमा पावल स्त्रीहरूद्वारा मण्डलीमा सबै सार्वजनिक वक्तव्यहरूलाई निषेध गरिरहेका हुन सक्दैनन्, किनकि १ कोरिन्थी ११:५ मा उनी स्त्रीहरूलाई मण्डलीमा प्रार्थना गर्न र अगमवाणी गर्न स्पष्टतः अनुमति दिन्छन्। यसकारण, यो अनुच्छेदले त्यो वक्तव्यतिर सङ्केत गरेको बुझ्नु उत्तम हुन्छ जो तात्कालिक सन्दर्भमा छलफल गरिरहिएको संवर्गमा पर्छ, अर्थात् विश्वासीजन समुदायमा अगमवाणीहरूको मौखिक मूल्याङ्कन गर्नु र पारख गर्नु (हे. प. २९, "अगमवाणी बोल्नेचाहिँ दुई वा तीन जना होऊन्, र *अरूले तिनीहरूले बोलेको कुरा राम्ररी जाँच गरून्*")। पावलले स्त्रीहरूलाई मण्डली सेवाहरूमा बोल्न र अगमवाणी गर्ने अनुमति दिन्छन्, तर दिइएका अगमवाणीहरूबारे बोल्नु र तिनका मूल्याङ्कनहरू र समीक्षाहरू गर्ने अनुमति भने दिँदैनन्, किनभने समग्र मण्डलीको विषयमा शासनकारी वा सञ्चालनकारी कार्य हुनेथ्यो।[६७] उद्धरणको यो बोध नयाँ करार युगमा अगमवाणीको वरदानबारे हाम्रो दृष्टिकोणमा निर्भरित छ, अर्थात्, अगमवाणीमा आधिकारिक बाइबल शिक्षा संलग्न हुँदैन, अनि यो परमेश्वरका त्यस्ता वचनहरू बोल्ने कार्य जो धर्मशास्त्र समान हुँदैनन्, तर यो यस्तो कुराको प्रतिवेदन दिनु जो परमेश्वरले अनायास मनमा ल्याउनुहुन्छ।[६८] यसरी, पावलका शिक्षाहरू १ कोरिन्थी १४ र १ तिमोथी २ का एकदमैअनुरूप छन् – दुवै मामिलाहरूमा, उनी मण्डलीका शिक्षा र सञ्चालन कार्यमा पुरुषको अगुवाइ परिरक्षित गर्न चाहन्छन्।[६९]

[६७]यस प्रश्नको अझ सम्पूर्ण विवेचनको लागि, हे. D.A. Carson, "Silent in the Churches : On the Role of Women in 1 Cor. 14:33b-36," *Recovering Biblical Manhood and Womanhood*-मा पृह. २१७-२४; हे. Wayne Grudem, *The Gift of Prophecy in the New Testament and Today,* पनि, पृह. २१७-२४; Wayne Grudem, "Prophecy — Yes, but Teaching — No: Paul's Consistent Advocacy of Women's Participation Without Governing Authority," *JETS* 30/1 (March 1987), पृह. ११-२३।

[६८]अगमवाणीको वरदानबारे यो दृष्टिकोण अ. ३५ मा अझ विस्तृत रूपमा व्याख्या गरिएको छ।

[६९]१ कोरिन्थी १४:३३-३६ बाट निकालिएको यो निष्कर्षप्रति हालैको एउटा आपत्ति यति मात्र उल्लेख गर्नु हुन्छ कि यी पदहरू पावलद्वारा लेखिएका थिएनन् र यो १ कोरिन्थीको मूलपाठभित्रको होइन, यसकारण यसलाई आज हाम्रो लागि आधिकारिक वचन भन्ठान्नु हुँदैन, हे. Gordon Fee, *The First Epistle to the Corinthians,* पृह. ६९९-७०८। उनको मूल तर्क यही छ कि यो अवतरणलाई १ कोर ११:५ सित तर्कद्वारा

**३. १ तिमोथी ३:१-७ र तीतस १:५-९ ।** १ तिमोथी ३:१-७ र तीतस १:५-९ दुवैले यही मानिलिन्छ कि एल्डरहरू पुरुषहरू हुनेछन्। एउटा एल्डर (वा बिशप/ चलाउन सक्ने र आफ्ना छोराछोरीहरूलाई आदरपूर्वक आज्ञापालन गर्ने" बनाउने हुनुपर्छ (१ तिमो ३:४)।

कतिले आपत्ति गर्न सक्लान् कि यो प्राचीन विश्वको सांस्कृतिक स्थितिको लागि दिइएको निर्देशन मात्र थियो, जहाँ स्त्रीहरू सुशिक्षित थिएनन्, तर माथि १ तिमोथी २ को सम्बन्धमा दिइएको उत्तर नै यसमा पनि लागु हुन्छ।

**४. परिवार र मण्डलीबीच सम्बन्ध ।** नयाँ करारले परिवारको जीवन र मण्डलीको जीवनबीच बारम्बार सम्बन्धहरू बनाउँछ। पावल भन्छन्, "यदि कुनै मानिसले आफ्ना घरकाहरूलाई तह लगाउन जान्दैन भने, तिनले परमेश्वरका मण्डलीको देखरेख कसरी गर्न सक्छ र?" (१ तिमो ३:५)। उनी तिमोथीलाई भन्छन्, "वृद्ध मानिसलाई नहप्काऊ, तर तिनलाई बाबुलाई जस्तै गरी सम्झाऊ। आफूभन्दा सानाहरूसँग भाइसमान व्यवहार गर। वृद्ध स्त्रीहरूसँग आमाझैँ व्यवहार र युवतीहरूसँग चाहिँ सम्पूर्ण पवित्रतासाथ बहिनीसमान व्यवहार गर" (१ तिमो ५:१-२)। अन्य अनेकौं उद्धरणहरू उद्धृत गर्न सकिन्छ, तर परिवार र मण्डलीबीच घनिष्ठ सम्बन्ध स्पष्ट हुनुपर्छ।

यो सम्बन्धको कारण, परिवारमा भएको अगुवापनको नमुनाले मण्डलीमा भएको अगुवापनको ढाँचा प्रतिविम्बित गर्नु अवश्यम्भावी छ, त्यसरी नै मण्डलीमा भएको अगुवापनको नमुनाले परिवारमा भएको अगुवापनको नमुना प्रतिविम्बित गर्नु अवश्यम्भावी छ। यो अति उपयुक्त हुन्छ कि जसै धार्मिक पुरुषहरूले परिवारमा उनीहरूका अगुवापन उत्तरदायित्वहरू निर्वाह गर्छन्, उनीहरूले मण्डलीमा अगुवापन उत्तरदायित्वहरू पनि निर्वाह गर्नुपर्छ। यसको विपरीत, यदि मण्डलीमा स्त्री अगुवापनका नमुनाहरू स्थापित गरिए भने, यसले अनिवार्यतः परिवारभित्र पनि स्त्रीको अगुवापन वृद्धिको निम्ति, र पुरुष अगुवापन पदत्यागको निम्ति चाप सृष्टि गर्नेछ।[७०]

**५. प्रेरितहरूको उदाहरण ।** प्रेरितहरू स्थानीय मण्डलीमा एल्डरहरूसरह होइनन्, तथापि यो बुझ्नु आवश्यक छ कि येशूले बाह्र जना पुरुषहरूलाई प्रेरित नियुक्त गर्नुहुँदा, मण्डलीमा पुरुष अगुवापनको नमुना स्थापित गर्नुभयो। यो पटक्कै सत्य होइन कि स्त्रीहरूले मण्डलीका सबै पदहरूका भार लिन सक्छन्, किनभने येशू, मण्डलीका शिर, एक पुरुष हुनुहुन्छ। अनि बाह्र प्रेरितहरू, जो इस्राएलका बाह्र

---

मिलेको देखाउनु असम्भव छ, जहाँ पावल स्त्रीहरूलाई मण्डलीमा बोल्ने अनुमति स्पष्ट रूपमा दिन्छन्। (कतिपय प्राचीन पाण्डुलिपिहरूमा ३४-३५ पदहरूलाई १ कोर १४ को अन्तिम भागतिर लगिएको तथ्यलाई पनि उनी धेरै महत्त्व दिन्छन्।) तर Fee-ले यहाँ प्रतिनिधित्व गरिएको दृष्टिकोणमा, अर्थात्, पावलले स्त्रीहरूलाई भेला भएको मण्डलीमा अगमवाणीहरू जाँच गर्ने आधिकारिक काम गर्न मात्र निषेध गरिरहेका छन्, पर्याप्त विचार गर्दैनन्। कुनै पनि प्राचीन पाण्डुलिपिले १ कोरिन्थीका यी पदहरू हटाउँदैन भन्ने तथ्यको प्रकाशमा Fee-को दृष्टिकोण आश्चर्यजनक छ। (यो खण्डलाई १४ अध्यायको अन्तमा राख्ने केही पाण्डुलिपिहरू अति नै अल्प विश्वसनीय पाण्डुलिपिहरू हुन् जसमा १ कोरिन्थीमा अन्यत्र पनि बारम्बार विभिन्नताहरू छन्।

[७०]यस बुँदाको विस्तृत विवेचनको लागि हे. Vern Poythress, "The Church as Family: Why Male Leadership in the Family Requires Male Leadership in the Church," *Recovering Biblical Manhood and Womanhood*, पृह. २३३-४७ मा।

कुलहरूलाई न्याय गर्दै बाह्र सिंहासनहरूमा बस्नेछन् (हे. मत्ती १९:१४), जसका नाउँ स्वर्गीय शहरका बाह्र जगमा अनन्तका लागि लेखिएका छन् (प्रका २१:१४), सबै पुरुषहरू थिए। त्यसकारण, *मण्डलीको अख्तियारका सबै तहमा पुरुष र स्त्रीका समान भूमिकाहरूको अनन्त नमुना हुनेछैन*। बरु, मण्डलीको उच्चतम् शासनकारी भूमिकाहरूमा पुरुष अगुवापनको नमुना छ, एउटा यस्तो नमुना जो सबै विश्‍वासीहरूका निम्ति अनन्तसम्म प्रत्यक्ष हुनेछ।

यो तर्कविरुद्ध ल्याएको एउटा आपत्ति यो दाबी छ कि त्यस बेलाको संस्कृतिले येशूलाई छ जना पुरुषहरू र छ जना स्त्रीहरूलाई, वा छवटा पति-पत्नीका दललाई प्रेरितहरूको रूपमा चुन्ने अनुमति दिने थिएन, र यसैकारण उहाँले त्यसो गर्नुभएन। तर त्यस्तो किसिमको तर्कले येशूको सत्यनिष्ठा र साहसमा सन्देह प्रकट गर्छ। कुनै एउटा नैतिक प्रश्‍न जोखिममा हुँदा सामाजिक रीति तोड्न यशू डराउनुहुन्थेन – उहाँले फारसीहरूको विरोध सार्वजनिक रूपले गर्नुभयो, शबाथको दिन निको पार्नुभयो, मन्दिर शुद्ध पार्नुभयो, सामरी स्त्रीसित कुराकानी गर्नुभयो, कर उठाउनेहरू र पापीहरूसँग बसेर खानुभयो, र हात नधोई खानुभयो।[७१] यदि मण्डली अगुवापनमा पुरुष र स्त्रीले समान रूपले भाग लिन सक्ने सिद्धान्त उहाँले स्थापित गर्न चाहनुभएको थियो भने, उहाँका प्रेरितहरूको नियुक्तिमा उहाँले निश्‍चय नै त्यो गर्न सक्नुहुन्थ्यो, अनि यदि उहाँको मण्डलीमा उहाँले स्थापित गर्न चाहनुभएको नमुना यो थियो भने सांस्कृतिक विरोध भए तापनि उहाँले त्यो गर्नु नै हुनेथियो।[७२]

हाम्रो मण्डलीहरूमा अगुवाहरू हुन सक्छन्, किनभने बाह्र चेलाहरू पनि यहूदीहरू नै थिए। यो आपत्ति विश्‍वासोत्पादक छैन किनभने आरम्भमा मण्डली पूर्णतः यहूदी थियो भन्ने तथ्य बुझ्न यो असफल हुन्छ। यसको कारण यहूदीहरूद्वारा मुक्ति ल्याउने परमेश्‍वरको योजना हो, अनि यसैले बाह्र यहूदी चेलाहरूमा डोऱ्यायो। नयाँ करारका पृष्ठहरूभित्र हामी देख्छौं कि मण्डली चाँड़ै नै वृद्धि भयो र यसले गैरयहूदीहरूलाई पनि गाभ्यो (मत्ती २८:१९; एफि २:१६) अनि नयाँ करार मण्डलीमा चाँड़ै गैर-यहूदीहरू एल्डरहरू र अगुवाहरू बने। एक गैरयहूदी (लूका)-ले नयाँ करारका दुईवटा पुस्तकहरू (लूका र प्रेरित) लेखे, तीतस, इपाफ्रोडिटसजस्ता अनेकौ गैरयहूदीहरू पावलका सहायक र सहकर्मीहरू थिए। वास्तवमा अब्राहामको समयदेखि (उत १२:३; १७ ५) नै परमेश्‍वरले उत्तरोत्तर रूपमा यो देखाउनुभयो कि अन्ततः असंख्य गैरयहूदीहरूलाई उहाँका जातिमा संलग्न गर्नु उहाँको योजना थियो।

यसकारण आरम्भिक प्रेरितहरूको यहूदीपन उनीहरूको पुरुषपनजस्तो थिएन। मण्डली सम्पूर्ण यहूदी रूपमा आरम्भ भयो, तर चाँड़ै यहूदी र गैरयहूदी पनि बन्यो। तर मण्डली आरम्भ हुँदा त्यहाँ पुरुषहरू मात्र थिएनन्, स्त्रीहरू पनि थिए। *ख्रीष्टका चेलाहरू आरम्भदेखि नै पुरुषहरू र स्त्रीहरू थिए*, अनि पेन्तिकोसमा मण्डली आरम्भ हुँदा, त्यहाँ पुरुषहरू साथै स्त्रीहरू थिए। यसकारण यो आपत्ति पनि विश्‍वासोत्पादक छैन।

[७१]यो र यसपछिका तर्कहरू James Borland, "Women in the Life and Teachings of Jesus," *Recovering Biblical Manhood and Womanhood*, पृ.१२०-२२ बाट लिइएका हुन्।

[७२]रोमी १६:७ मा, "जुनिया" वा "जुनियास"-सम्बन्धी, हे. माथि।

**६. सम्पूर्ण बाइबलमा पुरुषद्वारा शिक्षा दिइएको र अगुवाइ गरिएको इतिहास ।** यहाँ प्रस्तुत दृष्टिकोणका विरोधीहरूले कहिलेकाहीँ भनेका छन् कि यो एउटै मूलपाठ, १ तिमोथी २ मा मात्रै आधारित छ। पूर्वोल्लेखित अनेकौं तर्कहरूले यो देखाएका छन् कि त्यो साँचो होइन, तर अझै एउटा तर्क छ जो प्रस्तुत गर्न सकिन्छ – सम्पूर्ण बाइबलको इतिहासमा, उत्पत्तिदेखि प्रकाशको पुस्तकसम्म, परमेश्वरका जातिमा पुरुष अगुवापनको समनुरूप (consistent) ढाँचा छ। कहिलेकाहीँ स्त्रीहरूले सरकारी पदहरूमा अगुवाइ गरेका विरल उदाहरणहरू छन्, जस्तै रानीको पद, (२ राज ११:१-२० मा अतल्याहले एकल राजाका रूपमा राज्य गरिनन्, तर उनी मुस्किलैले अनुकरण गर्नुपर्ने उदाहरण हुन्, वा न्यायकर्ता (न्यायकर्ता ४-५ मा दबोरामा ध्यान दिनुहोस्), अनि दबोरा र हुल्दाजस्ता विरलै स्त्रीहरू थिए जो अगमवादिनीहरू थिए (हे. न्याय ४-५; २ राज २२:१४-२०), हामीले यहाँ ध्यान दिनुपर्छ कि यी असाधारण परिस्थितिहरूमा विरल मामिलाहरू थिए। उनीहरू शिक्षण र शासन कार्यमा अधिकाधिक पुरुष अगुवाइका बीचमा देखा पर्छन्, र त्यस रूपमा उनीहरूले नयाँ करारको मण्डली पदका नमुनाहरूका रूपमा मुस्किलैले काम गर्न सक्छन्।[७३] त्यसबाहेक, *नयाँ करार मण्डलीमा विश्वासीजन समुदायमा पास्टरहरू/एल्डरहरूले गर्ने आशा गरिएजस्तो बाइबल शिक्षण गर्ने एउटै पनि नारीको उदाहरण सम्पूर्ण बाइबलमा एउटै पनि छैन*। पुरानो करारमा मानिसहरूलाई शिक्षा दिने जिम्मेवारी पूजाहारीहरूको थियो, अनि पूजाहारीगिरी सम्पूर्ण रूपले पुरुषको काम थियो; यसबाहेक, दबोरा र हुल्दाजस्ता अगववादिनीहरूले निजी तौरमा मात्र अगमवाणी गरे, मानिसहरूको झुण्डलाई सार्वजनिक तौरमा गरेनन्।[७४]

**७. मण्डलीको इतिहास ।** जस्तो कि माथि उल्लेख गरियो, मण्डलीको सम्पूर्ण इतिहासमा पास्टर/एल्डर (वा सो सरह)-को पद पुरुषहरूका निम्ति सुरक्षित गरिआइएको प्रशस्त सशक्त नमुना बसिआएको पाइन्छ। यसले निर्णायक रूपमा यो देखाउँदैन कि त्यस्तो दृष्टिकोण सही हो, तापनि यस मुद्दामा सम्पूर्ण मण्डली यसको सारा इतिहासभरि गलत रहिआएको छ भनी हतारिएर घोषणा गर्नुभन्दा अघि हामीलाई यस प्रश्नबारे गम्भीरतापूर्वक सोच्ने कारण यसले दिनुपर्छ।[७५]

[७३]रोमी १६:७ यो वर्णनात्मक उदाहरणहरूबारे अरू छलफलका लागि हे. Thomas R. Schreiner, "The Valuable Ministries of Women in the Context of Male Leadership: A Survery of Old and New Testament Examples and Teaching," *Recovering Biblical Manhood and Womanhood,* पृ. २०९-२४ मा। विशेष गरी दबोराको प्रसङ्गमा, हामीले यो बुझ्नुपर्छ कि न्यायकर्ताहरूको सम्पूर्ण पुस्तकमा बताइएका ऐतिहासिक घटनाहरूलाई हामीले अनुसरण गर्नुपर्ने नमुनाको रूपमा लिनुभन्दा अघि तिनलाई ठूलो सावधानीसित व्याख्या गरिनुपर्छ। दबोरा अरू पुरुष अगमवक्ताहरूभन्दा यसैले बेग्लै थिइन् कि तिनले सार्वजनिक रूपमा अगमवाणी गरिनन्, निजी रूपमा मात्र गरिन् (न्याय ४:५; २ राज २२:१४-२० मा हुल्दाले पनि त्यसै गर्छिन्; तिनले आफ्नो अगुवापनको भूमिका एक पुरुषलाई सुम्पिइन् (न्याय ४:६-७); अनि यद्यपि परमेश्वरले तिनीद्वारा आशिष् त निश्चय ल्याउनुभयो, तर यो रोचक छ कि परमेश्वरले तिनलाई ओत्निएल, एहूद (३:१५), गिदोन (६:४), यिप्ता (११:२९), शिमशोन (१३:२५; १४:६)-सरह अरू प्रमुख अगमवक्ताहरू (जसका लागि परमेश्वरको बुलावटबारे स्पष्ट वक्तव्य पाइन्छ)-जस्तो उच्च उठाउनुभयो भन्ने तथ्यको कुनै स्पष्ट पुष्टीकरण छैन।

[७४]हे. पूर्ववर्ती पादटिप्पणी। नयाँ करारको विश्वासीजन समुदायहरूमा स्त्रीहरूले अगमवाणी गर्न सक्थे भन्ने तथ्यबारे, हे. माथि खण्ड २ मा विवेचनहरू।

[७५]हे. माथि पादटिप्पणी ५९। हालमा अनेकौं पुस्तकहरूले मण्डलीको इतिहासभरि नै स्त्रीहरूले मण्डलीमा दिएका योगदानहरूलाई उपेक्षा गरिएको विषयमा विशेष ध्यान दिएका छन्। विशेष गरी हे. Ruth

८. **आपत्ति ।** यहाँ सारांशित दृष्टिकोणविपरीत अनेकौं आपत्तिहरू उठाइएका छन्, तथापि यहाँ तीमध्ये थोरैबारे मात्र छलफल गर्न सकिन्छ।[७६] *सेवाकार्य वरदानद्वारा निर्धारित गरिन्छ, लिङ्गद्वारा होइन* भनी आपत्ति गरिएको छ। तर प्रत्युत्तरमा, यो भनिनुपर्छ कि आत्मिक वरदानहरू धर्मशास्त्रमा दिइएका निर्देशक सिद्धान्तहरूभित्र प्रयोग गरिनुपर्छ। आत्मिक वरदानहरूलाई शक्ति दिनुहुने पवित्र आत्माले नै बाइबल लेख्ने प्रेरणा दिनुभयो, अनि उहाँका वरदानहरू उहाँका वचनको अवज्ञा गरेर प्रयोग गरिएको उहाँ चाहनुहुन्न।

अर्को आपत्तिले भन्छ, यदि *परमेश्वरले एक नारीलाई पास्टर बन्न साँच्चै बोलावट दिनुभएको छ भने तिनलाई त्यो काम गर्नबाट रोक्नु हुँदैन*। यो आपत्तिको उत्तर पनि माथि दिइएको जस्तै छ – परमेश्वरको बोलावट अनुभव गरेको छु भन्ने व्यक्तिगत दाबीलाई जहिले पनि धर्मशास्त्रमा परमेश्वरको वचनअनुसार जाँच गरिनुपर्छ। यदि पुरुषहरूले मात्र प्राथमिक शिक्षा दिने र पास्टर पदको उत्तरदायित्व निर्वाह गर्नुपर्छ भन्ने परमेश्वर चाहनुहुन्छ भनी बाइबलले बताउँछ भने, त्यसको आशय यही हुन्छ कि परमेश्वरले स्त्रीहरूलाई पास्टर हुने बोलावट दिनुहुन्न। तर, यहाँ हामीले यो पनि थप्नुपर्छ, एक स्त्रीले पास्टर पदको निम्ति जसलाई प्रायः नै परमेश्वरीय बोलावट भनी ठन्छिन्, त्यो तिनको निम्ति वास्तवमा पूर्णकालिक ख्रीष्टियान सेवाकार्यको निम्ति बोलावट हुन सक्छ। वास्तवमा, स्थानीय मण्डलीभित्र र अन्यत्र, शिक्षा दिने पास्टर हुनुबाहेक, पूर्णकालिक व्यावसायिक सेवाकार्यका थुप्रै अवसरहरू हुन्छन्, जस्तै, परमर्श, महिला सेवाकार्यहरू, ख्रीष्टियान शिक्षा, र बाल सेवाहरू, साथै सङ्गीत र उपासना, महाविद्यालय विद्यार्थी सेवाकार्यहरू, प्रचारकार्यहरू, गरीबवर्गको सेवाकार्य, प्रशासनिक कार्यहरू जसमा सम्पूर्ण मण्डलीभरि शासन व्यवस्थामा एल्डरको भूमिकामा काम गर्नु पर्दैन।[७७] यो सूचीलाई अझै बढ़ाउन सकिन्छ, तर मुख्य कुरा यही हो कि धर्मशास्त्र आफैले जहाँ प्रतिबन्ध लगाउँदैन, त्यहाँ हामीले प्रतिबन्ध लगाउनु हुँदैन, अनि यी अरू सारा क्षेत्रहरूमा स्त्रीहरूलाई साथै पुरुषहरूलाई उत्साहित गर्नुपर्छ।

कतिले आपत्ति गर्छन् कि *नयाँ करारले सेवक अगुवामा बल दिन्छ,* अनि त्यसकारण हामीले अख्तियारबारे साह्रै सरोकार राख्नु हुँदैन, कारण त्यो विशेष गरी ख्रीष्टियानभन्दा विधर्मी सरोकार हो। तर यो आपत्तिले सेवकता र अख्तियारबीच झुटो भिन्नता कोर्दछ। यसमा सन्देह छैन कि येशू स्वयम् सेवक अगुवाको नमुना हुनुहुन्छ, तर येशूसँग अख्तियार पनि छ – ठूलो अख्तियार ! उहाँ हाम्रो जीवनका प्रभु र मण्डलीका प्रभु हुनुहुन्छ। सादृश्यअनुसार, एल्डरहरूले येशूको सेवक अगुवाइको उदाहरण अनुसरण गर्नुपर्छ (हे. १ पत्र ५:१-५), तर यसको अर्थ यो होइन कि बाइबल

---

Tucker र Walter Liefeld, *Daughters of the Church,* यो पुस्तक सूचनाहरूको एउटा यस्तो भण्डारगृह हो, र यसले विस्तत अतिरिक्त जीवनचरित्र उपलब्ध गराउँछ। तर यी अध्ययनहरूमध्ये कुनैले पनि अधिकांश मण्डलीले यसको इतिहासभरि स्त्रीहरूलाई पास्टरका रूपमा स्वीकार गरेको छैन भन्ने स्पष्ट निर्ष्कषलाई उल्टाउन सकेको छैन।

[७६]अरू छलफलका लागि हे. *Recovering Biblical Manhood and Womanhood,* पृह.६०-९२। यहाँ सूचीबद्ध गरिएका आपत्तिहरूको अरू पूर्ण विवरण यस अध्यायको अन्तमा दिइएको पुस्तक-सूचीमा "Favours women as pastors" चिन्ह दिएका पुस्तकहरूमा, विशेष गरी Mickelsen, Spencer र Bilezikian-का पुस्तकहरूमा पाउन सकिन्छ।

[७७]अरू छलफलका लागि *Recovering Biblical Manhood and Womanhood,* हे. माथि।

स्वयम्ले उनीहरूलाई अख्तियारसित शासन व्यवस्था चलाउने दायित्व दिँदा, उनीहरू सो दायित्वलाई उपेक्षा गर्नुपर्छ (हे. १ तिमो ५:१७; हिब १३:१७; १ पत्र ५:५)।[७८]

कहिलेकाहीँ मानिसहरूले आपत्ति गर्छन्, *जसरी मण्डलीले अन्ततः थाहा पायो कि दासप्रथा गलत थियो, त्यसरी नै मण्डलीले आज यो मानिलिनुपर्छ कि पुरुषको अगुवाइ गलत हो,* अनि यो मिल्काउनुपर्ने थोत्रो सांस्कृतिक परम्परा हो। तर यो आपत्ति दासत्वको अस्थायी सांस्कृतिक प्रथा (जो परमेश्वरले निश्चय नै सृष्टि गर्नुभएन) र विवाहमा पुरुष-स्त्रीका भूमिकाहरूमा रहेको भिन्नता [अनि, निहितार्थमा (by implication), मण्डलीभित्रको सम्बन्धमा] जो परमेश्वरले स्थापित गर्नुभयो)-बीचका भिन्नता बुझ्न असफल हुन्छ। दासप्रथा नाश गर्ने बीजहरू नयाँ करारमा छरिएका थिए (हे. फिले १६; एफि ६:९; कल ४:१; १ तिमो ६:१-२), तर विवाह नाश गर्ने, वा सृष्टि गरिएका रूपमा पुरुष-स्त्रीका भिन्नता नाश गर्ने कुनै बीज नयाँ करारमा छरिएको छैन। यसबाहेक, यो आपत्तिलाई उल्टाउन सकिन्छ, हुन सक्छ उन्नाइसौं शताब्दीमा दासप्रथाका ख्रीष्टियान समर्थकहरूका निकट समान्तरहरू इभ्यान्जेलिकल् नारीवादीहरूमा पाउन सकिन्छ जसले समसामयिक समाजका कतिपय अत्यधिक चापहरूअनुसार चल्ने कार्यलाई युक्तिसङ्गत ठहराउनका लागि आज बाइबलका तर्कहरू प्रयोग गर्छन् (त्यस बेला दासप्रथाको पक्षमा, अहिले स्त्रीहरू पास्टर हुने पक्षमा)।

*प्रिस्किला र अकिलास अपोल्लोससँग बोले* अनि "परमेश्वरका मार्गको अर्थ झन् प्रष्टसँग बुझाइदिए" (प्रे १८:२६) भन्ने वचनप्रति कहिलेकाहीँ आपत्ति गरिएको छ। यो साँचो हो, अनि पुरुषहरू र स्त्रीहरूले गर्ने धर्मशास्त्रको अनौपचारिक छलफल, जसमा पुरुषहरू र स्त्रीहरूले परस्परलाई धर्मशास्त्र बुझ्न सहायता गर्नमा महत्त्वपूर्ण भूमिका खेल्न सक्छन्, जो नयाँ करारद्वारा अनुमोदित छ भनी देखाउने यो उपयोगी प्रमाण हो। एकपटक फेरि, यो जस्तो उदाहरणले हामीलाई चेतावनी दिन्छ कि जुन कुरा धर्मशास्त्रले निषेध गरेको छैन त्यो हामीले निषेध गर्नु हुँदैन, तथापि मण्डलीमा सार्वजनिक रूपमा मान्यताप्राप्त शासनव्यवस्था चलाउने र शिक्षा दिने भूमिका पुरुषवर्गमा सीमित गरिएको छ भन्ने सिद्धान्तलाई यसले क्षति गर्दैन। प्रिस्किलाले यो प्रतिबन्धको विपरीत केही गरिरहेकी थिइनन्।

कहिलेकाहीँ यो आपत्ति उठाइएको छ कि *कङ्ग्रिगेशनल शासन व्यवस्था भएका मण्डलीहरूमा स्त्रीहरूलाई मतदान गर्ने अनुमति दिनु, तर एल्डरहरूका रूपमा सेवा गर्न नदिनु असङ्गत हो*। तर समग्रमा मण्डलीको अख्तियार कुनै विशेष व्यक्तिहरूलाई दिइएको अख्तियारसरह होइन। जब हामी समग्रमा मण्डलीको अख्तियार छ भन्छौं, हाम्रो भनाइको अर्थ यो हुँदैन कि विश्वासीजन समुदायमा हरेक पुरुष र हरेक स्त्रीको विश्वासीजन समुदायमा बोल्ने वा काम गर्ने अख्तियार हुन्छ। यसकारण अलगअलग व्यक्तिताको अङ्गको रूपमा लिङ्गलाई, विश्वासीजन समुदायको सामूहिक निर्णयहरूमा अर्थपूर्ण रूपले ध्यानमा राखिएको हुँदैन।

यसलाई अर्को प्रकारले व्यक्त गर्ने ढङ्ग यस्तो हुन्छ, यस खण्डमा हामीले

[७८]एल्डरहरूका अख्तियारबारे विवेचनका लागि हे. माथि।

सोधिरहेका प्रश्न स्त्रीहरू मण्डलीका अधिकारीहरू बन्न सक्छन् कि सक्दैनन्, र विशेष गरी उनीहरू मण्डलीभित्र एल्डरहरू बन्न सक्छन् कि सक्दैनन् भन्ने मात्र हो। कुनै पनि कङ्ग्रिगेशनल प्रणालीमा जहाँ एल्डरहरू विश्वासीजन समुदायबाट चुनिन्छन्, मण्डलीमा यो सबैका लागि प्रत्यक्ष हुन्छ कि एल्डरहरूसित प्रत्यायोजित गरिएको अख्तियार हुन्छ जो विश्वासीजन समुदायका अरू सदस्यहरूसित हुँदैन – विश्वासीजन समुदायका अरू सदस्यहरूले नै यी मानिसहरूका निम्ति सर्वप्रथम मतदान गरेका हुन्। अधिकारीहरू चुनिने सबै प्रणालीका शासन व्यवस्थाहरूमा यस्तै हुन्छ। प्रजातान्त्रिक पद्धतिको सरकारमा एकपल्ट चुनिएपछि, ती चुनिएका व्यक्तिसित उनलाई मतदानद्वारा चुन्ने व्यक्तिहरूभन्दा धेरै प्रत्यायोजित अख्तियार हुन्छ (जस्तै, प्रजातान्त्रिक देशका जनप्रतिनिधिहरू, प्रधानमन्त्री वा मन्त्रीहरू)।[७९]

यहाँ यो बुझ्नु उपयुक्त छ हुन्छ कि परमेश्वरले स्त्रीहरूलाई र पुरुषहरूलाई धेरै नै अन्तर्दृष्टि र बुद्धि दिनुभएको छ, र स्त्रीवर्गमा भएको बुद्धि प्रयोग गर्नमा उपेक्षा गर्ने कुनै पनि मण्डलीका अगुवाले साँच्चै मूर्खतापूर्ण काम गरिरहेका हुन्छन्। यसकारण सम्पूर्ण मण्डलीलाई प्रभावित पार्ने निर्णय गर्ने एल्डरहरूको वा अरू पुरुष अगुवाहरूको समूहले मण्डलीभित्र बारम्बार यस्तो कार्यविधिहरू (procedures) अपनाउनुपर्छ जसद्वारा अरू सदस्यहरूका, विशष गरी स्त्रीवर्गको, साथसाथै पुरुषवर्गको बुद्धि र अन्तर्दृष्टिलाई निर्णय गर्नमा सहयोगको रूपमा प्रयोग गर्न सकियोस्।

**९. मण्डलीभित्र अरू अधिकारीहरू बारे नि ?** माथिको समस्त विवेचन स्त्रीहरूले मण्डलीका पास्टरहरू वा एल्डरहरूका रूपमा कार्य गर्नु मिल्छ कि मिल्दैन भन्ने प्रश्नमा केन्द्रित छ। तर अरू पदभारहरूबारे नि ?

*डीकन*को पदबारे बाइबलीय शिक्षा एल्डरको पदबारे पाइने शिक्षाभन्दा थोरै व्यापक छ,[८०] अनि डीकनको पदमा जे निहित हुन्छ त्यो मण्डली मण्डलीमा धेरै नै बेग्लाबेग्लै हुन्छ। यदि डीकनहरूले वास्तवमा एल्डरहरूका रूपमा काम गरिरहेका छन् र स्थानीय मण्डलीमा उच्चस्थ शासनकारी अख्तियारप्राप्त छन् भने, स्त्रीहरू एल्डर हुनेविरुद्ध माथि दिइएका तर्कहरू यो स्थितिमा सोझै प्रयुक्त हुन्छ, र यस अर्थमा धर्मशास्त्रले स्त्रीहरूलाई डीकन हुने अनुमति दिँदैन भन्ने परिणाम आउँदछ। तर अर्कोतिर, यदि डीकनहरूसित मण्डलीको सेवाकार्यका कुनै निश्चित पक्षहरू-बारे मात्र प्रत्यायोजित प्रशासनिक उत्तरदायित्व हुन्छ भने, स्त्रीहरूलाई डीकनको रूपमा काम गर्नबाट रोक्ने कुनै असल कारण भएको देखिँदैन। १ तिमोथी ३:८-१३ मा डीकनको रूपमा स्त्रीको प्रश्नबारे, यस लेखकलाई यो लाग्दैन कि यस अनुच्छेदले स्त्रीहरूलाई *त्यसरी डीकन बन्ने अनुमति दिन्छ जसरी त्यस स्थितिमा डीकनहरूलाई बुझिन्छ*, तर यो अनुच्छेदको बोधबारे इभ्यान्जेलिकल्हरूबीच दृष्टिकोणको अर्थपूर्ण भिन्नता छ,[८१] अनि त्यस बेला डीकनहरूले ठीक के गरे भन्नेबारे हामीलाई त्यति स्पष्ट

[७९]मण्डलीमा कतिपय निर्णय गर्दा, विशेषतः मण्डलीका अधिकारीहरू चयन गर्दा, सम्पूर्ण विश्वासीजन समुदायको सहभागिताको पक्षमा तर्कहरूका लागि हे. माथि।

[८०]डीकनको पदभारबारे, हे. माथि।

[८१]जानकारीका लागि हे. पा.टि. २५।

जानकारी छैन जति एल्डरहरूले के गरे भन्नेबारे छ।[८२]

अन्य पदहरूबारे, जस्तो कि कोषाध्यक्ष, वा अरू कर्मचारीहरू, जस्तै युवा पास्टर वा परामर्श निर्देशक वा बाल पास्टर, र इत्यादि, सोध्नुपर्ने एउटै प्रश्न यी पदहरूले शासनकारी र शिक्षा दिने कामहरूले नयाँ करारमा एल्डरहरूका लागि सुरक्षित राखिएका कामहरू संलग गर्छन् कि गर्दैनन् भन्ने प्रश्न मात्र हो। यदि गर्दैनन् भने, यी सबै पदहरू स्त्रीहरू साथै पुरुषहरूका लागि पनि खुल्ला हुन्छन्, किनभने नयाँ करारले जे निषेध गर्छ, त्यसलाई निषेध नगर्नु हामी होसियार हुनुपर्छ।

## व्यक्तिगत प्रयोगका लागि प्रश्नहरू

१. तपाईं अहिले जुनै किसिमको मण्डली शासन व्यवस्था बनोटमा हुनुभए तापनि, के तपाईंको मण्डलीका वर्तमान अगुवाहरूलाई प्रोत्साहन र समर्थन दिने कुनै उपायहरू छन् ?
२. यदि तपाईं हालमा तपाईंको मण्डलीको अधिकारी हुनुहुन्छ भने, वा यदि तपाईं कुनै दिन एक अधिकारी बन्न चाहनुहुन्छ भने, के तपाईंको जीवनको नमुना यस्तो छ जसलाई मण्डलीमा अरूले अनुकरण गरून् भनी तपाईं चाहनुहुन्छ ? यदि मण्डलीका अगुवाहरू चुन्ने प्रक्रियामा तपाईंले भूमिका निर्वाह गर्नुभएको छ भने, के तपाईंले धर्मशास्त्रमा बताइएको चारित्रिक विशेषताहरू र आत्मिक योग्यताहरूमा जोड़ दिनेतर्फ प्रयास गर्नुभएको छ ? वा के तपाईंले संसारले यसका अगुवाहरू रोज्दा खोज्ने योग्यताहरूमा जोड़ दिनुभएको छ ?
३. के तपाईंको विचारमा तपाईंको मण्डलीको वर्तमान सञ्चालन प्रणालीले राम्ररी काम गर्छ ? मण्डली शासन व्यवस्थको जुन मूलभूत दर्शनमा यो समर्पित छ, त्यसलाई परिवर्तन नगरी यसमा कसरी सुधार गर्न सकिएला ? तपाईंको मण्डलीमा एल्डरका कार्यहरू गर्ने "एल्डरहरू" भनिने अधिकारीहरू छन् कि छैनन् ? तपाईंका पास्टरले, उनको कार्यलाई अझै प्रभावकारी ढङ्गमा गर्नका लागि मण्डलीको शासन व्यवस्थामा कतै केही संशोधन चाहेका छन् कि भनी के तपाईं जान्नुहुन्छ ?
४. यो अध्याय नपढ़ेसम्म, स्त्रीहरूले मण्डलीमा शिक्षा दिने पास्टर वा एल्डरका रूपमा सेवा गर्ने प्रश्नबारे तपाईंको विचार के थियो ? यदि तपाईंको दृष्टिकोणलाई यो अध्यायले कतै परिवर्तन गरिहालेको छ भने, त्यो कसरी गरेको छ ? यस मुद्दाबारे मानिसहरूका भावना प्रायः नै धेरै तीव्र किन हुन्छ भनी तपाईं ठान्नुहुन्छ ? यस अध्यायमा प्रस्तुत गरिएको शिक्षाबारे तपाईंले व्यक्तिगत रूपमा (भावनात्मक रूपले) जस्तो सोच्नुहुन्छ के त्यसलाई तपाईं व्याख्या गर्न सक्नुहुन्छ ? के तपाईंलाई यो ठीक लाग्छ, वा लाग्दैन ?

---

[८२] प्रेरित ६:३ ले पनि प्रथम डीकनको रूपमा (यदि त्यो उद्धरणले डीकनको पदबारे बताइरहेको हामी बुझ्छौं भने) केवल पुरुष (ग्रीक, *aner*) चयनित होऊन् भन्ने आदेश दिन्छ।

## विशेष शब्दावली

| | |
|---|---|
| प्रेरित | स्थानीय अगुवाहरू |
| बिशप | अधिकारी |
| क्लासिस (classis) | निरीक्षक |
| कङ्ग्रिगेशनल शासन व्यवस्था | पास्टर |
| परिषद् (consistory) | प्रेज्बिटेरियन शासनव्यवस्था |
| डीकन | पुजाहारी/पुरोहित |
| एल्डर | रेक्टर |
| इपिस्कपोलियन शासन व्यवस्था | सभा वा शासन-निकाय (session) |
| महासभा (general assenbly) | सिनोड (synod) |
| पुरोहित-तन्त्रीय (hierarchical) | भिकार (vicar) |

## पुस्तक सूची

(यस पुस्तक सूचीको व्याख्याका लागि अ. १, पृ. ४७ को पुस्तक सूचीमाथि दिइएको टीका हे.। सम्पूर्ण पुस्तक सूचीको तथ्याङ्क परिशिष्ट ४ मा प्राप्य छ।)

### इभ्यान्जेलिकल् सुव्यवस्थित ईश्वरशास्त्रहरूबाट चयनित खण्डहरू

१. एङ्गलिकन (इपिस्कपलियन)
- १८८२-९२ लिट्टन, २२१-३६
- १९३० थोमस, ३१३-१८, ४२९-३३, ४५२-५८

२. अर्मिनी (वेजलियन वा मेथडिस्ट)
- १८७५-७६ पोप, ३:३३५-५९
- १८९२-९४ मिली, २:४१५-१९
- १९४० विली, ३:११७-३७
- १९८३ कार्टर, २:६१९-२०

३. ब्याप्टिस्ट
- १७६७ गिल, २:५७४-६०७
- १९०७ स्ट्रङ्ग, ८९४-९२९
- १९८३-८५ एरिक्सन, १०६९-८८

४. डिसपेन्सेशनल
- १९४७ शेफर, ४:१५५-५३
- १९४९ थीसन, ३१४-३१८
- १९८६ राइरि, ४०३-२०

५. लुथरन
- १९१७-२४ पाइपर, ३:४२७-३८, ४३९-७२

| | |
|---|---|
| १९३४ | म्यूएलर, ५६३-८४ |

६. रिफमर्ड (वा प्रेज्बिटरियन)

| | |
|---|---|
| १५५९ | क्याल्भिन, २:१०५३-१२२८ (४.३-११) |
| १८६१ | हिपि, ६७२-८४ |
| १९३७-६६ | मरे, *CW,* 1:260-68; *CW,* 2;336-65 |
| १९३८ | बर्खोफ, ३३१-४३, ३६१-९९ |
| १९६२ | बुसवेल, १:४२४-२८ |

७. रीन्यूअल (वा क्यारिज्म्याटिक्/पेन्टिकोस्टल)

| | |
|---|---|
| १९८८-९२ | विल्यम्स्, १:१७७-२२० |

## रोमन क्याथलिक सुव्यवस्थित ईश्वरशास्त्रका प्रातिनिधिक खण्डहरू

१. रोमन क्याथलिक : परम्परावादी

| | |
|---|---|
| १९५५ | ओट्, २७६-९०, ४५०-६० |

२. रोमन क्याथलिक : भेटिकनोत्तर द्वितीय

| | |
|---|---|
| १९८० | म्याकब्राइन (कुनै प्रस्ट छलफल छैन) |

## अन्य पुस्तक/लेखहरू


Babbage, S. B. “Church Officers.” In *EDT,* pp. 243-45. (Contains a list of various titles for church officers used in different denominations today, with definitions.)

Bannerman, James. *The Church of Christ.* 2 vols. London: Banneer of Truth, 1960. (First published in 1869)

Baxter, Richard. *The Reformed Pastor,* Carlisle, Pa.: Banner of Truth, 1979. [Reprint]

Belezikian, Gilbert. *Beyond Sex Roles.* 2d ed. Grand Rapids: Baker, 1985 (Favors women as pastors.)

Burge, G. M. “Deacon, Deaconness.” In *EDT,* pp. 295-96.

Carson, D. A. “Church, Authority in.” In *EDT,* pp. 228-31.

Clark, Stephen B. *Man and Women in Christ.* Ann Arbor, Mich.: Servant, 1980. (Opposes women as pastors.)

Clowney, Edmund. *Called to the Ministry.* Chicago: InterVarsity Press, 1964.

_______. "Presbyterianism." In *EDT,* pp. 530-31.

Evans, Mary J. *Women in the Bible.* Exeter: Paternoster, and Downers Grove: InterVarsity Press, 1983. (Favors women as pastors.)

Foh, Susan. *Women and the Word of God: A Response to Biblical Feminnism.* Philadelphia: Presbyterian and Reformed, 1980. (Opposes women as pastors.)

Fung, Ronald Y. K. “Ministry in the New Testament.” In *The Church in the Bible and the World.* Ed. by D.A. Carson. Exeter: Paternoster, and Grand Rapids: Baker, 1987.

Gundry, Patricia, *Neither Slave nor Free: Helping Women Answer the Call to Church Leadership.* San Francisco: Harper and Row, 1987. (Favors women

as pastors.)
———. *Women Be Free! The Clear Message of Scripture.* Grand Rapids: Zondervan. (Favors women as pastors.)
Hodge, Charles. *Discussions in Church Polity.* New York: Charles Scribner's Sons, 1878.
Hort, F.J.A. *The Christian Ecclesia.* London: Macmillan, 1898.
House, H. Wayne. *The Role of Women in Ministy Today.* Nashville: Thomas Nelson, 1990. (Opposes women as pastors.)
Hurley, James B. *Man and Woman in Biblical Perspective.* Leicester: Inter-Varsity Press, and Gand Rapids: Zondervan, 1981 (Opposes women as pastors.)
Kirby, G.W. "Congregationalism." In *EDT,* pp. 159-61.
Knight, George W., Ill. *The Role Relationship of Men and Women.* Revised ed. Chicago: Moody, 1985. (Opposes women as pastors.)
Mackleod, D. "Church Government." In *NDT,* pp. 143-46.
Marshall, I Howard. "Apostle." In *EDT,* p. 40.
Mickelsen, Alvera, ed. *Women, Authority, and the Bible.* Downers Grove, Ill.: InterVarsity Press, 1986. (A collection of essays by several authours, most of whom favor women as pastors.
Morris, L. "Church Government." In *EDT,* pp. 238-41.
———. *Ministers of God.* London: Inter-Varsity Press, 1964.
Piper, John, and Wayne Grudem, eds. *Recovering Biblical Manhood and Womanhood: A Response to Evangelical Feminism.* Wheaton, Ill.: Crossway, 1991. (A collection of twenty-eight essays by twenty-two authors; opposes women as pastors.)
Richards, Lawrence O. *A Theology of Church Leadership.* Grand Rapids: Zondervan, 1980.
Saucy, Robert L. "Authority in the Church." In *Walvoord: A Tribute.* Ed. by Donald K. Campbell. Chicago: Moody, 1982. pp. 219-37. (An extensive argumet in favor of congregational government.)
———. *The Church in God's Program.* Chicago: Moody, 1972.
Spencer, Aida Besancon. *Beyond the Curse: Women Called in Ministry.* Nashville: Thomas Nelson, 1985. (Favors women as pastors.)
Stott, John R. W. *The Preacher's Potrait.* Grand Rapids: Eerdmans, 1916.
Strauch, Alexander. *Biblical Eldership: An Urgent Call to Restore Biblical Church Leadership.* Littleton, Col.: Lewis and Roth, 1986.
Tiller, J. "Ministry." In *EDT,* pp. 430-33.
Toon, Peter. "Bishop." In *EDT,* pp. 157-58.
Tucker, Ruth A., and Walter L. Liefeld. *Daughters of the Church: Women and Ministry from New Testament Times to the Present.* Grand Rapids: Zondervan, 1987. (Favors women as pastors.)
Wallace, R. S, "Elder." In *EDT,* pp; 347-48.

## धर्मशास्त्रको कण्ठस्थ गर्नुपर्ने खण्ड

**१ पत्रुस ५:१-४:** *ख्रीष्टका कष्टको साक्षी र प्रकट हुने महिमाको सहभागी भएको नाताले र एक सङ्गी-एल्डरको हैसियतले तिमीहरूमध्येका एल्डरहरूलाई म आग्रह गर्दछु। तिमीहरूको देखरेखमा राखिएको परमेश्‍वरको बगालको हेरचाहा गर। करले होइन तर स्वेच्छाले, धनले होइन तर उत्साहसाथ, तिमीहरूको जिम्मामा*

*रहेकाहरूमाथि अधिकार जमाएर होइन, तर बगालको निम्ति उदाहरण भएर। र जब मूल गोठालो प्रकट हुनुहुनेछ, तब तिमीहरूले महिमाको नओइलाउने मुकुट प्राप्त गर्नेछौ।*

**भजन**

"तिम्राबारे महिमित कुराहरू भनिएका छन्"

मण्डली शासन व्यवस्थाबारे धेरै भजनहरू लेखिएका छैनन् – छन् भने पनि अत्यन्तै थोरै छन्! मैले यहाँ एउटा भजन राखेको छु जसले सामान्यतः परमेश्वरका जन हुनुको, र त्यसकारण स्वर्गीय सीनै पर्वतका, जहाँ परमेश्वरका जन नागरिक बस्छन्, हुनुको आशिष्का लागि परमेश्वरलाई धन्यवाद दिन्छ। तर यो भजनमा रचनाकारले परमेश्वरका जनले उजाड़भूमिहुँदै गरेका यात्राबाट पुरानो करारको विम्बविधान (हे. "हेर बादल र आगो देखिन्छन्," प. ३), पनि प्रयोग गर्छन्, अनि यो सम्पूर्ण भजनलाई आज हामी आत्मिक रूपले मण्डलीका पर्खालभित्र निवास गर्न पाएका आशिष्को निम्ति धन्यवाद ज्ञापनको रूपमा हेर्न सकिन्छ।

यसका रचयिता, John Newton सुप्रसिद्ध भजन "Amazing Grace"-का पनि रचयिता हुन्।

तिम्राबारे महिमित कुराहरू भनिएका छन्, सियोन, हाम्रा परमेश्वरको शहर;
जसको वचन तोड्न सकिँदैन उहाँले आफ्नै निवासका लागि तिमीलाई बनाउनुभयो
युगानुयुगको चट्टान स्थापित, तिम्रो निश्चित शान्त विश्रामलाई केले भङ्ग गर्ला?
मुक्तिको पर्खालले घेरिएको, तिम्रा सबै शत्रुहरूप्रति तिमी मुस्कान छरौला।

हेर, जिउँदा पानीका मूलहरू अनन्त प्रेमदेखि उम्रिएका,
तिम्रा छोराछोरीहरू सुआपूर्ति, र अभावका सारा डर हटाइएका।
तिनको तिर्खा मेटने यस्तो नदी हुँदाहुँदै को बेहोस हुन सक्छ?
अनुग्रह जो, सो दिने प्रभुजस्तै, युगयुगान्तर कहिल्यै चुक्दैन।

हरेक बासका वरिपरि मड़ारिरहेको, हेर बादल र आगो देखिन्छ
महिमाका र ढाक्नका लागि, प्रभु छेवै हुनुहुन्छ भन्ने देखाउँदै।
त्यसरी तिनका झण्डाबाट रातमा ज्योति र दिनमा छाया लिँदै,
सुरक्षित, ती मन्न खान्छन् जो तिनहरूले प्रार्थना गर्दा उहाँ तिनलाई दिनुहुन्छ।

उद्धारकर्ता, यदि अनुग्रहद्वारा, म सियोन शहरको हुँ भने,
संसारले उपहास गरोस् वा चुकचुकाओस्, म तपाईंका नाममा महिमा गर्नेछु।
संसारवासीको विलास ओइलिजान्छ, उसका सबै गर्वान्वित तड़कभड़क;
ठोस हर्ष र स्थायी निधि कसैले होइन तर सियोनका छोराछोरीले जान्दछन्।

*रचयिता* : John Newton, 1779